# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८४

कांग्रेसको महाधिवेशन:
अपेक्षा र उपलब्धीहरु

नेपाल आउने पर्यटकहरु घट्न थाले

निर्मल लामा एक पटक कागज गरेर
जेलबाट छुटे

सूर्यनाथ रान यादव जनताको ढुकढुकीमा

डाभोसमा भूमण्डलीकरणको विरोध

के २००७ सालपछि मात्र नेपाल
विश्वसामु खुलेको हो ?

राज्यको सांस्कृतिक नीति के हो
कसैलाई थाहा छैन







## राजनीतिक पीडितको नाममा राज्यकोषको ब्रम्हलुट !

वामपन्थी नेताहरुले पनि गलत ढंगले सहायता लिए !



# माओवादी जिल्ला सरकार यसरी चल्दैछ !

www.mulyankan.itgo.com

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

# NATIONAL OPEN COLLEGE

(AFFILIATED TO POKHARA UNIVERSITY)

http://www.nepalteen.com/noc

EPC 1665, GPO 8975, Kathmandu, Nepal
Email: noc@ntc.net.np Kupondole, Lalitupur
Tel : 977-1-543494, 520326, Fax : 977-1-356433

**National Open College (NOC)** is the first institution introducing Health Care Management education in the Country and has succeessfully commenced **Bachelor Coruse of Health Care Management.** The field of Health Care Management faces serious challenges in attracting and developing future executives who will be competent enough to manage and lead a changing Health Care System in Nepal. The Department of Health Care Management at National Open College is organized to educate in Health Care Management. Thus to understand the issues surrounding the practice of hospital and health care management. NOC has offered **"Post Graduate Diploma Program leading to Master of Health Care Management"** to fulfill the National need.




(First National Seminar: PU & NOC) (NOC defending PU inspection)

## ELIGIBILITY

All candidates holding Bachel of equivalent qualifaction from recognized institution with second division or above are eligible to apply for the course.

**Intake size : Maximun 30 per year, Class start: March 4, every year,**
**Application Forms : Upto Feb 22.**

## COURSE SEQUENCE

***POST GRADUATE DIPLOMA PGD (ONE YEAR)***

**Semester - I (16 Weeks)**
- Health Care Management
- Managerial Finance & Economics
- Epidemiology & Biostatistics
- Health Care System & Policy
- Health Information System

**Semester - II (16 Weeks)**
- Human Resource Development
- Health Care law
- Elective I & II
- Internship (Health / Hospital)

***EXTRA FOR MASTER'S DEGREE (ONE YEAR)***

**Semester - III (16 Weeks)**
- Organizational Behaviour
- Operation Research in Health Care management
- Elective III-V

**Semester - IV (16 Weeks)**
- Health/Hospital Internship and Project work.

### Fee structures

***Per month:*** ***Rs.5,000/-***
***First year Total:*** ***Rs. 90,000/-***
***Second year Total:*** ***Rs.70,000/-***

**ADMISSION OPEN**

**P. G. Diploma (1yr) Evening class**
**ALSO CONTACT FOR**
**GIS, AUTOCAD, 3D, Insurance, Microsoft Tranings.**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८४
माघ/फागुन, २०५७


# माओवादी जिल्ला-सरकार यसरी चल्दैछ



## स्थलगत रिपोर्ट

◆ माओवादी जन-सरकारको ढाँचा ◆ जनयुद्धका तीन हतियार पार्टी, सेना र मोर्चा ◆ गाविसको साटो गाजस ◆ जनसत्ताको प्रारूप ◆ माओवादी आन्दोलनमा महिलाहरूको स्थिति ◆ जन सरकार चलाउने 'माओवादी निर्देशिका' कस्तो छ ? ◆ किन बढ्दैछन् माओवादी ? ◆ माओवादीलाई हेर्ने यी भिन्न आँखाहरू ◆ माओवादी जनयुद्ध शुरू भएयता कति हिंसा भयो ? ◆ सरकार-माओवादी : को अगाडि ?

**हाम्रो अन्तिम लडाइँ शाही सेनासँगै हुनेछ** – *पूर्णबहादुर घर्ती*



# राजनीतिक पीडितको नाममा राज्य-कोषमा भएको ब्रम्हलुटबारे खोजमूलक रिपोर्ट

◆ **के २००७ सालपछि मात्रै नेपाल विश्वसामु खुलेको हो ?** – *डा. चैतन्य मिश्र*

❑ म एकपटक कागज गरेर जेलबाट छुटें -*निर्मल लामा*

❑ नेपाली कांग्रेसको पोखरा महाधिवेशन : अपेक्षा निकै ज्यादा उपलब्धि निकै कम - *राजेन्द्र दाहाल*

◆ आज पनि सूर्यनाथ रान यादव जनताको ढुकढुकीमा बाँचिरहेका छन्

◆ **प्रधान न्यायाधीशमाथि माओवादी प्रहार**

❑ **राज्यको सांस्कृतिक नीति के हो, कसैलाई थाहा छैन** - *सुनील पोखरेल*


**सम्पादकीय**
गृहयुद्ध निम्त्याउने अध्यादेश ४
खबरदार, नागरिकता विधेयक कदापि कानून बन्न नपाओस् ४

**खोजवीन**
राजनीतिक पीडितको नाममा राज्यकोषको ब्रम्हलुट
- *तुलसीदास महर्जन* २०

**आवरण कथा**
माओवादी जिल्ला-सरकार यसरी चल्दैछ
- *सुधीर शर्मा* ८
हाम्रो अन्तिम लडाइ शाही सेनासँगै हुनेछ
- *पूर्णबहादुर घर्ती* ९
माओवादी आन्दोलनमा महिलाहरूको स्थिति १०
विश्व कम्युनिष्ट आन्दोलन तीनवटा महत्वपूर्ण कार्यशाला गोष्ठीहरूको रिपोर्ट १६

**अन्तर्क्रिया**
क. पियुषको आलोचनात्मक प्रतिक्रियामा मेरो प्रत्युत्तर
- *श्याम श्रेष्ठ* ४०

**घटना र प्रवृत्ति**
गएको साल ६४ अरबको व्यापार घाटा
- *दीपक वैद्य* ५
नेपाली कांग्रेसको पोखरा महाधिवेशन : अपेक्षा निकै ज्यादा, उपलब्धि निकै कम
- *राजेन्द्र दाहाल* ६
आज पनि सूर्यनाथ रान यादव जनताको ढुकढुकीमा बाँचिरहेका छन्
- *मुक्ता श्रेष्ठ* १४
भुटानी शारणार्थी समस्या समाधानको प्रक्रिया निकै सुस्त ४३
डाभोसमा भएको भू-मण्डलीकरणको विरोध
- *हरि रोका* ४४

**विज्ञान**
'जीवित आइन्स्टाइन' स्टेफेन हकिङ्ग भारतमा
- *तुल्सीदास महर्जन* २९

**चिन्तन**
के २००७ सालपछि मात्रै नेपाल विश्वसामु खुलेको हो ?
- *डा. चैतन्य मिश्र* ३०

**प्रेरक प्रसंग**
भोकै रहनु परेपनि पार्टीको नीति उल्लंघन गर्नु हुँदैन ३२

**कविता**
एउटा साथीको मृत्यु
- *राजकुमार के.सी.* ३५

**दर्शन**
विज्ञानका पछिल्ला आविष्कारहरू र निषेधको निषेधको नियम
- *प्रज्ञारत्न* ३८

**आत्मकथा**
म एकपटक कागज गरेर जेलबाट छुटें
- *निर्मल लामा* ३३

**पर्दा/रंगमञ्च**
राज्यको सांस्कृतिक नीति के हो कसैलाई थाहा छैन
- *सुनील पोखरेल* ३५

**अर्थतन्त्र**
नेपाल आउने पर्यटकहरू घट्नथाले ४४
आयुर्वेद क्षेत्रका एक प्रतिभाको अन्त ४६

**पाठकको कुरा** ४६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईं टेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेभसाइट:*
www.mulyankan.itgo.com

आवरणमा : माओवादी गतिविधिहरूका स्थलगत दृश्यहरू/फोटो : सुधीर शर्मा र जनादेश साप्ताहिक

आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ । कलाकारहरूः लक्ष्मण भुजेल, जि.डि. साँरू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

◀ हाम्रो मूल्यांकन

# गृहयुद्ध निम्त्याउने अध्यादेश

दरबारसितको निकै लामो मोलतोल र वार्तापछि माघको दोस्रो हप्तामा नेपाली कांग्रेसको सरकारले सशस्त्र प्रहरीसम्बन्धी एउटा त्यस्तो अध्यादेश जारी गरेको छ- जसले माओवादी विद्रोहलाई सुल्भ्फाउने होइन, अझ बढ्ता जटिल मात्र पार्नेछ । देशलाई यसले अपेक्षित शान्तितिर होइन, अन्तहीन गृहयुद्धतिर मात्र धकेल्नेछ ।

माओवादी विद्रोह कुनै प्रशासनिक समस्या भएको भए सशक्त दमनयन्त्र र सक्षम प्रशासन सृजना गरेर यसको समाधान हुने संभावना रहन्थ्यो । परन्तु यो जगजाहेर छ, यो कुनै प्रशासनिक समस्या नै होइन । यो त गम्भीर सामाजिक-आर्थिक परिघटना हो । बहुदलको १० वर्षमा देश र जनताका कुनै पनि आधारभूत सामाजिक आर्थिक समस्याहरु यहाँको शासकवर्गले समाधान गर्न खोजेन र गर्न सकेन । त्यसैको कारणबाट आमजनतामा जुन चरम असन्तुष्टि, अधैर्यता र आशाहीनता छाएको छ, त्यसैको परिणामस्वरुप यो विद्रोह पैदाभएको छ र जनव्यापी बनेको छ । देश र जनताको पक्षमा व्यापक-सामाजिक-आर्थिक क्रान्तिको अभाव नै माओवादी विद्रोहको जरो हो । देशको राजनीति ढाँचा मात्र बदलिनु, तर शोषण र उत्पीडनकारी सामाजिक-आर्थिक ढाँचाहरु र शासकवर्गको भ्रष्ट आचरण ज्यूँकात्यूँ बाँकी बस्नु नै माओवादी विद्रोहको मूल कारण हो ।

कांग्रेस सरकारको चरम मूर्खता के देखिन्छ भने, उसले जुन जरोबाट माओवादी विद्रोह पैदा र विस्तार भएको छ, त्यो उत्पत्ति-स्रोत, त्यो जरो चाहिं छुनै खोज्दैन । अनि जरोमा कीरा लागेको छ, हाँगामा बंचरो हानेर समस्याको समाधान खोजिरहेछ । बुद्धिहीनताको योभन्दा ठूलो पराकाष्ठा अर्को के होला ?

अहिले देशमा जुन विष्फोटक परिस्थिति छ, त्यो कायम हुन्जेल एकथरि माओवादीहरु हजारौंको संख्यामा सशस्त्र प्रहरीको बन्दूकबाट मारिँदैमा, माओवादी विद्रोह सामसुम हुनेवाला छैन । अहिले ती मारिए पनि सिंगै देश अझ परिस्कृत माओवादी भएर निक्लने बस्तुगत परिस्थिति विद्यमान छ । किनभने देशमा अहिले विद्रोहकारी परिस्थिति छ । यस्तो प्रतीत हुन्छ, सत्तान्ध कांग्रेस सरकारलाई यो विद्रोहकारी बस्तुगत परिस्थितिको अलिकता पनि हेक्का छैन । र त ऊ केही हजार अति आधुनिक बन्दूकको र अर्द्ध-सैनिक बलको भरमा माओवादी विद्रोह साम्य पार्ने कोरा सपना पालिरहेछ ।

हामीलाई लाग्छ, केही हजार अर्द्ध-सैनिक बल र अत्याधुनिक बन्दूकका भरमा माओवादी विद्रोह साम्य पार्ने उसको यो भ्रमात्मक प्रयत्नले देशमा सुल्भ्फनै नसक्ने गृहयुद्धको जटिलता मात्रै पैदा गर्नेछ । यसबाट नेपाल 'श्रीलंका'मा बदलिनेछ । राष्ट्र विखण्डनतिर लम्कनेछ । यो विज्ञानको नियम हो कि जहाँ जत्रो क्रिया हुन्छ, त्यहाँ त्यत्रै ठीक उल्टो प्रतिक्रिया पनि हुन्छ । दमनका लागि अर्द्ध-सैनिक बल प्रयोग गर्ने हिंसात्मक क्रियाले त्यसलाई पनि हजम पार्न सक्ने हदको प्रतिहिंसात्मक प्रतिक्रिया पनि अवश्यै पैदा गर्नेछ । यसको परिणाम हुनेछ- असंख्य नेपाली नागरिकहरुको हत्या र रगतको सप्तकोशी, हत्या-प्रतिहत्याको अन्तहीन सिलसिला ।

यति मात्रै होइन, अध्यादेशमा अर्द्ध-सैनिक बल वा सशस्त्र प्रहरीलाई चुनावको बेलामा पनि प्रयोग गर्न सकिने प्रावधान राखिएको छ । सशस्त्र प्रहरीले शकाको भरमा कुनै पनि घर र गाडीमा खान-तलासी लिन सक्ने व्यवस्था गरिएको छ । सबैभन्दा खतरनाक कुरो, सशस्त्र प्रहरीले जुनसुकै कार्यवाही गरे पनि, जुनसुकै ज्यादती गरे पनि उसमाथि मुद्दा नलाग्ने, सजायँ नहुने व्यवस्था गरिएको छ ।

यी तीनवटै प्रावधानले नेपालमा चुनाव र कानूनको राज समाप्त हुनेछ । बन्दूक र पुलीसको राज बहाल हुनेछ । अघोषित रुपमा राजाशाही र पंचायतशाही दोहोरिनेछ । चुनावको फैसला निर्वाचन आयोगले होइन, सशस्त्र प्रहरीले गर्न थाल्नेछ । माओवादी भएको आशंकामा कुनै पनि नागरिकको हत्या जहाँ, जुनसुकै बखत पनि सशस्त्र प्रहरीबाट हुन सक्नेछ र त्यसमा कुनै कानूनी कार्वाही हुन सक्ने छैन ।

२०४६ सालको जन-आन्दोलनका उपलब्धिहरु स्वाहा पार्ने यति भयानक अध्यादेशलाई गिरिजा सरकारले माओवादी दमनको निहुँमा ल्याउन खोज्दैछ । त्यसैले सम्पूर्ण जनआन्दोलनप्रेमी र प्रजातन्त्रप्रेमी राजनीतिक शक्तिहरु र जागरुक नागरिकहरुले यो अध्यादेशको डटेर विरोध गर्नु आवश्यक छ । राजनीतिक आग्रह पूर्वाग्रह त्यागेर सम्पूर्ण प्रजातन्त्रप्रेमी सांसदहरुले यो प्रजातन्त्र खाने जनतामारा अध्यादेशलाई संसदमा अस्वीकार गर्नु आवश्यक छ । ❑

# खबरदार, नागरिकता विधेयक कदापि कानून बन्न नपाओस् !

यसअघि वंशजको नाताले र १५ वर्षसम्म बसोबास गरेको व्यक्तिले मात्र अंगीकृत नागरिकता पाउने व्यवस्था भएकोमा अब जन्मको आधारमा समेत कुनै पनि विदेशी र ऊप्रति आश्रित व्यक्ति नेपालको नागरिक हुन सक्ने विधेयक नेपालको प्रतिनिधि सभाले पास गरेर राजाकहाँ स्वीकृतिको लागि पठाएको छ । यो विधेयकमा राजाको लालमोहर लाग्यो भने नेपालमा अहिलेसम्म जन्मेका वा अब जन्मने सारा विदेशीहरू नेपालको नागरिक बन्न सक्नेछन् । यसले भयावह परिणाम ल्याउने संभावना छ । यसले नेपालमा नेपालीहरू नै अल्पमतमा प्नर्ने स्थिति पैदा गर्ने संभावना छ ।

दुई ठूला छिमेकीहरूले घेरिएको नेपालजस्तो सानो देशले नागरिकताको मामलामा उदार नीति अपनाउनु भनेको आत्मघाती कुरो हुन्छ । परन्तु भारतीय शासक वर्गलाई रिझाएर आफ्नो कुर्सी मजबूत पार्न गिरिजा सरकारले आफ्नो भारत भ्रमणको ठीक अगाडि उदार नागरिकता नीति भएको विधेयक संसदबाट पारित गरेको छ । यस्तो विधेयक बनाउन नेपालको संविधानले कदापि अनुमति दिएको छैन । परन्तु सरकारले संविधानको अभिन्न अंगका रूपमा रहेको नागरिकता ऐनको दफालाई संशोधन गरेर गैर-संवैधानिक ढंगले घुमाउरो रूपबाट संविधानको नागरिकसम्बन्धी व्यवस्थालाई नै संशोधन गर्ने जाली प्रयत्न गरेको छ ।

नेपाल 'सिक्किम' बनोस् भन्ने चाहना कुन देशभक्त नेपालीको होला र ? परन्तु यो विधेयकले नेपाललाई सिक्किम बनाउने लक्ष्य बोकेको प्रष्टै देखिन्छ । जन्मको आधारमा नेपालमा आउने हरेकलाई नेपालको नागरिक हुने अधिकार प्रदान गर्ने हो भने कैयन लाख भारतीयहरू त तुरुन्तै नेपाली नागरिक बन्नेछन् । तरकारी बेच्न आउनेदेखि लिएर कपाल काट्ने सबै भारतीयहरू नेपाली नागरिक बन्नेछन् । नेपाल सिंगै देश भारतमा गयो भने पनि - त्यो भारतीय जनसंख्याको एउटा सानो प्रतिशत हुन्छ; परन्तु नेपालमा विहारको एक चौथाई जनसंख्या मात्र आए पनि नेपालीहरू आफ्नै देशमा अल्पमतमा पुग्न जाने हुन्छ । यस्तो बस्तुगत परिस्थिति भएको मुलुकले जन्मको आधारमा नागरिकता प्रदान गर्ने कानून निर्माण गर्न खोज्नु ज्यादै ठूलो राष्ट्रघाती कदम हो । यो आफ्नै खुट्टामा आफैले बंचरो हान्ने कदम हो ।

तसर्थ - तथाकथित नागरिकता विधेयकलाई कुनै पनि हालतमा कानून बन्न दिनु हुँदैन । सारा देशभक्त नेपाली एक ढिका भएर यो विधेयक रद्द गर्नको लागि आन्दोलनमा उत्रनुपर्ने बेला आएको छ ।

अहिले 'नागरिकता विधेयक प्रतिरोध समिति'का नाममा सबै देशभक्त नेपालीको एउटा आन्दोलनकारी साझा मंच निर्माण भएको छ । यसले क्रमबद्ध रूपमा जनजागरण आन्दोलन र सडक आन्दोलनको प्रारम्भ गरेको छ । सारा देशभक्त नेपालीहरू यो मंचको वरपर गोलबन्द हुनु जरूरी छ । सबैले आफ्नो क्षेत्र, जिल्ला र गाउं नगरमा यस्तो समिति निर्माण गर्न र राष्ट्रघाती नागरिकता विधेयकले ल्याउने गम्भीर परिणामबारे आम जनतालाई जागृत गर्न जरूरी भएको छ ।

खबरदार ! कुनै पनि हालतमा नेपाललाई सिक्किम बनाउन सक्ने नागरिकता विधेयक कानून बन्न नपाओस् । ❑

**अहिले 'नागरिकता विधेयक प्रतिरोध समिति'का नाममा सबै देशभक्त नेपालीको एउटा आन्दोलनकारी साझा मंच निर्माण भएको छ**

# प्रधान न्यायाधीशमाथि माओवादी प्रहार

यही माघ २० गते अपरान्ह सुर्खेतनेरको छैसट्ठी भन्ने स्थानमा माओवादी छापामारहरूले प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय समेतको टोलीलाई लिई सडकमा अघि बढिरहेका गाडीहरूलाई एम्बुसमा पारेर र गोलीसमेत हानेर गरेको आक्रमणमा सुर्खेत पुनरावेदन अदालतका रजिष्टार बलदेव धिताल र पाँचजना प्रहरीहरू मारिएका छन् ।

प्रधान न्यायाधीशलाई माओवादीहरूले साँच्चै तारो बनाएरै आक्रमण गरेका हुन् वा अरू कसैलाई तारो बनाइएकोमा प्रधान न्यायाधीशको टोली संयोगवश प्रहारमा पर्न गएको हो, सो कुरा माओवादीहरूले प्रष्ट पारिसकेका छैनन् । तर पनि यस घटनाले कि माओवादीहरूको प्रहार प्रणालीमा अराजकता छाउन थालेको छ भन्ने दर्शाउँछ कि त उनीहरू ठूलठूला त्रुटीहरूको शिकारसमेत हुनथालेका छन् भन्ने दर्शाउँछ । यो घटनाले मुलुकमा जो-कोहीको पनि, जहिलेसुकै पन्नि, ज्यू ज्यानमा खतरा उत्पन्न हुनसक्ने संभावना बढेको कुराको पनि संकेत दिएको छ ।

'प्रजातान्त्रिक अधिकार जोगाऔं' आन्दोलनले 'यस्तो हिंसात्मक कार्यले प्रजातन्त्र तथा मानव अधिकार विरोधीहरूलाई नै टेवा पुग्न सक्ने' ठहर गर्दै यस घटनाप्रति क्षोभ र गहिरो चिन्ता व्यक्त गरेको छ । 'भविष्यमा यस्ता निन्दनीय कार्य हुन नदिन' पनि सो आन्दोलनले सम्बन्धित पक्षसँग माग गरेको छ । ❑

# काईला बा अभिनन्दित




नेपाली वाम आन्दोलनमा लामो समयदेखि निरन्तर रूपमा सक्रिय रहँदै आउनु भएका काईला बा (देवेन्द्रलाल श्रेष्ठ)लाई उहाँको अविरल निष्ठा र सरल जीवन शैलीको प्रशंसा गर्दै यही माघ ८ गते नागरिक अभिनन्दन गरियो । दिलबहादुर श्रेष्ठको संयोजकत्वमा प्रायः सबै वाम राजनीतिक सोचसँग निकट ७७ जना व्यक्तिहरू रहेको एक नागरिक अभिनन्दन मूल समारोह समितिद्वारा आयोजित सो कार्यक्रमका सबै वक्ताहरूले ७७ वर्षीय क. काईलाबाको संघर्षशील निष्ठा र सक्रियता एवं सरलताको उल्लेख गर्दै उहाँप्रति कृतज्ञता र धन्यवाद ज्ञापन गर्नुभयो । प्रा. माणिकलाल श्रेष्ठ, सुशीलचन्द्र अमात्य, शंभुराम श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरंजन गोविन्द वैद्य, कृष्णदास श्रेष्ठ, निनु चापागाईं, साहना प्रधान, सत्यमोहन जोशी, कुबेर शर्मा, झलनाथ खनाल, भक्तबहादुर श्रेष्ठ, साध्यबहादुर भण्डारी, डिलाराम आचार्य, ठक्कर शर्मा र श्याम श्रेष्ठ लगायतका वक्ताहरूले उहाँबारे बोल्नुभएको थियो ।

ललितपुर जि.वि.स.का सभापति माधव पौडेलले टीका लगाईदिएर र ने.क.पा.का संस्थापक सदस्यद्वय नरबहादुर कर्माचार्य र निरंजन गोविन्द वैद्यले माला लगाइदिएर उहाँको अभिनन्दन कार्यको शुरूवात गर्नुभएको थियो । क. काईला बाको सम्मानमा गरिएको सो अभिनन्दन कार्यक्रममा नयाँ-पुराना राजनीतिक सामाजिक कर्मीहरूको गुणात्मक उपस्थितिले विशेष श्रद्धा र सम्मान जाहेर गरेको देखिन्थ्यो । ❑

# 'चिन्तन'को ज्यान लिने प्रयत्न !

मानवअधिकारवादी आन्दोलनका सक्रिय व्यक्ति तथा अधिवक्ता गोपाल शिवाकोटी 'चिन्तन'लाई यही माघ ४ गते अज्ञात व्यक्तिहरूले धारिलो वस्तु प्रहार गरी घाइते बनाई भागेको घटनाले राजधानीमा नागरिक सुरक्षा व्यवस्थाको फितलोपनाको प्रत्यक्ष संकेत गरेको छ । उहाँलाई राति ९ बज्न लागेको समयमा उहाँकै निवास काठमाडौं कालिकास्थाननेरको न्यूप्लाजास्थित सडक पेटीमा उभिरहेको बेला सो प्रहार भएको थियो ।



एकजना बेनामी महिलाले फोन गरी उहाँकी श्रीमतीले अमेरिकाबाट पठाइदिएको पार्सल चिठी आफूले ल्याइदिएको सो लिनका लागि भनी उहाँलाई सो सडकपेटी कुरिराख्न भनेकीले उहाँ त्यहाँ उभिरहनु भएको थियो ।"मोटर साइकलमा त्यही बाटो भएर आफू आउने र पार्सल चिठी उहाँलाई छोडीजाने उक्त महिलाको भनाइका विपरीत श्री चिन्तनलाई अचानक चारैतिरबाट केही व्यक्तिहरूले आक्रमण गरे । उहाँ बेहोश भई ढल्नु भयो । दुईजना बटुवाहरूले उहाँलाई उहाँको निवास पुऱ्याइदिएपछि उहाँलाई उहाँका सहयोगीहरूले अस्पताल पुऱ्याएका थिए । टाउकोमा धारिलो हतियारको गहिरो चोट लागेको, नाक, निधार र जिउभरि नीलडाम भएको र दाहिने घुँडाको जोर्नी भाँचिएको अवस्थामा हाल उहाँ आफ्नै निवासमै उपचाररत हुनुहुन्छ ।

उहाँमाथि भएको यो सांघातिक आक्रमण बौद्धिक रुपले सक्रिय स्वतन्त्र व्यक्तिमाथिको निन्दनीय आक्रमण हो । आक्रमणकारीहरुलाई पत्ता लगाई तुरुन्त कारवाही गर्न सरकारले तदारुकता देखाइरहेको छैन । सरकारसँग तदारुकताको माग गर्दै हामी उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

-मूल्यांकन

# गएको साल ६४ अरबको व्यापार घाटा

नेपालको व्यापार घाटा गत आर्थिक बर्षमा कुल ६४ अरब रूपैयाँ पुगेको तथ्य यही माघको दोस्रो हप्तामा व्यापार प्रवर्द्धन केन्द्रले उद्घाटित गरेको छ । स्मरणीय छ, त्योभन्दा अघिल्लो आर्थिक बर्षमा व्यापार घाटा केवल ५१ अरब ८५ करोड रहेको थियो ।

नेपालको सबभन्दा ज्यादा व्यापार घाटा समुद्रपारका मुलुकहरूसित रहेको देखिएको छ । त्यो पक्षसित गत आर्थिक बर्षमा नेपालको व्यापार घाटा ४१ अरब रह्यो । त्यस्तै, भारतसित १८ अरब र चीनको स्वशासित क्षेत्र तिब्बतसित ४ अरब व्यापार घाटा रहेको छ । व्यापार प्रवर्द्धन केन्द्रद्वारा माघ ११ गते प्रकाशित Overseas Trade Statistics, 1999-2000 मा यी तथ्यहरू प्रकाशित गरिएका छन् । उपरोक्त पुस्तकका अनुसार गत आर्थिक बर्षमा नेपालको कुल निर्यात ५१ अरब रूपैयाँको रह्यो, जब कि आयात भने ११५ अरब रू. बराबरको । यसप्रकार नेपालको निर्यातःआयात अनुपात १:२.२५ रहेको देखिएको छ । अर्थात् हामी रू. १ को सामान निर्यात गर्दा रू. २/२५ बराबरको सामान आयात गर्ने गर्छौं ।

हामीले गत आर्थिक बर्षमा भारततर्फ २२ अरब ६ करोड रू. बराबरको बस्तु निर्यात गर्‍यौं, जब कि त्यहाँबाट ४० अरब ९ करोड बराबरको बस्तु आयात गर्‍यौं । त्यस्तै गरी समुद्रपारतर्फ २७ अरब ८ करोड रू. बराबरको बस्तु निर्यात गर्‍यौं, अनि त्यहाँबाट चाहिं ६९ अरब ८ करोड बराबरको माल भित्रयायौं । तिब्बततर्फ नेपालको निर्यात ५० करोड रूपैयाँ बराबरको मात्र रह्यो जब कि त्यहाँबाट हामीले ४ अरब दुई करोड बराबरको सामान आयात गर्‍यौं ।

❑ दीपक वैद्य

# भारतले पूर्णागिरि ताक्यो

शारदा ब्यारेज र टनकपुर ब्यारेजमा ठगिएका नेपालीहरु महाकाली नदीमा भारतले पूर्णागिरि उच्च बाँध निर्माणका लागि तयारी गरिरहेको खबर सुनेर फेरि एकपटक तर्सिएका छन् । भारतको पूर्णागिरि र नेपालको कौवानी डाँडाबीच रहेको महाकाली नदीमा प्रस्तावित १५८ मिटर उच्च बाँध निर्माण भएमा रंगुन, चन्दनी र पुन्तुरा उपत्यका डुबानमा पर्ने, ५० हजार स्थानीय जनताको उठिबास हुने र आफूलाई आवश्यक पानीको अथाह भण्डार र बिजुली एकलौटी रुपमा भारत पाउने कुरा विशेषज्ञहरु बताउँछन् ।


पूर्णागिरि बाँधको निर्माण कार्य सम्बन्धी अध्ययन गर्न नेकपा एमाले निकट प्रजातान्त्रिक युवा संघले हालै आयोजना गरेको एक दर्जन सांसदहरु, डेढ दर्जन पत्रकारहरु र दर्जनौं कार्यकर्ताहरुको टोलीको अध्ययन भ्रमणपछि पूर्णागिरिको बाँधको बारेमा देशव्यापी रुपमा चर्चा र चिन्ताको लहर उठेको छ । यस सम्बन्धी बिस्तृत परिचर्चा र स्थलगत भ्रमणको रिपोर्ट आगामी अंकमा प्रस्तुत गरिनेछ ।

-मूल्यांकन

# नेपाली कांग्रेसको पोखरा महाधिवेशन

# अपेक्षा निकै ज्यादा उपलब्धि निकै कम

- राजेन्द्र दाहाल -



- लेखक -

**यो** पटकको नेपाली कांग्रेसको महाधिवेशनप्रति आम जनताको अपेक्षा निकै ज्यादा थियो । मुग्लिङ्गदेखि उता लागेपछि सेक्युरिटी चेकिङ्ग यति ज्यादा थियो कि माघ ४-१० को बीचमा सडकमार्ग भएर पोखरातिर जाने जोकोहीलाई केही ठूलो गडबड हुनेवाला छ भन्ने महशूस हुन्थ्यो । परन्तु, कडा सुरक्षा प्रबन्धका बावजूद महाधिवेशनथलो पोखराको दीपेन्द्र सभागृह वरपर हर्दम आठदेखि दशहजार कांग्रेस कार्यकर्ता र त्यसका समर्थकहरूको भीड देखिन्थ्यो । पोखराका सबै होटल प्याक थिए । रेष्टुराँहरूले यो 'अफ सिजन'मा समेत निकै ठूलो ब्यापार गरे । यी सब कुराले देखाउंथ्यो, महाधिवेशनप्रति कांग्रेस समर्थकहरूको निकै ठूलो अपेक्षा थियो । विशेषतः शान्ति सुरक्षाको सवालमा, किनकि उनीहरू माओवादीको आक्रमणबाट निकै धेरै पीडित थिए र उनीहरूलाई सुरक्षा चाहिएको थियो । त्यही आशाले त्यति धेरै मान्छे त्यहाँ जम्मा भइरहेका थिए ।


तर दुर्भाग्य, त्यही अहं सवालमा चाहिँ महाधिवेशनले कुनै ठोस कुरा दिएन । यो सवालमा त्यहाँ राम्ररी छलफलसम्म पनि भएन । धेरै कांग्रेस निराश भए यसबाट । महाधिवेशनको एउटा मुख्य विफलता यो रह्यो ।

पोखरा महाधिवेशनको उपलब्धि चाहिँ नेपाली कांग्रेसले एउटा प्रक्रियालाई आत्मसमर्थन रह्यो । आजसम्म नेताहरूको बोली नै विधान र मार्ग-निर्देशन बन्ने कांग्रेसको चलनलाई मुख्यतः दुइटा प्रक्रिया मार्फत् तोड्ने काम भयो । नेतृत्वको चयनमा पचास प्रतिशत केन्द्रीय सदस्य र सभापतिको चुनावमा यो कुरा स्पष्ट रूपले अभ्यास भयो । यसले गर्दा अब कांग्रेसमा कुन नेताको पछाडि दोस्रो पुस्ताको कुन नेता लागेको छ भन्ने कुराको आधारमा भावी नेतृत्वको क्रम तय हुने नभई मेचीदेखि महाकालीसम्मका प्रतिनिधि कार्यकर्ताहरूको मतबाट त्यो काम हुने भयो । यसबाट राष्ट्रिय तहका नेताहरू गुणदोषको आधारमा भविष्यमा छानिन सक्ने बाटो खुल्यो । यो एउटा राम्रो पारदर्शी प्रक्रियाको शुरूआत हो ।

यसपल्ट कांग्रेसले अलिकति आत्म मूल्यांकन पनि गरेको छ । खासगरी, गएको दश वर्ष सत्तामा बसेको पार्टीको नाताले के के त्रुटी भए र कुन नीति ठीक भयो र कुन बेठीक भयो भन्ने कुरालाई आत्ममूल्यांकन गरेर त्यसको आधारमा एउटा 'नीति तथा कार्यक्रम' भनेर औपचारिक रूपमै प्रस्तुत गर्ने काम यसपल्ट भयो । नेपाली कांग्रेसको इतिहासमा पार्टीको तर्फबाट यसरी औपचारिक रूपमा 'नीति तथा कार्यक्रम' आएको सम्भवतः यो नै पहिलो पटक हो । त्यसमा केही कुराहरूलाई राम्रोसँग स्पष्ट शब्दमा उनीहरूले उल्लेख गरेका छन्, जुन कुरा यसभन्दा अघिका महाधिवेशनमा गोलमटोल भाषामा मात्र उल्लेख भएका हुन्थे । उदाहरणका लागि - समाजवादको नीति ।

समाजवाको रटना लाउँदा लाउँदै पनि दश वर्षको अनुभवले देखायो- नेपाली कांग्रेसको सरकारका नीति र व्यवहारमा समाजवाद पूर्णतया बहिष्कृत थियो । यसपल्ट कांग्रेसले आफूलाई समाजवादतिर अलिकता भएपनि स्पष्टसँग ढल्काएको छ । उत्पादनको पक्षमा निजी क्षेत्रलाई अधिकतम् प्रोत्साहन दिँदादिँदै पनि वितरणको पक्षमा हामी अरूभन्दा कम प्रगतिशील हुँदैनौं भन्ने यसपल्ट उनीहरूको घोषणा रहेको छ । वामपन्थीहरूतिर र विशेषतः माओवादीतिर जनता बढी आकर्षित नभैदिउन् भन्नका लागि पनि कांग्रेसले यो कुरा अहिले भन्नुपरेको हो । यसो गर्नुको अर्को कारण चाहिँ कांग्रेसका कार्यकर्ताहरूलाई गाउँमा बसेर काम गर्नका लागि पनि त्यसो नगरी अब खडा हुन नै सम्भव भएन । वितरणको पक्षमा समाजवादी दृष्टिकोण लिनुको तेस्रो कारणचाहिँ ०४८ सालमा सरकार बनाएपछि कांग्रेसले जुन उदार आर्थिक नीति अप्नायो, त्यसले कुनै सकारात्मक परिणाम दिएन । त्यतिखेर जुन परिस्थितिमा उदार र खुला नीति अपनाइएको थियो, त्यसको पृष्ठभूमिमा अरूण तेस्रो आयोजना थियो । अर्थात् त्यो ७० करोड डलरको लगानीको प्याकेज थियो । त्यो प्याकेज चलाउँछस् भने तँ यो गर, ऊ गर भन्ने दाताहरूका शर्तहरू थिए । त्यही सिलसिलामा निजीकरणदेखि लिएर खुला बजार नीतिसम्मका कामहरू भएका हुन् । तर आखिर अरूण तेस्रो त आएन आएन, ती शर्तहरूका कारणले अर्थतन्त्र दिशाहीन र अन्योलग्रस्त मात्र हुन गयो । उल्टो, कथित उदार आर्थिक नीतिका कारण कांग्रेसको जनाधारमा चाहिँ गम्भीर धक्का लाग्यो । त्यसैले कांग्रेसले त्यसबेलाको बोझ अहिले पनि बोकीराख्नु जरूरी नठानेको हुनसक्छ । त्यसकारण नेपाली कांग्रेसले त्यतिखेर गल्ति भएछ भनेर अलिकति अनुभव गरेको यसपल्टको दस्तावेजबाट देखिन्छ । त्यस्तै, बैदेशिक सहायताका बारेमा पनि स्पष्ट भाषामा अब हामी आफ्नो शर्तमा मात्रै ऋण लिन्छौं, दाताको शर्त र खटनपटनमा जाँदैनौं भनिएको छ ।

पोखराको महाधिवेशनले गरेका मुख्य राम्रा कुराहरू यिनै हुन् । अर्को एउटा काम त्यस महाधिवेशनले कांग्रेसका ग्रामीण कार्यकर्ताहरूमा आत्मबल प्रदान गऱ्यो । आफू जस्तै पीडित अरू पनि रहेछन् भन्ने अन्तरपार्टी संचार उनीहरू बीचमा भयो र यसले उनीहरूलाई अघि बढ्ने हौसला र आत्मविश्वास दिलायो । त्यो सम्पर्कको सबैभन्दा ठूलो फाइदा कांग्रेसलाई के भएको छ भने कांग्रेसभित्रको गूटबन्दी चरम रूपमा छ भनेर उनीहरूलाई जसरी बताइएको थियो, एक पक्षको नेताले अर्को पक्षको नेतालाई जसरी चित्रण गरेको थियो, त्यो महाधिवेशनमा



**महाधिवेशनप्रति कांग्रेस समर्थकहरूको निकै ठूलो अपेक्षा थियो । विशेषतः शान्ति सुरक्षाको सवालमा, किनकि उनीहरू माओवादीको आक्रमणबाट निकै धेरै पीडित थिए, तर दुर्भाग्य, त्यही अहं सवालमा चाहिँ महाधिवेशनले कुनै ठोस कुरा दिएन ।**

*उनीहरूले देखेनन् । यो कांग्रेसको* लागि राम्रो भएको छ ।

यो महाधिवेशनबाट हुनुपर्ने तर नभएको चाहिँ माओवादी समस्या राजनीतिक समस्या हो कि, आतंकवादी समस्या हो कि, सुरक्षाको समस्या हो कि, यसलाई सरकारले कसरी व्यवहार गर्ने हो ? - त्यसबारे महाधिवेशनले एक शब्द बोलेन ।

कांग्रेसको गत दश वर्षको शासनकालमा थुप्रै असफलताहरू भए । ती असफलताहरूलाई राजनीतिक, आर्थिक, प्रशासनिक, शैक्षिक, औद्योगिक सबै क्षेत्रमा यसरी सच्याउँछौं भन्ने सन्देश आउनुपर्थ्यो, त्यो सन्देश पनि यस महाधिवेशनले दिन सकेन ।

यसले स्पष्ट रूपमा दिएको सन्देश चाहिं के हो भने जबसम्म कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला दुईटा बृद्ध नेताहरू नेतृत्वमा रहन्छन्, उनीहरू सबै विषयमा झगडा गर्छन्, तर दुइटैले पार्टीचाहिँ फुटाउँदैनन् । पार्टी फुट्ने स्थिति आयो भने जस्तोसुकै अपमान पनि निल्न दुवै तयार हुन्छन्; त्यो यसपल्ट पोखरामा पनि देखियो । अहिले पनि उनीहरूले त्यहाँ एउटा राम्रो काम गरे । कृष्णप्रसाद भट्टराईले पोखरा पुग्दापुग्दै भन्दिनुभएको थियो : शेरबहादुर देउवा मेरो नेता हो । तर उहाँले शेरबहादुरको भोट बढाउन केही पनि गर्नुभएन । गिरिजाप्रसाद कोइरालाले पनि औपचारिक प्यानल नै बनाउने काम गर्नुभएन । त्यसले गर्दा निष्फिक्री चुनाव हुन पायो र उम्मेदवारहरू आफ्नो क्षमताको आधारमा चुनिए । खुमबहादुरको पब्लिक इमेज जस्तो भए पनि पार्टीभित्र उनको छवि राम्रै भएको उनले देखाए । प्रकाशमान सिंह, प्रकाश कोइरालाको स्थिति पनि त्यस्तै रह्यो । र, सबभन्दा राम्रो फाइदा रामचन्द्र पौडेललाई भयो । उहाँले खासै लबिङ पनि गर्नुभएन, प्रचार पनि गर्नुभएन; तर राम्रो मत प्राप्त गर्नुभयो । यसरी मध्यममार्गीसँगै दुवैतिरका अतिवादीहरू पनि केन्द्रीय समितिमा चुनिए । यसले पार्टीलाई सिमेन्टेड गर्ने काम गऱ्यो ।

यो महाधिवेशनमा दुइटै लबी ठीक छैन भनेर जसले वकालत गर्थ्यो, उसैले सबभन्दा बढी मत ल्यायो । यसले, चरमवाद बेठीक छ, सबैले मिलेर जानुपर्छ भन्ने स्पष्ट सन्देश दिएको छ । व्यवहारमा पनि क्षेत्रीय, जातिगत र पुस्ताको हिसाबमा पनि धेरथोर सन्तुलन कायम भएको देखियो । सबभन्दा बृद्ध सांसद बलबहादुर राईदेखि लिएर प्रकाशमान सिंहसम्मको जीतले त्यही कुरा व्यक्त गरेको छ । अर्को कुरा, निकै योगदान *भएका पुराना नेताहरूप्रतिको लगाव* पनि यसमा देखिएको छ । विमलेन्द्र निधि, प्रकाश कोइराला, प्रकाशमान सिंह आदिका पिताहरूले गरेको योगदानको फाइदा पनि उनीहरूलाई भयो । संक्षेपमा जो एकताको कुरा लिएर जान्छ, उही नेता हुन्छ भन्ने कांग्रेसभित्रको लागि सन्देश भयो । बाहिरको लागि चाहिं पोखराको सन्देश के हो भने नेपाली कांग्रेसले आफूलाई सम्हाल्न अझै निकै समय लाग्छ । त्यसैले यसबाट परिवर्तनको निम्ति धेरै ठूलो आशा गर्न सकिँदैन । जब नेपाली कांग्रेसले आफूलाई राम्ररी सम्हालेर लैजाला तबमात्र यसबाट बढी आश गर्न मिल्छ ।

महाधिवेशनले अहिलेको राष्ट्रिय चुनौतिको रूपमा रहेको जनताको चरम निराशालाई सामना गर्न कुनै पनि सुधारको पक्षमा त्यति गंभीर छलफल नै गरेन । महाधिवेशनमा न त देशको औद्योगिकरण कसरी गर्नेबारे छलफल भयो, न कृषि क्रान्ति कसरी गर्नेबारे, न देशको विकासको अहम् मुद्दाहरूबारे छलफल भयो, न माओवादी समस्याबारे । यो हिसाबले महाधिवेशन उपलब्धिहीन भएको छ । देश र जनताका दीर्घकालीन हितका अहम् मुद्दाहरू महाधिवेशनमा छलफलको एजेण्डामै थिएनन् । पोखरा महाधिवेशनको शुरूदेखि अन्त्यसम्मलाई नियाल्दा के पनि अनुभव भयो भने यसका नेताहरूको क्षमताभन्दा यो पार्टी धेरै ठूलो भएको छ, भित्रबाट यो पार्टी जति क्षमता राख्छ, यसको चूरो जति बलियो छ, त्यसको तुलनामा यसले पाएको अवसर र सामना गर्नुपर्ने चुनौती र दायित्वहरू धेरै ठूला भए । त्यसैले मुलुकका सबै महत्वपूर्ण समस्याहरूप्रति गंभीर चिन्ता भएका मानिसहरू हुँदाहुँदै पनि त्यस अनुरूप यो महाधिवेशनले केही गर्न सकेन ।

### *अब के हुन्छ त ?*

- अब के हुन्छ भन्ने कुरा कांग्रेसमा सबैभन्दा भन्न गाह्रो कुरा होला । किनभने अहिले भर्खर केन्द्रीय कार्यसमितिको अठार सीटको मात्र चुनाव भएको छ । अर्को अठार त मनोनित नै गर्ने हो । अझै आधा त एउटा व्यक्तिको अधिकारमा सीमित छ । पार्टीका दस्तावेजहरू सबै उपलब्ध हुँदैनन् । पंचायतमा राजाबाट अधिकार निःसृत भएजस्तै कांग्रेसमा पनि नेताहरूको मुखबाट सबैथोक निःसृत हुने पुरानो परम्परा सकिएको छैन । त्यसैले अब के हुन्छ भन्ने कुरा भनीहाल्न गाह्रो हुन्छ ।

तर सरसर्ति हेर्दाखेरि अब केही समयका लागि पार्टीभित्रको गम्भीर द्वन्दमा अर्धबिराम लागेको छ । त्यो *अर्धबिराम लम्बिन पनि सक्छ, यदि* गिरिजाप्रसाद कोइरालाले आफ्नो बचन पूरा गरेर आफूले सार्वजनिक रूपमा बताएको योजना अनुरूप काम गरेमा । उहाँले सबैलाई समेटेर लान्छु भन्नुभएको छ । समेट्नु भनेको त्यति ठूलो कुरा होइन । केन्द्रीय समिति र क्याबिनेटमा अर्को पक्षलाई राखिदिएमा समेटिन्छ । कांग्रेसमा त्यहाँभन्दा ठूलो समेट्नु पर्ने वैचारिक द्वन्दको कुरै छैन । किनकि नेपाली कांग्रेसको झगडा कुनै सिद्धान्तको झगडा नै होइन । त्यसैले कुर्सी वितरणमा समेट्ने काम भएमा अर्धबिराम अझै लम्बिन्छ । र, कांग्रेसभित्रको किचलो सुस्ताएको अवसरलाई सरकारले केही कुरा मुलुकलाई दिने, आफ्नो कार्यशैली सुधार्ने कुरामा खर्च गऱ्यो भने त्यसले मुलुकलाई कल्याण गर्नसक्छ ।

अहिलेसम्मको संकेत र बोलेका कुराहरूको आधारमा भन्न सकिन्छ-

> *कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला दुईटा बृद्ध नेताहरू पार्टी फुट्ने स्थिति आयो भने जस्तोसुकै अपमान पनि निल्न तयार हुन्छन् ।*



गिरिजाप्रसादले सरकार र पार्टीमा दुवै पक्षलाई समेट्न बाध्य हुने स्थिति छ । यदि गिरिजाप्रसादले आफूले भन्नुभएअनुसार गर्नुभयो भने अर्को के हुन्छ भने उहाँले सत्ता छोड्ने प्रक्रिया शुरू हुनेछ । गिरिजाप्रसाद कोइरालाको निम्ति अहिलेको बेला भनेको सरकार र पार्टी दुइटैको ६ दशकको राजनीतिक जीवनको पूर्णाहुति हो । रतिञ्जेलको छविलाई सुधारेर गिरिजाप्रसादले बाँकी २/३ वर्षको अवधिमा राम्रो काम गरेर इतिहासमा एउटा राम्रो ठाउँ बनाएर जाने अवसर उहाँलाई प्राप्त भएको छ । त्यो अवसरलाई उहाँले आफ्नो पक्षमा कति पूँजीकृत गर्न सक्नु हुन्छ, त्यो हेर्न चाहिँ पर्खिनै पर्छ ।

गिरिजाप्रसादको निम्ति अहिले स्पष्ट चुनौति चाहिँ के देखिएको छ भने उहाँको काम गर्ने टिम गतिलो छैन । ०४८ सालमा उहाँले हजारौं कर्मचारीहरूलाई पजनी गर्नुभयो । त्यसबाट त्रसित भएको प्रशासनतन्त्रले उहाँ सत्तामा नभएको बेलामा राजनीतिक नेतृत्वले छुनै नसक्ने गरी निजामती ऐन बनाइदियो । यसबाट नोकरशाहहरू निकै बलिया भए । अहिले फागुन ३० गते आठजना सचिव रिटायर्ड हुँदैछन् । गएको भदौमा संसद सकिने बित्तिकै उनीहरूले प्रधानमन्त्री कोइरालालाई 'अध्यादेशबाट हाम्रो म्याद थपिदिनु पऱ्यो' होइन भने काम हुन सक्दैन भनेर भन्न गए । तर गिरिजाप्रसाद कोइरालालाई दुई तिहाई बहुमतले पारित गरेको निजामती ऐनविरूद्ध अध्यादेशद्वारा थमौती गराउने काम गर्ने आँट आएन । त्यसको परिणाम के भइरहेको छ भने अहिले त्यस्ता सचिव भएका मन्त्रालयको कामबाट स्वयं कोइरालालाई असन्तुष्टि छ, तर पनि उहाँ उनीहरूविरूद्ध केही गर्न सक्नुहुन्न । उता पुलिसको आत्मबल भने स्वाटसुट्ट घटिसक्यो । राजासँग किचलो गरेर सशस्त्र प्रहरी बल ल्याइएको छ । त्यसको बखेडा अब शुरू हुन्छ । त्यसकारण मुलुकमा काम भइहाल्ने र स्थिति राम्रैसँग सुध्रिने चाहिँ म देख्दिनँ ।

त्यसमाथि अहिले कोइराला परिवारभित्रै पनि एकदमै ठूलो कलह चर्केको छ । गिरिजाप्रसादलाई एमाले वा माओवादीसँग लड्न जति सजिलो हुन्छ, परिवारिक सदस्यहरूसँग लड्न त्यत्तिकै गाह्रो हुन्छ । फलतः यसले गर्दा पनि गिरिजाप्रसादबाट धेरै काम हुनसक्ने संभावना क्षीण हुँदै गएको छ । त्यसले फेरि उही अस्थिरता निम्त्याउन सक्छ र अलिकति समय अगाडि गएपछि कांग्रेसभित्र फेरि किचलो शुरू हुनसक्छ । ❑

◀ खोजपीन

स्थलगत रिपोर्ट

# सीडीओ र डीएसपीहरू 'माओवादी मुलुक'मा पठाइएका सिंहदरवारका राजदूतसरह देखिन्छन्

# माओवादी जिल्ला-सरकार यसरी चल्दैछ

सुधीर शर्मा

पहिले माओवादीहरूको तारो 'सरकारी सत्ता' हुन्थ्यो, अहिले पनि भइरहेको छ । तर फरक के छ भने, अहिले सरकारले माओवादी आक्रमणको मात्र सामना गर्नु परिरहेको छैन, 'माओवादी सत्ता' विरूद्ध पनि लड्नु पर्दैछ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले जनयुद्ध थालेको पाँच वर्षको अवधिमा मध्य पश्चिमाञ्चल क्षेत्रका पाँच जिल्लामा बसालेको जनवादी सत्ताको जग उखेल्न सक्ने वा नसक्ने कुरासँग अब राज्यको जित वा हार गाँसिएको छ ।

सबैले स्वीकार गरे पनि, नगरे पनि तथ्य के हो भने, राज्यले मध्य पश्चिमका रोल्पा, रूकुम, जाजरकोट, कालिकोट र सल्यानका अधिकांश भूमि गुमाइसकेको छ । त्यहाँ सरकारी संयन्त्रहरू सदरमुकाममा सिमित भएका छन् । बाँकी भूभागमा माओवादीको राज छ । उनीहरूले आफ्नै सरकारको घोषणा गर्न थालेका छन् भने




प्रहरी-प्रशासनको स्थिति 'त्यो सरकार' विरोधी विद्रोही जमात जस्तो बन्दै गएको छ । त्यहाँ खटाइएका सीडीओ र डीएसपीहरू 'माओवादी मुलुक'मा पठाइएका सिंहदरवारका राजदूत सरह देखिन्छन् । रूकुमका सीडीओ नेत्रप्रसाद नेउपाने स्वीकार्छन्, "माओवादीको एक्टीभिटी बढेको छ ।"

बाहिरी संसारमा जंगलवासीका रूपमा चित्रण गरिने माओवादी विद्रोहीहरूलाई शायद अब ती पाँच जिल्लामा गाउँवासी भन्नुपर्ला । किनकि त्यहाँ तालिमका लागि मात्र तिनीहरूको मुकाम जंगल हुने गर्छ । नत्र गाउँमा बस्ने मात्र होइन, त्यस्ता थुप्रै गाउँहरू नै उनीहरूको नियन्त्रणमा गइसकेको छ । आधार इलाका भनिने ती माओवादी क्षेत्रमा प्रवेश गर्न नाका-नाकामा तैनाथ छापामारहरूको स्वीकृति चाहिन्छ । माओवादी मिलिसियाले गाउँ-गाउँमा गस्ती गर्छ । स्थानीय निकायलाई निष्क्रिय बनाएर उनीहरूले आफ्नै जनसमिति बनाएका छन् । भूमिगत पार्टी भए पनि खुल्लमखुल्ला कार्यक्रम गर्छन् । बरू अरू खुला राजनीतिक दलहरू, मुख्यतः नेपाली कांग्रेस, को गतिविधि त्यहाँ भूमिगत सरह छ ।

आम राजधानीवासीले रोमाञ्चक र रहस्यमय ठान्ने माओवादी दुँनियाको अर्को पाटोमा सरकारी सुरक्षाकर्मीहरू छन् । त्यहाँ उनीहरूको अवस्था लडाईमा हारेर पनि ब्यारेक फर्कन नपाएको सिपाहीको जस्तो छ । माओवादीले कहाँ के गर्दैछन्, उनीहरूले खवर त पाउँछन्, तर यति निरिह अवस्थामा छन् कि प्रतिकार गर्न जान सक्दैनन् । एक माओवादी नेता व्यंग गर्छन्, "आजकल त पुलिसले पनि गुरिल्ला वारफेयर सिकेको छ । हामीले आक्रमण गर्‍यो कि, गुरिल्लाहरूले 'हिट एण्ड रन' गरे जस्तो 'गिभ एण्ड रन' अप्नाउँछन् । अर्थात बन्दूक बुझायो र भाग्यौं ।"

समग्रमा सबैतिर यस्तै स्थिति नरहे पनि आम प्रहरीको मनोवल अत्यन्त खस्केको छ । केन्द्रबाट माओवादी विरूद्धको प्रहरी-भूमिका प्रष्ट ढंगले परिभाषित र निर्देशित नगरिनाले युद्ध क्षेत्रमा खटिएका प्रहरीमा अनिश्चयको भाव छाएको छ । कोही प्रहरी 'मालदार ठाउँ'मा बस्न पाइरहने र कोही चाहिं खतरा मोलेर लगातार माओवादी क्षेत्रमा खटिनु पर्ने भेदभावपूर्ण व्यवहारले पनि असन्तुष्टि जन्माएको प्रहरी अधिकृतहरू नै बताउँछन् ।

यस्तो पृष्ठभूमिमा सरकारले हालै एक अध्यादेशमार्फत् 'सशस्त्र प्रहरी बल' नामको अर्ध-सैन्य दस्ता गठन गरेर माओवादीविरूद्ध लड्न पठाउँदैछ भने त्यसकै आडमा एकीकृत विकास कार्यक्रम कार्यान्वियन गर्ने रणनीति अपनाएको छ । तर यो योजनाको पहिलो र अन्तिम तगारो बन्दूकधारी



माओवादी जनसेनाहरू रुकुममा आफ्नो सरकारको रक्षार्थ गस्ती गरिहेका । फोटो : सुधीर शर्मा



फुर्सदको समय : माओवादी छापामारहरु भलिबल खेल्दै

फोटो : सुधीर शर्मा

- *गाविसको साटो गाजस*
- *जनसत्ताको प्रारूप*
- *रूकुमका माओवादी जिल्ला जनसरकार प्रमुख पूर्णबहादुर घर्ती के भन्छन् ?*
- *माओवादी आन्दोलनमा महिलाहरूको स्थिति*
- *जन सरकार चलाउने माओवादी निर्देशिका कस्तो छ ?*
- *किन बढ्दैछन् माओवादी ?*
- *माओवादीलाई हेर्ने यी भिन्न आँखाहरू*
- *सरकार-माओवादी : को अगाडि ?*

माओवादी होइन, फैलँदै गएको माओवादी सत्ता सबभन्दा ठूलो चुनौति बन्नसक्छ । यो ज्यूँ का त्यूँ हुन्जेल सरकारले गुमाएको सत्ता पुनर्स्थापित गर्न कठिन छ । राप्रपाका रूकुम जिल्ला सहसचिव विष्णुप्रकाश मल्ल भन्छन, "सरकारले जति ढिलो गर्छ, उसलाई उति नै गाह्रो हुन्छ । त्यो पनि पुलिस लगाएर मात्र त समस्या समाधान हुने सम्भावना देखिदैन ।"

जिल्लाभरिका गाजसका प्रमुख र उपप्रमुखको मतदानबाट जनसरकारको चयन गरिएको बताउँदै रूकुम जनसरकार प्रमुख घर्ती भन्छन, "यो जनसरकार अस्थायी प्रकृतिको अन्तरिम सरकार जस्तो हो । पछि यसलाई हामी बृहत ढंगले लैजान्छौं ।" घर्तिका अनुसार, भविष्यमा उपक्षेत्र, क्षेत्र र केन्द्रसम्म जनसमिति गठन गरिनेछ ।

जनसमितिको संरचनागत ढाँचामा सबभन्दा तल वडा स्तरको समिति छ । यसको गठन वर्गीय प्रतिनिधित्वको आधारमा हुन्छ, जसमा प्रमुखसहित ५ देखि ७ जना रहन्छन् । माओवादीद्वारा गठित जनसमितिहरूमध्ये सबभन्दा चर्चित र एक हदसम्म सफल चाहिं गाउँ जनसमिति (गाजस) देखिएको छ । त्यहाँ गाविसको साटो गाजस लेख्ने/भन्ने चलन चलिसकेको छ । बढीमा १५ जना रहने गाजसमा पदाधिकारी चुन्ने र चुनिने अधिकार "सामन्त वर्ग, दलाल तथा नोकरशाह पूँजीपति वर्ग" बाहेक गाउँका सबैलाई दिइएको माओवादी पार्टीले जनाएको छ । उनीहरूका अनुसार गाजसमा जनसेना, उत्पिडित/अल्पसंख्यक जनजाति, दलित, बुद्धिजीवि, व्यापारी, महिला आदि क्षेत्रबाट प्रतिनिधित्व


## गाविसको साटो गाजस

२०५२ साल फागुन १ गते एकाध ठाउँमा एकाध प्रहरी चौकीमाथि हमला गरेर थालिएको जनयुद्ध अहिले 'जनसत्ताको प्रारम्भिक अभ्यास' गर्ने चरणसम्म पुगेको छ । माओवादीले गाउँ विकास समिति (गाविस) र जिल्ला विकास समिति (जिविस) लाई निस्क्रिय पारेर वडादेखि गाउँ हुँदै जिल्ला तहसम्म संयुक्त जनसमिति गठन गरेका छन् । उनीहरूले गत पुस ५ गते हजारौंको उपस्थितिमा एकसाथ सभा गरेर रूकुम, सल्यान र जाजरकोटमा 'जिल्ला जनसरकार'को घोषणा गरेका थिए । जिल्ला जनसरकारको नामबाट प्रचारित संयुक्त जिल्ला जनसमितिका नवनिर्वाचित प्रमुखहरूमा पूर्णबहादुर घर्ति (रूकुम), भक्तबहादुर शाह (जाजरकोट) र टेकबहादुर बस्नेत (सल्यान) रहेका छन् । माओवादीको राजधानी मानिने रोल्पामा चाहिं 'जनसरकार'को औपचारिक घोषणा नभए तापनि त्यहाँ यसखाले संरचना *यसअघि* नै तयार भइसकेको माओवादी सूत्र बताउँछ ।

## हाम्रो अन्तिम लडाइ शाही सेनासँगै हुनेछ

पूर्णबहादुर घर्ती,

*प्रमुख, माओवादी जिल्ला जनसरकार, रूकुम*



**● *तपाईंहरू अब भूमिगत कि खुल्ला ?***

- प्रतिक्रियावादी कानूनको नजरमा हामी प्रतिबन्धित नै छौं । तर आम जनताका बीच त हामी खुला छौं । त्यसैले हामीले हाम्रा गतिविधि खुला रूपमा लगिरहेका छौं ।

**● *'जनसरकार'लाई कसरी अगाडि लैजाने योजना छ ?***

- युद्धकालीन स्थितिमा हाम्रो जनवादी सत्ताले केन्द्रीय स्तरमा संघर्षको साधनको रूपमा र स्थानीय तहमा सत्ताको अभ्यासको रूपमा काम गर्छ । अहिले नै हामीले सबै प्रशासनिक संयन्त्र बनाउन त सम्भव छैन । त्यसैले हाम्रो प्राथमिकता युद्धलाई कसरी अगाडि बढाउने भन्ने कुरामै केन्द्रित छ

**● *यो 'जनसरकार'प्रति सबैको समर्थन छ, जस्तो लाग्छ तपाईंलाई ?***

- जनसमिति पूर्ण सरकार हो भन्ने हाम्रो पनि दावा छैन, यो अन्तरिम सरकार जस्तै हो । हामीले हाम्रो सापेक्षतामा अधिकतम रूपमा जनवादी अभ्यासद्वारा जनसमिति निर्माण गरेका छौं । केही ठाउँमा बन्दूक देखाएर पनि सत्ता रिक्तताको स्थिति उत्पन्न गर्न सक्थ्यौं होला । तर हामी त्यसो नगरीकन बृहद प्रकारको संयुक्त मोर्चाको सरकार गठन गर्ने पक्षमा छौं

**● पूरै विजयी मुद्रामा देखिनुहुन्छ, सरकारले त्यत्तिकै यो भूमि छाड्छ होला ?**

- अहिले हामीले आफ्नै सत्ता स्थापना गर्ने उपलब्धि हासिल गरेका छौं । तर यो उपलब्धि स्वयंमा एउटा चुनौति पनि हो । अहिले दुश्मन सत्ता छाडेर भागेको छ, भोलि ऊ पक्कै आफ्नो भएभरको शक्ति लगाएर भिड्न आउँछ । यसलाई हाम्रो पार्टीले सहजै बुझेको छ । हाम्रो अन्तिम लडाइँ शाही सेनासँगै हुनेछ । हामी मानसिक र भौतिक रूपले त्यसका निम्ति तयार छौं । ❑



माओवादी छापामारहरूको लागि पोशाक तयार हुँदैछः

फोटो : सुधीर शर्मा

**माओवादी क्षेत्रका सरकारी अदालतहरूमा मुद्दा दर्ता नगण्य हुन थाल्नुले देखाउँछ, माओवादी जनअदालतको क्रियाशीलता बढ्दो छ**

गराइन्छ ।

गाउँदेखि माथि जिल्ला संयुक्त जनसमिति रहन्छ, जसका पदाधिकारीहरूको चयन जिल्लाभरिका गाजस प्रमुख र उपप्रमुखले गर्छन् । जनसमितिको कार्य निर्देशिकाका अनुसार, सबै तहको जनसमितिको निर्वाचन सामान्यतया ४/४ वर्षमा गरिनेछ । तिनले राजनैतिक, आर्थिक, विकास निर्माण, सामाजिक, सांस्कृतिक र न्यायिक क्षेत्रमा गर्नुपर्ने कार्यहरू सो निर्देशिकामा विस्तारपूर्वक केलाइएको छ ।

माओवादीले जनसमिति मातहतको जनअदालतबाट मुद्दाहरू छिन्ने र अपराधीलाई सजाय दिने वैकल्पिक न्याय प्रणाली पनि प्रचलनमा ल्याएका छन् । अपराधीलाई श्रम गराएर सुधार्ने उनीहरूको नीति छ । अपराधलाई जघन्य, जघन्यउन्मुख र सामान्य गरी तीन किसिमले वर्गीकरण गरिएको छ । कार्य निर्देशिकाका अनुसार, जघन्य अपराधमा "ज्यान केस, पशुवत बलात्कार, पटके चोरी, डकैती, आगजनी, लूटपाट, चेलिबेटी बेचबिखन र राज्य विप्लव (जनवादी राज्यसत्ता)" पर्दछन् । यस्तो अपराध गर्नेलाई कम्तीमा ३ वर्षको श्रम-कैददेखि सर्वस्वहरण, निर्वासन, आजीवन कैद वा मृत्युदण्डसम्म दिइने 'माओवादी दण्डसंहिता' छ ।

माओवादीले पहिलो पटकको जघन्य अपराधलाई जघन्यउन्मुख अपराध मान्दै त्यसको प्रकृति हेरी कसुरवालालाई कम्तीमा ३ महिनादेखि ५ वर्षसम्मको श्रमकैद दिनसक्ने बताएका छन् । यसबाहेक गाली-बेइज्जती, हानी-नोक्सानी, साँध-सिमाना, कुटपीट, जग्गा लेनदेन जस्ता सामान्य अपराध गर्नेमाथि आर्थिक दण्डदेखि केही दिनको कैद सजायसमेत दिइन्छ ।

माओवादी क्षेत्रका सरकारी अदालतहरूमा मुद्दा दर्ता नगण्य हुन थाल्नुले देखाउँछ, माओवादी जनअदालतको क्रियाशिलता बढ्दो छ । सर्वोच्च अदालतसम्म पुगेका मुद्दाहरू जनअदालतले छिनेको कुरा रूकुम जनसरकारका प्रमुख घर्ती बताउँछन् । तर उनीहरूको अदालतले सबैलाई निष्पक्ष न्याय दिन्छ भनेर पत्याउन गाह्रो छ । जनअदालतको कार्य निर्देशिकामै भनिएको छ, "हाम्रो न्याय वर्गीय पक्षधरतामा आधारित हुनेछ ।" अर्थात माओवादीले दुश्मन ठानेको वर्ग स्वतः जनअदालतको पूर्वाग्रहमा पर्छ ।

### जनसत्ताको प्रारूप

माओवादीले जनवादी सत्ताको महत्वपूर्ण अंगको रूपमा जनसमितिलाई अगाडि बढाइरहेका छन् । "स्थानीय नयाँ जनवादी सत्ता सम्बन्धी निर्देशिका"मा जनसत्ताको कार्यलाई राजनीतिक, आर्थिक र सामाजिक-सांस्कृतिक क्षेत्रमा विभाजन गरिएको छ ।

***राजनीतिक क्षेत्रः*** माओवादीले विद्यमान राज्यसत्ताको स्थानीय निकाय (गाविस र जिविस) लाई बेकम्मा बनाएर र गाउँबाट प्रहरी चौकी विस्थापित गरेर शुरूमा सत्ता रित्तताको अवस्था उत्पन्न गरे । अनि त्यहाँ जनसमितिमार्फत जनवादी सत्ताको प्रारम्भिक अभ्यास थाले । ती क्षेत्रमा अरू राजनीतिक दलको गतिविधि प्रभावहीन छ । हिजोसम्म माओवादी र प्रहरीको दोहोरो शासन भोग्न बाध्य जनता अहिले एक पक्ष

# माओवादी आन्दोलनमा महिलाहरूको स्थिति

रूकुमका कर्णबहादुर पुन र निर्मला बाठाले 'जनवादी बिहा' गरेको १५ महिना नबित्दै उनीहरूको जोडी टुट्यो । माओवादी पार्टीका एरिया कमिटी सदस्य कर्णबहादुरलाई प्रहरीले गत भदौमा डाडाँगाउँमा गोली हानेर मार्‍यो र पछि लाशलाई ढुंगामा बँधेर ठूलो भेरी नदीमा फालिदियो । सो घट्नाको एकमात्र प्रत्यक्षदर्शी स्वयं निर्मला थिइन् । भन्छिन्, "युद्धमा लागेपछि दुश्मनले कुनै पनि दिन मार्नसक्छ भन्ने थियो, त्यो ममाथि अहिले लागु भयो । त्यसैले म हताश छैन ।"

१९ वर्षीया निर्मला काजक्रिया गरेर वा बरखी बारेर बसिरहिनन्, 'बदला लिन' जनयुद्धको मोर्चामा सामेल भइहालिन् । निर्मलाकै जस्तो नियति यहाँका धेरै महिलाहरूले भोगीआएका छन् र त्यसले उनीहरूमा पीडा होइन्, प्रतिवद्धता बढाउने काम गरिदिएको छ । जनयुद्धमा उनीहरूको सहभागिताले त्यहाँ एक खालको नारी जागरण सिर्जना गरिरहेको छ ।

मध्य पश्चिमका पहाडमा अत्यन्त तीव्र गतिमा महिला-माओवादीहरूको उत्पादन भइरहेको छ । उनीहरूलाई राजनीतिक चेतना जगाउनुमा माओवादीसमर्थक महिला संगठन अनेमसंघ (क्रान्तिकारी)को मुख्य भूमिका रहेको देखिन्छ । अहिले माओवादीको सैन्य र सांगठनिक दुवै क्षेत्रमा महिला उपस्थिति बाक्लो देखिन्छ । "कुनै पनि आन्दोलन महिलाहरूको सहभागितामा मात्र सफल हुन्छ भन्ने कुरा नेपालको जनयुद्धले सावित गरेको छ", अनेमसंघ (क्रान्तिकारी)की रूकुम जिल्ला अध्यक्ष कमला रोका बताउँछिन् । उनी हालै घोषित रूकुमको माओवादी जनसरकारमा पनि सहभागी छन् । यस्ता जनसमितिहरूमा महिला क्षेत्रको अनिवार्य प्रतिनिधित्व गराउने गरेको पाइन्छ ।



महिला छापामारहरू फोटो साभार : जनादेश

माओवादी 'जनसेना'मा पनि स्क्वाड कमाण्डरदेखि कम्पनी सदस्यसम्म महिलाहरू रहेका छन् । रोका भन्छिन्, "महिला छापामारहरूमा साहस र आँट त पुरूषभन्दा चौगुणा बढी देखिएको छ । उनीहरूले युद्धका निम्ति आफ्नो अस्मिता गुमाउने सम्मको त्याग गरेका छन् ।" गर्भवती हुँदा भने महिला कार्यकर्ताको काममा बाधा उत्पन्न हुने गर्छ । तर जाजरकोटकी २० वर्षीया छापामार 'एकता'ले सुत्केरी भएको अढाई महिनामै बच्चालाई आफन्तकहाँ छाडेर पुनः युद्धमोर्चामा सामेल भएको घटनाबाट प्रेरित भई त्यसको अनुकरण गर्ने 'आमा छापामार'हरू त्यहाँ प्रशस्त छन् ।

यति हुँदाहुँदै पनि महिलाहरूलाई समान व्यवहार नगर्ने सामन्ती संस्कार माओवादी पंक्तिमा पनि यदाकदा प्रकट हुने गर्छ । खासगरी महिलाहरूलाई नेतृत्वदायी भूमिका दिन हिच्किचाउने प्रवृत्ति त्यहाँ पनि छ । यस कुरालाई आंशिक रूपमा स्वीकारे तापनि महिला कार्यकर्ताहरू पार्टीभित्र आफूहरूमाथि यौन दुर्व्यवहार हुने गरेको भनाइलाई 'प्रतिक्रियावादी प्रचार' मात्र ठान्छन् । उनीहरूका अनुसार, बरू वैचारिक र भावनात्मक एकता भएकाहरू माझ 'जनवादी बिहा' गराउन पार्टीले नै पहल गरिदिन्छ । ❑

## माओवादी जन-सरकारको ढाँचा

केन्द्रीय

जन-सरकारको भ्रूण

वामपन्थी, प्रगतिशील, देशभक्त एव जनवादी शक्तिहरूको संयुक्त मोर्चा

↓

जिल्ला जन-सरकार

जिल्ला संयुक्त जन-समिति

↓

गाउँ जन-सरकार

गाउँ जन-समिति

↓

वडा सरकार

वडा जन-समिति

(माओवादी) बाट मात्र शासित छन् । यो स्थितिबाट एक किसिमको फाइदा पनि भएको सरकारी अधिकारीहरूको भनाइ छ । उनीहरूका अनुसार, माओवादीसँग पनि जनता रूष्ट हुँदै गएका छन् । यो अवस्था यथावत रहने हो भने माओवादीलाई आफू समर्थक समूह जोगाइराख्न धौधौ पर्नसक्छ ।

***आर्थिक क्षेत्रः*** माओवादीले कुनै दिन आधार इलाका घोषणा गरेपछि आवश्यक पर्ने आर्थिक आत्मनिर्भरताका लागि आजैदेखि पहल गर्दै गएका छन् । सरकारले रोल्पा, रूकुम, जाजरकोट र सल्यानमा खाद्यान्न ढुवानी नगरेको तीन वर्ष पुग्न लाग्दा पनि पहिले जस्तो खाद्यान्न संकट नहुनुले पनि त्यहाँका वासिन्दा आत्मनिर्भर हुनथालेको संकेत मिल्छ ।

माओवादीले आफ्नो नियन्त्रणमा रहेको भूभागबाट सरकारी बैंक र साना किसान विकास आयोजनालाई धपाएर आफ्नै आर्थिक प्रणाली बसाउन खोज्दैछन् । जस्तो कि, २०५६ फागुनमा रोल्पामा स्थापित 'जलजला वित्तीय सहकारी कोष' ले बकाइदा पासबुक र चेकबुक मार्फत बैंकिङ कार्य थालेको छ । त्यसले रकम जम्मा गर्नेलाई ८ प्रतिशत ब्याज दिने र १५ प्रतिशतका दरले ऋण उपलब्ध गराउँछ ।

केही ठाउँमा 'जसको जोत उसको पोत'को नीति लागू गर्न र 'सामन्त'हरूको जग्गा कब्जामा लिएर सामूहिक खेती गर्न थालिएको छ । गाउँसले जग्गा रजिष्ट्रेसन गर्ने र किनबेच गराउने अनि निश्चित राजस्व लिएर औपचारिक लालपूर्जा नै दिने गरेको पनि फाट्टफुट्ट भेटिन्छ । सदरमुकाममा मालपोत जम्मा हुन छाड्नुको कारण त्यही हुनसक्छ । माओवादीले कर्मचारी र व्यापारीदेखि वनमा काठ काट्ने र गाईवस्तु चराउनेबाट समेत आवधिक र मौसमी कर असुल्छन् । माओवादीको चन्दा भन्दा पनि आर्थिक दण्डबाट चाहिं मान्छे त्रसित हुन्छन् । किनकि प्रायशः दण्ड रकम उनीहरूको आर्थिक हैसियतभन्दा धेरै बढी तोकिएको हुन्छ । त्यसकै डरले गाउँ छाडेर भागेका माओवादी पीडितहरू प्रशस्त भेटिन्छन् ।

***सामाजिक-सांस्कृतिक क्षेत्रः*** माओवादीहरू उनीहरूकै शब्दमा 'नयाँ संस्कृति' निर्माणको दिशामा अग्रसर छन् । अचेल त्यहाँ दशैं-तिहार जस्ता चाडपर्वभन्दा शहीद दिवस भव्य रूपमा मनाइन्छ । प्रहरीबाट मारिने माओवादीका परिवारले काजक्रिया गर्दैनन्, उनको संझनामा श्रद्धान्जली सभा गरिन्छ । परम्परागत मेलाहरूलाई जनवादी भेलामा परिणत गरिदैंछ । विद्यालयमा संस्कृत शिक्षा र राष्ट्रिय गान रोकिएको छ । बाँकी



*सल्यानको कोटबारास्थित माओवादीको सामूहिक खेती । फोटो : सुधीर शर्मा*

### केही ठाउँमा 'जसको जोत उसको पोत'को नीति लागू गर्न र 'सामन्त'हरूको जग्गा कब्जामा लिएर सामूहिक खेती गर्न थालिएको छ

नेपालमा बज्ने गीतहरू त्यहाँ चल्तिमा छैनन्, त्यहाँ क्रान्तिकारी गीतहरूको बाढी आएको छ । सांस्कृतिक समूहले दुनै घट्ना, खारा काण्डहरूमा आधारित नाटक मञ्चन गर्छन् । आम जनताले मनोरञ्जनको माध्यम ठान्ने सांस्कृतिक कार्यक्रमलाई जनयुद्धको राजनीति प्रसार गर्ने गहकिलो साधन बनाइएको छ ।

माओवादीले भडकिलो विवाहभन्दा कम खर्चमा 'जनवादी विहा' गर्न प्रोत्साहित गर्छन् । गाउँमा रक्सी, जुवा-तास, चोरी र बदमाशी नियन्त्रण गरेर प्रशंसा पनि बटुलेका छन् । तर नयाँ संस्कृति स्थापना गर्ने नाममा प्रचलित संस्कृतिका राम्रा पक्षहरू पनि नामेट हुने खतरा पनि सँगसँगै बढेको छ ।

विद्रोह सल्किएको भेगका वासिन्दाको अध्ययन र विश्लेषण गर्ने क्षमता अरू ठाउँको तुलनामा अभूतपूर्व किसिमले परिष्कृत हुँदै गएको छ । धेरै पत्रिकाले त्यहाँको वस्तुस्थिति

## जन सरकार चलाउने 'माओवादी निर्देशिका' यस्तो छ

*माओवादीको नियन्त्रणमा रहेको भूभागमा 'माओवदी संविधान' अर्थात् 'स्थानीय जनसत्ताको निर्देशिका' अनुसार उनीहरूले शासन चलाउने अभ्यास थालेका छन् । 'जनसत्ता'को मेरुदण्डको रूपमा विभिन्न तहमा जनसमितिहरू रहेका छन्, जसलाई सञ्चालन गर्न 'संयुक्त जनसमिति कार्य निर्देशिका' बनाइएको छ । सो कार्य निर्देशिकामा जनसमितिको कार्य, उद्देश्य, संरचना, सञ्चालन विधि आदि कुराहरू समावेश भएका छन् । जनसमितिले राजनैतिक, आर्थिक, विकास निर्माण, समाजिक, सांस्कृतिक र न्यायिक क्षेत्रमा गर्नुपर्ने कार्यहरू निर्देशिकामा बिस्तारपूर्वक केलाइएको छ । संक्षेपमा केही बूँदाहरू :*

◆ सबै कामको निर्देशक सिद्धान्तमा जनयुद्धको राजनीतिलाई केन्द्रमा राख्ने ।

◆ क्रान्तिकारी भूमिसुधार लागू गर्न पर्ति जग्गा वितरण गर्ने, सामन्त, सुदखोर, हत्यारा, सुराकी तथा गुठी संस्था जस्ता जनविरोधीहरुको अपराधको प्रकृति हेरी बिना मुआब्जा जग्गा कब्जा गरेर वितरण गर्ने ।

◆ हरेक जिल्ला जनसमितिहरुले आवश्यक युद्ध सामग्री उत्पादनको लागि उद्योग सञ्चालन गर्ने ।

◆ जनताका लागि आवश्यक वस्तुहरु उत्पादन गर्न घरेलु उद्योगहरुको सञ्चालन गर्ने ।

◆ मित्रशक्तिबाट सहयोग र शत्रुहरुबाट कर लिने

◆ साना बाटाघाटा, छोटो दूरीको मूल सडक, पुलपुलेसा, विद्यालय भवन, शहीदद्वार, सभा, भवन, सिंचाई, कुलो, खानेपानी, चर्पी आदि बनाउने ।

◆ अश्लील फिल्म, पत्रपत्रिका, कला तथा संस्कृतिलाई प्रतिबन्ध लगाउने ।

◆ विवाह, व्रतबन्ध, पूजाआजा, काजक्रिया, चाडपर्व आदिमा रहेको परम्परागत गलत संस्कारहरुलाई रुपान्तरण गरी जनपक्षीय प्रगतिशील तथा क्रान्तिकारी संस्कृतिको थालनी गर्ने ।

◆ विद्यालयहरुमा संस्कृत शिक्षा र कथित 'राष्ट्रिय गान' बहिष्कार गर्ने ।

◆ चिकित्सकहरुको टीम निर्माण गरी घुम्ती स्वास्थ्य शिविरहरु चलाउने ।

◆ जातपात, छुवाछुत, उँचनीच, छोराछोरी, महिलापुरुष, क्षेत्रियता जस्ता भेदभावपूर्ण सामाजिक विकृतिहरुमा प्रतिबन्ध लगाउने ।

◆ प्रेम विवाह र विधवाहरुको पुनः विवाहलाई प्रोत्साहन दिने ।



*बाफीकोटमा संयुक्त जनसमितिको भेला । फोटो : सुधीर शर्मा*

**संयुक्त जनमोर्चाको बिघटन गरिएकोले अब संयुक्त जनसमितिमार्फत बृहत मोर्चाको व्यवहारिक कार्यान्वियन गर्न थालिएको छ**

नबुझिकन काठमाण्डौमै बसेर कोठे टिप्पणी लेख्ने गरेको ठान्छन, उनीहरू । रेडियो नेपाललाई त ठ्याम्मै पत्याउँदैनन्, तर सवभन्दा बढी त्यही सुन्छन् र सुनेको खवरलाई आफ्नै दृष्टिकोणबाट बुझ्छन् । बीबीसी रेडियोको नेपाली सेवा चाहिं सवैका लागि पत्यारलाग्दो छ ।

### *किन बढ्दैछन् माओवादी ?*

मध्य पश्चिमका पहाडमा माओवादी बढ्नुमा थुप्रै आर्थिक, सामाजिक, राजनीतिक कारणहरू होलान् । तर त्यसको तत्कालिन कारण भने सैद्धान्तिक भन्दा माओवादीको डर, प्रहरीको ज्यादती, सरकारको अनुपस्थिति, बन्दूकको आकर्षण, जनयुद्धप्रतिको प्रतिवद्धता आदि अनेक कुरा छन् । अनाहकमा प्रहरी ज्यादती भोगेका व्यक्तिहरू बदलाको भावनाले बन्दूक समातिरहेका छन् भने प्रहरीबाट आफ्नो आफन्त मारिएपछि रक्तबीजका रूपमा विद्रोहीहरू जन्मिरहेका छन् । यसबाहेक त्यहाँ माओवादी माहौलमा एउटा कट्टर विद्रोही पुस्ता हुर्किरहेको छ, जो भविष्यमा राज्यका निम्ति टाउको दुखाइको सवभन्दा ठूलो कारक बन्ने निश्चित छ ।

यसै पनि 'बिजिनेश अफ इमोशन' मा त माओवादी पोख्त छँदैछन् । स्कूल पढ्दै गरेका किशोर-किशोरीका हातमा बन्दूक थमाउन सफल हुनुमा माओवादीको त्यही सीपले काम गरेको छ । रोल्पा, रूकुम, जाजरकोट, कालिकोट र सल्यानका १,२३४ स्कूलमध्ये धेरैजसो माओवादको सैद्धान्तिक उर्जाकेन्द्र भएका छन् भने त्यहाँ कार्यरत ४,७०८ शिक्षकहरूमध्ये अधिकांशले कलिलो उमेरका विद्यार्थीलाई माओवादीकरण गर्ने अभियान सम्हालेका छन् ।

एमालेका बाफीकोट (रूकुम) गाउँ सचिव डिल्लीबहादुर के.सी. भन्छन, "सरकारले यहाँको ढुंगामाटो सवैलाई माओवादी ठान्छ, दुःख दिन्छ र त्यसले अन्ततः माओवादीलाई नै फाइदा पुऱ्याउँछ । मान्छे उनीहरूतर्फ आकर्षित हुन्छन् ।" तैपनि कुनै पनि दिन आइपर्ने "खतरा"बाट भने आम मान्छे अत्यन्त भयभीत देखिन्छन् । धेरैको डर छ- माओवादीको नियन्त्रणमा रहेको भूमि कब्जा गर्न सरकारले सशस्त्र प्रहरी वा सेना खटाएपछि डरलाग्दो मुठभेड हुन्छ ।

अहिले माओवादी पार्टीले मुख्यतः पश्चिम क्षेत्रमा 'नवचेतना अभियान' चलाइरहेको छ । सोही अभियान अन्तर्गत त्यहाँ खुला आमसभा गर्नेदेखि लिएर विगतमा आफ्नो तर्फबाट मारिएका व्यक्तिका आफन्तलाई सम्झाउन 'घरदैलो कार्यक्रम' चलाउने काम भइरहेको छ । केही समयअघि माओवादी नेता डा.बाबुराम भट्टराई स्वयं जाजरकोट पुगेको घट्नालाई पनि यसै सन्दर्भसँग जोडेर हेरिन्छ ।

माओवादीको अर्को अभियान भनेको एमालेका स्थानीय कार्यकर्त्तालाई आफ्नो पक्षमा तान्ने रहेको छ । अहिले एमालेबाट निर्वाचित गाविस पदाधिकारीहरूलाई गाउँ फर्कन दिइनुले पनि उनीहरू एमालेप्रति नरम हुन थालेको संकेत मिल्छ । आफ्नै गाउँ बाफीकोटमा बसेर राजनीति गरिरहेका एमालेका स्थानीय नेता के.सी. भन्छन, "गाजस गठन गरेपछि माओवादी नरम भएका छन् । अरू पार्टीका कार्यकर्त्तासँग पहिले जस्तो कडा व्यवहार गर्दैनन् ।"

पहिले माओवादी छवि उत्पात मच्चाउने विद्रोहीको जस्तो मात्र थियो, अचेल उनीहरू जिम्मेवारी ग्रहण गरेको 'शासक बन्ने' धूनमा देखिन्छन् । जथाभावी जोसुकै माथि 'एक्सन' नगर्ने र प्रहरी बाहेक अरूको 'सफाया' भरसक नगर्ने नीति लिइएको माओवादी सूत्र बताउँछ । तर माओवादी पार्टीभित्र बल प्रयोगको कडा बाटोलाई नै निरन्तरता दिइरहने कि अलि नरम र उदार नीति लिएर मित्रशक्तिहरूको पनि साथ लिने भन्ने सवालमा अन्तर्द्वन्द्व रहिआएको देखिन्छ ।

यद्यपि माओवादी पार्टीले परिकल्पना गरेको जनयुद्धले विकसित रूप लिएपछि गठन गर्ने भनिएको संयुक्त सरकारमा अरू सहयोगी शक्तिहरूको सहभागिता अनिवार्य हुनेछ । त्यसका निम्ति पहल गर्नसक्ने संयुक्त जनमोर्चाको बिघटन गरिएकोले अव संयुक्त जनसमितिमार्फत बृहत मोर्चाको व्यवहारिक कार्यान्वयन गर्न थालिएको छ । माओवादी केन्द्रीय समितिको २०५६ साउनमा सम्पन्न बैठकले नै नयाँ संविधानको माग गर्दै "देशभक्त, जनवादी एवम् बामपन्थी शक्तिहरूको संयुक्त क्रान्तिकारी सरकारको गठन"को प्रस्ताव अघि सारेको थियो ।

माओवादीले आफ्नो उद्देश्यमा असर नपार्ने सरकारी काममा उतिसारो बाधा पुऱ्याएका छैनन् । सरकारी विद्यालय, कृषि, स्वास्थ्य र हुलाक कार्यालयहरू निर्बाध चलेका छन् । रूकुम जिविसका सभापति खेममान खड्का विकास निर्माण कार्यमा माओवादीबाट कुनै रूकावट नभएको बताउँछन् । एकाध झोलुंगे पुलहरू उडाउँदा नै पर्याप्त आलोचना आएको र अलोकप्रिय भइएको माओवादीले बुझेका हुनसक्छन् । खड्का भन्छन्, "माओवादीको इच्छाबेगर गाउँमा सरकारी आयोजना लैजान गाह्रो छ । अहिले ल्याइएको एकीकृत विकास कार्यक्रम पनि माओवादीलाई माइनस गरेर गाउँमा लान सकिन्न ।" अर्थात् यस्तै स्थिति रहने हो भने माओवादीविरूद्ध लक्षित बजेट पनि घुमीफिरीकन माओवादीकै

## माओवादीलाई हेर्ने यी भिन्न आँखाहरू

माओवादी आन्दोलन शुरू हुनुमा विभिन्न पक्षको गल्ती–कमजोरी होला तर अब त्यतातिर जाने भन्दा पनि यसलाई जतिसक्दो चाँडो समाधान गर्ने बाटो पहिल्याउनु पर्छ । त्यसका निम्ति राजनीतिक पार्टीहरूले जनताका बीचमा आफ्ना कार्यक्रमहरू लैजानुपर्छ । नत्र प्रशासनिक कार्वाहीबाट मात्र समस्या समाधान हुन गाह्रो छ ।

◆ *प्रजिअ नेत्रप्रसाद नेउपाने, रूकुम*

माओवादीहरूले बन्दूकको नालको भरमा आफ्नो राजनीति गरिरहेका छन् । अहिलेको जनसरकार पनि त्यस्तै हो । माओवादी कार्यकर्ताको निम्ति त्यो स्वीकार्य होला, तर आम जनताले जिल्ला विकास समितिलाई नै वैधानिक मान्छन् ।

◆ *खेममान खड्का, सभापति, रूकुम जिविस*

"अहिलेको सरकार जनताको सरकार भए त जनतालाई नै मार्ने, पिट्ने, दुःख दिने गर्दैनथ्यो होला । योभन्दा त माओवादीले जनयुद्ध गरेर बनाउने भनेको सरकारले पो जनताको हित गर्छ जस्तो देखिन्छ ।"

◆ *हरिबहादुर खड्का, खारा गाविस, रूकुमका बासिन्दा*

"पहिलेको सरकार भनेको पुलिस थियो, अहिलेको सरकार माओवादी जनसेना भएको छ । हामी जनताले जसको शासन भए पनि स्वीकार्नै पऱ्यो ।"

◆ *नाम उल्लेख गर्न नचाहने खलंगा गाविस, रूकुमकी एक महिला*

"पहिलेको सरकासँग जनता नै डराउनु पर्थ्यो, अहिले हामी जनताकै सरकार बनेको छ । योभन्दा खुशीको कुरा के हुनसक्छ ?"

◆ *दीर्घबहादुर मगर, वर्ष ५५, पुस ५ गते रूकुमको बाफीकोटमा आयोजित माओवादी आमसभाका एक सहभागी*


हातमा पुग्नसक्छ ।

## सरकार-माओवादी को अगाडि ?

शत्रु पक्षको अन्तरविरोध चर्काएर लाभ उठाउने रणनीति माओवादीले अपनाइरहेका छन् । सरकार र दरवार, पार्टी-पार्टी र एउटै पार्टीभित्र पनि माओवादी मामिलामा मतान्तर उत्पन्न गर्न उनीहरू सफल पनि भएका छन् । यहाँसम्म कि, सत्तारूढ कांगेसको आन्तरिक झगडामा पनि उनीहरू मुख्य कारक बन्न पुगे । गृह मन्त्रालयका एक जना अधिकारी आफ्नो अनुभव सुनाउँछन्, "माओवादीको हरेक कदम क्याल्कुलेटिभ हुन्छ । आफ्ना सकरात्मक-नकरात्मक दुवै घट्नालाई आफ्नो हित अनुकूल उपयोग गर्छन् । प्रपोगण्डामा होस् वा एक्सनमा सरकारभन्दा उनीहरू नै एक कदम अगाडि छन् ।"

माओवादी जनयुद्धसँग सम्वन्धित विषयमा पी.एचडी. शोधकार्य गरिरहेका प्रहरी उपरीक्षक चुडाबहादुर श्रेष्ठले भनेजस्तै, "सरकारले माओवादी सम्वन्धी नीति निर्माण गर्न, गतिविधि विश्लेषण गर्न एउटा स्थायी प्रकृतिको विशेषज्ञ समूह बनाउनुपर्छ र त्यसको सुझाव अनुसार सरकारी कदम चालिनुपर्छ ।"

सरकारले गृह मन्त्रालयको मातहतमा रहने सशस्त्र प्रहरी बल नामको अर्ध सैन्य दस्ता गठन गर्ने



*रूकुमका प्र.जि.अ. नेत्रप्रसाद नेउपाने*
*फोटो : सुधीर शर्मा*

तयारी गरिरहेको छ । यो कदमले शाही सेना परिचालनको सम्भावना तत्कालका निम्ति टरेको विश्लेषण माओवादी पक्षको छ । तर सशस्त्र प्रहरी गठन गर्ने अध्यादेशलाई 'ग्रीन सिग्नेल' दिएर राजदरवारले अव आफू माओवादी मामिलामा पहिले जस्तो तटस्थ नवस्ने महत्वपूर्ण संकेत पनि मिलेको छ । यसअघि माओवादी समस्या समाधान गर्ने सवालमा सिहंदरवार र राजदरवारका बीच प्रष्ट विभाजन देखिदै आएको थियो । यी शक्तिकेन्द्रबीच अव नयाँ ध्रुवीकरण बढ्दै गएमा माओवादीहरू अप्ठ्यारोमा पर्नसक्छन् ।

सरकारले विकास र सुरक्षालाई सँगसँगै लगेर 'माओवादी सत्ता' तोड्ने अवधारणा अनुरूप एकीकृत विकास कार्यक्रम अघि सारेको छ । र, राजनैतिक निकासका अन्य उपायलाई नजरअन्दाज गरेर बल प्रयोगमै जोड दिएको छ । सप्रिदै गएको वार्ताको प्रक्रियालाई पन्छाएर सरकारले एकातर्फ अर्धसैन्य दस्तालाई भिड्न पठाउने तयारी गर्दैछ भने अर्कातर्फ माओवादीलाई कानूनी पञ्जाभित्र पार्ने उद्देश्यले विशेष अदालत गठन गरिएको छ । रूकुमका माओवादी नेता महेश्वर गहतराज भन्छन, "हामीसँग सेना वा सशस्त्र प्रहरीसँग लड्ने सामर्थ्य छ र त्यस्तो तयारी भइसकेको छ ।" उनका अनुसार अव उच्च स्तरको युद्ध हुने सम्भावना बढेको छ ।

आफ्नो मुख्य इलाकामा सरकारी दमन केन्द्रित हुन लागेकाले माओवादीले तुलनात्मक रूपले कमजोर ठानिएको पूर्वी भेगमा सक्रियता बढाएका छन् । सिन्धुपाल्चोकमा माघ ६ गते इस्पेक्टर श्रीधर भट्टराईको हत्या हुनुले त्यस्तै इंगित गर्छ । सँगसँगै उनीहरूले शहरिया जन-संघर्ष पनि बढाउन खोज्दैछन् । माओवादीले आफ्नो विद्यार्थी संगठनलाई अघि सारेर मंसीर अन्तिममा देशभरीका ४० हजारभन्दा बढी विद्यालयलाई एक सातासम्म बन्द गराउँदा सरकारले टुलुटुलु हेर्न सिवाय केही गर्न सकेन । त्यसपछि विराटनगर र बुटवलको गैर-राजनीतिक तनावमा प्रवेश गरेर त्यसलाई राजनीतिक रंग दिन माओवादी सफल भए । त्यसको लगत्तै ऋतिक प्रकरणले काठमाडौंमा सिर्जना गरेको अशान्तिको शीर्षस्थानमा माओवादी नै देखिए । र, उनीहरूको समेत पहलमा दुई दिन नेपाल बन्द समेत भयो ।

माओवादीले गाउँमा आधार इलाका घोषणाको तयारी बढाउँदै लैजाँदा शहरी क्षेत्रमा पनि त्यही अनुपातमा गतिविधि फैलाउँदै लाने रणनीति लिएका छन् । त्यस क्रममा माओवादीले भारतविरोधी नेपाली जनमतलाई 'क्यास' गर्न चाहेको देखिन्छ । माओवादी महामन्त्री प्रचण्डले हालै भनेका छन्, "कतिपय मानिसहरूले गृहयुद्ध अझै चर्कंर गएमा भारतीय सैन्य हस्तक्षेप हुने र नेपालको स्वतन्त्र अस्तित्व नै समाप्त हुने खतरा बढ्ने तर्क गर्छन् । यो सरासर राष्ट्रिय आत्मसमर्पणवादीहरूको कुतर्क हो । यदि त्यस प्रकारको स्थिति आएमा गृहयुद्ध राष्ट्रिय स्वतन्त्रताको लडाइद्वारा प्रज्वलित र स्पात बन्ने प्रक्रिया अगाडि आउँछ ।"

माओवादी सूत्रका अनुसार, सशस्त्र प्रहरीलाई पराजित गर्न सफल भएमा मध्य पश्चिमका निश्चित भूभागमा आधार इलाकाको औपचारिक घोषणा गरिनेछ । अहिलेका सम्पूर्ण क्रियाकलाप त्यतैतिर लक्षित छन् । र, आधार इलाकाको घोषणा हुनुको अर्थ हो: जनयुद्धको दोस्रो रणनैतिक चरण अर्थात 'शक्ति सन्तुलन'मा प्रवेश ।


माओवादीले जनयुद्धको राजनीतिलाई जनवादी सत्ताको स्थापना मार्फत् मजवूत पार्दै लाने योजनाबद्ध रणनीति लिएका छन् । यसका निम्ति राजनीतिक, आर्थिक र सामाजिक-सांस्कृतिक क्षेत्रबाट जनतालाई आफ्नो पक्षमा तान्ने काममा लागेका छन् र यसमा एक हदसम्म सफल पनि देखिन्छन् । तर सिहंदरवारमा भने भीषण सशस्त्र सैन्य शक्ति प्रयोग गरेमा माओवादी तह लागिहाल्छन् भन्ने एकपाखे गलत सोचाई अझै हावी छ, जसलाई पछ्याइरहने हो भने भविष्यमा त्यो घातक मूर्खता सावित हुने निश्चित छ ।

के छ त उपाय समाधानको ? एकजना विश्लेषक भन्छन, "दमन त सहायक बाटो मात्र हो, मूल कुरा आर्थिक-सामाजिक सुधारका कार्यक्रम प्रतिवद्धताका साथ लागू गर्न सक्नुपर्छ र गैर-माओवादी राजनीतिक सक्रियता थालिनुपर्छ । माओवादी क्षेत्रबाट विस्थापित भइसकेको सत्तारूढ दल कांग्रेसबाट त यस्तो सक्रियता सम्भव छैन तर राज्यले बुद्धिमानी पुऱ्याउने हो भने यसका निम्ति एमाले उपयुक्त पार्टी हुनसक्छ ।" ❑

## माओवादी जनयुद्ध शुरू भएयता कति हिंसा भयो ?

| | |
|---|---|
| प्रहरीद्वारा मारिएका माओवादीहरू | ९९९ जना |
| माओवादीबाट मारिएका प्रहरीहरू | २५१ जना |
| माओवादी: प्रहरी हत्या अनुपात | ४:१ |
| माओवादीबाट मारिएका सर्वसाधारण | २६३ जना |
| जम्मा हत्या | १५१३ जना |

*स्रोत : नेपाल प्रहरी (पुस २५, २०५७ सम्ममा)*



***रूकुमको बाँफीकोटमा माओवादी जनसरकारको घोषणा सभा ।***
*फोटो : सुधीर शर्मा*

### जनयुद्धका तीन हतियार
### पार्टी, सेना र मोर्चा

**पार्टी**

केन्द्रीय समिति
(विभिन्न विभाग र जनवर्गीय संगठन)
पोलिटब्यूरो
क्षेत्रीय ब्यूरो (५ वटा उप-क्षेत्रीय ब्यूरोहरू)
जिल्ला समिति
एरिया समिति
सेल समिति

**जनसेना**

केन्द्रीय सैनिक आयोग
क्षेत्रीय सैनिक आयोग
उप-क्षेत्र सैनिक आयोग
जिल्ला सैनिक आयोग

**संयुक्त मोर्चा**

केन्द्रीय संयुक्त मोर्चा
जिल्ला संयुक्त मोर्चा
गाउँ संयुक्त मोर्चा
वडा संयुक्त मोर्चा



डुमरियामा स्मारकको अनावरण गर्नुहुँदै क. नरबहादुर कर्माचार्य फोटो : नरेश श्रेष्ठ (ए.बी.सी. फोटोज्)

# आज पनि सूर्यनाथ रान यादव जनताको ढुकढुकीमा बाँचिरहेका छन्

- मुक्ता श्रेष्ठ, धनुषा डुमरियाको भ्रमणपछि

पुषको महिना थियो । धेरै दिनदेखि घाम लागिरहेको थिएन । त्यस्तो समयमा पनि धनुषा जिल्लाको विसरभोरा गा.वि.स.को वडा नं. ५ डुमरिया गाउँको एउटा गिलो माटो भएको खेतमा हजारौँहजार मानिसहरू बसेर नेताहरूको भाषण सुनिरहेका थिए । उनीहरू चिसोले कठ्याङ्ग्रिएका थिए, तर पनि हलचल गरिरहेका थिएनन् । एकनासले ध्यान दिएर नेताहरूले बोलेका कुराहरू सुनिरहेका थिए । त्यो भाषण न त कुनै नेताले जनतालाई आश्वासन बाँड्न गरिएको थियो, न कुनै मान्छेलाई चुनावमा जिताउन नै गरिएको त्यो एकजना यस्तो योद्धाको स्मृतिमा गरिएको भाषण थियो जो जनताको मुक्तिको लागि लड्दा तात्कालिन पंचायती सरकारद्वारा कैदी अवस्थामै गोली ठोकेर मारिएका थिए । उनी थिए- शहीद सूर्यनाथ रान यादव ।

हो उनै सूर्यनाथ यादव, जसले आफूलाई धर्मपुत्रको रूपमा पाल्ने जमीन्दार धर्मपिताको लाखौंको सम्पत्ति लिन इन्कार गरे, बरू उल्टो उनकै बिरूद्धमा गरीब र उत्पीडित जनताको पक्षमा आफूलाई उभ्याए । सूर्यनाथ यादव १२ वर्षकै उमेरदेखि अर्थात् २००९ सालदेखि नै वामपन्थी आन्दोलनमा लागेका थिए र २०१५ सालमा उनले कम्युनिष्ट पार्टीको सदस्यता लिइसकेका थिए । २०४२ सालमा उनको हत्या हुँदा उनी ने.क.पा.(चौम)को केन्द्रीय सदस्य थिए । उनमा जनतासँग मिल्न सक्ने, जनतालाई संगठित गर्न सक्ने अपार क्षमता थियो । जनताको हरेक सुख दुःखमा उनी साथ दिन्थे । उनको बास नै जनताको घरमा हुन्थ्यो । जनताले जे खान्थे त्यही रूखा-सुखा, रोटी, पिठो जे पाइन्थ्यो त्यही खाएर उनी जीविका गर्थे । कोही मान्छे जाडोले कामिरहेको देख्दा उनी आफूले ओढिराखेको ओढ्ने दिन्थे । कसैसँग विहा, वर्तमन गर्न खर्च भएन भने वा औषधि उपचार गर्न खर्च भएन भने उसलाई तुरून्तै खर्चको प्रबन्ध गरीदिन्थे उनी । उनी ज्यादै सरल र जुझारू प्रकृतिका मानिस थिए । एकजना जनकल्याणकारी वीरको चरित्र थियो उनमा । उत्पीडित र गरीब जनताको पक्षमा लड्ने उनको जुझारूपनले गर्दा नैं धनुषाका सामन्तहरू उनको नाम सुन्ने बित्तिकै थर्कमान हुन्थे । अरू त अरू, 'शेरे धनुषा' भनेर नाम कमाएका हेमबहादुर मल्लसमेत उनको नामबाट त्राहीमाम थिए ।

सूर्यनाथ यादवले धुनषाका उत्पीडित र गरीब किसानहरूको पक्षमा बेठबेगारी बिरूद्ध, किसान मजदूरको ज्याला बृद्धिको लागि, मोहियानी हकको लागि आन्दोलन चलाएका थिए । त्यतिखेर पंचायती सत्तामा पुगेका हेमबहादुर मल्लको इशारामा जनतामाथि भएका गुण्डागर्दी, उत्पीडन, दमनको विरूद्ध उनले जेहाद नै छेडेका थिए ।

तात्कालिन सरकारले सूर्यनाथ यादवलाई मार्नको लागि भिंभाको डाँकालाई समेत लगाएको थियो । तर 'सूर्यनाथजस्तो गरीब जनताका

**सूर्यनाथ यादव, जसले आफूलाई धर्मपुत्रको रूपमा पाल्ने जमीन्दार धर्मपिताको लाखौंको सम्पत्ति लिन इन्कार गरे, बरू उल्टो उनकै बिरूद्धमा गरीब र उत्पीडित जनताको पक्षमा आफूलाई उभ्याए !**

## सूर्यनाथको स्मारक बनाइयो !

नेता'लाई मार्नु हुँदैन भन्ने धारणाले भिंभाकै अर्को डाँकाले उनलाई बचाए । सूर्यनाथ यादवले कमला नदीको तीरको सामन्तले कब्जा गरेको सयौं बिघा ऐलानी जग्गा खोसेर गरीब किसान र भूमिहीन किसानहरूलाई बाँडिदिए । अहिले पनि उनको नेतृत्वमा खोसिएको हथमुण्डाको १०० बिघा जमीनमा गरीब तथा भूमिहीन किसानहरू बसोबास गरिरहेका छन् ।

सूर्यनाथ यादवको यही जुझारू जीवनबाट एकातिर पंचायती सरकार थर्कमान भएको थियो भने अर्कातिर क्रान्तिकारी भनाउँदा केही छद्म कम्युनिष्टहरू पनि इर्ष्याले जलेका थिए । तिनै छद्म कम्युनिष्टहरूले नै उनलाई षड्यन्त्रपूर्वक पंचायती पुलीसको हातमा सुम्पिदिएका थिए । उनलाई वि.सं. २०४२ जेष्ठ १० गते सिराहाबाट अमानवीय तरिकाले गिरफ्तार गरेर सिराहा जेलमा राखिएको थियो । केही समय त्यहाँ राखेपछि काठमाण्डौ ल्याएर फेरि सिराहाकै जेलमा फर्काइएको थियो । त्यसपछि सिराहाबाट खोटाङ्ग जेल चलान गर्ने निहुँमा ०४२ साल असोज ४ गते उदयपुरको वेल्टारको जंगलमा लगी उनलाई गोली ठोकी मारियो । अहिले उनको शरीर त छैन, तर उनको सम्झना भने त्यहाँका किसानहरूको मुटुको ढुकढुकीमा अहिलेसम्म जिउँदैछ ।

सूर्यनाथको त्यही संघर्षशील जीवनलाई कदर गरेर नै विसरभोरा गा.वि.स.का जनताहरूले आफ्नै सक्रियतामा त्यहाँ उनको स्मारक निर्माण गरेका हुन् ।

प्रत्येक वर्ष मनाइने स्मृति दिवस यसपटक गत पुष २५ गते डुमरियामा उनको स्मारक उद्घाटन गरी मनाइयो । अर्का किसान नेता तथा तात्कालिन नेकपा (चौम) का केन्द्रीय सदस्य जयगोविन्द शाहको स्मृति दिवस पनि त्यही दिन पर्दछ । त्यसैले त्यो दिन दुवै नेताहरूको स्मृति दिवस संयुक्त रूपमा मनाइएको थियो ।

समारोहका प्रमुख अतिथि रहनुभएका नेपाल कम्युनिष्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्यले स्मारक अनावरण गर्नुभएको थियो । स्मारक अनावरणको समयमा अन्तरराष्ट्रिय

> "सूर्यनाथ यादव र जयगोविन्द शाहले उत्पीडन र शोषणबाट मुक्त हुन खोजेका जनताको मुक्तिको लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभयो"

गीत गाइएको थियो । त्यस अवसरमा उपस्थित नेतागण तथा जनसमुदायले मुट्ठी उठाएर लालसलाम गरी सूर्यनाथ यादवलाई अभिवादन गरेका थिए । स्मारक अनावरणपछि उद्घाटन भाषणमा नरबहादुर कर्माचार्यले भन्नुभयो- "सूर्यनाथ रान यादवले अंगाल्नुभएको बाटो वर्गसंघर्षको बाटो हो । अब हामी उहाँहरूले देखाउनुभएको बाटो पहिल्याउने छौं र वर्गसंघर्ष अघि बढाउने छौं ।"

अर्का वक्ता नेकपा (मसाल)का पोलिटब्यूरो सदश्य चित्रबहादुर के.सी.ले सभालाई सम्बोधन गर्दै भन्नुभयो - "सूर्यनाथ यादव तथा जयगोविन्द शाहले जनताको पक्षमा संघर्ष गर्दागर्दै जीवन त्याग्नुभयो । मैले पनि ०३१ सालदेखि ०३८ सालसम्म उहाँहरूसँग काम गरेको थिएँ । त्यतिवेला नेकपा (चौम) देशकै सबभन्दा शक्तिशाली पार्टी थियो । दुःखको कुरा, त्यतिवेला हामी टुक्रियौं । अब हामी छिट्टै एक हुनेछौं र उहाँहरूले देखाउनुभएको वर्गसंघर्षको बाटोलाई अघि बढाउने छौं ।"

स्वतन्त्र वामपन्थी नेता पद्मरत्न तुलाधरले सूर्यनाथ यादव र जयगोविन्द शाहको योगदानको चर्चा गर्दै भन्नुभयो- "सूर्यनाथ यादव र जयगोविन्द शाहले उत्पीडन र शोषणबाट मुक्त हुन खोजेका जनताको मुक्तिको लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभयो । म उहाँहरूलाई बारम्बार लालसलाम गर्दछु । म त्यसैको लागि यहाँ आएको हुँ । अहिले पनि जनताहरू आफ्नो मुक्तिको लागि आन्दोलन गर्न चाहन्छन् । जनताको त्यो आन्दोलनलाई सही कम्युनिष्ट पार्टीहरूले मात्र अगाडि बढाउनसक्छ । सही कम्युनिष्ट पार्टीहरूले यो आन्दोलन उठाइदिनु होला भन्ने आशा गर्दछु ।"

अर्का वक्ता संयुक्त जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनले बोल्नुहुँदै भन्नुभयो- "राजासँगबाहेक कसैसँग पनि नडराउने 'शेरे धनुषा' उपनाम प्राप्त हेमबहादुर मल्ल पनि सूर्यनाथ रान यादवसँग डराउँथे । शहीद सूर्यनाथ र क. जयगोविन्द शाहले देखाउनुभएको बाटो संसारकै उत्पीडित र शोषित जनताको मुक्तिको बाटो हो । उहाँले देखाउनुभएको यो बाटोमा हामीहरू आफ्नो घरघरमा भएको हतियार लिएर आन्दोलनमा उत्रौं । यही नै उहाँहरूप्रति सही श्रद्धाञ्जली हुनेछ ।"

अर्का वक्ता संयुक्त जनमोर्चा नेपालका महासचिव लिलामणि पोखरेलले भन्नुभयो- "सूर्यनाथ यादव र जयगोविन्द शाहले जनता र उत्पीडित तथा गरीब किसानहरूको हकहितमा जति कुरा सोचेका थिए र संघर्ष गरेका थिए त्यति कुरा सायदै मात्र कसैले गर्न र सोच्न सकेका होलान् ।" यसको साथै उहाँले २०४७ सालको पार्टी सम्मेलनले सूर्यनाथ यादवलाई शहीद घोषणा गरेको र त्यहीवेला पार्टीले शोकलाई शक्तिमा बदल्ने प्रण गरेको पनि प्रष्ट पार्नुभएको थियो ।

"शहीद सूर्यनाथ यादव र क.जयगोविन्द शाहले जनताको मुक्तिको लागि लड्दालड्दै पहाडभन्दा गह्रुङ्गो मृत्युवरण गर्नुभएको छ । उहाँहरूले जनताको मुक्तिको लागि गर्नुभएको योगदानले नै आज हजारौंहजार जनताहरू उहाँहरूलाई सलामी अर्पण गर्न यहाँ आइपुगेका छन् । उहाँहरूले अपनाउनुभएको बाटो भनेको वर्गसंघर्षको बाटो हो । त्यही बाटोलाई अंगालेर अगाडि बढ्न सकेमा मात्र कम्युनिष्ट आन्दोलन अगाडि बढ्नसक्छ ।" - सभालाई सम्बोधन गर्दै अखिल नेपाल महिला संघका अध्यक्ष शशी श्रेष्ठले भन्नुभयो ।

अखिल नेपाल किसान संघ (२००७) का अध्यक्ष भीमप्रसादले भन्नुभयो- "शहीद क. सूर्यनाथ यादव र क.जयगोविन्द शाह किसान आन्दोलनका अग्रजहरू हुन् । उहाँहरूले देखाउनुभएको बाटोलाई अंगालेर हामी अगाडि बढ्यौं भने मात्र हामीले आन्दोलनलाई अगाडि बढाउन सक्नेछौं । उहाँहरूजस्ता क्रान्तिकारीहरूको स्मारक देशको प्रमुख प्रमुख चोकमा राख्नुपर्छ ताकि यसबाट जनताहरूले उहाँहरूबाट प्रेरणा लिन सकून् ।"



स्मृतिसभामा दाहिनेबाट क्रमशः क. अमिक शेरचन, चित्रबहादुर के.सी., नरबहादुर कर्माचार्य, पद्मरत्न तुलाधर, क सूर्यनाथ यादवकी सानीआमा र गिरिराजमणि पोखरेल/पछाडि शशी श्रेष्ठ

संयुक्त जनमोर्चा नेपालका केन्द्रीय सदस्य विश्वनाथ शाहले मैथिली भाषाबाट सभालाई सम्बोधन गर्दै भन्नुभयो- "शहीद सूर्यनाथ रान र जयगोविन्द शाह दुवै जना वर्गसंघर्षका शिल्पकार नै हुनुहुन्थ्यो । उहाँहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भनेको उहाँहरूले देखाउनुभएको बाटोमा लाग्नु र शोषित-पीडित जनताको पक्षमा काम गर्नु हो ।"

सभाको अर्का वक्ता संयुक्त जनमोर्चा नेपालका युवा नेता तथा पत्रकार राम रिझन यादवले पनि मैथिली भाषामा नै सभालाई सम्बोधन गर्नुभएको थियो । उहाँले भन्नुभयो- "शहीद सूर्यनाथ रान र क. जयगोविन्द शाहको अथक योगदानबाट नै आज यो जिल्लामा वाम आन्दोलनले जरो गाडेको छ । बहुदलीय व्यवस्थापछि पनि सरकारले कम्युनिष्ट योद्धाहरूको हत्या गर्न छोडेको छैन । त्यसैले आज यो प्रतिक्रियावादी सरकारसँग लड्न यहाँका जनताहरूले सूर्यनाथ रानहरूलाई जन्माउनु परेको छ ।"

सभापतिको आसनबाट स्मारक आयोजक समितिका संयोजक गिरिराजमणि पोखरेलले स्मारक शिलान्यासदेखि अनावरण कार्यक्रम-सम्मका कामहरू कसरी भयो भन्ने कुरा अगाडि राख्दै भन्नुभयो- "शहीद सूर्यनाथ यादवको स्मारक निर्माण गर्नु भनेको उहाँको संघर्षको जीवनबाट अर्को पुस्तामा सही शिक्षा पुर्‍याउनु हो । शहीद सूर्यनाथ यादव र क. जयगोविन्द शाहले देखाउनुभएको वर्गसंघर्षको बाटोलाई अपनाउन सके मात्रै उहाँहरूको ठीक स्मरण गर्न सकेको ठहरिनेछ ।"

उहाँले स्मारक आयोजक समितिलाई ट्रष्टमा परिणत गरी शहीद यादवको योगदानलाई अभ जनस्तरसम्म पुर्‍याउने कुरा पनि बताउनुभयो ।

शहीद सुर्यनाथ यादवको स्मृतिमा स्थायी प्रकृतिको संयन्त्र नै बनाई यसरी काम थालिएकोलाई सहभागीहरू सबैले निकै सकारात्मक रूपमा लिएका थिए । डुमरियाको यस समारोहमा सुदूर गाउँहरूबाट समेत आई ठूलो संख्यामा जन-समुदाय उपस्थित हुनुले स्व. यादव र स्व. जयगोविन्द शाहको विशेष लोकप्रियतालाई संकेत गरिरहेको थियो । ❑

# विश्व समाजवादी सम्मेलन:




## तीनवटा महत्वपूर्ण कार्यशाला गोष्ठीहरूको रिपोर्ट

**नेकपा. एमालेद्वारा काठमाडौंमा गत कार्तिकको चौथो साता आयोजित अन्तरराष्ट्रिय समाजवादी सम्मेलनको विस्तृत रिपोर्ट मूल्यांकनको विगत दुइवटा अंकमा प्रस्तुत गरेका थियौं । यसपटक प्रस्तुत छ- सम्मेलनको क्रममा आयोजित तीनवटा अलग अलग विषयका भिन्नाभिन्नै कार्यशाला गोष्ठीको र त्यसपछिको प्लेनरी सेसनको समीक्षात्मक रिपोर्ट । - मूल्यांकन**

काठमाण्डौमा नोभेम्बर ६ देखि १० सम्म सम्पन्न विश्व समाजवादी सम्मेलनका सबैभन्दा महत्वपूर्ण र उपलब्धिमूलक कार्यक्रम थिए - तीनवटा विभिन्न शीर्षकका कार्यशाला गोष्ठीहरू ।

सम्मेलनका सम्पूर्ण प्रतिनिधिहरूलाई तीनवटा समूहमा बिभाजित गरिएको थियो । हरेक समूहलाई छलफलको लागि अलग-अलग शीर्षक दिइएको थियो । हरेक विषयमा एक दिनभरिको कार्यशाला गोष्ठी राखिएको थियो ।

गोष्ठी व्यवस्थापनका हिसावले राम्रो थियो । हरेक समूहमा छलफल संयोजनका लागि सभापतिको व्यवस्था गरिएको थियो, छलफलमा आएका कुराहरूको रिपोर्टको लागि टिपोटकर्ताहरूको प्रवन्ध गरिएको थियो । हरेक समूहमा एमालेका पोलिट्ब्यूरो सदस्यहरूमध्येबाट एक दुईजना नेताहरूको भाग लगाइएको देखिन्थ्यो । ठीक त्यस्तै, खास खास बौद्धिकहरूको पनि । विषयवस्तु र सहभागीहरूको छनौटमा पनि होशपूर्ण सामञ्जस्य देखिन्थ्यो ।

परन्तु कार्यशाला गोष्ठीको निष्कर्ष प्रस्तुत गर्ने सवालमा सही कार्यविधि नअपनाइनाले निष्कर्ष पेश गर्ने सेसनमा ठूलो विवाद उत्पन्न भएको थियो । गोष्ठीमा साझा सहमतिमा पुगेका बूँदाहरू मात्र साझा सहमति र सर्वसम्मत निष्कर्षका रूपमा, बेसाझा बूँदाहरूमा ज-जसको जे मत हो त्यही मतका रूपमा, प्रस्ताव र सुझावहरू- प्रस्ताव र सुझावका रूपमा प्रस्तुत गर्ने कार्यविधि हुनुपर्नेमा त्यसो नगरी बेसाझा बूँदाहरू र व्यक्तिगत मतहरूसमेत सर्वसम्मत निष्कर्षका रूपमा प्लेनरी सेसनमा प्रस्तुत गर्दा गोष्ठीका सहभागीहरूले निकै आपत्ति जनाएका थिए । फिलीपिन्सको कम्युनिष्ट पार्टीका प्रतिनिधि- इमिलिओ डि भिल्लाले त - "तपाईहरूले प्रस्तुत गर्नुभएको निष्कर्ष केवल टिपोर्टकर्ताहरूको निष्कर्षमात्र हो, यो हाम्रो निष्कर्ष होइन" भनेरसमेत विरोध जनाउनुभएको थियो । त्यस्तै, चीनियाँ कम्युनिष्ट पार्टी र उत्तर कोरियाली श्रमिक पार्टीका प्रतिनिधिहरूले पनि निष्कर्षमा आफ्नो सहमति नभएको कुरा प्रस्तुत गर्नुभएको थियो ।

तर यो कमजोरी अनुभवको कमीले गर्दा हुन गएको महशूस हुन्थ्यो ।

### पहिलो कार्यशाला गोष्ठी

कार्यशाला गोष्ठी नम्बर १ को विषय थियो - "समाजवादको निर्माण र समाजवादी राज्यको त्यसमा भूमिका" । यो कार्यशाला गोष्ठीमा सत्तारूढ कम्युनिष्ट पार्टीहरू सबै संलग्न थिए- जस्तो - चीनियाँ कम्युनिष्ट पार्टी, उत्तर कोरियाली श्रमिक पार्टी, भियतनामी कम्युनिष्ट पार्टी र भा.क.पा. (मार्क्सवादी) । यसबाहेक, क्यानाडा, डेनमार्क, पाकिस्तान, नेपाल, श्रीलंका र बाङ्गलादेशका प्रतिनिधिहरू पनि यसमा सामेल थिए । यसमा जम्मा १७ जना प्रतिनिधिहरू थिए ।

गोष्ठीको संयोजन गर्ने सभापतिको रूपमा भियतनामी क.पा.का प्रतिनिधि डुक लुओङ्ग हुनुहुन्थ्यो, बहसको रिपोर्टकर्ता हुनुहुन्थ्यो - कृष्ण उपाध्याय ।

कार्यशाला गोष्ठीमा विस्तृतमा क-कसले के धारणा राखे, त्यो प्राप्त गर्न निकै प्रयत्न गरियो । परन्तु लामो समयसम्म कोशिस गर्दा पनि आयोजकहरूबाट त्यसको रेकर्ड प्राप्त गर्न नसकिएकाले विषयबस्तुलाई त्यसरी प्रस्तुत गर्न सम्भव भएन । त्यसैले, अत्यन्त संक्षिप्तमा कार्यशाला गोष्ठीका मुख्य मुख्य निचोडहरू मात्र यहाँ प्रस्तुत गरिएको छ ।

पहिलो नम्बरको कार्यशाला गोष्ठीमा समाजवादीहरूको लागि राज्य भनेको साधन हो कि साध्य हो भन्ने सवालमा छलफल चलेको थियो । छलफलमा - यो साधन पनि हो, साध्य पनि, यो के हो भन्ने कुरा देशको बस्तुगत परिस्थितिमा भरपर्छ भन्ने निष्कर्ष निकालिएको थियो ।

उत्पादनका साधनहरूको सामाजिकीकरण गर्ने व्यवस्थाका रूपमा समाजवाद भनेको विशेष प्रकारको राज्य पनि हो भन्ने निष्कर्ष पनि गोष्ठीले निकालेको थियो ।

राज्यसत्ताको कब्जापछि समाजवादतर्फ लम्कने बाटोको सवाल देश देशमा फरक पर्छ र यो सवाल अझै पनि खोजको विषय हुनसक्छ भन्ने निचोड पनि गोष्ठीले निकालेको छ ।

जुन जुन मुलुकमा श्रमिकवर्गले राजनीतिक सत्ता कब्जा गरेको छ, त्यहाँ त्यहाँ समाजवाद निर्माणको अगुवाइ राज्यले नै गर्नुपरेको अनुभव सत्तारूढ कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूले अभिव्यक्त गरेका थिए । सत्ता कब्जा गर्ने बित्तिकै प्राथमिक चरणमा कुनै पनि मुलुकमा समाजवाद निर्माण गर्न संभव भएन भन्ने समेत उहाँहरूको निचोड थियो । सामाजिक रूपले विकसित चरणमा पुगेपछि मात्रै समाजवाद निर्माण गर्न सकिन्छ, समाजवाद निर्माण गर्न उत्पादक शक्तिहरू विकसित हुनुपर्छ, र, समाजवाद निर्माण गर्न दरो आर्थिक जगको आवश्यकता पर्छ । त्यसैले, समाजवाद एउटा 'अवधारणा' पनि हो - गोष्ठीको निचोड यस्तो थियो ।

ती सबै आन्दोलनहरू जसले अहिलेसम्म राज्य हासिल गरिसकेका छैनन्, तिनीहरूले रातारात समाजवाद हासिल गर्न सक्दैनन् । त्यसैले, उनीहरूको लागि समाजवाद एउटा प्रक्रिया हो ।

कार्यशाला गोष्ठीमा समाजवादमा जनवादको प्रश्नबारे पनि छलफल चलेको थियो । छलफलको

# कार्यशाला गोष्ठीमा समाजवादमा जनवादको प्रश्नबारे पनि छलफल चलेको थियो । छलफलको निचोड के रह्यो भने...

निचोड के रह्यो भने -

◆ नीति-निर्णयको प्रक्रियामा पार्टी सदस्यहरू र पार्टी कमिटीहरूको सहभागिता नै पार्टीभित्रको जनवाद हो; यस्तो सहभागितालाई पार्टीका सबै अंगहरूमा सुनिश्चित गर्नुपर्दछ । एकचोटि निर्णयमा पुगेपछि पार्टी केन्द्रको निर्णयलाई तल्ला सबै कमिटीहरूले कार्यान्वयन गर्नुपर्छ । यो नै पार्टीको केन्द्रियता हो ।

◆ समाजवादी राज्यमा, पार्टी जीवनमा जनवाद भनेको सत्तारूढ पार्टीको नीति निर्णय गर्ने प्रक्रियामा जनताको सहभागिता हो । यो सहभागिता जति राम्ररी निश्चित भयो उति जनताले समाजवादी राज्य व्यवस्थामा जनवादको अभ्यास गर्न पाउँछन् ।

◆ समाजवादी राज्यमा राज्यबाहिर अन्य पार्टीहरू पनि हुनसक्छन् र तिनले संघर्ष गरिरहेका हुनसक्छन् । ती पार्टीहरूले गरेका संघर्षको प्रकृतिले पनि कम्युनिष्ट पार्टीको जीवनमा जनवाद अभ्यास गर्न योगदान गरिरहेको हुन्छ । समाजवादी राज्यभन्दा बाहिर खुलेआम काम गरिरहेका पार्टीहरूले नेतृत्वको चुनावमा जसरी सहभागी हुन्छन्, आफ्ना गैर-आधिकारिक बिचारहरू जसरी प्रवाहित गर्छन् त्यसले पनि समाजवादी राज्यमा जनवादलाई मजबूत पारिरहेको हुन्छ ।

कार्यशाला गोष्ठीमा के पनि सवाल बहसको दौरानमा उठ्यो र टुंगो लाग्यो भने -

◆ मार्क्सवाद बिज्ञानसम्मत सिद्धान्त हो । त्यसैले, यसलाई अन्धाधुन्धढंगले बस्तुगत परिस्थिति नै याद नगरीकन लागू गर्न खोज्नु बेठीक हुन्छ । मार्क्सवादी सिद्धान्तलाई देश विशेषको बस्तुगत परिस्थितिमा आधारित भएर सृजनात्मक ढंगले लागू गर्नु आवश्यक छ ।

◆ समाजवादको लागि संघर्षको रूप कस्तो हुन्छ भन्ने कुरा देश-विशेषको बस्तुगत परिस्थितिमा भरपर्छ । संघर्षको कस्तो रूप अपनाउने भन्ने कुरा त्यो देशका संघर्षरत पार्टीहरूले निधो गर्ने कुरो हो । यो तिनीहरूको आन्तरिक मामिला हो ।

◆ अलग-अलग मुलुकमा समाजवाद हासिल गर्ने र निर्माण गर्ने कार्यनीति अलग-अलग हुनसक्छ, परन्तु संसारभरिका समाजवादीहरूको लक्ष्य भने एउटै हुन्छ र हुनुपर्छ । त्यो हो, साम्यवाद हासिल गर्नु, शोषणरहित, वर्गरहित र असमतारहित समाज सृजना गर्नु ।

## *दोस्रो कार्यशाला गोष्ठी*

समूह २ मा ११ जना प्रतिनिधिहरू सामेल थिए । यसमा अष्ट्रेलिया, बंगलादेश, डेनमार्क, भारत, इटाली, मलेशिया, श्रीलंका र नेपालका प्रतिनिधिहरू सामेल थिए ।

समूह २ को कार्यशाला गोष्ठीको छलफलको विषय थियो - "समाजवादका लागि जनसत्ताको सुदृढीकरण र परिचालन ।" यो कार्यशाला गोष्ठीको संयोजन गर्नको लागि सभापति हुनुभएको थियो- कमरेड बेट्टी कार्लसन् । उहाँ डेनमार्कको कम्युनिष्ट पार्टीको अध्यक्ष हुनुहुन्थ्यो ।

कार्यशाला गोष्ठीको बहस-छलफलको टिपोटकर्ता हुनुहुन्थ्यो - उमेश उपाध्याय र मुकुन्द कट्टेल ।

कार्यशाला गोष्ठीका सहभागीहरूको कुन सवालमा समान सहमति रह्यो भने समाजवादी आन्दोलनको मुख्य ध्येय वर्तमान समाजको ढाँचा बदल्नु र त्यसको ठाउँमा न्याय र समतापूर्ण समाज स्थापना गर्नु हो । यो कार्य तबमात्र गर्न सकन्छ, जब श्रमिकवर्गले आफ्नो अगुवाइमा एउटा क्रान्तिकारी कार्यक्रममार्फत् तमाम उत्पीडित जन-समुदायहरू, किसानहरू, बुद्धिजीवीहरू र मध्यमवर्गलाई परिचालित गर्छ ।

गोष्ठीको निष्कर्ष के रह्यो भने- विशेषतः एशियामा जनसमुदाय परिचालनको लागि मुख्य बाधा धार्मिक र सांप्रदायिक कट्टरतावाद भइरहेछ । साथै, समाजको आमूल परिवर्तनको लागि श्रमिकवर्ग स्वयम् कम क्रियाशील हुनु अर्को मुख्य बाधाका रूपमा देखापरेको छ ।

कार्यशालाले के निचोड निकालेको छ भने सन् १९८० को दशकको अन्त्यतिर केही मुलुकमा समाजवादी व्यवस्थाले खाएको धक्कापछि संसारभरिका पूँजीवादीहरूले जतिसुकै हल्ला फिंजाए पनि संसारभरिका अरबौं मान्छेको जीवनमा वास्तविक प्रगति र परिवर्तन ल्याउन सक्ने बैज्ञानिक बाटोको रूपमा अझै समाजवाद नै कायम छ । यो त्यस्तो विज्ञान हो जो अहिले पनि उत्तिकै सान्दर्भिक छ । यो त्यस्तो दार्शनिक दिशा-निर्देश हो जसले करोडौं करोडको जीवनमा वास्तविक हेरफेर ल्याउनसक्छ । बरू, मार्क्सवादलाई बदलिंदो समयअनुरूप विकसित गर्दै, परिस्कृत गर्दै लानु जरूरी भएको छ र यसलाई सृजनात्मक ढंगले व्यवहारमा प्रयोग गर्नु जरूरी भएको छ । मार्क्सवादलाई जनताको मन र सोच परिवर्तन गर्ने साधनका रूपमा उपयोग गर्नु जरूरी छ ताकि उनीहरू बैज्ञानिक ढंगले आफ्ना क्रियाकलाप संचालन गरून् र उनीहरूको जनसत्ता सुनिश्चित होस् ।

गोष्ठीले के सारांश-पनि निकालेको देखिन्छ भने आजको पूँजीवादी विश्वव्यापीकरणको युगमा गरी खाने वर्गका तमाम जनताको क्रियाकलापमा अन्तरराष्ट्रिय ऐक्यबद्धता पैदा गर्नमा र राष्ट्रिय प्रतिरोध आन्दोलन सृजना गर्नमा उच्च प्राथमिकता दिनु जरूरी छ ।

कार्यशाला गोष्ठीले निकालेको एउटा अत्यन्त महत्वपूर्ण निचोड के देखिएको छ भने यसअघि समाजवादलाई क्रान्तिपछि मात्र शुरू गर्ने प्रस्थान बिन्दुका रूपमा बुझ्ने अवधारणा विश्वभरि रह्यो र यही धारणाअनुरूप समाजवादको अभ्यास पनि भयो । परन्तु यो अवधारणा सारमै गलत छ र यसलाई सच्याउनु जरूरी छ । समाजवाद भनेको क्रान्तिपछि मात्र अभ्यास गर्न शुरू गरिने प्रस्थान बिन्दु होइन; यो समाजको विकासको लागि यहीं र अहिल्यै अभ्यास गर्नुपर्ने र गर्न सकिने जीवनशैली हो । यो समाज विकासको अपरिहार्य चरण हो । अर्थात् कुनै पनि पूँजीवादी समाजले सामाजिक न्याय र पूँजीको शोषण र सामाजिक विभेदबाट मुक्ति प्राप्त गर्ने हो भने समाजवादी बाटो भएर नगुज्रिकन धरै छैन । मानव सभ्यताको अनन्त यात्रामा समाजवादलाई एउटा चरणको अपरिहार्य प्रक्रिया भनेर बुझ्नुपर्दछ र त्यही रूपमा लागु गर्नुपर्दछ ।

संसारभरिका समाजवादको वकालत गर्नेहरूको अहिलेको दायित्व के भन्ने सम्बन्धमा पनि २ नम्बर गोष्ठीले केही निचोड निकालेको देखिन्छ । यसको भनाइ छ : सामन्तवाद, पूँजीवाद र साम्राज्यवादको विरूद्ध आन्दोलनको अगुवाइ गर्नु, आम जनताको गरीबीकरणविरूद्ध आन्दोलन उठाउनु नै समाजवादको वकालत गर्नेहरूको दायित्व हो । यो आन्दोलनले मात्र वर्गसत्तामा आधारभूत परिवर्तन ल्याउनेछ । श्रमिकवर्ग नै यो आन्दोलनको अगुवा

*अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनका सहभागीहरू*



हुनुपर्छ, साथै कृषि सर्वहाराहरू पनि ।

संघर्षको रूप सम्बन्धमा पनि गोष्ठीमा विचार-विमर्श भयो । कार्यशालाको विचार-विमर्शको निष्कर्ष के रह्यो भने- संघर्षको कुनै एउटा रूपमात्र उचित, बाँकी सबै अनुचित भन्ने धारणा यान्त्रिक छ र गलत छ । प्रत्येक मुलुकका समाजवादीहरूले आफ्नो वास्तविकता, विशेष स्थिति र संभावना मुताविक आवश्यक र प्रभावकारी संघर्षको रूपको छनौट गर्नुपर्दछ । संघर्षको कुनै एउटा रूपमात्र, जस्तो कि सशस्त्र संघर्ष, जन-आन्दोलन वा संसदीय संघर्षलाई अन्धतापूर्वक र यान्त्रिक रूपले अभ्यास गर्न खोज्नु बेठीक हुन्छ । चाहे हामी संघर्षको एउटा रूप मात्र अख्तियार गरौं वा संघर्षका सबै संभावित रूपहरूलाई मिलाएर प्रयोग गरौं- हाम्रो संघर्षको लक्ष्यबिन्दु एउटै हुनुपर्छ - पूँजीवादी र साम्राज्यवादीहरूको शोषणकारी शक्ति अन्त्य हुँदै जानुपर्छ, तिनीहरूलाई भरथेग गर्ने विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनको शक्ति सीमित हुँदै जानुपर्छ । जनताको शक्ति र राष्ट्रको प्रभुसत्ता सीमित पार्ने उनीहरूको प्रयत्न शिथिल हुँदै जानुपर्छ । जनताको शक्ति र क्रान्ति बलवान र विजयी हुँदै जानुपर्छ । कुनै पनि संघर्षको रूपले समाजको शोषणकारी वर्ग ढाँचा बदल्ने कार्य गरेको हुनुपर्छ र संघर्षको कुनै पनि रूपले बदलिँदै गरेको वर्ग ढाँचामाथि र वर्ग-सवालहरूमाथि दृष्टि केन्द्रित गरेको हुनुपर्छ ।

कार्यशाला गोष्ठीले के सोच अघिसारेको छ भने अर्द्ध सामन्ती र बिकसित पूँजीवादी- दुवै समाजमा सामाजिक ढाँचा पहिलेभन्दा निकै तीव्र गतिले बदलिँदैछ । समाजवादले यो बदलाहटलाई हमेशा ध्यानमा राख्नुपर्दछ । श्रमिकवर्ग र उसका मित्रहरूको वास्तविक स्वार्थहरूको कोणबाट सामाजिक ढाँचामा आएको बदलाहट्लाई संबोधन गर्नुपर्दछ ।

गोष्ठीले के निष्कर्ष पनि निकालेको छ भने विकासोन्मुख मुलुकहरूमा ग्रामीण कृषि श्रमिकहरू परिवर्तनको मुख्य शक्ति हुनुपर्छ, अन्य समाजमा औद्योगिक र सेवा क्षेत्रका श्रमिकहरू मुख्य शक्ति ।

गोष्ठीको अर्को महत्वपूर्ण निष्कर्ष के रह्यो भने- पूँजीवादी विश्वव्यापीकरणको बृद्धि सँगसँगै उनीहरूको शोषण अत्यन्त घनीभूत भएको छ, शोषणको कार्यनीति बदलिएको छ । त्यसैले, हामीले पनि अन्तर्राष्ट्रवादको नयाँ रूप सृजना गर्नुपर्ने जरूरत भएको छ । यो अन्तर्राष्ट्रवाद पूँजीवादविरोधी शक्तिहरूका बीचमा उच्च स्तरको सहिष्णुता र एक अर्कामा आपसी सम्मानमा आधारित हुनुपर्छ । पूँजीवादीहरूले आफ्नो शोषणलाई विश्वव्यापीकरण गरेझैं हामीले पनि पूँजीवादविरोधी हाम्रो संघर्ष र प्रयत्नहरूलाई विश्वव्यापीकरण गर्नु जरूरी भएको छ । वास्तविक र प्रभावकारी अन्तर्राष्ट्रिय ऐक्यवद्धता विकास गर्ने हो भने हामीमा समाज र आन्दोलनलाई हेर्ने दृष्टिकोणमा र सोचमा बहुलतालाई स्वीकार्ने आचरण हुनु जरूरी छ ।

गोष्ठीले, विश्वका कम्युनिष्ट पार्टीहरूका बीचमा, समाजवादी र वामपन्थी पार्टीहरूका बीचमा, ट्रेड युनियन र जन-संगठनहरूका बीचमा, जस्तो कि किसान, महिलाहरूको र अन्य सामाजिक संगठनका बीचमा साझा कार्यवाहीका लागि क्षेत्रीय र विश्वव्यापी स्तरमा एकता हुनसक्ने उज्यालो सम्भावना छ भन्ने निष्कर्ष पनि निकालेको छ । यसको लागि विज्ञान र प्रविधिको क्षेत्रमा जुन तीव्र गतिले प्रगति भइरहेको छ, विशेषतः संचारको र सूचना प्रविधिको क्षेत्रमा, त्यसलाई प्रयोगमा ल्याउनु आज नितान्त जरूरी छ । जस्तो कि - इमेल, इन्टरनेट, फोन/फ्याक्स प्रविधि आदि ।




*सम्मेलनको 'अन्तिम प्लेनरी सेसन'को एक दृश्य*

गोष्ठीले अन्त्यमा अर्द्धसामन्ती र पूँजीवादी समाजमा विद्यमान अन्तरविरोधहरू समाजवादद्वारा मात्र हल हुन सक्ने निष्कर्ष पनि निकालेको छ ।

## *तेस्रो कार्यशाला गोष्ठी*

कार्यशाला गोष्ठी नम्बर ३ को विषयबस्तु थियो- "समाजवाद निर्माणका विकल्पहरू र संभावनाहरू ।"

भारतका एकजना वामपन्थी बौद्धिक प्रो. डि. प्रेमपतिको सभापतित्वमा भएको त्यस कार्यशाला गोष्ठीमा बंगलादेश, बर्मा, जर्मनी, ग्रीस, भारत, इटाली, नेपाल, पाकिस्तान फिलीपिन्स र श्रीलंकाका गरी जम्मा १७ जना प्रतिनिधिहरू सामेल थिए । म आफै पनि यही समूहमा सामेल थिएँ ।

यो गोष्ठीको बहस छलफलको टिपोटकर्ता हुनुहुन्थ्यो- सर्वराज खड्का र गोपालकृष्ण शिवाकोटी ।

कार्यशाला गोष्ठीमा छलफल निकै जीवन्त र ज्ञानवर्द्धक ढंगले चल्यो ।

यो कार्यशाला गोष्ठीको एउटा महत्वपूर्ण निचोड के रह्यो भने समाजवाद भनेको खालि राज्य व्यवस्थाका रूपमा बुझ्नु गलत हो । यो शोषणरहित, व्यक्तिगत सम्पत्ति र वर्गरहित र अन्यायरहित समाज व्यवस्था मात्र होइन, यो त्यस्तो समाज व्यवस्था सृजना गर्न जागृत, विवेकशील र समाजमुखी मान्छे पैदा गर्ने बैचारिक-सांस्कृतिक आन्दोलन पनि हो । विवेकशील र समाजमुखी मान्छे तयार पार्ने बैचारिक सांस्कृतिक क्रान्तिको प्रक्रिया झिकिदिने हो भने यो सत्ता प्राप्ति गर्ने राजनीतिक आन्दोलन सिवाय केही बाँकी रहँदैन । त्यो स्थितिमा शोषणरहित, व्यक्तिगत संपत्ति र वर्गरहित, अन्यायरहित समाज व्यवस्था सृजना नै हुन सक्दैन । समाजवादी सत्तामा नयाँ नोकरशाही वर्ग पैदाहुन्छ । सोभियत संघ र पूर्वी यूरोपलगायत केही मुलुकमा यस्तै भयो ।

त्यसैले समाजवाद केवल आर्थिक-राजनीतिक क्रान्तिद्वारा मात्र कदापि हासिल हुनसक्दैन, हासिल भए पनि दिगो रहिरहन सक्दैन । यसको लागि राजनीतिक-आर्थिक क्रान्तिका साथसाथै वैचारिक सांस्कृतिक क्रान्ति पनि यहीं र अहिलेदेखि नै प्रारम्भ गर्नुपर्छ ।

समाजवाद, त्यसैले समाजव्यवस्था र ध्येय मात्र होइन, यो यात्रा पनि हो, प्रक्रिया पनि हो, र आन्दोलन पनि हो ।

खालि आर्थिक राजनीतिक ढाँचा कब्जा गर्दैमा र बदल्दैमा समाजवादी सत्ता कायम भइहाल्दैन । मान्छेको व्यक्तिवादी पछौटे मानसिक ढाँचा पनि बदल्नु उत्तिकै जरूरी हुन्छ । विगतमा समाजवाद निर्माण गर्दा ज्यादा जोड राजनीतिक र आर्थिक ढाँचा बदल्नमा मात्र गयो, व्यक्ति र समाजको मानसिक ढाँचा बदल्नमा पर्याप्त ध्यानै गएन । यो गल्ती हामीले अब सच्याउनुपर्छ । अनवरत वैचारिक-सांस्कृतिक क्रान्ति नै मान्छेको र समाजको मानसिक ढाँचा बदल्ने प्रभावकारी साधन हो ।

समाजवादतर्फ अघि बढ्न संघर्षको हरेक रूपहरूलाई प्रयोगमा ल्याउनुपर्छ भन्ने गोष्ठीको निष्कर्ष रह्यो । कहाँ, कहिले, कुन रूप अपनाउने भन्ने कुरा राज्यसत्ताको प्रकृति, बस्तुगत परिस्थितिको आवश्यकता र न्यायपूर्ण संघर्षप्रति राज्यसत्ताको रूखमा भर पर्ने कुरा हो । बस्तुगत परिस्थितिको आवश्यकतामुताविक संघर्षका कानूनी र गैर-कानूनी, शान्तिपूर्ण वा प्रतिहिंसापूर्ण, संसदीय वा गैर-संसदीय - सबै रूपहरूलाई प्रयोग गर्न बैज्ञानिक समाजवादीहरू सिपालु र तैयार हुनुपर्छ । संघर्षका कुनै पनि रूप

**पूँजीवादीहरूले आफ्नो शोषणलाई विश्वव्यापीकरण गरेझैं हामीले पनि पूँजीवादविरोधी हाम्रो संघर्ष र प्रयत्नहरूलाई विश्वव्यापीकरण गर्नु जरूरी भएको छ**

प्रयोग गर्दा याद राखिनुपर्छ कि सकेसम्म कम समय र सामाजिक नोक्सानीमा क्रान्तिकारी लक्ष्य हासिल होस् ।

गोष्ठीको एउटा महत्वपूर्ण निचोड के रह्यो भने, पूँजीवादी-साम्राज्यवादीहरू आफ्ना सारा मतभेद र स्वार्थको लडाईँका बावजुद श्रमिकवर्गको संघर्ष र कम्युनिष्ट स्वाहा पार्ने साझा स्वार्थका लागि विश्वव्यापी रूपमा ऐक्यवद्ध हुनसक्छन् भने - कम्युनिष्टहरूचाहिं त्यही तरीका अपनाउन किन सक्दैनन् ? कट्टरतावाद र शुद्धतावादले कम्युनिष्टहरूको ऐक्यवद्धतामा ठूलो भाँजो हालिरहेछ । त्यसैले, यी प्रवृत्तिलाई कम्युनिष्टहरूले बिदा गर्नुपर्छ । विचारको बहुलतालाई स्वीकार्दै सारा मतभेदहरूका बावजूद सबै देशका श्रमिकहरू र कम्युनिष्टहरू पूँजीवादी साम्राज्यवादीहरूविरूद्ध साझा सवालमा एकताबद्ध हुनुपर्छ । केही समयअघि सियाटल, मेलबर्न र प्रागमा मिलेर संघर्ष गर्दा संघर्ष प्रभावकारी भएको छ ।

पूँजीवादीहरू साम्राज्यवादीहरू अत्यधिक नाफा र विश्वको लूटका लागि विश्वव्यापीकरणको कुरा उठाइरहेछन् । हामीले पनि सत्य र न्यायको जितको लागि हाम्रो सम्पर्क, सम्बन्ध र संघर्षलाई किन विश्वव्यापीकरण नगर्ने ? - गोष्ठीको अर्को महत्वपूर्ण छलफलको विषय यो रह्यो । छलफलको निष्कर्ष के रह्यो भने -

◆ क्षेत्रीय, उपक्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा ऐक्यवद्धता हासिल गर्नका लागि त्यही स्तरको एलायन्स निर्माण गर्न पहल थालिनु पर्दछ । सेमीनार र कार्यशाला गोष्ठीहरूको आयोजना त्यस्तो पहलका रूपहरू हुनसक्छन् ।

◆ एउटाको संघर्ष र आपद विपद्‌मा अर्कोको समर्थन र सहयोग जुटाउन एउटा साझा इन्टरनेट वेवसाइटको व्यवस्था गरिनुपर्छ । ग्रीसको कम्युनिष्ट पार्टीले विकास गरेको वेवसाइट www.solidnet.com वा अमेरिकी कम्युनिष्ट पार्टीले विकास गरेको www.rednet.com त्यस्तो साझा वेवसाइट हुन सम्भव छ ।

◆ मजदूर संगठन, किसान संगठन र अन्य जनवर्गीय संगठनहरूको स्तरमा पनि जीवन्त सम्बन्ध र क्षेत्रीय र अन्तर्राष्ट्रिय एलायन्स विकास गर्न आवश्यक छ ।



*सहभागीहरू : सम्मेलनको समापनपछि*

कार्यशाला गोष्ठीमा समाजवाद निर्माणका लागि जनवादी केन्द्रियतासम्बन्धी वर्तमान समझदारीमा हेरफेर ल्याउन जरूरी भएको कुरो पनि उठ्यो । जनवादी केन्द्रियता भन्ने तर नोकरशाही केन्द्रियता अभ्यास गर्ने प्रचलन विश्वव्यापी रूपमा हावी भएको सवाल गोष्ठीमा छलफलको एउटा महत्वपूर्ण मुद्दा बन्यो । बेरोकटोक आलोचना गर्ने स्वतन्त्रताको अभाव, भिन्न मत लेनिनको पालामाझैं खुला बहसको रूपमा तलसम्म पनि र बाहिरसम्म पनि लैजाने प्रणालीको अभाव, नीति निर्णयमा निर्णय पालना गर्नुपर्नेहरूको आलोचनात्मक सहभागिताको अभाव नै नोकरशाही केन्द्रियता पैदा हुनुको मूल कारण हो भन्ने धारणा गोष्ठीमा उठ्यो । गोष्ठीको निचोड के रह्यो भने - समाजवादी राज्य जहाँ जहाँ ढल्यो त्यहाँ त्यो ढल्नुको एउटा मुख्य कारण सर्वहारा जनवादको अभाव हो । अर्थात्, नीति निर्णयमा आम श्रमिक जनसमुदायको आलोचनात्मक सहभागिताको अभाव हो । पार्टीभित्र र बाहिर विचारद्वन्द गर्ने र आलोचनात्मक मत राख्ने प्रणालीको अभाव हो । यही कारणले सत्तारूढ पार्टी श्रमिकवर्गबाट र जनसमुदायबाट अलगियो, पार्टीमा र राज्यमा नयाँ नोकरशाहीवर्ग पैदा भयो र फलस्वरूप समाजवाद ढल्दा त्यसको रक्षार्थ त्यहाँ न त श्रमिक वर्ग आयो, न आम उत्पीडित जनसमुदाय । यसबाट हामीले पाठ सिक्नु जरूरी छ । जनवादी केन्द्रियतालाई पुनर्परिभाषित गर्नु जरूरी छ । समाजवाद सर्वहारा जनवादको जगमा खड़ा हुन जरूरी छ । समाजवादमा श्रमिकवर्ग र जनता सर्वशक्तिसम्पन्न हुन जरूरी छ । थोरै मान्छेमा अत्याधिक शक्तिको केन्द्रिकरणले जहाँ पनि निरंकुश नोकरशाही सत्ता पैदा गर्छ ।

अन्त्यमा, विश्वव्यापीकरण र विश्व साम्राज्यवादको उत्पीडिनका विरूद्ध, विश्व बैंक, मुद्रा कोष र विश्व व्यापार संगठनको साम्राज्यवादी जालोका विरूद्ध विश्वभरिका समाजवादीहरू एकतावद्ध हुनुपर्ने, नाफाको लागि राष्ट्रातीत निगमहरू (TNCS) क्रियाशील भएजस्तै न्यायको लागि सबै मुलुकहरूले राष्ट्रातीत सम्पर्क, सम्बन्ध, संयोजनकारी ऐक्यवद्धता विकास गर्नुपर्ने निचोड निकाल्दै गोष्ठीको अन्त्य भयो ।


तीनवटै गोष्ठीको अन्त्यपछि क. झलनाथ खनालको सभापतित्वमा अन्तिम प्लेनरी सेसन भयो । त्यस सेसनमा गोष्ठीका संयोजकद्वारा गोष्ठीका निचोडहरू सुनाइए । परन्तु माथि भनिसकिएझैं गोष्ठीका निचोडहरू निकाल्नमा केही गम्भीर कमी कमजोरी रहनुको कारणले ठूलै विवाद सृजना भयो । सम्मेलनको अन्त्यमा - "काठमाण्डू घोषणापत्र" प्रकाशित गर्ने कार्यक्रम थियो । त्यसमा पनि एकमत हुनसकेन । बेसाझा कुरा आएको भन्ने कारण देखाएर विशेषतः जर्मनीको MLPD पार्टीबाट, चीन र उत्तर कोरियाको पार्टीबाट त्यसको विरोध भयो । विरोधको फलस्वरूप आयोजकहरूको तर्फबाट विज्ञप्ति मात्र प्रकाशित भयो, 'काठमाण्डू घोषणापत्र' जारी हुन सकेन ।

बर्मामा कम्युनिष्ट आन्दोलनमाथि चर्को दमन भएकाले बर्माको कम्युनिष्ट पार्टीका प्रतिनिधि केन्द्रिय संगठन समितिका सदस्य ने म्यो हलायङ्गलाई त्यसबारे प्रकाश पार्न र सहयोगको आह्वान गर्न आयोजकले अनुरोध गरे मुताविक उहाँले बोल्नु भयो ।

अन्ततः ८ नोवेम्बरको दिन अपरान्ह "We shall overcome" गीत गाएर समाजवादसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको अन्त्य भयो । ❑

*(समाप्त)*

*सम्मेलनको समापनपछि आयोजित पत्रकार सम्मलेनलाई सम्बोधन गर्दै क. प्रदीप नेपाल*



# राजनीतिक पीडितको नाममा राज्यकोषको ब्रम्हलुट

- तुलसीदास महर्जन -

नेपाली कांग्रेसका पूर्व सभापति तथा पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई कांग्रेसी वृत्तभित्र मात्र होइन, समग्र प्रजातान्त्रिक आन्दोलनभित्र नै एक त्यागी तथा सन्त नेताका रूपमा लिइन्छ । उहाँले प्रजातन्त्रको लागि लड्दालड्दै नै आफ्नो घरजम गर्न समेत छुटाउनु भएको छ । उहाँको त्यागी भावना प्रजातन्त्रप्रेमी सबैका लागि प्रेरणादायी कुरा हो ।

तर दुईपटक देशका प्रधानमन्त्रीसमेत भईसक्नु भएका श्री भट्टराईले सरकारद्वारा आफ्नो अध्यक्षतामा गठित एक सदस्य 'राजनीतिक पीडित सहायता समिति' मार्फत् आफू हिजो राजनीतिबाट पीडित भएको भनी घर व्यवहार चलाउनको लागि राज्य कोषबाट राहतस्वरूप रू. ७५,०००/- लिनुभएको देखिएको छ । त्यस्तै राजनीतिबाट पीडित भएको नाममा वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि श्री भट्टराईमार्फत् राज्यकोषबाट रू. ७५०००/- लिनुभएको पाइएको छ । त्यस्तै गरी, कांग्रेसका नेताहरू स्व. महेन्द्रनारायण निधि, रामचन्द्र पौडेल लगायत अन्य थुप्रै साना ठूला नेताहरूले पनि ७५/७५ हजार राहत रकम हात पारेका छन् । अझ ५०/५० हजार राहत रकम प्राप्त गर्ने कांग्रेसी नेता तथा कार्यकर्ताहरू त सयौंको संख्यामा रहेका छन् ।

'राजनीतिक पीडित सहायता समिति' (रा.पी.स.स) बाट एकमुष्ठ राहत रकम प्राप्त गर्नेहरू कांग्रेसी नेताहरू मात्र होइनन्, नेकपा (एमाले) र नेकपा (माले)का अधिकांश नेताहरू पनि छन् । त्यस्तै गरी संयुक्त जनमोर्चा नेपाल, राप्रपा र नेपाल सद्भावना पार्टीका नेताहरूले पनि एकमुष्ठ राहत रकम प्राप्त गरेका छन् । स्व. क. मनमोहन अधिकारी, क. के.पी. ओली, क. मोदनाथ प्रश्रित, क. प्रदीप नेपाल र क. राधाकृष्ण मैनालीले ७५/७५ हजारको राहत रकम प्राप्त गर्नुभएको छ । त्यस्तै गरी क. झलनाथ खनाल, क. अमृत बोहरा, क. माधवकुमार नेपाल, क. ईश्वर पोखरेल, क. केशव बडाल, क. भरतमोहन अधिकारी, क. सी.पी. मैनाली, क. हिरण्यलाल श्रेष्ठ, क. लोककृष्ण भट्टराई, क. नारायण ढकाल, क. देवेन्द्रलाल श्रेष्ठ (काईला बा) लगायत थुप्रै वाम नेताहरूले राहत स्वरूप ५०/५० हजार रकम प्राप्त गरिसक्नुभएको छ । क. लीलामणि पोखरेलले राहत स्वरूप रू. ३०,०००/- रकम प्राप्त गर्नुभएको छ ।

**गत असार मसान्तसम्ममा जम्मा ३२६८ जनालाई कूल १५ करोड २१ लाख १६ हजार ३ सय ९९ रूपियाँ ८४ पैसा रकम बाँडीसकिएको छ**

**मूल्यांकन**सितको कुराकानीमा रा.पी.स.स.को कार्यालयले दिएको जानकारी-अनुसार, गएको असार मसान्तसम्ममा जम्मा ३२६८ जनालाई कूल १५ करोड २१ लाख १६ हजार ३ सय ९९ रूपियाँ ८४ पैसा रकम बाँडीसकिएको छ । त्यस समितिबाट रकम बाँड्ने काम हालसम्म पनि जारी नै छ ।

## *राजनीतिक पीडित सहायता समिति कसरी बन्यो ?*

बहुदल आएपछिका पहिलो निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा गठित मन्त्री परिषद्ले २०४८ सालको असोजमा भूतपूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा सहायता वितरणको कुनै मापदण्ड नतोकीकन एक सदस्यीय 'राजनीतिक पीडित सहायता समिति' (रापीसस) गठन गर्‍यो । मापदण्डबिनाको एक सदस्यीय समिति भन्नुको अर्थ सिङ्गो समितिमा केवल एक व्यक्तिमात्र रहने र उसले जे चाह्यो, त्यही गर्ने भन्नु हो । तसर्थ, तत्कालीन मन्त्री परिषद्ले राजनीतिक पीडितहरूलाई सहायता रकम बाँड्ने नाममा शुरूमै मनपरीतन्त्रको लागि राजमार्ग खोलेको स्पष्टै देखिन्छ ।



*राजनीतिक पीडित सहायता समितिका अध्यक्ष कृष्णप्रसाद भट्टराई*

भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले तत्कालीन सरकारबाट जिम्मा पाएअनुसार, एक वर्षभित्रमा जनताको करबाट जम्मा भएको राज्यकोषबाट रू. १ करोड ५० लाख रूपियाँको थैली कुनै चित्तबुझ्दो प्रावधान र तर्कसम्मत आधारबिना नै आफ्नो व्यक्तिगत तजबीजमा जथाभावी बाँडेर सिध्याउनुभयो । डेढ-डेढ करोड रूपियाँको उल्लेखनीय थैली हचुवामा नै भट्टराईको व्यक्तिगत मनोमानीमा सिद्धिसकेपछि बल्ल २०४९ सालको भाद्रमा तत्कालीन मन्त्री परिषद्ले रापीससको कार्यक्षेत्र निश्चित गर्‍यो । र, त्यसको लगत्तै मन्त्रीपरिषद्ले सो समितिमा अरू दुईजना सदस्यहरू थपेर तीन जनाको बनायो । ती थपिने सदस्यहरूमा ने.कां.का ओमकारप्रसाद श्रेष्ठ र तत्कालीन नेकपा (एमाले) का पोलिट्ब्यूरो सदस्य क. राधाकृष्ण मैनाली हुनुहुन्थ्यो । त्यसपछि मन्त्री परिषद्ले दिएको अधिकार प्रयोग गरी श्री भट्टराईले ओमकारप्रसाद श्रेष्ठलाई समितिको सदस्य-सचिवमा मनोनीत गर्नुभयो ।

२०४९ सालमा समितिको कार्यावधि तीन वर्ष तोकिएको थियो । तर कार्य सम्पन्न हुन नसकिएको भनी २०५१ मा सो समितिको म्याद अर्को एक वर्षको लागि थपियो ।

यसैबीच, २०५१ सालको मध्यावधि निर्वाचनबाट नेकपा (एमाले)

**राजनीतिक पीडित सहायता समिति कसरी बन्यो ?**

**राजनीतिक पीडित कस्तालाई भन्ने ?**

**व्यक्तिगत तथा दलगत राजनीतिक स्वार्थ**

**एकै व्यक्तिलाई तीन ठाउँबाट सहायता**

**समितिका पूर्व सदस्यहरू तथा कानूनविद्हरूको प्रतिक्रिया**

**सहायता लिनेमा वामपन्थीहरू पनि !**

- पंच नेताहरू पनि पीडितमा !
- राहत नलिने राजनीतिज्ञहरू
- ब्रम्हलूटलाई रोक्ने प्रयास

को सरकार गठनसँगै रापीससको पनि पुनर्गठन भयो । पुनर्गठित समितिमा नरबहादुर खाँड र मिठाराम शर्मा बजगाईं क्रमशः अध्यक्ष र सदस्य सचिव हुनुभयो भने सुशील प्याकुरेल र डा. राजेश गौतम सदस्यमा रहनुभयो ।

नेकपा (एमाले) को सरकार नौ महिनामै ढल्यो र त्यसपछि आएको कांग्रेस - राप्रपाको सरकारले त्यस रापीससलाई दोस्रोपटक पुनर्गठन गरी पुनः भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा नै एक सदस्यीय समिति गठन गऱ्यो । उक्त एक सदस्यीय समितिको म्याद २०५७ साल वैशाख २० गते नै सकिसकेको छ । तर अहिलेसम्म पनि उक्त एक सदस्यीय समितिका एकमात्र सर्वेसर्वा अध्यक्ष भू.पू.प्र.म. कृष्णप्रसाद भट्टराईले समितिको नामबाट आफ्नो व्यक्तिगत स्वार्थ अनुकूल जथाभावी मान्छेलाई मनोमानीपूर्वक राज्यकोषको रकम बाँड्ने काम जारी नै राख्नुभएको छ ।

### राहत सहायताको किसिम

रापीससले 'राजनीतिक पीडित'हरूलाई प्रदान गर्ने सहायतालाई प्रारम्भिक सहायता र एकमुष्ठ सहायता गरी दुई तहको सहायता निर्धारण गरेको भेटिएको छ । त्यसअनुसार प्रारम्भिक सहायता-अन्तर्गत प्रजातन्त्र प्राप्तिका लागि लड्दालड्दै हिजो कमसेकम तीन वर्ष कैद वा सात वर्ष प्रवास वा भूमिगत बसेका राजनीतिक पीडितहरूलाई शुरूमा रू. ३०००/- सहायता रकम प्रदान गरिने व्यवस्था गरिएको थियो । त्यस्तै गरी, जन्मकैदको सजायँ पाएर जेल बसेकाहरू, राजनीतिक कारणले जन्मकैद नभए पनि लगातार १० वर्ष जेल बसेकाहरू र शहीदको नजिकका नातेदारहरूलाई प्रारम्भिक सहायताअन्तर्गत ५/५ हजार सहायता रकम प्रदान गरिने प्रबन्ध गरिएको थियो ।

समितिको कार्यालयले **मूल्यांकन**लाई जानकारी दिएअनुसार, प्रारम्भिक सहायताअन्तर्गत आ.व. २०५१/५२ सालसम्ममा जम्मा २२४४ जनालाई कूल ७४ लाख १७ हजार ५ सय रूपियाँ बाँडीसकिएको छ । र, त्यसपछि सो सहायता दिन बन्द गरिएको छ ।

समितिले तोकेको पछिल्लो मापदण्डअनुसार प्रारम्भिक सहायताको अतिरिक्त शहीदका परिवारले जनही रू. १ लाख, राजनीतिक कारणबाट लगातार सात वर्षभन्दा बढी जेल बसेकाले रू. ७५ हजार, लगातार ५ वर्षभन्दा बढी ७ वर्षभन्दा कम जेल बसेकाले रू. ५० हजार, लगातार ३ वर्षभन्दा बढी ५ वर्षभन्दा कम जेल बसेकाले रू. ३० हजार, पटक पटक ७ वर्षभन्दा बढी जेल बसेकाले रू. ५० हजार, पटक पटक ५ वर्षभन्दा बढी ७ वर्षभन्दा कम जेल बसेकाले रू. ३० हजार, पटक पटक ३ वर्षभन्दा बढी ५ वर्षभन्दा कम जेल बसेकाले रू. २० हजार र कम्तिमा ७ वर्ष वा सोभन्दा बढी राजनीतिक कारणबाट प्रवासमा बसेका वा भूमिगत रहेकाहरूलाई रू. ५० हजार रकम एकमुष्ठ सहायता दिने गरिएको छ ।

रापीसको कार्यालयले हामीलाई दिएको जानकारी अनुसार, गएको असार मसान्तसम्ममा जम्मा ३२६८ जनालाई कूल १५ करोडभन्दा बढी रकम एकमुष्ठ सहायता अन्तर्गत बाँडीसकिएको छ । र, यो क्रम अझै जारी छ, जुन माथि पनि उल्लेख भइसकेको छ ।

### राजनीतिक पीडित कस्तालाई भन्ने ?

नेपाली बृहत् शब्दकोषमा पीडितको अर्थ दुःख पाएको वा दुःख दिइएको भन्ने उल्लेख छ । त्यसैले, राजनीतिक पीडितको अर्थ राजनीति गरेर दुःख पाएको वा राजनीतिक संघर्षमा लाग्दा प्रतिक्रियावादीहरूद्वारा दुःख दिइएको व्यक्ति हो ।

राजनीतिमा लाग्दा दुःख पाएको वा दुःख दिइएको भन्ने कुराको अर्थ के हो ? यस प्रश्नको जवाफ खोज्न २००७ सालमा निरंकुश जहानियाँ राणाशाहीको अन्त्यपछि २०१३ सालमा गठित देशको पहिलो राजनीतिक पीडित सहायता समितिले गरेको राजनीतिक पीडितहरूको मोटामोटी वर्गीकरणलाई उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

उक्त वर्गीकरणमा कुनै व्यक्ति राजनीतिक पीडित ठहरिनका लागि निम्न कुराहरूलाई आवश्यक आधार मानियो ।

क) राणा शासनको विरूद्ध संघर्ष गर्दा शहीद भएका व्यक्तिहरूका अर्थहीन परिवार ।

ख) राणा शासनको विरूद्ध संघर्ष गर्दा अंगभंग भएका अर्थहीन व्यक्ति ।



ग) राणा शासनको विरूद्ध संघर्ष गर्दागर्दै मर्नेहरूका अर्थहीन परिवार ।


घ) राणा शासनको विरूद्ध संघर्ष गर्दागर्दै रोग लागी अशक्त भएका अर्थहीन कुनै व्यक्ति ।

ङ) राणा शासनको विरूद्ध संघर्ष गर्दागर्दै जागीर, पढाइ, व्यवसायको परित्याग गरी आजसम्म राजनीतिक दलमा काम गरिरहेका कुनै अर्थहीन कार्यकर्ताहरू समेत ।

यसरी, २०१३ सालमा गठन भएको पहिलो राजनीतिक पीडित सहायता समिति (रापीसस)ले राजनीतिमा लाग्दा वा राणाशाही विरूद्धको संघर्षमा लाग्दा शहीद भएकाको स्रोत-साधनविहीन परिवार, अंगभंग भएका व्यक्ति, रोग लागी अशक्त स्रोतहीन भएका व्यक्ति र जागीर, पढाइ र व्यवसाय त्याग गरी अर्थहीन भएका व्यक्तिलाई नै राजनीतिक पीडित अर्थात् राजनीतिबाट दुःख पाएको परिवार वा व्यक्तिको रूपमा मान्यता दिएको देखिएको छ ।


तर २०४८ सालमा भू.पू. प्र.म. कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा बनेको राजनीतिक पीडित सहायता समितिले 'पंचायती शासनकालमा सशस्त्र वा निशस्त्र राजनीतिक विरोध जनाएको कारण राजनीतिक दमन वा प्रतिशोधको शिकार भएका' व्यक्तिहरूलाई राजनीतिक पीडितको



*राजनीतिक पीडित सहायता लिने केही प्रमुख कांग्रेसी नेताहरूः गिरिजाप्रसाद कोइराला, रामचन्द्र पौडेल, महेन्द्रनारायण निधि र चिरंजीवी वाग्ले*

# वामपन्थी नेताहरूले पनि गलत ढंगले सहायता लिए !






राजनीतिक पीडित सहायता लिने केही प्रमुख वाम नेताहरू क. माधवकुमार नेपाल, क. मनमोहन अधिकारी, क. के.पी. ओली र क. मोदनाथ प्रश्रित

रूपमा परिभाषित गऱ्यो । यहाँ 'अर्थहीन'को कुरा आएन । अर्थात् राजनीतिक दमन वा प्रतिशोधको शिकार भएको भनी मानिएमा केवल विपन्न व्यक्तिमात्र होइन, जस्तोसुकै धनाढ्य, स्रोत साधन संपन्न व्यक्ति पनि राजनीतिक पीडित ठहरिने भयो । चाहे यो ब्यक्ति राजनीतिमा लागेर अर्थहीन भई मगन्ते अवस्थामा पुगेको होस् या दमन र प्रतिशोधको शिकार भएको लखपति वा करोडपति ब्यक्ति होस्, दुवैखाले ब्यक्तिहरू एकै कोटिका राजनीतिक पीडित ब्यक्तिको रूपमा गनिने भए । मुख्य दोष हालको रापीससको यही परिभाषामा देखिन्छ ।

प्रजातन्त्रको लागि हिजो लड्दा स्रोत साधनविहीन भई आज निकै दुःख पाइराखेका र जिउनै मुश्किल भएका अर्थहीन ब्यक्ति वा परिवारलाई जन-आन्दोलनपछिको सरकारले सामाजिक तथा राजनीतिक रूपले सम्मान गर्नुका साथै आर्थिक रूपले सहायता दिनु उचित छ, त्यति मात्र होइन, त्यो त उसको दायित्व-कर्तव्यभित्र नै पर्न आउने कुरो हो । तर जो व्यक्ति वा परिवार आर्थिक रूपले अहिले पनि सम्पन्न छ, त्यसलाई पनि हिजो जेलमा वा दमनमा परेको वा प्रतिशोधको शिकार भएको भन्ने नाममा राज्यकोषबाट हज्जारौंको रकम प्रदान गर्नु राजनीतिलाई पनि ब्यापार वा उद्योग-व्यवसायझैं ठानेर लगानीको प्रतिफल खोज्नु बरोबर भएन र ? हिजो राजनीतिमा लागेर आर्थिक रूपमा जे क्षति भयो, अहिले जीविकाको साधनको अभाव नहुँदा पनि राज्यबाट पैसामा त्यसको क्षतिपूर्ति असुल्ने हो भने देश र जनताको लागि त्याग वा निस्वार्थ सेवाहरू गरेको भन्ने कुराको अर्थ नै के रह्यो र ? हिजोको त्यो त्याग वा सेवा त आज ब्याज र स्याजसहित लगानी असुल्ने नितान्त स्वार्थी दर्शन र नियतले प्रेरित ठहरिन जान्न र ?

हिजोको 'सेवा' वा 'त्याग' भन्ने कुरा यो स्थितिमा ठूलो ढोंग सावित भएन र ?



पुराना राजनीतिज्ञ रामहरि शर्मा

**२०१३ सालमा पुराना राजनीतिज्ञ रामहरि शर्माको अध्यक्षतामा गठित राजनीतिक पीडित सहायता समितिले 'राजनीति पीडित'को जुन परिभाषा दियो, त्यो अहिलेको भन्दा धेरै उन्नत र उचित देखिन्छ ।**

गहिरिएर हेर्दा २०१३ सालमा पुराना राजनीतिज्ञ रामहरि शर्माको अध्यक्षतामा गठित राजनीतिक पीडित सहायता समितिले 'राजनीति पीडित'को जुन परिभाषा दियो, त्यो अहिलेको भन्दा धेरै उन्नत र उचित देखिन्छ । त्यसले पीडित पीडित हुनुको मूल आधार राजनीतिमा समर्पित भएर 'अर्थहीन' हुनुलाई बनाएको देखिन्छ ।



तर २०४६ सालमा पंचायती निरंकुशतन्त्रको अन्त्यपछि भू.पू.प्र.म. कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा बनेको रापीससले भने राजनीतिक पीडित हुनुको आधार राजनीतिमा समर्पित भएर जीविका बिहीन वा 'अर्थहीन' हुनुलाई बनाएन । फलस्वरूप, पर्याप्त घर खेत भएका र लाखौं रूपियाँ बैंक ब्यालेन्स भएकाहरू पनि केही वर्ष जेल बसेको वा प्रवासमा बसेको वा भूमिगत बसेको नाममा पचासौं वा पचहत्तरौं हजार रूपियाँ राहत सहायताको रूपमा पाउन समर्थ भए । तर ०४६ सालको जन-आन्दोलनमा गोली लागी अपांग भएर जीविकाविहीन र वेसहाराको अवस्थामा पुगेका अर्थहीन व्यक्तिहरू भने समितिले मापदण्ड बनाए-अनुसारको जेल सजायँ नभोगेको नाममा राजनीतिक पीडितको गन्तीमा परेनन् । र, राज्यबाट उनीहरूले राहत पाउनै पर्ने राहत सहायता भने पाउन सकेनन् । यो कहाँसम्मको न्याय हो ? यो कस्तो विरोधाभाष हो ?

२०४६ साल चैत्र २४ गते राजदरबार अगाडि तीनधारा पाकशालानिर दायाँ खुट्टामा गोली लागी नराम्ररी घाइते हुनुभएका रूकुमका तारा खड्काले जीविकाको त कुरै छोडौं, अर्थाभावको कारणले गर्दा राम्ररी उपचारसमेत गर्न पाएनन् । अहिले उनी सेन्ट जेभिएर्स स्कूलमा फादर ग्याफ्नेले स्थापना गरेको 'समाज सेवा केन्द्र'को आश्रयस्थलमा रहँदै आएका छन् । हेरबिचार गर्ने उनका कोही पनि आफन्त छैनन् । उनी बडो दुःखपूर्ण र पीडाजनक जीवन बिताइरहेका छन् । अहिले उनको खुट्टा काटेर दायाँपट्टि नक्कली खुट्टा राखिएको छ ।

तर आश्चर्यको कुरो, 'राजनीतिक पीडित सहायता समितिको परिभाषामा तारा खड्का 'राजनीतिक पीडित' भएनन् । किनकि, समितिको मापदण्डअनुसार उनी न जेल परेका थिए, न त प्रवास वा भूमिगत बसेका थिए । कस्तो विरोधाभाष ? कस्तो न्याय ? कस्तो मानवीयता ? कस्तो परिभाषा ?

तारा खड्का भन्छन् - "सहायताको निम्ति म राजनीतिक पीडित सहायता समितिको कार्यालयमा धेरै पटक धाइसकें । ३/४ पटक त



राजनीतिक पीडित सहायता लिने केही प्रमुख वाम नेताहरूः क. सी. पी. मैनाली, क. लीलामणि पोखरेल, क. ईश्वर पोखरेल र क. भरतमोहन अधिकारी

*२०४६ साल चैत्र २० गते जन–आन्दोलनको सिलसिलामा कीर्तिपुरमा दुवै खुट्टामा गोली लागी घाइते हुने राइमान शाक्यलाई पनि रापीससले राजनीतिक पीडितको रूपमा हेरेको देखिएन*


राइमान शाक्य

निवेदन नै हालिसकें । तर मलाई कुनै वास्ता नै गरिएन ।"

"कार्यालयका कर्मचारीहरूले मलाई 'यो सहायता त जेल परेका, प्रवासमा रहेका वा भूमिगत बसेकाहरूलाई पो दिइन्छ । तिमी जस्तालाई कहाँ हो र ? जाऊ तिमी रत्नपार्कमा मागेर बस ।' भनी अपमान गरी पठाए ।" - तारा दुःख पोख्दै भन्छन् ।

**मूल्यांकन**लाई उनले बताएअनुसार, अहिलेसम्म उनले सहायताको नाममा एमालेको सरकारको पालामा काठमाण्डौ जिल्ला प्रशासन कार्यालयबाट जम्मा रू.३०००/- मात्र प्राप्त गरेका छन् । अहिले उनी आफ्नो शारीरिक अशक्तताको कारणले गर्दा कुनै गह्रौं काम गर्न नसक्ने अवस्थामा छन् तर सरकारले आर्थिक सहायता दिएमा कुनै हलुका खालको व्यवसाय गर्ने सोचाइमा आफू रहेको बताउँछन् । अहिले भर्खरै पनि यही पुषको पहिलो हप्तामा रापीससमा उनले पुनः निवेदन हालेका छन् । अब हेर्नुछ - उनले यस पटक पनि समितिबाट राहत पाउँछन् कि पाउँदैनन् ! उनी अब पनि समितिको नजरमा राजनीतिक पीडित ठहरिन्छन् कि ठहरिन्नन् !

### *व्यक्तिगत तथा दलगत राजनीतिक स्वार्थ*

तथ्यहरूले के बताउँछन् भने वास्तवमा समितिमार्फत् धेरै कम वास्तविक राजनीतिक पीडित अर्थहीन व्यक्तिहरूले मात्र राहत सहायता पाएका छन् । तर पार्टीको सिफारीशमा थुप्रै अवास्तविक राजनीतिक पीडितहरूले राहत सहायता पुरस्कारको रूपमा प्राप्त गरेका छन् ।

त्यस्तै गरी खोज्दै जाने हो भने २०४६ साल चैत्र २० गते जन–आन्दोलनको सिलसिलामा कीर्तिपुरमा दुवै खुट्टामा गोली लागी घाइते हुने राइमान शाक्यलाई पनि रापीससले राजनीतिक पीडितको रूपमा हेरेको देखिएन । र, उहाँलाई रापीससले अहिलेसम्म एक पैसा पनि राहत प्रदान गरेको छैन । उहाँलाई राजनीतिक पीडितहरूको सूचीमै राखिएको छैन ।

अहिलेसम्म तीन पटक अपरेशन गराइसकेका राइमान शाक्य अझै खुट्टा दुख्ने र खुट्टा झमझमाउने रोगबाट ग्रसित छन् । तर आर्थिक अभावको कारणले गर्दा उनले थप उपचार गराउन सकेका छैनन् ।

राइमान शाक्यले **मूल्यांकन**लाई बताएअनुसार, सरकारको तर्फबाट 'जन–आन्दोलन पीडित उच्चस्तरीय राहत समिति'को माध्यमबाट अहिलेसम्म उनले केवल ३५ हजार रकम प्राप्त गरेका छन् । तर पटक पटकको उपचारमा उनको करीब २ लाख रूपियाँ खर्च भइसकेको छ । यसमा खर्चको केही अंश करीब ६० हजार जति रकम कीर्तिपुरको शहीद स्मारक व्यवस्थापन समिति, कीर्तिपुर नगरपालिका र प्राध्यापक कृष्ण खनाल (करीब १२ हजार) ले सहयोग गरेको कुरा उनी बताउँछन् । उनका अनुसार बाँकी जम्मै रकम उनले साथीभाइसँग सापटी लिएर खर्च गरेका छन् ।

बि एण्ड बि अस्पतालमा डा. अशोक बास्कोटाबाट उपचार गराइराखेका राइमान शाक्य भन्छन् - "गृह मन्त्रालयमा सहयोगको लागि धेरैपटक धाएँ । तर त्यहाँबाट मलाई 'राजनीतिक पीडित सहायता समिति'भन्ने संस्था छ भनेर कहिल्यै जानकारी दिइएन । बरू मलाई त्यहाँका कर्मचारीहरूले 'गोली खानु खाइसक्यौ, अब फेरि पनि गोली खान मनलाग्यो ?' भनी गाली गरी पठाए ।" रापीससबारे थाहा पाएपछि अहिले केही दिन अगाडिमात्र उनले त्यस समितिमा सहयोगको लागि निवेदन हालेका छन् । तर रापीससले बनाएको मापदण्डमा उनीजस्ता राजनीतिक पीडितहरूले सहयोग पाउने व्यवस्था भएको देखिँदैन ।

प्रतिक्रिया दिने क्रममा राइमान शाक्य भन्छन् - "प्रजातन्त्रको लागि भनेर हिजो ज्यानै फालेर लागियो । तर अहिले हामीजस्ता राजनीतिक पीडितहरूलाई सरकारद्वारा गरिएको व्यवहार र राजनीतिक पीडितको नाममा पार्टीका नेता तथा कार्यकर्ताहरूले लाखौं करोडौं रूपियाँ कुम्ल्याएको देखेर मलाई त सरकार तथा राजनीतिक नेताहरू सबैप्रति नै घृणा लागेको छ ।"

२०४६ सालमा पक्राउमा परी पुलिस कष्टडीमा अत्यन्त चर्को यातना पाई अहिले शारीरिक अशक्तता र पीडा भोगिराख्नुभएका कीर्तिपुरका अर्का राजनीतिक पीडित दिलबहादुर महर्जनले पनि रापीससबाट केही पनि सहयोग पाएका छैनन् । यस सम्बन्धमा प्रतिक्रिया दिने क्रममा उहाँ भन्छन्, "हिजो प्रजातन्त्रको लागि भनेर आफ्नो ज्यानको परवाह नगरी आन्दोलनमा लाग्दा पंचायती पुलिसहरूद्वारा अंगभंग पारिएर, अहिले आर्थिक उपार्जन कार्यमा सक्रियतापूर्वक लाग्न नसकी खान–बस्ननै समस्या भएकाहरू राजनीतिक पीडितको मापदण्डमा नपर्ने कस्तो मापदण्ड होला ? तर पार्टीहरूले हिजो भूमिगत वा प्रवासमा बसेको भनी सिफारिस गर्नासाथ ५० हजार सहयोग पाउने मापदण्ड त साँच्चै नै राजनीतिक पीडितको नाममा पार्टीहरूले राज्यकोष दुरूपयोग गर्ने षडयन्त्र मात्र हो । यसले देश र जनताको लागि लड्ने इमान्दार मानिसहरूलाई निराश पारेको छ ।"

तारा खड्काजस्ता थुप्रै वास्तविक

# राजनीतिक पीडितको परिभाषा

२०१७ साल पौष १ गतेदेखि २०४६ सालसम्मको अवधिमा एकाधिकार वा पंचायती शासनकालमा सशस्त्र वा निशस्त्र राजनीतिक विरोध जनाएको कारण राजनीतिक दमन वा प्रतिशोधको शिकार भएका व्यक्तिहरूलाई राजनीतिक पीडितको परिभाषाभित्र पारिएको छ ।

राजनीतिक पीडितहरुका लागि सहायताको दुइवटा स्तर निर्धारण भएको छ ।

(क) प्रारम्भिक सहायता

(ख) एकमुष्ट सहायता

### *प्रारम्भिक सहायता*

१. प्रारम्भिक सहायताको हकमा राजनीतिक कारणबाट कमसेकम तीनवर्ष कैद वा सातवर्ष प्रवास वा भूमिगत बसेको प्रमाणित व्यक्तिलाई रु. ३,०००/- र प्रमाणपत्र दिने ।

२. त्यसैगरी राजनैतिक कारणबाट जन्मकैदको सजायँ पाएर जेल बसेको प्रमाणित व्यक्तिलाई प्रारम्भिक सहायतावापत रु. ५,०००/- तथा ताम्रपत्र र दोसल्ला एवं सोही कारणबाट जन्मकैदको सजायँ पाई लगातार आठ वर्षभन्दा बढी जेल सजायँ भोगेका राजनीतिक पीडितहरुलाई भने विशिष्ट राजनीतिक पीडित मानी सोही बमोजिम सम्मान गर्ने ।

३. राजनीतिक कारणले जन्मकैद नभएको भएपनि लगातार १० वर्ष जेल बसेको प्रमाणित व्यक्तिलाई प्रारम्भिक सहायता रकम रु. ५,०००/- तथा ताम्रपत्र र दोसल्ला प्रदान गर्ने ।

४. राजनीतिक कारणबाट शहीद भएको प्रमाणित व्यक्तिको नजिकको नातेदारलाई पनि रु. ५,०००/- प्रारम्भिक सहायता र ताम्रपत्र तथा दोसल्ला प्रदान गर्ने निर्णय राजनीतिक पीडित सहायता समितिले गरेको थियो ।

### *एकमुष्ट सहायताको मापदण्ड*

समितिले राजनीतिक पीडितहरुलाई प्रारम्भिक सहायताको अतिरिक्त केही टेवा पुग्न सक्ने किसिमको एकमुष्ट सहायता दिएमा राजनीतिक पीडितहरुप्रति सम्मान गर्न सकिने आवश्यकता सम्झी एकमुष्ट सहायता दिने निर्णय गरी निम्नानुसारको मापदण्ड तोक्ने कार्य गरेको छ ।

१. राजनीतिक कारणबाट अथवा राजनीतिक प्रतिशोधको कारणबाट मारिएका शहीदका परिवारलाई जनही रु. एकलाख ।

२. राजनीतिक अभियोगमा अथवा राजनीतिक प्रतिशोधका कारणबाट लगाइएको अभियोगमा लगातार सातवर्षभन्दा बढी कारागार बसेको प्रमाणित व्यक्तिलाई रु. ७५ हजार ।

३. सोही कारणबाट लगातार ५ वर्षभन्दा बढी, सातवर्षभन्दा कम कारागार बसेको प्रमाणित व्यक्तिलाई रु. ५० हजार ।

४. लगातार ३ वर्षभन्दा बढी, ५ वर्षभन्दा कम कारागार बसेका प्रमाणित व्यक्तिलाई रु. ३० हजार ।

५. पटकपटक ७ वर्षभन्दा बढी कारागार बसेका प्रमाणित व्यक्तिलाई रु. ५० हजार ।


६. पटकपटक ५ वर्षभन्दा बढी, ७ वर्षभन्दा कम कारागार बसेका प्रमाणित व्यक्तिलाई रु. ३० हजार ।

७. पटकपटक ३ वर्षभन्दा बढी, ५ वर्षभन्दा कम कारागार बसेका प्रमाणित व्यक्तिलाई रु. २० हजार एवं


८. राजनीतिक कारणबाट कम्तीमा ७ वर्ष वा सोभन्दा बढी प्रवासमा बसेका वा भूमिगत रहेका प्रमाणित व्यक्तिलाई रु. ५० हजार । ❑



क. झलनाथ खनाल



क. लोककृष्ण भट्टराई



क. हरि रोका

## के र कुन आधारमा राजनीतिक पीडित सहायता लिइयो ?

राजनीतिक पीडितहरू राज्यको सहायताबाट बन्चित रहेको भेटिने निश्चित छ । किनकि तिनीहरू या त समितिले बनाएको मापदण्डभित्र पर्दैपर्दैनन्, या तिनीहरू कुनै शक्तिशाली राजनीतिक दलको पहुँचमा छैनन् ।

तर प्रमुख राजनीतिक दलका धेरैजसो प्रशस्त स्रोत साधनले संपन्न नेताहरू तथा थुप्रै कार्यकर्ताहरूले यो वा त्यो नाममा हजारौं रूपियाँको सहायता रकम समितिबाट प्राप्त गरेका छन् । त्यसमा पनि सत्तारूढ दल नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई त प्रवास वा जेल बसेको झूठा अभिलेख तयार गरी रकम बाँडिएको भेटिएको छ ।

समितिका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पार्टीलाई धोखा दिएर पंचायत पसेका आफ्ना कार्यकर्ताहरूलाई समेत जेल बसेको झूठा अभिलेख तयार गरी मनोमानी ढंगले राजनीतिक पीडितको नाममा थुप्रै पैसा बाँड्नुभएको देखिएको छ । त्यस्तो पैसा पाउने व्यक्ति 'उदाहरण'को निम्ति सिन्धुलीका विपीन कोइरालालाई लिन सकिन्छ ।

०४६ सालको जन-आन्दोलनमा लागेका सबैजसो राजनीतिक मानिसहरूलाई के कुरा थाहा छ भने, विपीन कोइराला त्यतिखेर पार्टीलाई धोखा दिएर जन-आन्दोलन दबाउन पंचहरूद्वारा गठित जन-आन्दोलन प्रतिकार समितिमा बसेर ऐतिहासिक जन-आन्दोलनका बिरूद्ध लागेका व्यक्ति हुन् । तर उनलाई भट्टराईले राजनीतिक पीडित ठहऱ्याई प्रारम्भिक सहायता र रू. ५० हजार रकम, दुवै सहायता प्रदान गर्नुभएको छ । यसको

> **वर्तमान प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला कत्तिको स्रोत साधनले संपन्न व्यक्ति हुनुहुन्छ, नेपाली जनताकासामु दिनको घामजति नै छर्लङ्ग छ । तर उहाँले पनि राहतस्वरूप रू. ७५/- हजार प्राप्त गर्नुभएको छ ।**

लागि भट्टराईले निज जन-आन्दोलनविरोधी विपीन कोइरालालाई पटक पटक गरी ७ वर्ष जेल परेको जन-आन्दोलन पक्षधर राजनीतिक पीडित भनी झूठो अभिलेख तयार गर्न लगाउनुभयो । किनकि, त्यसो नगरीकन ५० हजारको राहत रकम दिन आफूले नै बनाएको नियमले मिल्दैनथ्यो ।

राजनीतिक पीडित सहायता समितिको २०५१ को चैत्रमा प्रकाशित पूर्ण प्रतिवेदन (रातो किताब)मा सहायता रकम बाँडेको सूचीमा विपीन कोइरालाको नाम पटक पटक गरी ७ वर्षभन्दा बढी जेल बसेको शीर्षक अन्तर्गतको पृष्ठमा उल्लेख गरिएको छ । तर वास्तविकता के थियो भने, २०२८/२९ सालमा नख्खु जेलमा सुरक्षा कानूनअन्तर्गत १ वर्ष ३ महिना ६ दिन जेल पर्नुको अलावा विपीन कोइराला कहिल्यै जेल परेका छैनन् । यो तथ्य सोही रातो किताबको पृष्ठ-१३६ मा उल्लेख छ ।

निरंकुश पंचायती व्यवस्थाको शुरूकालमा विपीन कोइराला अवश्यै पंचायतको विरोधी थिए । र, उनी त्यस सिलसिलामा जेल पनि परे । तर पछि कांग्रेस पार्टी छाडेर उनी पंचायतमा पसे र जन-आन्दोलनको बिरूद्धमा लागे । यतिसम्म कि जन-आन्दोलन प्रतिकार समितिमा समेत सक्रिय रहन पुगे ।

यसरी आफ्नो पक्षमा मान्छेलाई तान्न वा आफ्नो पार्टीको स्वार्थ पूरा गर्न भट्टराईले थुप्रै व्यक्तिको पटक पटक ७ वर्ष जेल परेको झूठो अभिलेख तयार गरी जन-आन्दोलनका विरोधीलाई समेत जनताको करबाट प्राप्त राज्यकोषबाट पैसा बाँडेर देशको ढुकुटीमा ब्रम्हलूट मच्चाएको देखिएको छ ।

वर्तमान प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला कत्तिको स्रोत साधनले संपन्न व्यक्ति हुनुहुन्छ, नेपाली जनताकासामु दिनको घामजति नै छर्लङ्ग छ । तर उहाँले पनि राहतस्वरूप रू. ७५/- हजार प्राप्त गर्नुभएको छ । यो कुरो माथि पनि उल्लेख भइसकेको छ । यहाँ यो कुरो पुनः किन उठाइयो भने उहाँजस्ता काठमाण्डौ तथा विराटनगरमा करोडौंको संपत्ति भएका साधनसंपन्न, देशको सबभन्दा उच्च पदमा पुग्नु भएका व्यक्तिलाई समेत झूठो अभिलेख तयार गरी राहत रकम बाँड्ने काम गरिएको छ ।

समितिको कार्यालयको स्रोत उल्लेख गर्दै २०५७ जेष्ठ २५ गते छापिएको सहयोगी साप्ताहिक *बुधबार*को एक खोजमूलक लेखका अनुसार, प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले 'राजनीतिक पीडित'को नाममा रू. ७५/- हजार रकम प्राप्त गर्नुभएको छ । परन्तु समितिले बनाएको मापदण्डमा लगातार ७ वर्ष जेल परेकाहरूले मात्र रू. ७५/- हजार रकम सहायता पाउँछन् । तर प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला पंचायतकालमा लगातार जम्मा डेढ वर्ष (१ वर्ष ६ महिना) मात्र जेल पर्नु भएको देखिन्छ । उहाँ राजकाज मुद्दामा परी २०२२ असारको ६ गतेदेखि २०२३ को पुस ६ गतेसम्म

### मापदण्डभन्दा बाहिर गएर रकम प्राप्त गर्नेहरू

| नाम | रातो किताबमा उल्लेख भएअनुसार आन्दोलनमा लाग्दा पाएको सजायँ | प्राप्त राहत | राहतको मापदण्ड |
|---|---|---|---|
| १. गिरिजाप्रसाद कोइराला (ने.कां.) | दुई पटक गरी १ वर्ष ६ महिना जेल सजायँ | ७५ हजार | लगातार ७ वर्ष जेल सजायँ |
| २. चिरञ्जीवी वाग्ले (ने.कां.) | अभिलेख नै छैन | प्रा.स.◆+५० हजार | पटक पटक गरी ७ वर्षभन्दा बढी जेल सजायँ |
| ३. विपीन कोइराला (ने.कां.) | १ वर्ष ३ महिना ६ दिन जेल सजायँ | प्रा.स.+५० हजार | पटक पटक ७ वर्ष जेल सजायँ |
| ४. झलनाथ खनाल (एमाले) | दुई पटक गरी ४ वर्ष ६ महिना २२ दिन जेल सजायँ | प्रा.स.+५० हजार | पटक पटक गरी ७ वर्ष भन्दा बढी जेल सजायँ |
| ५. विमलेन्द्र निधि (ने.कां.) | तीन पटक गरी १० महिना १६ दिन जेल सजायँ | प्रा.स.+५० हजार | पटक पटक ७ वर्ष जेल सजायँ |
| ६. कमल चित्रकार (ने.कां.) | अभिलेख नै छैन | प्रा.स.+५० हजार | पटक पटक गरी ७ वर्षभन्दा बढी जेल सजायँ |
| ७. हरि रोका (माले) | पटक पटक ७ वर्षभन्दा बढी जेल सजायँ | प्रा.स.+७५ हजार | लगातार ७ वर्षभन्दा बढी जेल स[illegible]यँ |
| ८. चन्द्र भण्डारी (एमाले) | लगातार २ वर्ष १ महिना ११ दिन जेल सजायँ | प्रा.स.+७५ हजार | लगातार ७ वर्षभन्दा बढी जेल सजायँ |
| ९. लोककृष्ण भट्टराई (माले) | ७ महिना २७ दिन जेल सजायँ | प्रा.स.+५० हजार | पटक पटक ७ वर्ष जेल सजायँ |
| १०.देवप्रकाश त्रिपाठी (ने.कां.) | लगातार ४ वर्ष ७ महिना २२ दिन जेल सजायँ | प्रा.स.+५० हजार | पटक पटक गरी ७ वर्षभन्दा बढी जेल सजायँ |

◆ प्रारम्भिक सहायता

*स्रोत : राजनीतिक पीडित सहायता समिति 'रातो किताब', २०५१*

# यो देशमा ठूलो क्रान्ति नभई केही हुनेवाला छैन

◆ शान्ता श्रेष्ठ ◆



**+ राजनीतिक पीडित सहायताको नाममा राज्यकोषको दुरूपयोग गरी कारोडौंको भ्रष्टाचार गर्ने काम भइरहेछ भनी त्यसको बिरूद्धमा सर्वोच्च अदालतमा तपाईंहरूद्वारा चलाइएको मुद्दाको संबन्धमा के भइरहेछ ?**

- २०५५ साल भाद्रमा हामी ६ जना मिलेर रीट दायर गऱ्यौं । ती ६ जनाहरूमध्ये एकजना म शान्ता श्रेष्ठ भइनै हालें । अन्य पाँचजनामा नानीमैयाँ नकर्मी, श्रीमती उर्मिला श्रेष्ठ, इन्जिनियर रामेश्वरमान अमात्य, प्राध्यापक शारदारमण नेपाल र बिनोद अपाध्याय हुन् । तर सर्वोच्च अदालतका दुईजना न्यायाधीशहरू कृष्णजंग रायमाझी र टोपबहादुर सिंहको संयुक्त इजलाशले कारण देखाऊ आदेश त गरिदियो तर निषेधाज्ञा (stay order) गरिदिएन । यसले गर्दा 'राजनीतिक पीडित सहायता समिति'बाट पैसा बाँड्ने कामलाई रोक्न सकिएन ।

निषेधाज्ञा जारी नगरिनुको कारणको सन्दर्भमा सर्वोच्च अदालतले के भन्यो भने, २०४७ सालदेखि अनवरत रूपमा बिरतण गरिंदै आएको रकमलाई रोक्नु औचित्यपूर्ण देखिएन । हामीले सर्वोच्च अदालतको भनाइप्रति बिरोध जनाउंदै इजलाशमै अलिकति नाराबाजी पनि गऱ्यौं । वास्तवमा हामीले यो मुद्दालाई दुईबर्षसम्म वास्ता नै नगरी बसिरहेका हौं । तर सर्वोच्चले गत पुष २५ गते अचानक यसको पेशी राख्यो । यहाँ त्यतिखेर हाम्रोबीच बहसको लागि अधिवक्ताहरू बालकृष्ण न्यौपाने र ईश्वरी शर्मा मात्र उपलब्ध हुनुहुन्थ्यो । तर त्यस दिन अधिवक्ता ईश्वरी शर्मा २ बजे मात्र सर्वोच्च पुग्नुभयो । मुद्दाचाहिं १:१० मै सिद्धिसकेको थियो ।

पछि यही माघ १३ गते सुनुवाई तोकीएको थियो, सो दिन सुनुवाई भएन । फेरि १९ गते डाकियो, त्यो दिन पनि सुनुवाई भएन । अब आगामी फागुन १९ को मिति तोकीएको छ ।

सर्वोच्चको कारण देखाऊ आदेशमाथि हाम्रो आस्था छैन । किनकि राज्यकोषको त्यत्रो रकमको दुरूपयोगको सन्दर्भमा न्यायाधीशहरू अलिकतिमात्र पनि संवेदनशील भइदिएको भए उनीहरूले पक्कै पनि निषेधाज्ञा जारी गर्थे । हामी त निराश नै भएर बसेका छौं । तर अदालतमा मुद्दा थन्कीरहेको छ । अहिले हामीलाई यो देशको न्यायप्रति पनि आस्था रहेन । मुद्दा हामीले जित्छौं भन्ने कुरामा हामीलाई बिश्वास छैन । अदालतले जेसुकै गरोस् भनेर हामी बसिराखेका छौं । हामीलाई के लाग्छ भने अब यो देशमा एउटा ठूलो क्रान्ति नभइकन केही हुनेवाला छैन ।

**+ तपाईंहरूको आन्दोलनको भावी योजना के छ ?**

- हामीले गर्ने भनेको नै जनतामा जागरण फैलाउने हो । हामी यस्तै कार्यक्रमहरू राखेर अगाडि बढ्छौं ।

**+ तपाईंहरूको आन्दोलनलाई पार्टीहरूले कस्तो सहयोग गरून् भन्ने चाहनुहुन्छ ?**

- हेर्नुस्, मैले माथि एउटा के कुरा बताएँ भने 'राजनीतिक पीडित'को नाममा पैसा बाँड्ने काम कानूनसम्मत भए नभएको छिनोफानो नभएसम्म त्यस कामलाई stay order गरिदिनु पऱ्यो भनेर हामीले सर्वोच्च अदालतमा रीट दायरा गरेकोमा अदालतले त्यस्तो नगरिदिएपछि इजलाशमै हामीले नारा जुलूस गरेका थियौं । त्यसपछि इजलाशबाट बाहिर निस्की बिरोधको रूपमा दिउँसै सडकमा मैन बत्ती बालेर जुलूस निकाल्ने काम गऱ्यौं । त्यहीबेला भद्रकाली अगाडि नौ वामको धर्ना कार्यक्रम थियो । त्यहाँ पुगेपछि नौ वामका नेताहरूलाई हामीले अदालतमा भएको सबै कुरा भन्यौं । त्यसपछि पनि सहयोगको लागि म सबै पार्टीको अफिस अफिसमा गएँ । कसैले पनि मद्दत गर्दिनँ भनेर त भनेनन् । तर मद्दत भने कोहीले पनि गरेनन् ।

त्यस्तो किन भयो भनेर खोतलेर हेर्दा के थाहा पाइयो भने पार्टीका अधिकांश नेताहरूले भित्र-भित्र नै आर्थिक सहयोग पाइसकेका रहेछन् । अनि तिनीहरूले हामीलाई सहयोग किन गर्छन् त ? ❑

**हामीले इजलाशबाट बाहिर निस्की बिरोधको रूपमा दिउँसै सडकमा मैन बत्ती बालेर जुलूस निकाल्ने काम गऱ्यौं**

नख्खु जेलमा पर्नुभएको थियो । यो तथ्य माथि उल्लेख भएको सोही रातो किताबको पृष्ठ १२५ क्र.सं १८२ मा उल्लेख छ ।

कस्तो बिडम्बना ! बहुदल आएपछि अहिलेसम्ममा सबैभन्दा बढी समय देशको शासन सम्हाल्ने वर्तमान प्रधानमन्त्री र कांग्रेसका शीर्षस्थ नेतालाई समेत झूठो अभिलेख बनाई रकम बाँड्ने काम राजनीतिक पीडित सहायता समिति अर्थात् भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले गर्नुभयो । राज्यकोषको घोटालाको योभन्दा उदांगो रूप अरू के हुनसक्छ ?

त्यस्तै गरी नेपाली कांग्रेसका अर्का नेता बिमलेन्द्र निधि तीनपटक गरी जम्मा १० महिना १६ दिन मात्रै जेल पर्नुभएको उपरोक्त रातो किताबबाट देखिन्छ । तर उनले पनि लगातार ५ वर्षभन्दा बढी सात वर्षभन्दा कम वा पटक पटक ७ वर्षभन्दा बढी जेल बस्नेले पाउने राहत सहायता, प्रारम्भिक सहायता र रू. ५०/- हजार दुवै पाएको देखिन्छ ।

देवप्रकाश त्रिपाठी, जो जन-आन्दोलनभन्दा अगाडि एक समय तत्कालीन नेकपा (चौम)सँग सम्बन्धित थिए र उनी पछि नेपाली कांग्रेसमा प्रवेश गरे, २०४२/४३ सालसम्म उनी जेलमा परेको कसैलाई थाहा छैन । तर रातो किताबमा उनी २०४२ देखि २०४६ सालसम्म लगातार जेल परेको देखाइएको छ । सो अभिलेखलाई सही नै माने पनि उनी जम्मा ४ वर्ष ७ महिनामात्र जेल बसेको देखिन्छ । तर मापदण्डविपरीत उनलाई पनि रू. ५०/- हजार राहत सहायता प्रदान गरिएको छ ।

यस्तै बिनाकारणका आधारमा गत असार मसान्तसम्ममा कूल करिब सवा १५ करोड रूपियाँ राहत सहायताको नाममा वितरण गरिएकोमा ११ करोडभन्दा बढी अर्थात् करीब ७३ प्रतिशत रकम त नेपाली कांग्रेसका २३७६ जना नेता तथा कार्यकर्ताहरूले मात्र हात पारेका छन् । त्यस्तै गरी, प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का ५८८ जना नेता-कार्यकर्ताहरूले करीब ३ करोड रकम अर्थात् करीब १९ प्रतिशत, संयुक्त जनमोर्चा नेपालका १५५ जना नेता कार्यकर्ताहरूले कूल ५७ लाख अर्थात् कूल करीब ३.५ प्रतिशत र नेकपा (माले) मा जम्मा ६३ जना नेता-कार्यकर्ताहरूले कूल करिब २८ लाख अर्थात् करिब २ प्रतिशत सहायता रकम हात पारेका छन् ।

### *वामपन्थीहरू पनि !*

नेकपा (एमाले) का बरिष्ठ नेता क. झलनाथ खनालले पटक पटक गरी ७ बर्षभन्दा बढी जेल बसेको शीर्षकमा प्रारम्भिक सहायता तथा रू. ५०/- हजार दुवै सहायता प्राप्त गर्नुभएको छ । तर रातो किताबमा उल्लेखित अभिलेखअनुसार उहाँले दुईपटक गरी जम्मा ४ वर्ष ६ महिना २२ दिन मात्र जेल जीवन भोग्नुभएको देखिन्छ । आर्थिक हैसियत हेर्ने हो भने उहाँ साधनसंपन्न धनाढ्य व्यक्ति हुनुहुन्छ, जसलाई राहतको कुनै जरूरत नै छैन ।

त्यस्तै गरी नेकपा (माले) का क. चन्द्र भण्डारीको नाम रातो किताबको ४५ पेजमा पटक पटक गरी ७ वर्षभन्दा बढी जेल बसेको सूचीमा राखिएको छ । तर सोही

# 'राजनीतिक पीडित सहायता समिति'को खर्च विवरण

*अवधि : – २०४८/६/२१ (स्थापना मिति) देखि २०५७ असारमसान्तसम्म*

कूल बजेट निकासा – १६,१६,८७,७३६/६१
कूल खर्च – १६,१६,७६,८००/६२
जम्मा बाँकी – १०,९३५/९९

*कूल खर्च विवरण*

१. आर्थिक सहायतातर्फ १५,९५,३३, ८९९/८४
२. प्रशासनिक खर्चतर्फ २१,४२,९००/७८

*आ.स. खर्च तालिका*

*क) प्रारम्भिक सहायता* – २२४४ जना ७४,१७,५००/–
(आ.व. २०५१/०५२ पछि यो सहायता दिन बन्द गरिएको)

*ख) एकमुष्ठ सहायता*

| परिभाषा अनुसार | संख्या | रकम |
|---|---|---|
| शहीद | २८२ | २,७७,५१,४९९/९३ |
| बेपत्ता | २२ | १९,१०,०००/– |
| लगातार ७ वर्ष जेल | १७९ | १,३६,८६,०००/– |
| लगातार ५ वर्ष जेल | २२५ | १,५६,७८,९००/– |
| लगातार ३ वर्ष जेल | ३१७ | ९४,१३,५००/– |
| पटक पटक ७ वर्ष जेल | ५० | २४,६५,०००/– |
| पटक पटक ५ वर्ष जेल | ४६ | १३,५३,०००/– |
| पटक पटक ३ वर्ष जेल | २४३ | ४५,६१,०००/– |
| १ वर्ष जेल | ३०० | २७,०१,०००/– |
| ७ वर्ष फरार । प्रवास | १६०४ | ७,२५,९६,४९९/९१ |
| कुल जम्मा | ३२६८ | १५,२१,१६,३९९/८४ |


*स्रोत : राजनीतिक पीडित सहायता समितिको कार्यालय, भृकुटीमण्डप, काठमाण्डौं ।*

किताबको १२६ पृष्ठमा दिइएको अभिलेखमा उहाँले जम्मा २ वर्ष १ महिना ११ दिनमात्र जेल सजायँ भोग्नुभएको देखाइएको छ । रापीससले बनाएको मापदण्डअनुसार सहायता रकम प्राप्त हुने कुनै पनि मापदण्डभित्र उहाँ पर्नु हुन्न । तर उहाँले पनि लगातार ७ वर्ष जेल पर्नेले पाउने मापदण्ड अनुसारको प्रारम्भिक सहायता तथा रू. ७५ हजार रकम सहायता प्राप्त गर्नुभएको छ । यो कुरा रापीससको कार्यालयको हवाला दिँदै गत जेष्ठ २५ गते प्रकाशित *बुधबार* साप्ताहिकमा पनि उल्लेख गरिएको छ ।

रातो किताबमा दिइएको अभिलेखबाट नेकपा (माले) का युवा नेता क. लोककृष्ण भट्टराई जम्मा ७ महिना २७ दिनमात्र जेल बस्नुभएको थाहा हुन्छ । तर उहाँले पनि प्रारम्भिक सहायता तथा रू. ५० हजार रकम प्राप्त गर्नुभएको छ । त्यस्तै गरी, नेकपा (माले) का अर्का युवा नेता हरि रोकाको नाम रातो किताबमा पटक पटक गरी ७ वर्षभन्दा बढी जेल बसेको शीर्षकको सूचीमा उल्लेख छ । तर जेल बस्नेहरूको अभिलेखमा उहाँको नाम उल्लेख छैन । तर उहाँले पनि लगातार ७ वर्ष जेल परेकाहरूले पाउने प्रारम्भिक सहायता रू. ७५ हजारको सहायता रकम हात पार्नुभएको कुरा उही गत जेष्ठ २५ को *बुधबार* साप्ताहिकमा प्रकाशित सूचीबाट थाहा हुन्छ ।

## *एकै व्यक्तिलाई तीन ठाउँबाट सहायता*

नेपाली कांग्रेसका प्रकाश कोइरालाले उही नाममा तीन ठाउँबाट सहायता रकम प्राप्त गरेका छन् । उनले मोरङ्गबाट प्रारम्भिक सहायता र रू. ५० हजार रकम प्राप्त गरेका छन् । सुन्सरीबाट प्रारम्भिक सहायता र रू. ५० हजार पाउने मापदण्डबाट केही अंश प्राप्त गरेका छन् र सिन्धुलीबाट प्रारम्भिक सहायता प्राप्त गरेका छन् । रातो किताबमा उल्लेख भएअनुसार, उनले सिन्धुलीको ठेगानामा दुई पटक गरी जम्मा २ वर्ष ९ महिना ३ दिनमात्र जेल सजायँ भोगेका थिए । यदि साँच्चै मोरङ्ग र सुन्सरीका प्रकाश कोइरालाहरू अरू



प्रकाश कोइराला

> ***तीन तीन ठाउँबाट राजनीतिक पीडित सहायता प्राप्त गर्ने प्रकाश कोइराला यिनै हुन् कि अरू नै कोही छन् ?***

नै कोही मानिसहरू हुन् भने पनि उनीहरूले केका आधारमा सहायता रकम प्राप्त गरेका हुन् ? किनकि उनीहरूले भोगेको सजायँ त अभिलेखमा देखाइएको छैन ।

## *पंच नेताहरू पनि पीडितमा !*

राजनीतिक पीडितका नाममा राज्यकोषबाट ब्रम्हलूट गरिएको अर्को ज्वलन्त उदाहरण के देखिन्छ भने पंच मन्त्रीहरू प्रयागराजसिंह सुवाल, बखानसिंह गुरूङ्ग, परशुनारायण चौधरी, मेघबहादुर श्रेष्ठ तथा सिंहध्वज खड्काले भट्टराईको समितिबाट पनि राजनीतिक पीडितका नाममा ५०/५० हजार सहायता रकम प्राप्त गरेका छन् । यो कसरी संभव भयो बुझीनसक्नुको कुरो भएको छ । के का आधारमा प्रतिक्रियावादी पंचहरू राजनीतिक पीडित भए ? भ्रष्टाचारको ज्वलन्त उदाहरण योभन्दा अरू के हुन सक्छ ?

रातो किताबमा पंचायती मन्त्रीहरू प्रयागराज सिंह सुवाल र मेघबहादुर श्रेष्ठको नाम लगातार ५ देखि ७ वर्षसम्म जेल बसेकाहरूको सूचीमा राखिएको छ, जुन कुरो सरासर भूठो देखिन्छ । किनकि सोही किताबमा जेल बस्नेहरूको अभिलेखमा उनीहरूको नाम कहीं पनि उल्लेख छैन । उल्लेख हुने कुरा पनि भएन । किनकि, उनीहरू त पंचायती मन्त्री थिए ।

त्यस्तै गरी, सोही रातो किताबमा पंचायती मन्त्री सिंहध्वज खड्काको नाम लगातार ३ वर्ष जेल पर्नेहरूको सूचीमा राखिएको छ । परन्तु सोही किताबमा राखिएको जेल परेकाहरूको अभिलेखमा उनको नाम कहीं पनि उल्लेख नहुनुले यो विवरण पनि भूठो भन्ने बताउँछ ।

भू.पू.प्र.म. भट्टराईबाट राजनीतिक पीडित भनी ५०/५० हजार सहायता रकम प्राप्त गर्ने पंचायती मन्त्रीहरू बखानसिंह गुरूङ्ग तथा परशुनारायण चौधरीको नाम पनि रातो किताबमा जेल पर्नेको अभिलेखमा कहीं पनि उल्लेख छैन ।

## पंचायती मन्त्रीहरु पनि राजनीतिक पीडितको सूचीमा !


| नाम | प्राप्त रकम | भूठो अभिलेख |
|---|---|---|
| १. प्रयागराजसिंह सुवाल | ५० हजार | ५-७ वर्षसम्म जेल |
| २. मेघबहादुर श्रेष्ठ | ५० हजार | ५-७ वर्षसम्म जेल |
| ३. सिंहध्वज खड्का | ५० हजार | ३ वर्ष जेल |
| ४. बखानसिंह गुरूङ्ग | ५० हजार | अभिलेख छैन |
| ५. परशुनारायण चौधरी | ५० हजार | अभिलेख छैन |

*स्रोत: राजनीतिक पीडित सहायता समितिबाट प्रकाशित 'रातो किताब'*

## *समितिका पूर्व सदस्यहरू तथा कानूनविद्हरूको प्रतिक्रिया*

माथि उल्लेख भइसकेको छ कि, २०४८ सालमा तत्कालीन नेपाली कांग्रेसको सरकारबाट भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा एक सदस्यीय रापीसस गठन भई सो समितिले राज्यकोषबाट बजेट निकासा गरी एक वर्षभित्रमा १ करोड ५० लाख रूपियाँ रकम बाँड्यो ।

यस सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्ने क्रममा २०४९ देखि २०५१ सम्म



क. राधाकृष्ण मैनाली

*"७ वर्ष जेल परेकाहरूको नाममा नयाँ नौटंकीहरूले समेत सहायता रकम पाउने भएपछि मैले पनि त्यो सहायता लिएको हुँ ।"*

यस समितिका एक सदस्यको रूपमा रही काम गर्नु हुने नेकपा (माले) का नेता क. राधाकृष्ण मैनाली भन्नुहुन्छ - "प्रजातान्त्रिक देशमा एक सदस्यीय समिति भनेको नै अमिल्दो कुरो हो । त्यसैले यो समितिको गठनको शुरूवातमा नै गलत भएको छ ।

अर्को कुरो, समितिले राहत सहायता बितरण गर्नु पूर्व यसको क्राइटेरिया र Ethics बनाउनुपर्थ्यो, राजनीतिक योद्धाहरूको सूची तयार गरी उनीहरूलाई बर्गीकृत गर्नुपर्थ्यो र त्यसअनुसार नै उनीहरूलाई सामाजिक तथा राजनीतिक सम्मान दिनुका साथै आर्थिक रूपमा तहस-नहस भएकाहरूलाई आर्थिक सहायता दिने समेत ब्यवस्था गर्नुपर्थ्यो ।"

उहाँ थप भन्नुहुन्छ, "तर एक सदस्यीय समितिको रूपमा गठित सो समितिले कुनै पद्धति र मापदण्डबिना नै शुरूको एक वर्षमै त्यत्तिकै हचुवामा डेढ करोडको त्यत्रो ठूलो धनराशि बाँड्ने काम गर्‍यो । प्रजातान्त्रिक देशमा यो काम कतिको बिडम्बनापूर्ण छ, सबैले बुझ्ने कुरो हो ।"

क. राधाकृष्ण मैनाली अगाडि भन्नुहुन्छ, "पैसा बाँडेमा कार्यकर्ताहरूले आफ्नो गीत गाइरहन्छन् भन्ने सोचले नै भट्टराईले कुनै मापदण्डबिना नै करोडौं रूपियाँ बाँड्नुभएको हो ।"

*रातो किताबमा पंचायती मन्त्री सिंहध्वज खड्काको नाम लगातार ३ वर्ष जेल पर्नेहरूको सूचीमा राखिएको छ, परन्तु सोही किताबमा राखिएको जेल परेकाहरूको अभिलेखमा उनको नाम कहीं पनि उल्लेख छैन*

**मूल्यांकन**ले "तपाईं आफैं सो समितिको सदस्य हुनु भएपछि पनि त पैसा बाँड्ने काम भयो नि । तपाईंसहित माले, एमाले र अन्य वाम नेताहरूले पनि त पैसा लिनुभएको छ नि ! यो के हो ?" भनेर जिज्ञासा राख्दा उहाँ अझ अगाडि भन्नुहुन्छ - "७ वर्ष जेल परेकाहरूको नाममा नयाँ नौटंकीहरूले समेत सहायता रकम पाउने भएपछि मैले पनि त्यो सहायता लिएको हुँ ।"

"वास्तवमा राजनीतिमा लाग्दा हिजो के कति क्षति भयो भन्ने आधारमा होइन कि राजनीतिमा संलग्न भएपछि अहिले कसको कस्तो आर्थिक हालत छ भन्ने कुरा बुझेर आर्थिक हालत ठीक ठीक भएकाहरूलाई नभई तहस-नहस भएकाहरूलाई मात्र प्राथमिकता दिई एकमुष्ठ सहायता रकम उपलब्ध गराउनुपर्थ्यो । क्षति भएको कुरा नै गर्ने हो भने वास्तवमा राजनीतिमा लागेर बढी आर्थिक क्षति त मेरै भयो होला । तर त्यसरी क्षति भएर पनि मसँग पछिसम्म पनि ३०/४० बिगाहा जमीन त बाँकी नै थियो । म स्रोत-साधनसंपन्न मान्छे नै थिएँ । "

समितिले चलाएको सहायता बितरण प्रक्रियाबारे प्रतिक्रिया ब्यक्त गर्दै एमाले सरकारको पालामा यस समितिका सदस्य सचिव रहनुभएका तथा हाल एमाले सांसद क. मिठाराम शर्मा बजगाईं भन्नुहुन्छ - "राजनीतिक पीडित सहायता समितिले बाँडेको आर्थिक सहायता अत्यन्त भेदभावपूर्ण छ भन्ने लाग्छ । राजनीतिक पीडित भनेपछि त राजनीतिमा लागेको कारणबाट गाँसबास नै नभएर दुःख पाएको ब्यक्ति हुनुपर्‍यो । यसको उल्टो, यहाँ आर्थिक रूपमा सम्पन्न वा जमिन्दारको छोरो भएर पनि माथिसम्म पहुँच हुनेहरूले समेत हिजो केही समय जेलमा बसेको नाममा सबभन्दा बढी राहत सहायता रकम हात पार्ने काम गरेका छन् । तर दुःखको कुरो जो मान्छेहरू राजनीतिमा लागेर, ती नै नेताहरूको पछि लागेर, उनीहरूलाई सघाएर वा भात खुवाएर अहिले टाट पल्टेका छन्, उनीहरू नै राजनीतिक पीडितमा पर्न सकेका छैनन् । तसर्थ यो मापदण्ड आफैंमा बैज्ञानिक थिएन र छैन पनि ।"

उहाँको थप भनाइ थियो - "पैसा दिएर संपन्न राजनीतिक नेताहरूको सम्मान हुँदैन । राजनीतिमा लागेर जो विपन्न भए, उनीहरूलाई आर्थिक सहायता र जो विपन्न भएका छैनन्, उनीहरूलाई आर्थिक सहायता हैन, सम्मान दिनुपर्‍यो, इज्जत दिनुपर्‍यो र सामाजिक रूपमा प्रतिष्ठा दिनुपर्‍यो । यस्तो भएको मलाई लाग्दैन ।"

'तपाईंहरू (एमाले) ले पनि त संपन्न हुँदाहुँदै पनि आर्थिक सहायता लिनुभयो नि !' भन्ने **मूल्यांकन**को भनाइमा टिप्पणी गर्दै क. बजगाईं भन्नुहुन्छ - "त्यतिखेर कुनै पनि राजनीतिक दलका मान्छेहरूले बिना जायज मापदण्ड सहायता पाउने भएपछि कोही पनि लिन पछि परेनन् । एमाले, माले, जनमोर्चा, राप्रपा आदि सबैले लिए । लिनेहरूमा कसैका बढी भए, कसैका कम भए, तर लिनचाहिँ सबैले लिए ।" राप्रपा सबै राजनीतिक दलहरूको साझा सहमतिबाट बनेको हो र यही नीतिअन्तर्गत सबै यसमा छिरेका हुन् । यसमा पनि हामी मात्र साधु भएर बस्दैमा क्रान्तिकारी नहुने तर अरूले चाहिँ ब्रम्हलूट गर्दै गर्ने स्थिति आयो । यही क्रममा दुःख पाएका केही मान्छेहरूले केही पाउन् भन्ने नीति लिँदाखेरी नपाउनु पर्नेले पनि लिन पुगका हुन् कि भन्ने मलाई लाग्छ ।"

क. बजगाईंले उक्त समितिमा रहेर आफ्नो कार्यकालमा ५/७ जनाभन्दा बढी नयाँ मान्छेलाई सहायता रकम नबाँडेको दावी गर्नुभयो । उहाँका अनुसार अघिल्लो समितिले तयार पारेको प्रतिवेदन (रातो किताब) मा उल्लेख भएर रकम लिन बाँकीहरूलाई मात्र उहाँहरूले सहायता रकम बाँड्नुभयो । त्यो रकम कूल करीब ५० लाख रूपियाँ मात्र थियो । सहायता रकम प्राप्त गर्ने नयाँ ५/७ जना ब्यक्तिहरूलाई पनि पूर्व समितिले तोकेको मापदण्डअनुसार छ छैन, सबै छानबीन गरेर मात्र रकम प्रदान गरेको कुरा सासद मिठाराम शर्मा बजगाईं भन्नुहुन्छ ।

प्रतिक्रियाकै क्रममा वरिष्ठ अधिवक्ता गणेशराज शर्माले टिप्पणी गर्नुभयो- "जुन तरीकाले राजनीतिक पीडित सहायता समितिले रकम बाँड्ने काम गरिरहेको छ, त्यो कुनै पनि हालतमा उचित छैन ।"

त्यस्तैगरी अर्का वरिष्ठ अधिवक्ता तथा पूर्व महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधरले समितिले राजनीतिक पीडित नाममा बितरण गर्दै गरेको सहायता रकमको बारेमा प्रतिक्रिया ब्यक्त गर्दै


## दलगत रूपमा आर्थिक सहायता वितरण

| राजनीतिक दलअनुसार सहयोग पाउने व्यक्तिहरु | | सहयोग राशि |
|---|---|---|
| नेपाली कांग्रेस | २३७६ | ११,०५,९५,८९१८६ |
| नेकपा (एमाले) | ५८८ | २,९४,२४,४९९।९९ |
| संयुक्त जनमोर्चा | १५५ | ५७,००,०००।- |
| नेकपा (माले) | ६३ | २७,६८,०००।- |
| रा.प्र.पा | ६ | १,७८,०००।- |
| ने.स.पा | १० | ४,८०,०००।- |
| नेकपा (संयुक्त) | १ | ९९,९९९।९९ |
| जनएकता मोर्चा | २ | १,२५,०००।- |
| नेकपा (मार्क्सवादी) | १० | ३,८०,०००।- |
| ने.ज.मो. | १६ | ३,९०,०००।- |
| लाल कम्युनिष्ट | १ | ७५,०००।- |
| नेकपा (मसाल) | २ | ८०,०००।- |
| रा.ज.पा. | २ | १,००,०००।- |
| प्र.लोक दल | ३ | ९०,०००।- |
| म.ने.अ. | १ | १०,०००।- |
| नेकपा (वर्मा) | ३ | १,५०,०००।- |
| ने.द.श्र.मोर्चा | २ | ८५,०००।- |
| ने.म.कि.पा. | १ | ५०,०००।- |
| स्वतन्त्र | २६ | १०,३५,०००।- |
| कूल जम्मा | ३२६८ | १५,२१,१६,३९९।८४ |

*स्रोत : राजनीतिक पीडित सहायता समितिको कार्यालय, भृकुटीमण्डप, काठमाण्डौं ।*



क. निर्मल लामा



क. चित्रबहादुर के.सी.



क. रोहित



क. शम्भुराम श्रेष्ठ

*राजनीतिक पीडित सहायता नलिएर राज्यकोषको ब्रम्हलुटमा सहभागी नहुने केही वामनेताहरू*

भन्नुभयो - "आन्दोलनबाट पीडित भएकाहरू र दुःख पाएकाहरू अवश्यै छन् । तर उनीहरूको मूल्यांकन त हुनुपर्‍यो नि ! जो मान्छे हिजो आन्दोलनमा लागेर अंगभंग हुन पुगेका छन्, आर्थिक रूपमा विपन्न भई जीवन धान्न नसक्ने भएका छन्, उनीहरूलाई त सहायता जरूरी छ । तर अहिले हुण्डी बाँडेजस्तै गरी जथाभावी आफ्ना कार्यकर्ताहरूलाई प्रसाद बाँडेर जनताले तिरेको करबाट बनेको राज्यकोषको दुरूपयोग गर्ने जुन काम भइरहेछ, त्यो तुरून्त बन्द गरिनुपर्छ ।"

## जो मान्छे हिजो आन्दोलनमा लागेर अंगभंग हुन पुगेका छन्, आर्थिक रूपमा विपन्न भई जीवन धान्न नसक्ने भएका छन्, उनीहरूलाई त सहायता जरूरी छ

### *राहत नलिने राजनीतिज्ञहरू*

कैयौं राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई भूठा अभिलेख तयार गरी सहायता रकम लिए । तर यसको विपरीत केही यस्ता राजनीतिक नेता तथा कार्यकर्ताहरू पनि छन्, जसले निवेदन हाल्दा सहायता तुरून्त पाउने भएर पनि सहायताको लागि निवेदन हालेका छैनन् ।

नेकपा (मसाल) का नेता क. मोहन बिक्रम सिंह र क. चित्रबहादुर के.सी., नेमकिपाका नेता क. रोहित, नेकपा (एकता केन्द्र) का नेता स्व. क. निर्मल लामा, नेकपा (माले) का क. शम्भुराम श्रेष्ठ त्यस्ता नेताहरूमा पर्नुहुन्छ । उहाँहरूले हिजो पंचायती कालमा बर्षौं जेल नेल भोगेर पनि सहायता रकम प्राप्त गर्न समितिमा निवदेन हाल्नुभएको छैन । क. पुष्पलालको नामबाट पनि सहायता रकम प्राप्त गर्न कसैको निवदेन परेको छैन ।

त्यस्तै गरी, नेपाली कांग्रेसका नेता द्वय स्व. वीपी कोइराला र स्व. गणेशमान सिंहको नाममा पनि सहायता रकमको लागि समितिमा निवेदन परेको छैन ।

### *ब्रम्हलूटलाई रोक्ने प्रयास*

राजनीतिक पीडितको नाममा चलाइएको ब्रम्हलूटलाई रोक्न गत २०५५ सालमै 'प्रजातन्त्र सेनानी सम्मान संस्था'ले भरमग्दूर प्रयास थालेको हो । त्यस संस्थाले शुरूमा यसका सचिव सुश्री शान्ता श्रेष्ठको नाममा प्रेस-वक्तव्य जारी गरी यस मुद्दालाई सार्वजनिक गर्‍यो भने पछि २०५५ साल भाद्र महिनामा समितिद्वारा भइरहेको रकम बाँड्ने काम गैरकानूनी भएको दावी गर्दै समितिको विरूद्धमा सो रकम बाँड्ने कार्य तत्काल रोक्नका निम्ति अन्तरिम आदेश जारी गराउने मागसहित सर्वोच्चमा रिट निवेदन हाल्यो । त्यस रिट निवेदनमा निवेदकको रूपमा शान्ता श्रेष्ठ, नानी मैंया नकर्मी, उर्मिला श्रेष्ठ, रामेश्वरमान अमात्य, शारदारमण नेपाल र बिनोद उपाध्याय रहेका थिए ।

तर त्यस रिट निवेदनलाई सोही सालको पुस महिनामा 'अन्तरिम आदेश जारी गर्नु नपर्ने' ठहर्‍याई खारेज गरियो । सर्वोच्चको त्यो निर्णयप्रति बिरोध जनाउँदै रिट निवेदकहरूले इजलासमै न्यायाधिशहरूविरूद्ध नारासमेत लगाएका थिए ।

### *सारांश*

बहुदल आएको दश वर्ष भयो, तर नेपाली जनता मूलतः राजनीतिक भ्रष्टाचारको कारणले नै झन् झन् आर्थिक बर्बादीको खाडलमा भासिँदै गइरहेका छन् । जनताले बहुदल आएर सकारात्मक प्रगति र परिवर्तनको कुनै अनुभूति गर्न पाएका छैनन् । यसबाट आम-जनतामा ब्यबस्थाप्रति नै चरम निराशा छाइरहेको छ ।

यस्तो विषम परिस्थितिमा राजनीतिक पीडितका नाममा देशको हालीमुहाली चलाउने प्रमुख नेता कार्यकर्ताहरूबाटै जनताको करबाट निर्मित राज्यकोषबाट करोडौं रूपैयाँको मनोमानीपूर्वक ब्रम्हलूट मच्चाउनु ज्यादै खेदजनक परिघटना हो । खालि घूस खानु मात्रै भ्रष्टाचार होइन, राज्यकोषको कुनै पनि किसिमको लूट र दुरूपयोग भ्रष्टाचार हो । राजनीतिक पीडित नाममा अहिले समितिमार्फत् जे भएको छ, जे हुँदैछ, त्यो नांगो भ्रष्टाचार हो । अख्तियार दुरूपयोग निवारण आयोगले राजनीति पिडितका नाममा भएको भ्रष्टाचारका बारेमा तुरून्त छानवीन र कार्यवाही प्रक्रिया चलाउनु जरूरी भएको छ ।


स्रोतसाधनविहीन नभएर पनि र जीविकाका लागि पर्याप्त विकल्प भएर पनि केही वर्ष जेल परेको, भूमिगत भएको, प्रवासमा बसेको नाममा धनाढ्य नाम चलेका नेता कार्यकर्ताहरूले पनि राज्यकोषबाट हज्जारौं रूपियाँ लिएको घटनाले उहाँहरूको राजनीतिलाई हेर्ने दर्शन प्रष्टै देखिएको छ । राजनीतिलाई लगानीको आधारमा ब्यक्तिगत प्रतिफल प्राप्त गर्ने ब्यापार ब्यबसायका रूपमा हेर्ने दर्शनका कारणले नै यो घटना घटेको देखिन्छ । यदि उहाँहरूको राजनीतिलाई हेर्ने दर्शन यस्तै भइरहने हो भने राज्यकोषबाट ब्रम्हलूट मच्चाउने घटना यो नै पहिलो हुने छैन । यस्ता थुप्रै घटनाहरूको सिलसिला देशमा चलिरहनेछ । त्यसैले मूल कुरो यो 'लगानीको प्रतिफल खोज्ने नाफामुखी दर्शन' नै फेर्नु पर्‍यो । अनि मात्र देशमा जनीतिक भ्रष्टाचार बन्द हुनेछ ।

अहिले पनि देशमा थुप्रै त्यस्ता नेता कार्यकर्ताहरू छन् वा तिनका परिवार छन्, जो प्रजातन्त्र प्राप्ति र


*राजनीतिक पीडित सहायता लिनेमा यी अग्रज नेताहरूको पनि नाम छैन*



स्व. पुष्पलाल श्रेष्ठ



स्व. वी. पी. कोइराला



स्व. गणेशमान सिंह

देशको आमूल परिवर्तनको प्रक्रियामा समर्पित हुनुको कारणले यतिखेर अंगभंग, रोगी वा गाँस-बासविहीन भएका छ । जीविका र जीवनका कोणबाट बर्बाद हुनुभएको छ । वास्तविक राजनीतिक पीडित तिनै तिनै मान्छे हुन् । राज्यले साँच्चै नै मद्दत गर्नुपर्ने उनीहरूलाई हो । उनीहरू स्वाभिमानी छन् । त्यसैले चलाखीपूर्वक दर्खास्त हाल्न आउँदैनन् । त्यसैले सरकारले ढिलै भए पनि उनीहरूको खोज गर्नु पर्‍यो ।

रापीससलाई पुनर्गठित गर्नु पर्‍यो, राजनीति पीडितको मापदण्ड नै बदल्नु पर्‍यो र एउटा त्यस्तो सार्वजनिक सूचना जारी गर्नु पर्‍यो, जसको फलस्वरूप प्रजातान्त्रिक आन्दोलनको राजनीतिमा लागेर बर्बाद र जीविकाविहीन भएका व्यक्तिले अब उप्रान्त जीविकाको माध्यम पाउन सकून्, उपचारको जरूरत भएकाहरूले उपचार पाउन सकून्, जीविका भएकाहरूले सामाजिक सम्मान पाउन सकून् । भारतमा स्वतन्त्रता सेनानीहरूले यातायात लगायत केही महत्वपूर्ण कुरामा सम्मानपूर्वक सहुलियत पाएजस्तै यहाँ पनि गर्न सकिन्छ ।

ती जो निकै धनाढ्य छन्, प्रशस्त स्रोत साधनले संपन्न छन्, तिनले राजनीतिक पीडितका नाममा राज्यकोषबाट लिएको पैसा ढिलै भए पनि स्वविवेकमा फर्काउन आँट गर्नुपर्छ । के त्यस्तो विवेक भएको ढिलै भए पनि गल्ती सच्याउन आँट गर्ने कोही नेता कार्यकर्ता नेपालमा अस्तित्वमा छन् ?

सारा नेपाल त्यो हेर्न आतुर भएर पर्खीबसेको छ । ❑

*सन्दर्भ स्रोत :*


*१. राजनीतिक पीडित सहायता समितिको पूर्ण प्रतिवेदन -२०५१*

*२. बुधबार साप्ताहिक, जेष्ठ २५, २०५७ लगायत विभिन्न पत्र-पत्रिकाहरू ।*

*३. राजनीतिक पीडित सहायता समितिबाट प्राप्त पछिल्लो बिवरण ।*



*(नोट : यस लेख तयार पार्न महत्वपूर्ण सामग्रीको फाइल र राजनीतिक पीडित सहायता समितिको पूर्ण प्रतिवेदन -२०५१ (रातो किताब) प्रजातन्त्र सेनानी सम्मान संस्थाकी सचिव सुश्री शान्ता श्रेष्ठले हामीलाई उपलब्ध गराउनुभएको हो । हामी सुश्री श्रेष्ठप्रति हार्दिक आभार ब्यक्त गर्दछौं । -- मूल्यांकन)*






# 'जीवित आइन्स्टाइन' स्टेफेन हकिङ्ग भारतमा

के ब्रम्हाण्डको शुरू छ ? के ब्रम्हाण्ड पनि भविष्यको कुनै समयमा अन्त्य हुनेवाला छ ? यो ब्रम्हाण्डको शुरू कहिले भयो ? यो ब्रम्हाण्ड स्थिर छ कि बद्लिँदैछ ?

आजको विश्वमा यी प्रश्नहरूको सम्बन्धमा सबभन्दा अत्याधुनिक चित्तबुभ्दो बैज्ञानिक उत्तर दिन सक्षम व्यक्ति बेलायती भौतिकशास्त्री प्रो. स्टेफेन हकिङ्ग मानिन्छन् । प्रो. हकिङ्गले नै ब्रम्हाण्डका बारे हजारौं वर्षदेखि उठ्दै गरेका तर अनुत्तरीत बिभिन्न सवालहरूमा चित्तबुभ्दो वैज्ञानिक बिचार दिएका छन् । त्यसैले अहिले उनलाई 'जीवित आइन्स्टाइन'को उपनाम दिइएको छ ।

तिनै 'जीवित आइन्स्टाइन' गत महिना भारतको भ्रमणमा आएका थिए । उनले भारत भ्रमणको बेलामा दिएको भाषणले ठीक ठीक भविष्यवाणीमा विश्वास गर्ने ज्योतिषशास्त्रको गालामा ठूलो थप्पड हानेको बुझिएको छ ।

बैज्ञानिक जगतमा अल्बर्ट आइन्स्टाइनपछि अहिलेसम्मका सबभन्दा ठूला बैज्ञानिक मानिने प्रो. स्टेफेन हकिङ्गले भने- "ज्योतिष-शास्त्रका आधारमा हरेक घटना र व्यक्तिको सही सही भविष्यवाणी गर्न सकिन्छ भन्ने कुरा फजुल कुरो हो । यस्तो गर्न संभव छैन ।"

तर दुखको कुरो, भारत भ्रमणमा आएका हालको विश्वका सबभन्दा ठूला यी बैज्ञानिक शारीरिक रूपमा भने पूर्ण रूपले अपाङ्ग छन् । उनी हिंड्न सक्दैनन्, हातले खान सक्दैनन् र मुखले बोल्न सक्दैनन् । त्यसो हो भने, उनी कसरी भ्रमणमा आएर भाषण दिए त ?

प्रो. हकिङ्ग 'पाङ्ग्रे कुर्सि' (wheel chair) मा बसेर भ्रमणमा सहभागी भएका थिए । तर उनको उक्त 'पाङ्ग्रे कुर्सि' बिशेष खालको थियो । उनी कसैसँग बोल्नुपर्दा पाङ्ग्रे कुर्सिमा जोडेर विषेश किसिमले बनाइएको दुई औंलाले चलाउन सकिने कम्प्युटरको सानो 'की-बोर्ड'मा औंलाले थिच्थे । कम्प्युटरमा प्रो. हकिङ्गले जुन शब्द र भाषा टाइप गर्थे, त्यसलाई कम्प्युटरमा जोडिएको 'बोली सश्लेषक यन्त्र' speech synthesizer ले बोलीमा परिणत गरिदिन्थ्यो । उनको एउटा हातका दुईटा औंलामात्र चल्छन् । त्यसैले कम्प्युटर इञ्जिनीयरहरूले सिर्फ उनको लागि दुई औंलाले मात्र पनि चलाउन सकिने कम्प्युटरको सानो 'की बोर्ड' बनाइदिएका छन् । त्यसैको सहाराले उनले भारतमा भाषण दिए ।

गत जनवरीको ५-१० तारीखसम्म

**भारतमा आएर हकिङ्गले ज्योतिष-भविष्यवाणीको विरोध गरे**

अर्थात् पुषको २१-२६ गतेसम्म भारतको मुम्बईस्थित 'टाटा इन्स्टिच्यूट अफ फण्डामेण्टल रिसर्च'मा भएको विश्व बैज्ञानिक समुदायको 'स्ट्रिङ्गस २००१' सम्मेलनमा प्रो. हकिङ्ग पनि भाग लिन आएका थिए । भारत बसाइको समयमा उनले भारतको राजधानी नयाँ दिल्लीको पनि भ्रमण गरेका थिए । त्यही क्रममा उनले नयाँ दिल्लीको 'सिरी फोर्ट अडिटोरियम'मा एक महत्वपूर्ण बैज्ञानिक प्रवचन दिएका थिए ।

'अल्बर्ट आइन्स्टाइन प्रवचन-२००१' नाम दिइएको उक्त प्रवचनमा प्रो. हकिङ्गले ज्योतिषशास्त्रदेखि ब्ल्याक होलसम्मको व्याख्या गरी भविष्यवाणीबारे आफ्ना नवीन बैज्ञानिक बिचार व्यक्त गरे । ज्योतिषशास्त्रलाई कटाक्ष गर्दै प्रवचनमा प्रो. हकिङ्गले भने- "ईश्वरसमेत पनि अनिश्चितताको सिद्धान्त (uncertainty principle) बाट बाँधिएका छन्" । तसर्थ ज्योतिषशास्त्रको आधारमा सही भविष्यवाणी गर्न खोज्नु फजुल कुरा हो ।

उनका अनुसार, मानवलाई भविष्यमाथि नियन्त्रण कायम गर्नु आवश्यक भएकोले नै ज्योतिषशास्त्र लोकप्रिय भएको हो । प्रवचनको क्रममा प्रो. हकिङ्गले एउटा 'स्लाइड'मार्फत् के देखाउन खोजे भने ज्योतिषशास्त्रीहरूले भविष्यमा घट्ने कुनै पनि घटनालाई समेट्न मिल्ने गरी भविष्यवाणीहरूलाई चरम रूपमा अस्पष्ट तुल्याएका हुन्छन् ।

प्रो. हकिङ्ग आफ्ना पूर्वज महान् बैज्ञानिक अल्बर्ट आइन्सटाइनको 'क्वाण्टम सिद्धान्त हास्यास्पद थियो' भन्ने बिवादास्पद भनाइप्रति पनि श्रद्धापूर्वक टिप्पणी गर्छन् - "धेरै बैज्ञानिकहरू सहमत छन् कि भ्रममा पर्ने आइन्स्टाइन थिए, क्वाण्टम सिद्धान्त थिएन ।" अल्बर्ट आइन्स्टाइनका बैज्ञानिक सिद्धान्तलाई समेत आलोचनात्मक अध्ययन गरिरहेका प्रो. हकिङ्गले प्रवचनको क्रममा भने कि उनलाई के थाहा छ भने उनी न्यूटन, आइन्स्टाइन र तथ्याङ्कसँग छुरी हानाहानको खेल (Poker) खेलिरहेका छन् ।

प्रो हकिङ्गले प्रवचन दिइरहँदा 'सिरी फोर्ट अडिटोरियम' हल सयौं उच्च स्तरका विद्वानहरूले खचाखच भरिएको थियो । उनीहरू सबैले प्रो. हकिङ्गको वास्तविक स्वर होइन, कम्प्युटर निर्देशित 'बोली सश्लेषक-यन्त्र'बाट आएको कृत्रिम स्वर सुनिरहेका थिए । प्रो. हकिङ्गको बैज्ञानिक प्रवचन शायद उपस्थितमध्ये केही मुट्ठीभर विद्वानहरू वा बैज्ञानिकहरूले नै राम्ररी बुझे होलान् तर त्यस प्रवचनमा भाग लिने सबैले नै उनलाई पदार्थमाथि मानव आत्माको विजयको व्यक्तित्व धारणको रूपमा अनुभव गरे । प्रवचनबाट घर फर्कने सबैले प्रो. हकिङ्ग अदम्य हिम्मतको प्रतिमूर्तिको रूपमा रहेको छाप बोकेर गए । ❑

**- तुल्सीदास महर्जन**

◄ चिन्तन

# के २००७ सालपछि मात्रै नेपाल विश्वसामु खुलेको हो ?



चिन्तन

– डा. चैतन्य मिश्र –

> के त्यसअघि नेपाल विश्वको लागि र विश्व नेपालको लागि बन्द थियो ? के नेपाल र बाहिरी संसारबीचको अन्तर्क्रिया, लेनदेन, आवत-जावत २००७ सालपछि मात्रै एक्कासी र चमत्कारिक हिसाबले हुनथालेको हो ?

## *इतिहास, बर्णन र व्याख्या*

भनिन्छ, इतिहास भूतकालको वर्णन, विश्लेषण, संश्लेषण र व्याख्या हो । बिगतको चित्र जस्ताको तस्तै उतार्नु असल इतिहासकारमा हुनुपर्ने मुख्य गुण मानिन्छ । तर हामीलाई यो पनि थाहा छ कि एउटै घटना र परिघटनाबारे, एउटै काल र कालश्रृंखलाबारे भिन्न-भिन्न इतिहासकारहरुले भिन्दा-भिन्दै किसिमले बर्णन, विश्लेषण, संश्लेषण र व्याख्या गरेको पाइन्छ । अथवा, वर्णन एकै किसिमले गरे पनि व्याख्या नितान्त भिन्दै हुनसक्छ ।

नेपालकै इतिहास लेखनमा पनि यस्ता भिन्न बर्णन र व्याख्या यत्र तत्र छरिएका पाइन्छन् । पृथ्वीनारायण शाहको 'विजय अभियान'को छुट्टाछुट्टै व्याख्या गरिएको छ । सन् १८१४ देखि सन् १८४८ सम्मको र त्यसभित्र तत्कालीन राजदरवारको र खास गरी भीमसेन थापाको बारे भिन्दाभिन्दै बर्णन र व्याख्या भेटिन्छन् । सिंगो राणाशासनलाई पनि भिन्न-भिन्न दृष्टिकोणबाट हेरिएको छ । 'दिल्ली सम्झौता'बारे प्रशस्त मत-भिन्नता रहेकै छन् । यसैगरी, पञ्चायत र बहुदलकालबारे भिन्न-भिन्न दृष्टिकोण, बर्णन र व्याख्या हाम्रासामु रहेका छन् ।

अर्कोतिर, केही यस्ता मान्यताहरु पनि ऐतिहासिक रुपले झण्डैझण्डै आमरुपले स्थापित हुन पुगेका छन् । यी मान्यताहरुले काफी हदसम्म मतैक्यता बोकेका छन् र हामीले हाम्रो बिगत र वर्तमानलाई हेर्न, बुझ्न र आँकलन गर्नका लागि कोशेढुंगाको काम गर्दै आएका छन् । यिनकै आधारमा हामी व्यक्तिगत, सामूहिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय भविष्यको आँकलन गर्ने पनि गर्छौं ।

तर यस्ता मान्यताहरुमध्ये कतिपय आधारभूत रुपमा नै भ्रमात्मक र गलत छन् । यिनले नेपालको विगतलाई र विगत र वर्तमानको संघारलाई सही रुपले निरुपण गर्नुको सट्टामा काल्पनिक, गलत र वर्ग समूह वा राजनीतिक परिपाटी विशेषको स्वार्थसिद्धि हुने किसिमको बनावट र रंग दिन्छन् । स्वाभाविक छ, यिनले भविष्यको निम्ति सही मार्ग निर्देश गर्न सक्दैनन् ।

> भ्रमात्मक र गलत ऐतिहासिक मान्यताहरु-मध्ये एउटा मान्यता २००७ साल वा सन् १९५० को वरिपरि नेपालमा भएको परिवर्तनसँग सम्बन्धित छ

## *ऐतिहासिक मान्यता*

यस्तै भ्रमात्मक र गलत ऐतिहासिक मान्यताहरुमध्ये एउटा मान्यता २००७ साल वा सन् १९५० को वरिपरि नेपालमा भएको परिवर्तनसँग सम्बन्धित छ । यस परिवर्तनबारे कलम चलाउने आम नेपाली र विदेशी इतिहासकारहरुको राय यो रहिआएको छ कि सन् १९५० (अर्थात् वि.सं. २००७) को परिवर्तनपछि मात्र नेपाल विश्वको सामु खुल्यो । यसै परिवर्तनपछि मात्र बाक्लो र कालो पर्दाभित्र रहेको नेपाल विश्वको लागि खुला भयो, सिंगो विश्व पनि नेपाल र नेपालीको लागि खुल्यो । अर्थात्, मान्यता यो स्थापित गरियो कि यसभन्दा अघि नेपाल मुलुक, नेपालको राज्यव्यवस्था, नेपाली जनता, नेपालको प्राकृतिक/मानवीय श्रोत-साधन, नेपालमा उत्पादित सामाग्री आदिको नेपालबाहिर कुनै अस्तित्व नै थिएन । यसैगरी, यसअघि कुनै पनि विदेशी व्यक्ति, विदेशी शक्ति, विदेशी सामान आदिको पहुँच नेपालमा निषेधित थियो । चित्रण यसरी पनि गरियो कि सन् १९५० पछि मात्र आर्थिक, राजनैतिक र सांस्कृतिक रुपले अत्यन्त अविकसित, अन्धकारमय र बन्द झण्डै कविला तहको नेपाल र नेपाली एक्कासी सभ्य, विकसित, उज्यालो र खुला विश्वसँग एकाकार भयो ।

यो मान्यता र चित्रण इतिहासका किताबहरुमा मात्र सीमित रहेन । स्वाभाविक रुपले यिनले नागरिकशास्त्र, राजनीतिकशास्त्र, अर्थशास्त्र, भूगोल, समाजशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्धशास्त्र आदिका स्कूल र कलेजका पाठ्यसामाग्री, अन्य पुस्तकलगायत, पत्र-पत्रिका र अन्य आमसंचारमा स्थान जमाए । अर्थात् २००७ सालदेखि धिमा गतिले उँभो लागेको शिक्षा र सूचना जगतमा यो मान्यताले झण्डै अकाट्य स्थान पायो ।

दक्षिणपन्थीदेखि वामपन्थी राजनैतिक दल र संस्थाहरुले पनि यो मान्यतालाई आलोचनारहित ढंगले स्वीकार गरे । २००७ सालको राजनैतिक परिवर्तनबाट लाभ हासिल गरेका राजनैतिक दल, सत्तासीन सरकार र वर्ग र समूहहरुले यो मान्यता स्थापित गर्न महत्वपूर्ण भूमिका निभाए । औपनिवेशिक विश्व व्यवस्थाको ध्वंशको लहरपछि आफू स्वाधीन भएको तर स्वाधीन नेपालप्रति सशंकित भारतीय राज्य र त्यहाँका केही बुद्धिजीवीहरुले पनि यो मान्यतालाई पुट दिए ।

## *मान्यताको चिरफार*

तर के साँच्चिकै २००७ अघिसम्म नेपाल 'खुला' थिएन ? के त्यसअघि नेपाल विश्वको लागि र विश्व नेपालको लागि बन्द थियो ? के नेपाल र बाहिरी संसारबीचको अन्तर्क्रिया, लेनदेन, आवत-जावत २००७ सालपछि मात्रै एक्कासी र चमत्कारिक हिसाबले हुनथालेको हो ?

स्पष्ट छ, यो मान्यता भ्रमात्मक र गलत छ । प्राचीन नेपाल प्रदेशको कुरा गर्ने हो भने कौटिल्यको अर्थशास्त्रमा के उल्लेख भएको पाइन्छ भने २२००/२३०० वर्ष अघिको नेपाल प्रदेशबाट दक्षिणतर्फका भारतका विभिन्न प्रदेशहरुमा ऊनी सामान आदिको प्रशस्त निर्यात हुन्थ्यो । भोट, बर्मा, उत्तर भारतका बिभिन्न प्रदेशबाट नेपाल प्रदेशमा बसोबास गर्न अनेकौं परिवार, जातजातिहरु आएको इतिहासमा भेटिन्छ । तेह्रौं शताब्दीयता भारत, नेपाल र भोट प्रदेशहरुबीच बिभिन्न समय-समयका उतार-चढाव पार गर्दै अविच्छिन्न रुपमा व्यापार चलेकै हो । यस्तो व्यापारको प्रत्यक्ष केन्द्र उत्तरभारत, नेपालका केही प्रदेश र भोटका केही बजार रहेतापनि यी केन्द्रहरुमार्फत् बेचबिखन गरिएका सामानका साथै व्यापारिक ज्ञान, प्रविधि र मुनाफा विश्वका अरु भूभागहरुमा फैलिएकै हो । कर्णाली, गण्डकी, बाग्मती र कोशीका उत्तर-दक्षिण नाकाहरु यस किसिमका व्यापारका लागि लामो कालदेखि नै खुला रहेका हुन् । खासगरी काठमाण्डौ उपत्यकाको ऐतिहासिक, सांस्कृतिक, आर्थिक उन्नति र बैभवको पछाडि यो व्यापारको महत्वपूर्ण भूमिका रहेको हो । आवागमन र व्यापारबाहेक पनि धर्म-संस्कृतिको क्षेत्रमा हिन्दू र बौद्ध धर्मावलम्बीहरुका लागि यी तीनै केन्द्रहरु ऐतिहासिक रुपले अत्यन्त महत्वपूर्ण र खुला दुवै रहेका हुन् । इस्लाम धर्मको पनि नेपाल प्रदेशका केही इलाकाहरुमा लामै समयदेखि प्रभाव रहेको हो ।

नेपाल प्रदेश र विश्वबीचको अन्तर्क्रियाको अर्को प्रमाण हो – सिंगो वर्तमान नेपालको भू-राजनीतिको निर्माण । अंग्रेजी ब्यापारीहरुको इष्ट इण्डिया कम्पनीको भारतमा उर्लंदो लहर र यसको उत्तरी भारतमा रहेका नवाव, राजा-रजौटासँगको टकराव, अन्य साम्राज्यवादी आकांक्षा बोकेका युरोपेली व्यापारी समूहहरुको

द्वन्दले यस क्षेत्रमा ल्याएको राजनैतिक-आर्थिक उथलपुथल र महत्वाकांक्षी गोरखा दरवारको करीब ५० वर्ष लामो राजनैतिक, आर्थिक र सामरिक अभियान र अन्तर्क्रियापछि नै वर्तमान नेपालको श्रृष्टि भएको हो । सन् १८१४-१६ को युद्ध र सुगौली सन्धि र भारतीय स्वाधीनता संग्राम अन्तर्गतको सन् १८५७ को सैनिक बिद्रोहपछि नेपालमा नयाँ मुलुकको 'वापसी'पछि नै वर्तमान नेपालको सीमाना स्थिर भएको हो र नेपालको राज्यव्यवस्थाले विशिष्ट स्वरुप लिएको हो । नेपालको श्रृष्टि र निर्माण नै यो प्रकृयाबाट भएकोले २००७ सालपछि मात्रै नेपाल बाहिरी जगतसँग एकाकार भएको मान्ने मान्यता कत्तिको इतिहाससम्मत र युक्तिसंगत छ, भनी राख्नु परोइन ।




तर, नेपाल र बाहिरी जगतको एकाकार हुने प्रकृया सन् १८५७ पछि पनि टुंगिएको देखिन्न । तथापि यस प्रकृयाले यो समयदेखि एउटा विशिष्ट मोड भने लियो । यो विशिष्ट मोड थियो- नेपालमा ब्रिटिश- इण्डियामुखी राज्यसत्ताको स्थापना र निर्माण । सिंगो राणाकाललाई विश्व औपनिवेशिक काल र ब्रिटिश-इण्डिया अन्तर्गतको औपनिवेशिक कालको चुलिँदो हालीमुहालीको उपजको रुपमा नै बुझ्नुपर्छ । हो, त्यसताका नेपालको 'खुलापन' कमसेकम प्रत्यक्ष रुपमा, ब्रिटिश-इण्डिया र बेलायतसँगको सम्बन्धमा मात्र सीमित रह्यो (भोट र चीनसँग बाहेक) । तर विश्वलाई नै भयावह युद्ध र कूटनीतिबाट अंशबण्डा गरेर लिएका युरोपेली मुलुकहरुमध्ये औपनिवेशिक र अन्य मुलुकसँग खुला हुने निर्णय गर्न त्यतिखेर विश्वका आम मुलुकहरु पनि त स्वतन्त्र थिएनन् । यो नेपालको हकमा मात्र हैन, विश्वभरि नै लागु भइरहेको नियम थियो । यो विश्व परिवेशमा नेपाल मात्रै अपवाद बन्ने सामर्थ्य राख्दैनथ्यो । विश्वमै विरलै मुलुकले मात्र यस्तो सामर्थ्य भएको प्रमाणित गरे- यो कालभरि । परन्तु यो विश्व राजनैतिक स्थितिअन्तर्गतसमेत यो कालमा नेपाल अन्य कतिपय किसिमले खुला रह्यो । उदाहरणको लागि, भारत-नेपाल, भोट-व्यापार विभिन्न उतारचढावको साथ यो कालमा पनि खुला रह्यो । केही कालका लागि भोटलाई नेपाली शासक र व्यापारीहरुले करीब करीब उपनिवेश नै बनाए । सन् १९१० सम्म ब्रिटिश इण्डियाको राजधानी रहेको कलकत्ता-काठमाण्डौ व्यापारको आयतन यो कालमा पनि उल्लेख्य रह्यो । भारत र नेपालको लामो सीमानाभरि साना-ठूला पैमानाका आयात-निर्यात व्यापार निरन्तर चले । दक्षिणीलगायत अन्य सबै सीमाना वारीपारी व्यापारिकबाहेक बैवाहिक, पारिवारिक, सांस्कृतिक, धार्मिक आवतजावत, लेनदेन र अन्य अन्तर्क्रिया यो कालमा पनि अटुट रुपमा चलिरहे ।

यस्तो अन्तर्क्रिया र खुलापनका अर्को उल्लेख्य पक्ष रह्यो- श्रम र श्रमिकहरुको आयात-निर्यात र आवागमन । यसतर्फको 'खुलापन' अन्तर्गत लाखौंलाख नेपाली श्रमिकहरु रोजीरोटीको खोजीमा भारतको दार्जिलिङ्ग, सिक्किम, भुटान, मेघालय, आसाम, नागाल्याण्ड, मिजोरमका साथै बंगाल, बिहार, उत्तर प्रदेश र भारतका अरु दक्षिणी राज्यहरुमा पसे । इष्ट इण्डिया कम्पनी र ब्रिटिश इण्डिया सरकारको अगुवाइमा उत्तरपूर्वी भारत, सिक्किम, दार्जिलिङ्गका नयाँ एकल खेती-व्यापार गरिने चिया कमानदेखि भोरा फाँड्न, पशुपालन गर्न र खेती गर्न ठूलो पैमानामा नेपालीहरु त्यसतर्फ लागे । त्यसैगरी यिनै र भारतका अन्य क्षेत्रहरुमा मौसमी किसिमको श्रमको माग पूरा गर्ने किसिमले पनि धेरै नेपालीहरु त्यसतर्फ लाग्ने क्रम प्रवल बन्दै गयो । नेपालबाट प्रवाह हुने श्रमिकहरुको अर्को क्षेत्र बन्यो - सैनिक र अर्द्धसैनिक भर्ती । सन् १८०० को शुरुदेखि पंजावका राजा रणजित सिंहबाट राजधानी लाहौरमा शुरु भएको 'लाहुरे' भर्ती ब्रिटिश इण्डिया सरकार, स्वाधीन भारत सरकार र ब्रिटिश सरकार हुँदै हालसम्मै जारी रहेको छ । यही दौरानमा १९१४-१९१८ र १९३९-१९४५ सम्मको प्रथम र द्वितीय विश्व युद्धमा दुईदेखि तीन लाख नेपालीहरु ब्रिटिश सरकारको पक्षबाट लड्ने गरी ती युद्धमा होमिए । यी नेपाली सैनिकहरु युद्धमा सामेल हुने दौरानमा भारतलगायत हालको पाकिस्तानको उत्तर पश्चिमी क्षेत्र र बर्मा, उत्तरी अफ्रिका, दक्षिणी युरोप आदि क्षेत्रहरुमा समेत पुगे । २००७ सालअघि उन्नाइसौं र बीसौं शताब्दीमा नेपालीहरुको बाँकी विश्वसितको संपर्क र अन्तर्क्रियाको एउटा स्वरुप यस्तो रह्यो ।

'खुलापन'को अर्को महत्पूर्ण बाटो रह्यो - उत्तर भारतबाट नेपालमा श्रमिकहरुको आगमन अर्थात् आयात । पृथ्वीनारायण शाह अगावैका तराइ प्रदेशका राजा-रजौटाहरु अन्तर्गत र शाहकाल र राणाकाल मातहतका राज्यव्यवस्था अन्तर्गतसमेत तराइको बढी से बढी क्षेत्र आवाद गर्ने लामो लहर नेपालमा चल्यो ।

अठारौं शताब्दीको अन्त्यतिर इष्ट इण्डिया कम्पनीले उत्तर भारतमा लागु गरेको जमीन्दारमुखी भूस्वामित्व व्यवस्थाअन्तर्गत पिसिएका भूमिहीन परिवार अति गरीब किसान र आश्रित किसानी मजदूरहरुको लागि नेपालको तराइ एक प्रमुख गन्तव्य स्थल बन्यो । भारतबाट श्रमिक ल्याई 'बस्ती बसाउने' आदेश नेपालका तात्कालीन सरकारहरुबाट बारम्बार स्थानीय सरकारी कर्मचारी, जमिन्दार, जग्गा-ठेकेदारहरुकहाँ पुग्न थाल्यो । एकातिर नेपाली शासकहरुबाट खुलापनको यो वकालत र अर्कोतिर उत्तर भारतका विस्थापित कृषक, कृषि-मजदूर र अन्य मजदूरहरुको दयनीय स्थितिको संयोग भएकोले नेपालको तराइप्रदेश आवाद हुँदै गएको हो । यसरी श्रमको आयात-निर्यात र श्रमिक आवागमनको दृष्टिले हेर्ने हो भने नेपाल विश्वको सबैभन्दा घना र खुला अन्तर्राष्ट्रिय श्रमिक जनप्रवाह रहेको मुलुकमध्ये पर्छ भन्ने तथ्यबारे कुनै शंका रहनु पर्दैन ।

*सिंगो राणाकाललाई विश्व औपनिवेशिक काल र ब्रिटिश-इण्डिया अन्तर्गतको औपनिवेशिक कालको चुलिँदो हालीमुहालीको उपजको रुपमा नै बुझ्नुपर्छ*

यसै क्रममा मुख्यतया तराइ र भित्री मधेश र अन्य भूभागका श्रोत-साधन पनि बाह्य जगतका लागि 'खुला' रहेको हो । यसका साथै, यही समयमा तराइको वन-पैदावार प्रशस्त मात्रामा भारत निकासी हुन्थ्यो । तराइका सालको रुखको जङ्गलबाट उत्पादित काठ उत्तर भारतमा सन् १८९० देखि १९१० सम्म रेलमार्ग बिस्तार गर्ने काममा प्रशस्तै निकासी भएको थियो । तराइलगायत पहाडका जडी बूटीको निकासीको प्रक्रिया पनि निक्कै पुरानो हो । यस्तै गरी, विभिन्न रङ्ग पदार्थ, चिया, सनपाट, ऊखु, खोटो आदिको खेती, संकलन र निर्यातको प्रचलन सन् १९५० भन्दा धेरै पहिलेदेखि चलेको हो । धान, तोरी, मकै आदि खाद्यान्नको भारत निकासीको व्यापक प्रचलन पक्कै पनि हालको होइन । व्यापारिक सामानहरुको आयात पनि सन् १९५० अघि नै खुला थियो ।

कहिलेकाहीं नेपालमा समुद्रपारका विदेशीहरुको आगमन र त्यहाँका सामानमाथि रहेको बन्देजलाई पनि नेपाल बन्द रहेको प्रमाणका रुपमा हेर्ने गरिएको छ । तर यस तहमा यस्तो रोक झण्डै संसारभरि नै थियो त्यसताका ।

बेलायत र ब्रिटिश इन्डियामुखी शासन व्यवस्थामा अन्य मुलुकका नागरिक माथिको

भारतबाट श्रमिक ल्याई 'बस्ती बसाउने' आदेश नेपालका तात्कालीन सरकारहरुबाट बारम्बार पुग्न थाल्यो

आगमनको बन्देज 'स्वाभाविक' थियो । औपनिवेशिक कालमा विश्वभरि यस्तै नै हुन्थ्यो । यस दृष्टिले नेपाल अपवाद थिएन । पर्यटन उद्योग भने त्यसताका विश्वभरि जन्मेकै थिएन, युरोपभित्र र युरोप-अमेरिका चहार्ने संभ्रान्त परिवार र अति धनाढ्य व्यापारीहरुको लागि बाहेक । यसैगरी, नेपालमा विदेशी अनुदान र ऋणको प्रवाह सन् १९५० पछि मात्र हुन थालेको कारणले पनि बेलाबेलामा त्यसपछि मात्रै नेपाल 'खुलेको' हो भन्ने भनाइ अधिसारिएको पाइन्छ । तर यो धारणामा रहेको भ्रम सजिलै चिर्न सकिन्छ, किनभने विदेशी अनुदान र ऋण र यसमा आधारित 'विकास' को प्रादुर्भाव विश्वमा त्यसताकासम्म कतै भएकै थिएन । विदेशी निजी लगानी बाहेकका ऋण, अनुदान र 'विकास' विश्वभरिनै दोस्रो विश्व युद्ध पछाडिका श्रृष्टि हुन् । माथि अधिसारिएका यति ज्यादा प्रामाणिक तथ्यहरु, जुन नेपालको इतिहासकै विभिन्न कुनामा अंकित छन्, हाम्रासामु हुँदाहुँदै किन जिम्मेवार पार्टी र विद्वानहरुबाटै प्रवल रुपले यो मान्यता अघि सारियो कि– २००७ साल पूर्व नेपाल 'बन्द' थियो र २००७ सालपछि मात्रै बाहिरी विश्वका लागि नेपाल 'खुल्यो' ?

दोस्रो विश्वयुद्धको समाप्तिपछि विश्व मानचित्र व्यापक रुपमा बदलियो । विश्व पूँजीवादी सत्ता बेलायत र यूरोपबाट मूलतः अमेरिका सऱ्यो । उपनिवेशवादमा आधारित विश्व अर्थराजनीति र यसले निर्माण गरेका अंशवण्डाका सीमा र पर्खाल ढल्न शुरु भए । भारत स्वाधीन भयो । अत्यन्त खुम्चिँदै जाने निश्चित भएको बेलायती विश्व-सत्ता हाम्रो छिमेकबाट समेत पलायन भएपछि नेपालको राज्यसत्ता बेलायतमुखी रहिराख्न सम्भव नै रहेन । यो विशिष्ट अर्थमा विश्वका सबै औपनिवेशिक मुलुक र बचेखुचेका नेपालजस्ता अर्द्ध-औपनिवेशिक, साम्राज्यवाद अन्तर्गतको पूँजीवाद अख्तियार गर्ने औपचारिक तहको राजनैतिक स्वतन्त्रता बोकेका मुलुक सबै नै 'खुला' भए । विभिन्न चरित्र बोकेका तर अधिकांश बुर्जुवा प्रजातन्त्रवादी राणा शासनविरोधी नेपालका विभिन्न राजनैतिक दल, शक्ति र वर्ग समूहहरु पनि यही विश्व र क्षेत्रीय परिप्रेक्ष्यमा २००७ सालको निकास खोज्न सफल रहे । यही नयाँ गैर-औपनिवेशिक, साम्राज्यवादी र पूँजीवादी, बुर्जुवा प्रजातन्त्रवादी राज्यसत्ता र सत्ता संचालन गर्ने वर्ग र समूहहरुअन्तर्गत विश्व क्षेत्रीय र स्थानीय तहमा भएको नयाँ 'सत्ताको उत्सव मनाउने र समर्थन जुटाउने विशेषण र क्रियाविशेषण बने 'खुला' र 'खुलापन' । नत्र ऐतिहासिक तथ्य प्रमाणका आधारमा बोल्ने हो भने २००७ सालदेखि नेपालबाहिर विश्वको लागि खुला भयो भन्नुको कुनै तूकै छैन । ❑

## ◀ प्रेरक प्रसंग

लामो अभियानको समय थियो । सेप्टेम्बर, १९३५ को बीचसम्ममा लाल सेनाले गगनचुम्बी पहाड मिनशान पर्वत र निर्जन दलदल मैदान पार गरेर कानसू प्रान्तको मुस्लिम क्षेत्रमा प्रवेश गरिसकेको थियो । त्यहाँ पुग्नेबित्तिकै सैनिक हेडक्वार्टरको राजनैतिक निर्देशकले हाम्रो लागि एउटा व्याख्यानको आयोजना गरेको थियो । त्यस व्याख्यानद्वारा हामीलाई त्यहाँका मुस्लिम जनताको आस्था र मान्यताका बारेमा सामान्य जानकारी दियो । यसबाट



क. चाओ एन लाई

# झोकै रहनु परेपनि पार्टीको नीति उल्लंघन गर्नु हुँदैन

हामीले अल्पसंख्यक मुसलमानहरुको रीतिरिवाज र आदतको सम्मान गर्न सिक्यौं । त्यस व्याख्यानले हामीलाई - अनुशासनको तीन मुख्य नियमहरु र ध्यान दिन योग्य ८ वटा कुराहरुको' पालना गर्नमा जोड दिनुको साथै हाम्रो लागि अरु पनि केही नियमहरु निर्धारण गरियो । ती नियमहरु यसप्रकार थिए - मुस्लिम इलाकामा सुंगुरको मासु नखानू, मुसलमानहरुको स्वीकृतिबिना उनीहरुको कुनै पनि सामान नलिनू या त्यसको प्रयोग नगर्नू, कुनै पनि मुसलमानको घरमा उसलाई नसोधीकन वा उसको स्वीकृतिबिना घरभित्र नजानू ।

उपाध्यक्ष चाओ एन लाईले पनि हामीलाई बारम्बार यी कुराहरु सम्झाइरहनु हुन्थ्यो - "हाम्रा मुसलमान भाइहरु र हामी हान जातिको रीतिरिवाज एउटै प्रकारको छैन । हाम्रो सेना मजदूर र किसानहरुको लाल सेना हो । मुस्लिमहरुको रीतिरिवाज तथा आदतको सम्मान गर्नु र हाम्रो आचरणबाट उनीहरुमाथि कस्तो प्रभाव पर्छ भन्ने कुराको ध्यान राख्नु हाम्रो कर्तव्य हो । हामीलाई दिएको व्याख्यानबाट हामी यी कुराहरुमा अत्यन्त सजग भयौं ।

त्यस गाउँमा हामीले डेरा लिएपछि उपाध्यक्ष चाओको लागि खाना पकाउन हामीलाई एउटा भाँडाको आवश्यकता भयो । भाँडा सापटी माग्नको लागि हामी एउटा परिवारकहाँ गयौं । त्यहाँ हामीले एउटा भाँडा दिनको लागि बारम्बार अनुरोध गऱ्यौं तर उनीहरुले दिनै मानेनन् । त्यसले गर्दा मलाई सारै रीस उठ्यो । रीसको झोंकमा मेरो मुखबाट यी शब्दहरु निक्ल्यो - "यहाँका मानिसहरु कस्ता अजीब रहेछन् ।"

यो कुरा उपाध्यक्ष चाओले कसरी थाहा पाउनुभयो, मलाई थाहा भएन । पछि उहाँले मलाई यसरी सम्झाउनु भयो - "यदि उनीहरुले तिमीलाई भाँडा सापटी दिएनन् भने त्यसलाई वास्ता नगर । अर्कै उपाय सोच । किन उनीहरुलाई गाली गर्छौ ?"

"यो कुरालाई कसरी ध्यान नदिउँ । आखिर खाना पनि त पकाउनु छ । भाँडा भएन भने कसरी खाना पाक्छ ? खाना पाकेन भने के खाने ?"

मेरो यो कुरा सुनेर उपाध्यक्ष चाओले मलाई गम्भीरतापूर्वक सम्झाउनुभयो - "हामी पार्टीको नीतिलाई कुनै हालतमा पनि उल्लंघन गर्न सक्दैनौं चाहे हामी झोकै रहन किन नपरोस् । यो लालसेनाको नियम हो । तिमी यो कुरा किन सम्झँदैनौं ?"

म चुप लागें र खाना पकाउनको लागि अर्को उपाय सोच्न लागें ।

अर्को दिन बिहानैदेखि हामीलाई पहाड चढ्न शुरु गर्नु थियो । त्यो पर्वत त्यति अग्लो त थिएन, तर पहाडहरु अनगिन्ती थिए । एउटा पहाड चढ्नेबित्तिकै अर्को अगाडि खडा हुन्थ्यो । त्यो पहाडी श्रृंखला पार गर्नको लागि हामी दिनभरि नै हिँडिरहयौं । तैपनि त्यो श्रृंखलाको अन्त्य भएन । अँध्यारो भइसकेको थियो । त्यसैले पहाडमा अवस्थित एउटा सानो गाउँमा वास बस्यौं । त्यस गाउँमा पानीको ठूलो अभाव थियो । त्यहाँ एउटा मात्र इनार थियो । त्यो इनार ३० मिटर गहिरो थियो । त्यहाँ रहेका करीब एक दर्जन जति परिवारहरु त्यसै इनारको पानीमा निर्भर थिए । हामी पुगेपछि त पानीको समस्या झनै गम्भीर भयो ।

म पनि आफ्ना एक साथीको साथ लिएर पानी लिन त्यो गाउँमा गएँ । गाउँलेहरुसँग बाल्टिन मागेर हामी इनारमा पानी लिन गयौं । तर बाल्टिनमा बाँधेको डोरी खुस्केर बाल्टिन इनारमा खस्यो । पानी एक थोपा नलिइकनै हामी डेरामा फर्क्यौं । अब हामीले आलोचना पनि सुन्नुपर्नेछ र त्यो बाल्टिनको मूल्य पनि तिर्नुपर्नेछ । तर योभन्दा पनि गम्भीर कुरा त दिनभरिको हिँडाइले गर्दा उपाध्यक्ष चाओलाई धेरै प्यास लागेको थियो । प्यास लागेकै अवस्थामा उहाँ काममा लागिसक्नु भएको थियो । उहाँको लागि हामीले एक थोपा पानी समेत प्रबन्ध गर्न सकेनौं ।

> चाओ एन लाईले पनि सम्झाइरहनु हुन्थ्यो - "हाम्रा मुसलमान भाइहरु र हामी हान जातिको रीतिरिवाज एउटै प्रकारको छैन" ।

अब एउटै उपाय के थियो भने, गाउँमा अर्कै वाल्टिन लिएर इनारबाट पानी ल्याउनु । हामी एक आपसमा गुन्गुनाउँदै एकजना गाउँलेसँग बाल्टिन लिएर इनारमा पानी लिन गयौं । एकैछिन पछि हामी पानी लिएर आयौं र पानी उमालेर उपाध्यक्ष चाओलाई दियौं । त्यति बेलासम्ममा ९ बजिसकेको रहेछ । यति अबेर पानी र खाना पाएकोमा उपाध्यक्ष चाओले केही गुनासो गर्नु भएन । तर गाउँलेको वाल्टिन इनारमा खसालेकोमा तीव्र आलोचना गर्नुभयो । "साथीहरु ! तपाईहरु यत्रो लापरवाहीका साथ किन काम गर्नुहुन्छ ? तपाईहरुले गाउँलेको बाल्टिन इनारमा खसालीदिनुभयो । अब उनीहरुले कसरी इनारबाट पानी झिक्छन् ? यसबाट उनीहरुमाथि कस्तो नराम्रो प्रभाव पऱ्यो होला ? अब तपाईहरुको जिम्मेदारी के भने उनीहरुको नोक्सानीको पूर्ति छिटो गरीदिनुस् र तपाईहरुप्रति पैदा भएको नराम्रो प्रभाव निकालीदिनुस् । छिटो जानुस् र उनीहरु सँग माफी माग्नुस् र त्यो बाल्टिनको मूल्य कति हो पत्ता लगाएर पूरा रकम तिरीदिनुस् ।" ❑

*('लम्बे अभियानमे उपाध्यक्ष चाओ एनलाई के साथ'बाट)*

# म एकपटक कागज गरेर जेलबाट छुटें

- निर्मल लामा -

त्यतिखेर जेलमा नरबहादुर कर्माचार्य, सिद्धिलाल सिं आदि गरी आठ नौ जना पाटनका साथीहरू पनि थिए । हामी सबै एउटै मेसमा खाना खान्थ्यौं ।

मैले एकपटक ती साथीहरूलाई भनें- "तपाईंहरूले पाँच दश/पाँच-दश रूपैंया पैसा मेरोमा जम्मा गर्नुस् ! तपाईंहरूलाई त्यो पैसा म पछि फिर्ता गर्छु । त्यस पैसाबाट म चियापत्ती किन्छु । र, बिहान म यहाँ चिया पकाएर ख्वाउने काम गर्छु । यहाँ ५०/६० जना राबन्दीहरू छन् । उनीहरूलाई म बिहान कोठा-कोठामा चिया पुऱ्याइदिन्छु, सबैले चिया खाइहाल्छन् । चिया खाएवापत सबैले पैसा दिइहाल्छन् । यसबाट कमसेकम मेरो खर्च त चल्छ ।"

तर सिद्धिलालहरू मानेनन् । त्यसबाट हामीहरूको बेइज्जती हुन्छ भन्ने कुरा ठाने उनीहरूले । "पार्टीका केन्द्रीय नेताले चिया बेचेर हिंड्नु, त्यो पनि राजबन्दीहरू माफ ! अहँ यस्तो हुन् सक्दैन" - उनीहरूले ठाडो इन्कार गरे ।

त्यतिखेर हामी बसेको जेलमा नेपाली कांग्रेसका महामन्त्री श्रीभद्र शर्मा पनि थिए । उनीसँग मेरो बनारसदेखिकै राम्रो जानपहिचान थियो । उनीकहाँ गई मैले 'मलाई दश रूपैंया ऋण दिनुस्' भन्न गएँ । उनले हाँसेर 'किन चाहियो ऋण ?' भने ।

'म एउटा कुखुरा किनेर पाल्छु ।' मैले भनें ।

'तपाईंलाई के को ऋण ? ल, दश रूपैंया पैसा लिनुस्' भनेर उनले मलाई त्यत्तिकै पैसा दिए ।

'म पछि फर्काउँछु' मैले भनें ।

'सके फर्काउनु होला । नसके फर्काउनु पर्दैन ।'

'श्रीभद्र शर्माले भने ।

मैले पहिले नै त्यहीं भित्रकै एक कैदीसँग एउटा पोथी कुखुरी दश रूपैंया मूल्यमा मिलाइसकेको थिएँ । तत्काल त्यो पोथी कुखुरी मैले किनें ।

त्यस कुखुरीलाई मैले खूब ध्यान दिई पालन पोषण गरें । त्यसले नौ दश दिनमा अण्डा पाऱ्यो, त्यो पनि १६ वटा । त्यसपछि मैले १६ वटै अण्ठालाई ओथरा राखें । १६ वटै अण्डाबाट चल्ला निस्के । अनि ती चल्लाहरूलाई चारा ख्वाइवरी राम्ररी हुर्काउने काम मैले गरें ।

कुखुरालाई चारा खुवाउने चीजको कमीको कारणले गर्दा मैले आफैले खाने भातको आधा भाग कुखुराहरूलाई खुवाउने काम गरें । त्यसबाट म त बिस्तारै दुब्लो हुँदै जान थालें । अनि त्यहाँभित्रका एक कैदी ललितबहादुर घले (डि.वि. लामा भूतपूर्व आई.जि.पि.का बाबु- जसले 'गोर्खा परिषद' दलको तर्फबाट संसदमा धादिङ जिल्लाको प्रतिनिधित्व गर्थे) उनी मेरो पछि लागिरहेका थिए । उनलाई म 'घले बा' पनि भन्थें । पछि मलाई थाहा भयो कि उनी त्यसरी लाग्नुमा कारण चाहिं हामी दुवै उही जातिको मान्छे परेकोले रहेछ। उनले मेरो हालत देख्न नसकी जवरजस्ती मेरा कुखुराहरू सबै बेचीदिए र त्यसको पैसा मलाई दिए ।

त्यसपछि त्यो पैसाबाट मैले फेरि तुरुन्तै हाँसको बच्चा किनें । हाँस दशैंको बेलामा खूब बिक्थ्यो । त्यही हिसाबमा मैले हाँस पाल्न थालेको थिएँ । तर दुई महिनापछि त्यो हाँस पनि बेचीदियो । किनकि मैले त खाना नै नखाइकन दिनभरि एउटा कुटो र एउटा ट्वाक लिई हाँसको लागि गँड्यौला खोज्नपट्टि लाग्ने गरेको रहेछु । र, मैले गँड्यौलाको अलावा पहिलेजस्तै आफ्नो भागको आधा भात पनि हाँसलाई ख्वाउने गरेको रहेछु । त्यस्तो काम भएन भनेर नै त्यो हाँस पनि घले बाले बेचीदिएका थिए ।

हाँस बेचेर आएको पैसाबाट फेरि पनि त्यस्तै काम गर्ने हो भने त्यही कामको निम्ति पैसा नदिने कुरा घले बाले गरे । त्यतिखेर त्यहाँ जेलमा प्रो. माणिकलाल श्रेष्ठ पनि थिए । उनलाई उनको परिवारले बारम्बार सामानहरू पठाइरहन्थ्यो । कैदीहरूले बाहिर सामान किन्न पठाउनु पर्दा उनीबाट नै काम लिन्थे । मैले पनि हाँस बेचेर आएको ३०/४० रूपैंया प्रो. माणिकलालमार्फत् उनको परिवारलाई बाहिरबाट एउटा दोलाई किनेर ल्याइदिनको निम्ति पठाएँ ।

त्यसबेला जेलमा ओढ्नको लागि दोलाई दिइँदैनथ्यो । पैसा पुग्यो कि पुगेन मलाई केही भनिएन, तर मैले साह्रै राम्रो दोलाई चाहिं पाएँ ।

त्यसपछि मैले जेलमा एक जोडी खरायो किनेर पाल्न थालें । त्यसबाट करिब डेढसय वटा जति खरायो निस्किए । खरायो त महिनापिच्छे नै ब्याउने रहेछ । एकचोटिमा ५/७ वटा पाउने भएपछि चाँडै नै डेढसय वटा त पुग्ने नै भयो नि ।

मैले हप्ताको दुईवटा, तीनवटा खरायो काटेर मासु बेच्ने काम गरें । पाउको दुई रूपियाँ पैसा लिन्थें ।

त्यतिखेर जेलमा नेपाली कांग्रेसका गिरिजाप्रसाद कोइराला पनि थिए । मैले खरायो काट्दा उनी 'आधा मेरो' भनेर पहिले नै कराउँथे । उनी खरायोको मासु खूब खान्थे ।

खरायोको मासु बेच्न थालेदेखि त म चियामा कफी राखेर खाने मान्छे हुन पुगें । चुरोट त छँदै थियो । मेरो आर्थिक स्थितिमा केही सुधार आयो ।

त्यही समयमा जेलभित्र केही खुकुलोपना आयो । बाहिरबाट पनि केही साथीहरू भेट्न आउन थाले । यसरी जेलभित्र पनि म करिब करिब आत्मनिर्भर भएर बसें ।

एकपटक भद्रगोल जेलमा कुखुरा पाल्दा त्यसको संख्या करिब ४०/४५ वटा पुग्यो । दिनको २०/२५ वटा त अण्डा नै उत्पादन हुन्थ्यो । मैले जेलभित्र अस्पतालमाथिको एउटा खाली कोठामा कुखुरा पाल्ने गरेको थिएँ । पछि मलाई जेलरले हेप्न थाल्यो । जेलभित्र कैदीहरूलाई रद्दी चामल ल्याइदिने, सुविधाहरू कटाउने आदि काम हुन थाले । मैले भनें- 'सुविधाहरू किन कटाएको ?'

'के भो र ? तपाइँ आफू कुखुरा पालेर आनन्दले बसी नै रहनु भएको छ नि !'

- जेलरले मलाई हेपेर जवाफ दियो ।

हामीसँग जेलमा काभ्रेको एकजना कैदी थिए । उनलाई घरबाट स्वास्नी, छोरा-छोरी सबैले भेट्न आइरहन्थे । एकपटक भेट्न आउँदा उनीहरूलाई ढाकर (डोको) किन्न पठाएर मैले आफूले पाल्दैगरेको ४५ वटा सबै कुखुराहरू 'घरमा पाल्न लैजाऊ' भनेर निःशुल्क दिई पठाएँ ।

त्यसपछि जेलरकहाँ गई मैले उसलाई भनें- "मैले कुखुराहरू सबै दिई पठाइसकें । भोलिदेखि जेलभित्र रद्दी चामल आयो भने सेन्ट्रल र



*कुखुरालाई चारा खुवाउने चीजको कमीको कारणले गर्दा मैले आफैले खाने भातको आधा भाग कुखुराहरूलाई खुवाउने काम गरें । त्यसबाट म त बिस्तारै दुब्लो हुँदै जान थालें ।*

भद्रगोल दुवै जेलमा चामल हड्ताल हुन्छ । नारा लाग्छ, जुलूस हुन्छ ।" उसले पनि मलाई धम्की दियो- "के गर्न सक्छौ तिमीहरू ? गर ।"

मैले सेन्ट्रल जेलमा चिट्ठी पठाएँ- 'भोलि रद्दी चामल आयो भने, कसैले नथाप्ने । सेतो मार्सी चामल आयो भने थाप्नु, अरू रद्दी चामल आयो भने नथाप्नु ।'

भोलिपल्ट चामल थाप्ने काम बन्द भयो । सबै कैदीहरूले छानामा चढी जेल प्रशासनको विरूद्धमा नारा लगाउन थाले । त्यो दिन पहिलेको चामल बाँकी रहेकाहरूले पकाएर खाए, नभएकाहरूले भोकै बसे । त्यो क्रम चार दिनसम्म जारी रह्यो ।

चार दिन हड्ताल गरीसकेपछि मजिष्ट्रेट अफिसबाट मजिष्ट्रेट आए । बलराम नामको एकजना कांग्रेस मजिष्ट्रेट भएका रहेछन् । त्यहाँ जेलमा आउने उनी नै थिए । उनलाई मैले भनें- "के हो बलरामजी ? जेलमा पनि राख्ने, अनि कुहिएको चामल पनि खुवाउने ?" त्यति भनेपछि त उनी नैतिक रूपले नै तल परे । त्यतिका कैदीहरू र जेलका कर्मचारीहरूका सामु मजिष्ट्रेट जस्तो मान्छेलाई मजिष्ट्रेट साहेब भनेर नमस्कार नढोगी 'जी'को सम्बोधनबाट मैले कुरा गरें । अनि ती मजिष्ट्रेटले लेजरलाई सोधे- "के हो ? किन यस्तो भयो ?" जेलरले ठेकेदारलाई दोष दिए । त्यसपछि मजिष्ट्रेटले जेलरलाई भोलिदेखि जेलमा राम्रो चामल वितरण गर्ने आदेश दिए । र, उनले जेलरलाई भने- "यदि भोलिदेखि ठीक चामल वितरण गरिंदैन भने तिमीमाथि कार्वाही हुनेछ ।" त्यसपछि ठेकेदारलाई पनि बोलाएर ती मजिष्ट्रेटले भने- "अबदेखि राम्रो चामल आएन भने तिम्रो पैसा कटाइदिन्छु । ठीक चामल हो कि होइन भनेर जेलरले होइन, निर्मल लामाले जाँच्नेछन् । उनले ठीक छ भनेमा चामल बाँड्ने, होइन भने चामल थन्काएर राख्ने र मलाई फोन गरेर खबर गर्ने, म हेर्न आउँछु ।"

पूर्व कांग्रेसी भएको नाताले मजिष्ट्रेट बलरामले त्यति काम गरीदिए । उनी त्यसभन्धा अघि, कांग्रेसको काठमाण्डौ जिल्ला कमिटीका सेक्रेटरी थिए । पछि पंचायतमा पसेका थिए । उनीमात्र होइन, त्यही कमिटीका अध्यक्ष इन्द्रबहादुर पनि पंचायतमा पसेका थिए । पंचायतमा पसेपछि इन्द्रबहादुरले बालाजु उद्यान बनाए ।

त्यसपछि जेलमा मदेखि जेलर थर्कमान हुन थाले । र, जेलभित्र मेरो इज्जत बढ्न थाल्यो । एकातिर कैदीहरूलाई दुःख भयो भनेर फुल पार्ने आफ्ना ४५ वटा कुखुराहरू सित्तैमा पठाइदिएको, र अर्कोतिर संघर्षको लागि आफैले आ नै सुविधा कटाइदिएको । यस कुराबाट कैदीहरूमा मप्रति विश्वास बढ्यो ।

२०३२/३३ सालतिर म नख्खु जेलमा रहँदा पनि मैले खरायो पालेको थिएँ । त्यहाँबाट म छुट्दा मसँग भएका ३५ वटा खरायो झापा काण्डका भीम धिताललाई सित्तैमा दिएँ ।

मैले दिएका ती खरायोहरूलाई पछि झापा काण्डका मालेहरूले पछाडिको ४ नं. कोठामा पाल्न थालेका रहेछन् । र, त्यही खरायो पाल्ने निहुँमै उनीहरूले त्यहाँ माटो खनेर पछि सुरूङ्ग बनाई भाग्ने काम गरे । तर तिनीहरू 'निर्मल लामाले छोडेका खरायोहरूको मद्दतबाट भाग्न सफल भएँ' भन्दैनन् । यो कुरो भीष्म धिताल र अमरले भने भन्छन् । अमर पनि सामन्त धर्मप्रसाद ढकाललाई काटेर आएका मान्छे थिए ।

अमर नामका ती मान्छेले अस्ति मलाई भरतपुर अस्पतालमा भेट्न आए । उनी अहिले त्यहाँको अस्पताल भवन निर्माण गर्ने काममा सुपर भाइजर छन् ।

२०३१ सालमा सम्पन्न नेकपाको चौथो महाधिवेशनको लगत्तैपछि म अन्तिम पटक जेल परेको थिएँ । त्यसबेला म पोलिटब्यूरोको सदस्य थिएँ । त्यतिबेला जेल पर्दा नै मैले नख्खु जेलमा झापा काण्डका मान्छेहरूलाई भेटेको थिएँ ।

त्यसअघि म वर्षौं जेल परी २०२७/२८ सालतिर छुटेको थिएँ । त्यतिखेर जेलबाट त छुटें, तर सरकारले उपत्यका बाहिर जान भने प्रतिबन्ध लगायो । तर मैले सरकारको आदेशलाई टेर्दै टेरिनँ ।

जेलबाट छुट्ने क्रममा मसँगै ललितबहादुर घले पनि छुटेका थिए । उनको घर नुवाकोटको गेर्खुमा पर्छ । जेलबाट छुट्ने बित्तिकै उनले मलाई आफ्नो घर जाऊँ भने । "मलाई उपत्यका बाहिर नजाऊ भनेको छ । हेरूँ, जाऊँ" भनेर म नुवाकोट जान तम्सिएँ । जोगमेहर श्रेष्ठ त्यतिखेर पंचायतको अंचल अध्यक्ष हो कि के थिए, उनको गाडीमा उनकै साथमा हामी नुवाकोट गयौं । नुवाकोटमा घलेबाको घरमा गएर म पन्ध्र दिन बसें । उनको छोरो डि.वि.लामा त्यतिखेर ट्राफिकमा एस.पि. थिए । तर त्यसबेला तिनीहरू बाबु छोराको भेटघाट र बोलचाल हुँदैनथ्यो ।

म नुवाकोटमा पन्ध्र दिन बसेर फर्केपछि पनि सरकारबाट मेरोबारे केही पनि सोधपुछ भएन । त्यसपछि म बिस्तारै उपत्यकाबाहिर जान थालें । र, त्यसरी मलाई उपत्यका बाहिर जानबाट लगाइएको प्रतिबन्ध निष्क्रिय हुँदै गयो । तर उपत्यका बाहिर जाँदा म कसैलाई थाहा नदिई खुसुक्क जाने गर्दथें । त्यस्तै एउटा मौका पारेर एकपटक म बनारस पनि गएँ ।

शायद २०२३ सालतिर होला । भद्रगोल जेलबाट छुट्दा एकचोटि म कागज गरेर छुटें । त्यतिखेर जेलमा शम्भुराम श्रेष्ठ, मनमोहन अधिकारी र म एकै ठाउँमा थियौं । शम्भुराम र मनमोहनले बाहिर पुष्पलाललाई चिट्ठी लेखे । 'पार्टी मिल्नु पर्छ, सबै एक हुनुपर्छ' इत्यादि कुराहरू त्यस चिट्ठीमा उल्लेख गरिएको थियो । त्यो चिट्ठी लिएर गई बनारसमा पुष्पलालकहाँ पुऱ्याउन जान मलाई कागज गरेर छुट भनेर शम्भुराम र मनमोहनले आग्रह गरे । "म कागज गरेर कुनै हालतमा छुट्दिनँ ।" भनेर मैले आफ्नो अडान सुनाएँ । उनीहरूले 'यो पार्टीको आदेश हो । पार्टीको कामको निम्ति तिमीले कागज गरेर जानुपर्छ' भने । मैले सोचें- 'पार्टीको आदेश भनेपछि त मान्नै पऱ्यो' म कागज गरेर छुटें । मैले कागजमा 'शान्तिपूर्ण नागरिक भएर बस्छु । उपत्यका बाहिर जान्न' भन्ने कुरो उल्लेख गरेको थिएँ ।

*म जेलको ढोकैमा रीसले गर्जिएँ – 'म पंचायतको चुनावमा लड्ने ? यो के हो ? त्यसो हो भने म पार्टीबाट राजीनामा दिन्छु ।'*

जेलबाट त म कागज गरेर छुटें । तर 'उपत्यका बाहिर कसरी जाने ?' भन्ने कुरोले मलाई पिरोल्न थाल्यो । तर छुट्न भने बनारस जान भनेर छुटेको थिएँ । बनारस त जानै पऱ्यो । अनि उपायको लागि म जेलमा शम्भुरामहरूसँग सल्लाह माग्न गएँ । तर मलाई उनीहरूले 'ग्राजुयट कन्स्टिच्यूएन्सीको चुनाव लड' भने । म जेलको ढोकैमा रीसले गर्जिएँ । 'म पंचायतको चुनावमा लड्ने ? यो के हो ? त्यसो हो भने म पार्टीबाट राजीनामा दिन्छु ।' उनीहरूले भने- "तिमी पार्टीको कामको लागि चुनाव लड्नेछौ । ग्राजुयट कन्स्टिच्यूएन्सीको चुनावमा लड्दा तिमी प्रचारको लागि जिल्ला जिल्लामा जान पाउँछौ ।" (हाम्रो भेटघाटमा जेल प्रशासनबाट कोही पनि राखिएको थिएन । त्यसैले भेटघाटमा हामी जे पनि कुरो गर्न सक्थ्यौं । त्यति सुविधा हामीलाई दिइएको थियो ।)

तैपनि मैले ग्राजुयटको चुनाव लड्ने कुरामा सहमति गरिनँ । उनीहरूले 'त्यसो हो भने अझै एक हप्ता विचार गर्नुस् ।' भनेर मलाई सोच्ने मौका दिए । उनीहरूले मलाई



बाहिरका महत्वपूर्ण साथीहरूसँग पनि सर-सल्लाह गर्न सुझाव दिए ।

मैले उनीहरूको सुझावअनुसार बाहिर हिरण्यलाल श्रेष्ठहरूसँग सल्लाह गरें । 'कहाँ चुनाव लड्नु हुन्छ ?' भनेर रिसाए उनीहरू । मैले भनें- "मैले त बुझाउन सकिनँ । जाऊ तिमी शम्भुरामहरूसँग कुरा गर्न ।"

हिरण्यलाल श्रेष्ठ कुराकानी गर्न जेलमा शम्भुरामहरूलाई भेट्न गए । शम्भुरामहरूले उनलाई जेलको गेटबाटै यसरी हप्काएर पठाएछन्- "तिमीहरू क्रान्ति गर्ने मान्छे हौ कि अहं कायम गर्ने मान्छे ? पंचायतमा चुनाव नलडेर तिमीहरूको अहं त कायम हुन्छ । तर काम चाहिँ केही हुँदैन । पंचायतमा चुनाव लड्यौ भने चुनाव लड्ने नाममा थुप्रो पार्टीको काम गर्न सकिन्छ । कुन चाहिँ बाटो रोज्छौ तिमीहरू ? रोज । जाऊ ।"

हिरण्यलाल श्रेष्ठ चार पाँच जना अन्य साथीहरूको साथमा जेलमा शम्भुरामहरूलाई भेट्न गएका थिए । फर्कँदा उनीहरू चुनावमा भाग लिने विचार बनाई फर्के । उनीहरूको कुरा सुनेपछि मैले चुनाव नलड्ने मेरो पहिलेको विचार त्यागीदिएँ ।

*क्रमशः*

*- प्रस्तुति : तुल्सीदास महर्जन*

# एउटा साथीको मृत्यु



- राजकुमार के.सी

यसरी जब म मर्छु
मेरो मृत्युसँगै
मेरो लास बिल्कुल बेवारिस हुन्छ
सडक छेउको एक कुनामा
ठेलागाडामाथि राखिन्छ मेरो मृत शरीर
मेरै फाटेको कछाडले मुख छोपेर
बिस्तारै,
शुरू हुन्छ मेरो अन्तिम यात्रा मसानघाटतिर
मैले खनेको बाटोमा गुड्छ ठेलागाडा
डुब्न लागेको त्यो दिनको घामलाई
दुबै हात हल्लाउँदै म अन्तिम अभिवादन गर्छु
खुल्ला मेरा आँखाहरूले
हेरिरहन्छन् एकनास नीलो आकाश
अहिले म मरिसकेछु
मेरो मृत्युमा बिनाप्रतिक्रिया
चुपचाप ठेलागाडा धकेलिरहेछन्
मेरा साथीहरू
डुब्दो घामसँगै यतिखेर मेरो मृत शरीर
बगरबीच एउटा थोत्रो टायरमा जलिरहेछ
म अब सडकमा होइन
प्रत्येक क्षण धूँवामा परिणत भइरहेछु
अस्पताल वा पाठशालाको बालुवा र गिट्टीमा होइन
म मेरो मृत्युपछि खरानी हुँदैछु ।
अब मलाई कसैले सम्फने छैन
यतिखेर मैले खनेको राजमार्गमा गुडिरहेछन्
– हजारौं मोटरहरू
अब म मरिसकेको छु
कुनै बेला म त्यो राजमार्गको ज्यामी
कुनै बेला म त्यो अस्पतालको बालुवा बोक्ने ज्यामी
अहिले म हराइसकेको छु
अब मलाई कसैले सम्फने छैन
मेरो अन्तिम यात्रापछि
रित्तो गाडा धकल्दै
घाटबाट फर्किनेछन्
मेरा साथीहरू
र भोको पेटमा
त्यही राजमार्गको छेउमा मैले जस्तै
निरन्तर ढुङ्गा फोरिरहनेछन् ।
र म जस्तै मर्ने छन् ।
एउटा ज्यामीको मृत्यु । □

## किताब ▶ ◀ उल्लेख्य



कृति : **नेपाली समाज र क्रान्तिका मुद्दाहरूमा चलेका केही बहसहरू**
विधा : राजनीतिक लेखहरू
लेखक : झलनाथ खनाल
प्रकाशक : पैरवी बुक्स एण्ड स्टेशनरी, काठमाण्डौ
पृष्ठ : ८९+१३
मूल्य : रू. ६०/-



कृति : **मन्त्री पुराण**
विधा : हास्य व्यंग्यात्मक कविताहरू
कृतिकार : गणेशकुमार पौडेल
प्रकाशक : कवि स्वयं
पृष्ठ : ७६+१२
मूल्य : रू.३०/-



कृति : **माओ त्से तुङ्का संकलित रचनाहरू: भाग ५**
अनुवादक : खगेन्द्र संग्रौला
प्रकाशक : संगम प्रकाशन, काठमाण्डौ
पृष्ठ : ४३०+९
मूल्य : रू. १५०/-




कृति : **१०८४ औं की आमा**
विधा : उपन्यास
कृतिकार : महाश्वेतादेवी
अनुवादक : यू. कार्की
प्रकाशक : अक्षलोक प्रकाशन
पृष्ठ : १५६
मूल्य : रू. ३५/-



कृति : **महत्वपूर्ण राजनीतिक शब्द ज्ञान**
कृतिकार : सिद्धिश्वरमान श्रेष्ठ
प्रकाशक : सावित्री श्रेष्ठ
पृष्ठ : २४४
मूल्य : रू.४५/-




कृति : **शहीद**
विधा : कविता संग्रह
कवि : अमर तुम्याहाङ्ग
प्रकाशक : शंकर राई, मुकुन्दप्रसाद अधिकारी
पृष्ठ : ३६+८
मूल्य : रू.२०/-

# राज्यको सांस्कृतिक नीति के हो कसैलाई थाहा छैन

- सुनील पोखरेल, निर्देशक/कलाकार



**+ तपाईंलाई नाटक क्षेत्रमै लाग्नको निम्ति प्रेरणा दिने जमीनचाहिँ के थियो ?**

- एउटा उमेरमा जुनबेला व्यक्तिले आफूलाई व्यक्त गर्ने माध्यम खोजिरहेको हुन्छ, त्यसबेला म अलिअलि लेख्न थालेको थिएँ । अफूलाई व्यक्त गर्ने यो ठीक तरिका हो भन्ने लाग्दै थियो । त्यसबेला विराटनगरमा रमेश बुढाथोकी र म सँगै पढ्थ्यौं । त्यतिखेर बद्री अधिकारी र रमेश बुढाथोकी विराटनगरमा नाटकको क्षेत्रमा प्रशिद्ध थिए । यो ०३४ सालतिरको कुरा हो । म अलिअलि लेख्छु भन्ने कुरा रमेशलाई थाहा थियो । उसले एकदिन मलाई "एउटा नयाँ नाटक चाहियो, लेख्देउ न" भन्यो । अनि मैले हा हामै विजय मल्लको 'पर्खाल' नाटकसँग मिल्दोजुल्दो नाटक लेखिदिएँ । त्यो नाटक बद्री अधिकारीसम्म पुग्यो । नाटक हेरेपछि "को भाइ र'छ यो, एकपटक भेटौं न उसलाई" - भन्नुभएछ बद्री अधिकारीले । अनि रमेशले मलाई बद्री अधिकारीकहाँ पुऱ्यायो । त्यसपछि नाटक मण्डलीसँग मेरो भेटघाट र संगत हुनथाल्यो । त्यही संगत र वातावरण नै मलाई नाटक क्षेत्रतिर आउन प्रेरणा दिने जमीन थियो ।

**+ *आरोहण*को जन्म चाहिँ कसरी भयो ?**

- पछि एकेडेमीमा एकवर्षे ट्रेनिङको निम्ति म काठमाण्डौ आएँ । मैले तीनवर्ष एकेडेमीमै काम गरें । त्यहीबेला बद्री अधिकारी पनि काठमाण्डौ आउनुभयो । *सर्वनाम* ज्वाइन गरें । त्यसपछि चार पाँचजना मिलेर हामीले यहाँ काठमाण्डौमा *आरोहण* शुरू गऱ्यौं । दर्ता गरिएको थिएन । म पढ्न दिल्ली गएँ । दिल्लीबाट पढेर फर्किएपछि विराटनगरका साथीहरूले दश दिनको एउटा ट्रेनिङ चलाउने कुरा गरे । हामीले विराटनगरमा दश दिनको ट्रेनिङ चलायौं । त्यस ट्रेनिङमा विराटनगरमा भएका प्रायः सबै नाट्यसमूहका प्रतिनिधिहरू थिए । ट्रेनिङ सकि'पछि धेरै समूहको सट्टा एउटै समूहमा रहेर काम गर्ने सल्लाह भयो । अनि एउटा छुट्टै समूह बनाउने निधो भयो । छलफल हुँदा त्यसको नाम *आरोहण समूह* राख्ने निधो भयो । अनि हामीले त्यसलाई विराटनगरमै दर्ता गऱ्यौं । पछि काठमाण्डौमा हरेक शनिवार *आरोहण समूह*ले नाटक देखाउनथाल्यो । अनि जीवन आचार्यले आरोहण समूहलाई *आरोहण शनिवार* भन्ने नाम दिनुभयो ।

**+ तत्कालीन फ्रान्सिसी सांस्कृतिक केन्द्रसमेतको सहयोगमा तपाईंहरूले *आरोहण शनिवार*को नाउँमा नियमित चलाउनुभएको नाटक प्रदर्शनको सिलसिला किन नराम्ररी भंग भयो ?**

- हामीले नियमित प्रदर्शन शुरू गर्दा पहिलो वर्ष धेरैको सहयोग प्राप्त भएको हो । तर त्यो सहयोग मूलतः नैतिक सहयोग थियो । आर्थिक सहयोग थिएन । त्यतिबेला हामीले बर्षमा १२ वटा नाटक देखाउँथ्यौं र बार्षिक सदश्यता शूल्क दुईसय रूपियाँ लिन्थ्यौं । त्यसबेला *आरोहण शनिवार* सबैको एक मञ्चजस्तो भएको थियो । दर्शकहरूको पनि मंच । हरेक नाटक हेरिसकेपछि बसेर त्यसबारे गफ गर्ने, चिया खाने गरिन्थ्यो । नाटकबारे अनौपचारिक स्तरमा अन्तरक्रिया हुन्थ्यो । तर नाटकको निर्माणमा लागेको खर्चचाहिँ उठ्दैनथ्यो । एकदम मितव्ययी भएर काम गर्दा पनि खर्च उठ्ने स्थिति भएन । अनि हामीले वर्ष दिनपछि *आरोहण शनिवार* बन्द गऱ्यौं ।

**+ त्यसपछि पनि त एक दशकसम्म तपाईंहरू नाटकको संसारबाट हराउनुभएझैं देखियो नि ?**

- मुख्य प्रतिकूलता के थियो भने हामी बढी कलाकार थियौं, व्यवस्थापक थिएनौं । यस क्षेत्रमा व्यवस्थापन, मार्केटिङ आदिको पनि त्यत्तिकै जरूरत हुन्छ । तर ती कामहरू हाम्रो बुताबाट हुँदै नहुने रहेछ । त्यो कुरा यसपाली पनि देखिदैछ ।

**+ *आरोहण*का सरोज खनालजस्ता राम्रा कलाकारहरू सिनेमातिर गए । तपाईं पनि केही समय सिनेमातिरै बढी लाग्नुभएको देखियो । सिनेमाको आकर्षण र प्रभावले रंगमंचप्रति लगाव छुटेको त होइन ?**

- मैले यसबीच दुईवटा सिनेमामा खेलें, त्यो पनि तीन चार वर्षको ग्यापमा । साथीहरूले साह्रै कर गरेको हुनाले *परिभाषा* खेल्नुपऱ्यो । अर्कोचाहिँ, *बलिदान* फिल्म बन्ने हुँदा मलाई त्यसमा रूचि लागेको थियो । किनभने त्यो एउटा ऐतिहासिक फिल्म बन्छजस्तो त्यतिखेर मलाई लागेको थियो । टेलिभिजनमा चाहिँ मैले केही फिल्महरू खेलें र केही निर्देशन गरें । टेलिभिजनको कामले नाटकलाई असर गरेको चाहिँ होइन । तर धेरै साथीहरूको स्थिति अलि फरक होला । रंगमंचमा आर्थिक असुरक्षा छ र त्यसको सीमा पनि छ । नाटक भनेको मास प्रोडक्सन होइन । यो धेरै दर्शकसम्म एकैचोटि पुग्दैन । जुन साथीहरू नाटकबाट सिनेमातिर जानुभयो उहाँहरूले त्यसरी जानुमा धेरै दर्शकहरूसम्म एकैचोटि पुग्ने लोभ पनि होला । अर्को कारण आर्थिक सुरक्षा पनि हो ।

**+ विज्ञान र प्रविधिको चमत्कारिक विकासले कलाको क्षेत्रमा पनि नाटकलाई पछाडि धकेलेर सिनेमालाई नै अभिव्यक्तिको सशक्त माध्यमको रूपमा स्थापित गरेकोले नाटकको प्रासङ्गिकता घटेको जस्तो लाग्दैन ?**

- लाग्दैन । किनभने नाटक मास प्रोडक्सन होइन । नाटकका आफ्नै खालका सीमित दर्शकहरू हुन्छन् । नेपालजस्तो ठाउँमा त नाटकका दुई किसिमका सम्भावनाहरू छन् । एउटा, विकासे नाटकहरू अथवा सडक नाटकहरू । त्यस्ता नाटकहरू जन-सरोकारका विषयहरू लिएर सडकमा पुगिन्छ र देखाइन्छ । होइन, तपाईंलाई फरक किसिमले काम गर्न मन लाग्यो भने थोरै मान्छेहरूलाई सानो ठाउँमा देखाउने । तर नाटकचाहिँ मर्दैन ।

**+ 'अनि देउराली रून्छ भन्ने नाटकले राम्रा नाटकका मनग्गे दर्शकहरू हुँदा रहेछन् भन्ने देखाएको थियो । त्यसपछि 'रातको प्रथम प्रहर भन्ने नाटक आयो र राम्रै चल्यो । त्यही समयमा एकेडेमीबाट 'फर्केर हेर्दा' भन्ने नाटक तयार भयो र राम्रै चल्यो । अनि तपाईंहरू आउनुभयो । समग्र वातावरणमा नाटकको एउटा छाल नै उर्लियो । त्यसपछि सबै समाप्त, सामसुम भयो बीचमा । बीचमा यो के भयो त ?**

- त्यसमा तीन चारवटा कुराहरू छन् जस्तो मलाई लाग्छ । एक, त्यो बेलामा नेपालमा टेलिभिजन थिएन । केही थोरै घरहरूमा मात्र भारतीय टेलिभिजन हेर्ने चलन थियो । माठमाण्डौको गुच्चा टोल, मखनतिर भिडियो फिल्म देखाउने अलिअलि चलन थियो । मान्छेहरूसँग मनोरंजनको खासै बिकल्प थिएन । त्यसैले परिवारहरू, खासगरी मध्यम वर्गीय परिवारहरू नाटक हेर्न जाने प्रवृत्ति जनजीवनको एउटा अंगजस्तो हुन थालिसकेको थियो । त्यही हाराहारीमा तीन चारवटा चीजहरू गडबड भए । एक, नाटकको क्वालीटीलाई कायम राख्नुपर्ने थियो, तर त्यो स्वाट्टै हराएर गयो । जतिखेर

**नाटक मास प्रोडक्सन होइन । नाटकका आफ्नै खालका सीमित दर्शकहरू हुन्छन् ।**

बढी नाटकहरू आउनथाले र पैसा उठ्नथाल्यो अनि नाटकका छरपष्ट समूहहरू खुले । अनि जुन नाटक 'हिट' भयो त्यसको नक्कल गरेर अर्को नाटक देखाउने चलन शुरू भयो । यस्तो भएपछि पनि बिस्तारै दर्शकहरू नाटकबाट टाढिन थाले । अर्को, हरेक दिन नयाँ नाटकहरू आउन थालेपछि त्यसले दर्शकहरूको क्रयशक्तिलाई चुनौती दियो । टेलिभिजन आइसकेपछि पहिला जसरी माइकिङ्ग र पोष्टरहरूद्वारा सस्तोमा एकसरो नाटकको प्रचार गरिन्थ्यो, त्यो प्रचारशैली अपुग भयो । बजार व्यवस्थापन र प्रचार-प्रसारमा नयाँ र बिस्तृत कामहरू गर्नुपर्ने चुनौती आयो रंगमंचलाई । त्यस चुनौतीलाई रंगमंचले सामना गर्नसकेन ।

**+ तिनै अप्ठ्याराहरूकै बीचबाट तपाईंहरूले *आरोहण शनिवार* शुरू गर्नुभएको थियो । सार्थक नाटक प्रस्तुत गर्ने र त्यस्ता नाटकका गम्भीर दर्शकहरू निर्माण गर्नेजस्ता जोखिमपूर्ण 'मिशन'हरू थिए तपाईंहरूका । अहिले फेरि तपाईंहरू त्यही कामलाई अघि बढाउने प्रयास गर्दै हुनुहुन्छ । अब मन्नुस्, तपाईंहरूको सपना र त्यसलाई साकार पार्ने प्रतिबद्धताहरू के के हुन् ?**

- हामीभित्र पनि बीचको अवधिमा के गर्ने भन्ने बडा गजबको अन्यौल रह्यो । के गर्ने, कता जाने, नाटकै नगर्ने हो कि भन्नेसम्ममा पनि पुगेर फर्केका हौं हामी । अन्त्यमा गएर हामीले निधो गऱ्यौं- दुईवर्ष मन लागेको काम गरौं, अनि त्यसपछि पनि चित्त बुझेन भने छोडौंला । छोड्ने विकल्प त छँदै थियो । तर हामीलाई के लागेको थियो भने छोड्नुभन्दा अगाडि 'त्यो काम एउटा गर्न मन थियो त्यो चैं गरिएनछ' भन्ने अवस्था नरहोस् । यही हिसाबले पनि अहिले हामीले एकेडेमीसँग मिलेर नाटक देखाउने काम शुरू गरेका हौं ।

नेपालमा एउटा ड्रामा स्कूल होस् भन्ने पहिलेदेखिकै एउटा ठूलो सपना हो हाम्रो । त्यसले रंगमंचको निम्ति एउटा राम्रो वातावरण बनाउँछ । तीनवर्षे कोर्स भएको एउटा ड्रामा स्कूल खुल्यो भने खुलेको पाँच सात वर्षमा नेपाली नाटक र सिनेमाको अभिनयको स्तरदेखि लिएर धेरै कुरामा गुणात्मक परिवर्तन आउँछ । पक्कै परिवर्तन आउँछ भन्ने मलाई एकदम विश्वास छ । खोल्ने, खोल्ने भनेर अलि अगाडि ललितकला क्याम्पससँग जोडिएर खोल्ने कुरा आयो र त्यो कुरा त्यत्तिकै हरायो । अहिले आएरचाहिँ त्यसतर्फ केही काम शुरू भएको छ । रफ सिलेवस बनिसकेको छ, डिटेल सिलेवस बन्दैछ । त्रिभुवन विश्वविद्यालय वा काठमाण्डौ विश्वविद्यालय कोसँग सम्बद्ध भएर हुनसक्छ हेर्दैछौं । काठमाण्डौ विश्वविद्यालयसँग त एकचरण कुरा पनि भैसक्यो । उहाँहरू सकारात्मक हुनुहुन्छ । आउँदो वर्षदेखि ड्रामा स्कूल शुरू गर्ने भन्ने कुराको छेउछाउतिर पुगेका छौं अहिले ।

अर्कोकुरा, अहिले अघिल्लो बर्षदेखि नेपाल, इन्टरनेशनल थिएटर इन्स्टिच्यूट (ITI) को सदश्य भयो । त्यो युनेस्कोसँग जोडिएको अन्तरराष्ट्रिय संस्था हो । पेरिसमा यसको मुख्यालय छ । ९२/९३ देशहरू यसको सदश्य छन् । अन्तरराष्ट्रिय भाइचारा र प्रस्तुतिहरूको आदान प्रदानदेखि लिएर नाटकको निम्ति अन्तरराष्ट्रिय प्लेटफर्म बनाउनका निम्ति खोलिएको संस्था हो यो । अहिले त्यसको Asian Regional Beuro पनि खोलियो । त्यसको पनि नेपाल सदश्य छ । अभि दाई (अभि सुवेदी) हालै त्यसको पहिलो सेमिनारमा भाग लिएर आउनुभयो । त्यो ब्यूरो नेपाल, भारत, बंगलादेश आदिकै बढी चासोले पनि खोलिएको हो । यहाँको ड्रामा स्कूललाई अलिअलि सहयोग त्यताबाट पनि जुट्छ कि भन्ने लाग्छ । त्यसका सदश्य देशहरूले सहयोग गर्लान् भन्ने आशा छ । त्यसपछि, अहिले गर्दै गएपछि लाग्न थालेको के हो भने यदि नियमित काम गर्न चाहने हो भने आफ्नो ठाउँ नभैकन काम गर्न सकिंदैन । चाहे सानै होस्, तर आफ्नो ठाउँ होस् । आफ्नो ठाउँ हुने बित्तिकै आर्थिक चाप कम हुन्छ । दोस्रो, मान्छेहरू जम्मा हुने एउटा निश्चित ठाउँ हुन्छ । त्यसो भएपछि आफूलाई मन लागेको बेलामा नियमित काम गर्न सकिन्छ । नाटकै भएन भने पनि त्यस ठाउँमा कहिले कविता गोष्ठी हुनसक्छ, कहिले बिचार गोष्ठी हुनसक्छ, कहिले चित्रकला प्रदर्शनी हुनसक्छ । मानिसहरूलाई पनि त्यहाँ यस्तो हुन्छ जाउँ भन्ने एउटा ठाउँ हुन्छ । त्यसो हुँदा दर्शकहरू बढ्ने संभावना पनि हुन्छ ।

## नेपालमा एउटा ड्रामा स्कूल होस् भन्ने पहिलेदेखिकै एउटा ठूलो सपना हो हाम्रो



*'बिना चिहानको मृत्यु' नाटकमा अभिनय गर्दै सुनील पोखरेल*

त्यसैले गत छ सात महिनादेखि हामी भाडामै भएपनि आफ्नो निश्चित ठाउँ खोज्न लागिपरेका छौं । अहिले हामी लागेको र अगाडि जाने बाटो देखेको चाहिँ एउटा ड्रामा खोल्ने स्कूल र एउटा नियमित नाटक देखाउने ठाउँ उपलब्ध गर्ने नै हो ।

**+ अहिले तपाईंहरूले शुरू गर्नुभएको नाटक देखाउने पछिल्लो क्रममा पनि समयगत अनियमितता देखियो । यतिबेला पनि तपाईंहरूविरुद्ध आइलागेका चुनौतीहरू के के हुन् ?**

- हाम्रो आफ्नो हल छैन । सबभन्दा पहिला समस्या त्यहींबाट शुरू हुन्छ । त्यसपछि दर्शकहरूसम्म पुग्ने हाम्रो प्रचारतन्त्र छैन- क्यैपनि । हाम्रो अर्को समस्या के हो भने व्यवस्थापनको अलग्गै निकाय पनि हामीसँग छैन । दर्शकहरूसँग सजिलोसित पुग्ने प्रजातन्त्र पनि हामीसँग छैन । प्राविधिक कुराहरू मिलाउँदा मिलाउँदै भ्याइँदैन र नाटकको प्रस्तुतिमा चित्त बुझ्दो क्वालिटी आउने संभावना कम भइरहेको छ ।

**+ सरकार र प्रमुख प्रतिपक्षी दलगायत सत्ताको वरिपरि रहेका राजनीतिक शक्तिहरूमा स्वस्थ संस्कृतिप्रति जिम्मेबारीको भावना नभएकाले पनि अप्ठेरो मैरहेको भन्ने लाग्दैन ?**

- राजनीतिले, त्यसमा पनि कुर्सी छेउछाउको राजनीतिले हरेक क्षेत्रलाई यति गाँजेको छ कि त्यसभन्दा पर्तिर राजनीतिकर्मीहरूले सोच्छन् जस्तो पनि लाग्दैन मलाई । पहिला पहिला पंचायतको बेलामा म देख्थें, खासगरी वामपन्थीहरूमा नाटक हेर्नजाने चलन थियो । त्यो हिसाबले मलाई वामपन्थीहरू सत्तामा पुगे भनेचाहिँ यस क्षेत्रको निम्ति केही गर्छन् कि भन्ने लागेको थियो । तर उनीहरूले पनि केही गरेनन् । प्रजातन्त्र आएको एक दशक नाघिसक्यो अहिलेसम्म राज्यको सांस्कृतिक नीति के हो भन्ने कुरा कसैलाई थाहा छैन । राज्यले संस्कृतिलाई डोऱ्याउने त होइन, तर एउटा ठूलो घेरामा हामी यतातिर जानुपर्छ है भनेर सांस्कृतिक यात्रामा दिशानिर्देश गर्नुपर्थ्यो, त्यति पनि भएको छैन । सामान्य शान्ति सुरक्षा भन्ने चीज त रहेन भने कला र संस्कृति भन्ने कुरा त धेरै परको कुरा हो ।

**+ विदेशी टेलिभिजन च्यानलको बाढी, अश्लील साहित्य, घटिया हिन्दी फिल्म आदिले निर्माण गरेको विकृत पर्यावरणको बीचमा स्वस्थ र सार्थक रंगकर्म जोगिने र विकसित हुने उपायहरू के हुन् त ? तपाईंहरू भयावह खतराहरूको बीचमा हुनुहुन्न ?**

- स्वस्थ्य र सार्थक संस्कृति निर्माणको धार संसारभरिनै खतरामा छ । संस्कृतिको मुख्य धाराभन्दा फरक भएर काम गर्न खोज्नेहरू खतराहरूका बीचमै छन् । विदेशतिरसार्थक कामहरूमा राज्यको, सम्बन्धित सांस्कृतिक निकायको र कहिलेकाहिँ ब्यापारिक संस्थाहरूको पनि सहयोग रहेको देखिन्छ । हामीकहाँ यस्तो पनि छैन । तर अहिले म के देखिरहेछु भने स्कूलको लेवलबाट हामीले काम गर्न सक्यौं भने सम्भवतः त्यसको दूरगामी प्रभाव राम्रो आउनेछ । ❑

**- प्रस्तुति : गोविन्द वर्तमान**

◀ दर्शन

# विज्ञानका पछिल्ला आविष्कारहरू र निषेधको निषेधको नियम



हाम्रो ब्रम्हाण्ड

- प्रज्ञानरत्न -

निषेधको निषेधको नियमको गूदी कुरा के हो भने ब्रम्हाण्डमा जे जति बस्तुहरू छन् ती कुनै अर्को पुरानो बस्तुको निषेधबाट पैदा भएका हुन्; र, पुरानोको निषेधबाट पैदा भएको नयाँ जुन बस्तु छ त्यसको पनि गतिको कुनै एउटा खास बिन्दुमा निषेध हुन्छ । कुनै पनि क्षेत्रमा बिकास भन्ने कुरा, गुणात्मक हेरफेर भन्ने कुरा, गुणका हिसावले नै नयाँ बस्तु भन्ने कुरा, पहिले अस्तित्वमा रहेको बस्तुको निषेधबाट मात्र पैदा हुन्छ ।

निषेधको निषेधको नियम भनेको सारमा बस्तुहरूबीचको, पुरानो र नयाँ बीचको सम्बन्ध र अन्तरसम्बन्ध छर्लंग पार्ने नियम हो । संसारमा कुनै पनि बस्तु अलग-थलग रूपमा, फुट्टो रूपमा, आकाशबाट टपक्क झरेझैं गरेर पैदा हुँदैन । पुरानो बस्तुकै निषेधबाट नयाँ बस्तु पैदा हुन्छ, पुरानोकै ध्वंशबाट नयाँ बस्तुको उत्पत्ति हुन्छ, नयाँ पनि निषेधको प्रक्रिया भएर गुज्रँदा गुणमा बिल्कुलै भिन्न अर्को बस्तु पैदा हुन्छ । त्यसैले, निषेधको निषेध भनेको संसारको प्रत्येक बस्तुको बिकासको दिशा हो । यो विभिन्न बस्तुहरूबीच, पुरानो र नयाँबीच ऐतिहासिक अन्तरसम्बन्ध हुन्छ भन्ने कुराको संक्षेपमा अभिव्यक्ति हो ।

निषेधको निषेधको नियमको अर्को गूदी कुरो के हो भने पुरानोको निषेध हुँदा पुराना सबै कुराको निषेध हुँदैन । थोत्रो, मक्किसकेको, विकासको लागि बाधक भएको कुराको मात्र निषेध हुन्छ । परन्तु सकारात्मक र अझैं प्रगतिशील कुराहरू भने नयाँ बस्तुमा पनि सर्छन् र कायमै रहन्छन् । जस्तो, समाजवादमा पूँजीवादले विकास गरेको सकारात्मक र अझै प्रगतिशील कुराहरू, विज्ञान र प्रविधिहरू, उत्पादन गर्ने विकसित तरीकाहरू ज्यूँ का त्यूँ रहन्छन् । खालि चुसाहा वर्गहरू, शोषणको सम्बन्ध, व्यक्तिगत संपत्ति, मान्छेको अमानवीकरण र अलगावको प्रक्रिया र नाफाको लागि जे पनि गर्ने व्यक्तिवादी संस्कृतिको मात्र ध्वंश गरिन्छ ।

*पुरानो बस्तुकै निषेधबाट नयाँ बस्तु पैदा हुन्छ, पुरानोकै ध्वंशबाट नयाँ बस्तुको उत्पत्ति हुन्छ, नयाँ पनि निषेधको प्रक्रिया भएर गुज्रँदा गुणमा बिल्कुलै भिन्न अर्को बस्तु पैदा हुन्छ ।*

निषेधको निषेधको प्रक्रिया सरल रेखामा हुँदैन, यो कुम्हालेको चक्रको गतिमा पनि हुँदैन, यो घुमाउरो स्प्रीङ्गको ढाँचामा, धरहराको सिँढीको ढाँचामा हुन्छ । निषेधको निषेध हुँदा पुराना घटनाहरू दोहोरिएझैं लाग्छ मात्रै, वास्तवमा त्यो हूबहू उस्तै ढंगले दोहोरिएको हुँदैन । त्यो विकसित भएर झन् नयाँ उँचाइमा पुगिरहेको हुन्छ, झन् झन् विकसित भइरहेको हुन्छ, जस्तो कुनै टावरको, घुमाउरो सिंढी चढ्दा अथवा धरहराको सिंढी चढ्दा हामी घुम्दै झन् झन् माथि पुगिरहेका हुन्छौं ।

हरेक बस्तुको निषेधको ढंग विशेष प्रकारको हुन्छ । बस्तुको स्वभाव र बिशेषताअनुसार बस्तुको निषेधको ढंग हुन्छ । मकैको निषेध जसरी हुन्छ, त्यसरी मान्छेको निषेध हुँदैन, मान्छेको निषेधको प्रक्रिया माहुरीसित मिल्दैन । परन्तु सबै बस्तुको निषेध भने अवश्य हुन्छ, तर आफ्नै विशेष ढंगले ।

निषेध बाहिरी बल प्रयोग गरेर जबर्जस्ती पनि हुन संभव छ, परन्तु यो यान्त्रिक निषेध हो । जस्तो, गाडीले कुल्चेर मान्छे मार्नु, मकैलाई आगोमा भुटी दिनु । तर यान्त्रिक निषेधमा बस्तुको विकास हुँदैन । द्वन्दात्मक निषेध भने यस्तो प्रकारको हुँदैन । बस्तुहरूको विपरीत पक्षहरूको अन्तरविरोध र अन्तर्संबन्धको कारणले हुने निषेध द्वन्दात्मक निषेध हो । द्वन्दात्मक निषेधमा पुरानो वस्तुको ध्वंश मात्र हुँदैन, बस्तुको विकास पनि हुन्छ, गुणमै नयाँ अर्को बस्तुको उत्पत्ति पनि हुन्छ । यान्त्रिक निषेध कुनै पनि बेला संभव हुन्छ । तर द्वन्दात्मक निषेध त्यतिखेर मात्रै संभव हुन्छ, जब बिपरीत पक्षहरूबीचको अन्तरविरोध परिपक्व बन्छ, जब पुरानो बस्तुको मात्रात्मक विकास चुलीमा पुगेर फड्को हान्ने चरणमा उक्लन्छ ।

निषेधको निषेधको नियमको गूदी कुराहरू यिनै हुन् । के बिज्ञानका पछिल्ला उपलब्धि र आविष्कारहरूले यी गूदी कुराहरूलाई बेठीक ठह्याएका छन् ? के निषेधको निषेधको नियममै पुनर्विचार गर्नुपर्ने ढंगले बिज्ञानमा नयाँ उपलब्धि र आविष्कारहरू बिकसित भएका छन् ?

यो बिस्तृत, सर्वांगीण र गहन खोज अनुसन्धानको विषय हो । यसबारे केही अध्ययन र खोजी जुन गरिएको छ, त्योबारे यस लेखमा निकै संक्षिप्तमा चर्चा गर्नेछौं । यो खोजी पर्याप्त नहुन संभव छ, किनकि बिज्ञानको क्षेत्र यति ब्यापक भएको छ कि एउटा व्यक्तिले आफ्नै जीवन कालमा बिज्ञानको हरेक क्षेत्रको पछिल्लो उपलब्धिको जानकारी राख्नु महामुश्किलको कुरो भएको छ । सामूहिक प्रयत्नबिना यसो गर्नु असंभवप्राय भएको छ । परन्तु यो त्यस दिशामा प्रारम्भिक पाइला मात्रै हो ।

बीसौं शताब्दीमा नक्षत्र विज्ञानका क्षेत्रमा युगान्तकारी उपलब्धिहरू भएका छन् । के पत्तो लागेको छ भने हामी जसलाई तारा वा नक्षत्र भन्दछौं, त्यो प्रारम्भमा धूलो र ग्याँसको बादल सिवाय केही थिएन । बादलमा विद्यमान बस्तुहरूको आफ्नै

गुरूत्वाकर्षणको कारणबाट कुनै विशाल डल्लोको सिर्जना भई जब यो अनियमित आकारको बादलको निषेध भयो, त्यस बादलको केन्द्रिय भागमा रहेका बस्तुहरूमा औधी चाप सृजना भयो र त्यही कारणबाट त्यहाँ तापक्रम बढ्यो । जब यो तापक्रम निश्चित उँचाइसम्म बढ्यो, यसको गूदीभित्र रहेका परमाणुहरूबीच नाभीकीय सम्मिलन (Nuclear fusion) को घटना घटित हुन शुरू भयो । नाभीकीय सम्मिलनबाट जुन अपार उर्जा पैदा भयो, त्यसैको आगो वा आगोको चम्काहटलाई नै हामी तारा वा नक्षत्र भन्दछौं । सूर्य पनि एउटा तारा वा नक्षत्र हो ।

बैज्ञानिकहरूले अझै धूलो र ग्याँसको बादल के कारणले धराशायी हुन शुरू गर्छ त्यसको बिस्तृत सटिक कारण पत्ता लाउन सकेका छैनन् । तर के चाहिं पत्ता लागेको छ भने यो आफ्नै गुरूत्वाकर्षणको कारणले एउटा खास बिन्दुमा धराशायी हुन्छ र त्यसैबाट तारा पैदा हुन्छ । तारा वा नक्षत्र, यसप्रकार, धूलो र ग्याँसको बादलको निषेध हो ।

बैज्ञानिकहरूले के पनि पत्तो लगाएका छन् भने तारा पनि चिरस्थायी कुरो होइन । ताराको विकासको गतिको एउटा खास बिन्दुमा यसको पनि निषेध हुन्छ । अर्थात्, यसको अन्त्य हुन्छ । र यसमा निषेधको निषेध हुने घटना घट्छ । जब एउटा खास साइजको ताराको गूदीभित्र विद्यमान हाइड्रोजन ग्याँस सम्पूर्ण रूपमा बलीसक्छ, ताराको गूदी खुम्चिन थाल्छ र अन्ततः "ब्ल्याक होल" का रूपमा ताराको मृत्यु हुन्छ । हुन्छ के भने एउटा खास साइजको तारा ब्ल्याक होलको स्थितिमा पुग्दा ताराको गुरूत्वाकर्षण बल यति ज्यादा हुन्छ कि यसले प्रकाशको किरणलाई समेत पनि आकर्षण गरी बाहिर निक्लन दिंदैन । यसरी तारा चम्किलो बस्तुको रूपमा देखिनै छोड्छ । यसैलाई हामी-ताराको अन्त्य भन्छौं ।

नक्षत्र बिज्ञानका पछिल्ला उपलब्धिहरूले के देखाएका छन् भने नक्षत्र वा ताराको पनि शुरू छ र त्यसको अन्त्य पनि छ । तारा कुनै अर्को बस्तुको निषेध हो र यसको पनि निषेध हुन्छ ।

बीसौं शताब्दीमा बैज्ञानिकहरूले के पनि पत्तो लगाएका छन् भने खालि तारा मात्र होइन, खरबौं ताराहरू भएको ब्रम्हाण्डको समेत शुरू छ र यसको अन्त्य पनि छ । हाम्रो बम्हाण्ड १५ अरब वर्षभन्दा पुरानो छैन । ब्रम्हाण्ड कसरी उत्पत्ति भयो भन्ने सम्बन्धमा बैज्ञानिकहरूबीच एउटै मतो भइसकेको छैन । परन्तु धेरै बैज्ञानिकहरू करीव १५ अरब वर्षअघि भएको "बिग ब्यांग (ठूलो बिष्फोट)" बाट हाम्रो ब्रम्हाण्ड शुरू भएको कुरामा विश्वास गर्छन् ।

यसप्रकार, नक्षत्र बिज्ञानका नयाँ नयाँ खोज र आविष्कारहरूले के छर्लंग पारिरहेछन् भने- ताराहरू र ब्रम्हाण्ड



**आइन्स्टाइनको $E=mc^2$ समीकरणले प्रस्तुत गरेको बिल्कुलै नयाँ बैज्ञानिक प्रस्थापना के हो भने पिण्ड भनेको उर्जाको रूप हो, पिण्ड र उर्जा भनेका एउटै बस्तुका दुईटा पाटा हुन् ।**

सबै कुनै अर्को बस्तुको निषेधबाट पैदा भएका हुन् र निषेधको निषेधको नियम नक्षत्र बिज्ञानका क्षेत्रमा बारम्बार सही सावित भएको छ ।

बीसौं शताब्दीको एउटा महानतम बैज्ञानिक उपलब्धि अल्बर्ट आइन्स्टाइनको विशेष सापेक्षतावादको सिद्धान्त हो, जुन उनले सन् १९०५ मा अघिसारेका थिए । उनले यो सिद्धान्त विकास गर्दा अघि सारेको $E=mc^2$ भन्ने समीकरणले भौतिक बिज्ञानको विकासमा ठूलो योगदान पुऱ्याएको थियो । यो समीकरणले प्रस्तुत गरेको बिल्कुलै नयाँ बैज्ञानिक प्रस्थापना के हो भने पिण्ड भनेको उर्जाको रूप हो । पिण्ड र उर्जा भनेका एउटै बस्तुका दुईटा पाटा हुन् । उर्जा कम गतिशील हुँदा पिण्डमा बदलिन्छ; पिण्ड प्रकाशको गतिसरह गतिशील हुँदा उर्जामा बदलिन्छ ।

यस हिसावले पिण्ड भनेको उर्जा प्रकाशभन्दा कम गतिवान हुने क्रममा उर्जाको एउटा खास रूपको निषेध हो; ठीक त्यस्तै, उर्जा भनेको पिण्ड प्रकाशको गतिसरह गतिवान भएको अवस्थामा पिण्डको पहिलेको रूपको निषेध हो । कुनै पनि बस्तु प्रकाशको गतिसरह तेज गतिमा चल्न थाल्यो भने त्यो बस्तुको पहिलेको रूपको निषेध हुन्छ, त्यो उर्जामा परिणत हुन्छ । त्यस्तै उर्जा प्रकाशको गतिभन्दा कम गतिशील हुँदै गयो भने उर्जाको पहिलेको रूपको निषेध हुन्छ र गतिको खास खास बिन्दुमा विभिन्न नामका बस्तुमा परिणत हुन्छ ।

यसप्रकार आइन्स्टाइनको विशेष सापेक्षतावादको सिद्धान्तले द्वन्दवादको निषेधको निषेधको नियमलाई बेठीक सावित गरेको छैन । यसले त निषेधको निषेधको नियम सही छ भनेर थप बैज्ञानिक प्रमाण मात्र जुटाएको छ ।

बीसौं शताब्दीमा मानवशास्त्रको पनि ठूलो विकास भएको छ । विकसित पछिल्लो मानव शास्त्रअनुसार आधुनिक मानव- अर्थात् "होमो स्पापियन्स"- "होमो इरेक्टस" नाम गरेको खडा भएर हिंड्न सक्ने ढेडू बाँदरको निषेधबाट विकसित भएको हो । बदलिएको हावापानी र धरातलमुताविक रूखहरू खत्तम भएर लामा लामा घाँस मात्र रहेको नयाँ परिस्थितिमा जुन जुन "होमो इरेक्टस"हरूले आफूलाई बदलिएको परिस्थितिअनुरूप बदल्न सके, ती होमो स्यापियन्समा परिणत भए, जसले बदल्न सकेनन्, ती ध्वंश भएर गए । यसप्रकार, "होमो इरेक्टस को निषेधबाट लामो समय लगाएर "होमो स्यापियन्स" यसरी विकसित भएका हुन् । निषेधको निषेध हुने प्रक्रिया मानव शास्त्रमा उति नै राम्रोसित विद्यमान देखिन्छ । ❑

*तारा बन्नुअघिको धूलोयुक्त बादल : जुन धराशायी भएपछि ताराको उदय हुन्छ*



# क. पियुषको आलोचनात्मक प्रतिक्रियामा मेरो प्रत्युत्तर

◆ श्याम श्रेष्ठ ◆

**गताङ्कको बाँकी**

## *क. पियुषको तेश्रो आलोचना*

क. लामा बित्नुभएपछि *मूल्यांकन*मा मैले लेखेको आवरण कथामा व्यक्त कुराहरूप्रति प्रतिवाद गर्ने क्रममा क. पियुषले 'क. लामाप्रतिको चरम नकारात्मकताले गर्दा' र मेरो 'आफूलाई धुरी बनाएर सोच्ने चिन्तनले गर्दा' क. लामासँग सँगै बसेर काम गर्न नसक्ने तिक्त निष्कर्ष निकालेर मैले र मेरा साथीहरूले पार्टी छोडेको भनी आलोचना गर्नुभएको छ ।

क. पियुषको यो आलोचना पनि सत्यतथ्यमा आधारित छैन । यसमा उल्टो, उहाँ आफैंले थाहा पाएको सत्यतथ्यको समेत ज्यादै ठूलो तोडमरोड छ ।

पहिलो कुरा, क. पियुषलाई के राम्रोसित थाहा छ भने, म र मेरा साथीहरूले तत्कालीन घडीमा आफूखुशीले पार्टी छोडेका थिएनौं, हामीलाई पार्टी छोड्न विवश गराइएको थियो । मूल्यांकनलाई पार्टीको मुखपत्र बनाउने कि पार्टी छोड्ने ? यी दुईमध्ये एटा विकल्प रोज्न तत्कालीन ने.क.पा. (एकता केन्द्र) का महामन्त्री क. प्रचण्डले हामीलाई बाध्य पारेको स्थितिमा मूल्यांकनलाई पार्टीको मुखपत्र बनाउन अस्वीकार गरेर हामीले एकता केन्द्र छोडेका थियौं ।

यो कुरा राम्ररी थाहा हुँदाहुँदै तथ्यहरूको मनोमानीपूर्ण ढंगले तोडमरोड गरेर क. लामासँगसँगै बस्न नसक्ने निष्कर्ष निकालेर हामीले पार्टी छोडेको भनेर क. पियुषले कसरी भन्नु सक्नुभयो ? यो मलाई गजब लागिरहेछ ।

जहाँसम्म क. लामाप्रतिको चरम नकारात्मकताको चर्चा क. पियुषले गर्नुभएको छ, त्यसको खण्डन बेली बिस्तारसहित माथि नै गरिसकेको छु । त्यसैले, म त्यसलाई यहाँ पुन : दोहोऱ्याउँदिन । परन्तु, मसँग आफूलाई धुरी बनाएर सोच्ने चिन्तन छ र त्यही चिन्तनले गर्दा क. लामालाई छाडेर अर्को पार्टी बनाएको भन्ने क. पियुषको आरोप छ, त्यो पनि आधारहीन छ ।

मैले आफूलाई धुरी बनाएर सोच्दो हुँ त म एकता केन्द्र कुनै पनि हालतमा छोड्दिनथें । किनकि, क. पियुष स्वयम्ले लेख्नुभएको छ, क. लामापछिको दोश्रो प्रमुख नेता पार्टीमा मै थिएँ । त्यसैले क. लामा काम गर्न नसक्ने स्थितिमा एकता केन्द्रको शीर्षस्थ नेता त मै हुन्थें । म आत्मकेन्द्रित हुँदो हुँ त देशभरि स्थापित नाम चलेको एउटा ठूलो पार्टीको शीर्षस्थ नेता हुन छोडेर एउटा सानो कतै नाम नचलेको समूह बनाउन म किन अग्रसर हुन्थें ?

त्यसैले, आत्मकेन्द्रित चिन्तनले गर्दा नै मैले क. लामा र पार्टी छोडें भन्ने क. पियुषको आरोपमा कुनै तूक छैन । हो, म के चाहिं स्वीकार्छु भने मैले आफैंले आफूलाई भित्रसम्म झाँकेर हेर्दा, मभित्र आत्मकेन्द्रित प्रवृत्ति चाहिं केही मात्रामा अझै छ र बेला बेलामा त्यो प्रवृत्तिसित मेरो बुद्धिविवेकको झगडा पर्छ । कहिलेकाहीं त्यसले टाउको पनि उठाइहाल्छ । परन्तु, मेरो प्रमुख निर्णय र क्रियाकलापहरू त्यही प्रवृत्तिबाट निर्देशित हुन्छन् भन्ने चाहिं सत्य होइन । तथापि, क. पियुषले मलाई त्यो सवालमा आलोचना गर्ने नैतिक-सांस्कृतिक हैसियत राख्नुहुन्छ भन्ने चाहिं पटक्कै लाग्दैन, किनकि उहाँ स्वयम् त्यो प्रवृत्तिबाट मुक्त हुनुभएको म देख्दिन । आफै खैनी खानेले अरूलाई खैनी खाएकोमा आलोचना गर्नु नैतिक हुन्छ र ?

जहाँसम्म मैले र मेरा साथीहरूले क. लामा र उहाँभएको पार्टी किन परित्याग गर्नुपऱ्यो त भन्ने सवाल छ, त्यसको तात्कालीक कारण र परिवेश त मैले माथि प्रस्तुत गरें । तर, त्यसका गहीरा आधारभूत वैचारिक सांस्कृतिक कारणहरू छन् । ती कारणहरू नभएको भए हामीहरूले मूल्यांकन र पार्टीमध्ये एउटा रोज्नु पर्दा पार्टी नै रोज्थ्यौं होला ।



## *ती कारणहरू के हुन् त ?*

पहिलो कारण हो- त्यतिखेर २०४७/२०४८ सालमा ने.क.पा. (चौम), ने.क.पा. (माशाल), सर्वहारा श्रमिक संगठन आदिबीच भएको गैर-सैद्धान्तिक पार्टी एकता । पार्टी एकता भनेको वैचारिक सैद्धान्तिक एकता हो । परन्तु, त्यो पार्टी एकता हामीलाई वैचारिक-सैद्धान्तिक एकतामा आधारित छ भन्ने ठ्याप्पै लागेन । त्यो वैचारिक एकता कम केवल कार्यनीतिक एकता (Tactical Unity) ज्यादा भन्ने लाग्यो । विशेषतः त्यो तात्कालीन ने.क.पा. (मशाल) को चौमका बूढा पुराना नेताहरू पाखा लगाइदिने, कार्यकर्ताहरू मात्रै तान्ने कार्यनीतिक दाउपेच हो भन्ने लाग्यो । त्यो पार्टी एकतामा तीनवटा टाउका अलग अलग नै अस्तित्वमा राखेर केवल टुप्पीमात्र एकै ठाउँमा बाँधेर त्यसैलाई पार्टी एकता भने झैं लाग्यो । त्यसैले, हामीले डटेर त्यो पार्टी एकताको विरोध गऱ्यौं । तर बहुसंख्यक साथीहरू पार्टी एकताको रोमाण्टिक भावुकतामा बग्नुभयो । हाम्रो कुराको पार्टी एकतासम्बन्धी चितवनमा भएको कार्यकर्ता भेलामा कुनै सुनवाइ भएन । परन्तु, पार्टी एकता भएको तीन वर्ष नबित्दै त्यही कुरो सत्य साबित भयो, जुन हामीले अनुमान र भविष्यवाणी गरेका थियौं ।

अहिले जुन माओवादी जनयुद्ध भनिने लाइन छ, त्यो २०४८ सालको पार्टी एकता-महाधिवेशनले बकाइदा पारित गरेको राजनीतिक लाइन हो ।

**मैले र मेरा साथीहरूले क. लामा र उहाँ भएको पार्टी किन परित्याग गर्नुपऱ्यो ?**

हामीलाई त्यो उग्रवामपन्थी र अराजकतावादी राजनीतिक कार्यदिशा पटक्कै स्वीकार्य भएन । त्यसैले, हामीले पार्टी एकता महाधिवेशनमा त्यो राजनीतिक रणनीति-कार्यनीतिको डटेर विरोध गऱ्यौं । आफ्नो वैकल्पिक विचारको दस्तावेज पनि प्रस्तुत गऱ्यौं । परन्तु, हामीले महाधिवेशनको प्रक्रियामा देख्यौं, न त दस्तावेज प्रस्तुतकर्तालाई आफ्नो विचारको व्याख्या गर्न देशव्यापी रूपमा जान दिइएको छ; न भिन्न मतका दस्तावेज नै इमान्दारीपूर्वक सबैतिर पुऱ्याइएको छ । प्रतिनिधि छनौटमा पनि आफ्नो बहुमत जसरी पनि जुटाउन जाल-झेल, छलकपट, षड्यन्त्र जस्ता सबै सामन्ती तौरतरीकाहरू अख्तियार गरिएको देखिएको छ । यसरी जालझेलपूर्वक बहुमत जुटाइएका मान्छेहरूको जमघट गरेर त्यसैलाई पार्टीको एकता महाधिवेशन भनेर ब्यहाँ हात-उठ्ठा गरेर, यान्त्रिक बहुमतले माओवादी जनयुद्धको लाइन पास गरिएको छ । यो हामीलाई ठ्याप्पै स्वीकार्य भएन । न एकता महाधिवेशनको पद्धति स्वीकार्य भयो, न त त्यसको वैचारिक निर्णय, न त्यहाँ प्रदर्शित गरिएको जालीझेली सामन्ती संस्कृति । नेतृत्वको दर्शन यान्त्रिक भौतिकवादी छ, राजनीति अराजकवादी उग्र वामपन्थी छ, संस्कृति सामन्ती छ, पार्टीमा भित्री जनवाद बहाल हुने पनि कुनै संभावना देखिन्न । अनि के कुरालाई आधार मानेर पार्टी एकता गर्ने र त्यस्तो पार्टीमा वा पार्टीको नेतृत्वमा बस्ने ?

त्यसैले हामीले एकता महाधिवेशनको अन्त्यमा एकता केन्द्रको नेतृत्वका र तल्लो तहका साथीहरूबाट निकै ठूलो जोड हुँदा पनि पार्टी केन्द्रिय समितिमा बस्न अस्वीकार गऱ्यौं । हाम्रो मत रह्यो कि, एकता महाधिवेशन यस प्रकारको रहेपछि ने.क.पा. (चौम), सर्वहारावादी श्रमिक संगठन, ने.क.पा. (जनमुखी) यसबाट अलग्गिनु पर्छ र छुट्टै पार्टी बनाउनु पर्छ । क. लामाको पनि शुरूमा त्यही मत थियो । परन्तु क पियुषको मुख्य पहलमा एकता केन्द्रका वर्तमान मूल नेतृत्वदायी कमरेडहरूको भने एकता महाधिवेशनको अन्त्यमा गजबको विरोधाभाषपूर्ण मत रह्यो- पार्टी केन्द्रिय समितिमा र पोलिटब्यूरोमा निश्चित संख्यामा सीट दिए बस्ने, नत्र नबस्ने, मानौं त्यति आधारभूत दार्शनिक, राजनीतिक र सांस्कृतिक मदभेदहरूचाहिँ केही होइन, त्यो गौण महत्वको कुरा हो, प्राथमिक र मूल कुरो पार्टी केन्द्रको निश्चित सीट संख्या हो ।

क. लामाले अन्ततः सहकर्मी साथीहरूको जोडमा आफ्नो मत बदल्नुभयो र एकता केन्द्रको नेतृत्वमा बस्नुभयो । हामी बसेनौं । २०४८ सालमा यसरी क. लामा र हामी एउटै पार्टीमा नरहने स्थिति पैदा भएको हो ।

हामीलाई अचम्म लागेको कुरो के भने- एकता महाधिवेशनमा त्यति आधारभूत वैचारिक राजनीतिक-सांस्कृतिक मतभेद हुँदाहुँदै पनि, एकता केन्द्रका वर्तमान साथीहरू त्यसैलाई पार्टी एकता मानेर पार्टी केन्द्रमा निश्चित सीट संख्या पाएपछि बस्नुभयो । परन्तु तीन वर्षपछि पार्टी नेतृत्वले माओवादी जनयुद्धको लाइन लागू गर्न लाग्यो र भित्री पार्टी जनवाद भएन भनेर त्यही पार्टी फेरि छोड्नुभयो । हाम्रो प्रश्न के हो भने, के महाधिवेशनबाट पारित राजनीतिक लाइन पार्टी नेतृत्वले लागू गर्नु बिल्कुलै पूर्व निश्चित र स्वभाविक कुरा थिएन र ? के त्यो पार्टीमा भित्री जनवाद हुनेवाला छैन भनेर एकता महाधिवेशनको प्रक्रियामै घाम जत्तिकै छर्लंग भइसकेको थिएन र ? यो स्पष्ट हुँदाहुँदै गैर-वैचारिक पार्टी एकतालाई स्वीकार गरेर किन पहिले बसियो, किन पछि छोडियो ? तपाईंहरूको पार्टी एकता र पार्टी छोडाइमा वैचारिक-राजनैतिक र सांस्कृतिक धरातल त पटक्कै रहेन नि !

यदि आधारभूत वैचारिक, राजनैतिक र सांस्कृतिक मतभेद हुनाको कारणले, पार्टीमा पार्टी भित्री जनवाद पनि नहुनाको कारणले एकता महाधिवेशनपछि हामीले प्रस्तावित गरेअनुसार तीवनटा पार्टी मिलेर छुट्टै पार्टी बनाउन तपाईंहरू राजी हुनुभएको भए म त त्यही पार्टीमा हुन्थें त । मेरा सबै साथीहरू पनि त्यही पार्टीमा हुन्थे । क. लामा पनि त त्यही पार्टीमा हुनुहुन्थ्यो । अनि कसरी क. पियुषले भने जस्तो हामीले क. लामालाई "चरम नकारात्मकता" र "आत्म केन्द्रित सोचकै कारणले छोडेका हुन्थ्यौं ?"

यसरी गहीरो मूल कारणमा जाने हो भने हामी सबै सँगै नहुनुको जरो कारण त एकता केन्द्रको एकता महाधिवेशनपछि तपाईंहरूले त्यत्रो आधाभूत वैचारिक-सांस्कृतिक मतभेदका बाबजूद त्यही पार्टीमा बस्ने गैर-वैचारिक निर्णय गर्नु होइन र ? अनि त्यो दोष केका आधारमा म र मेरा साथीहरूका थाप्लामा थोपर्न चाहनुहन्छ ?

हो, के कुरा इमान्दारीपूर्वक राखी दिनुपर्ने हुन्छ भने २०४७ सालको एकता प्रक्रिया र एकता महाधिवेशनसम्म पुग्दा क. लामा कम्युनिष्ट पार्टीको नेतृत्व गर्न सक्ने हालतमा हुनुहुन्छ भन्ने विश्वास चाहिँ ममा टुटिसकेको थियो । उहाँको नेतृत्वमा अब कम्युनिष्ट पार्टी निर्मित हुन र चल्न सक्दैन भन्ने कुराचाहिँ छर्लंग भइसकेको थियो ।

यी सम्पूर्ण वास्तविकताको परिप्रेक्ष्यमा क. लामा जीवित हुँदा चाहिँ उहाँलाई 'अछूत' र 'विजातीय तत्व झैं' ठान्ने, उहाँप्रति तिरस्कार र घृणा मात्र पस्कने, मर्न लागेपछि वा मरेपछि उहाँको विचार आफ्ना विचारसित मिल्छ भनी देखाउन खोज्ने' भनेर क. पियुषले ममाथि लगाउन खोज्नुभएको आरोप आधारहीन र पूर्वाग्रहप्रेरित देखिन्छ । क. पियुष स्वयम्लाई राम्ररी थाहा छ, हामीले लामाका माथि उल्लेखित विभिन्न वैचारिक र राजनीतिक सोचसित, उहाँको केही व्यक्तिगत दोष र कमी कमजोरीविरूद्ध डटेर लडेका थियौं । त्यो वैचारिक-सांस्कृतिक लडाइँमा क. पियुष आफैं हमेशा हामीसितै हुनुहुन्थ्यो । हाम्रो लडाइँ गर्ने ढंगमा थुप्रै कमी कमजोरी भए होलान्, मनोवैज्ञानिक पक्षको उपेक्षा भयो होला, परन्तु जुन जुन सवालमा हामीले क. लामासित संघर्ष गरेका थियौं, त्यो बिल्कुलै जायज र उचित थियो भन्ने अहिले पनि लाग्छ । त्यसमा अहिले पनि पछुतो लाग्दैन । क. पियुषले भने जस्तो यो लडाइँमा हामीले उहाँलाई कहिल्यै 'अछूतको' व्यवहार गरेनौं । कहिल्यै 'विजातीय तत्व' ठानेनौं । म आफूमा संप्रेषण र व्यवहार गर्ने उन्नत संस्कृति नभएर, कुरा प्रस्तुतिमा ढंग नपुगेर आपसी सम्बन्धमा कटुता जरूर पैदा भयो, परन्तु उहाँसित मेरो व्यक्तिगत शत्रुता कहिल्यै रहेन ।

तसर्थ, क. पियुषका माथि उल्लेखित धेरैजसो आलोचनाहरू मनगढन्त र पूर्वाग्रहप्रेरित देखिन्छन् । वास्तविक यथार्थ त्योभन्दा नितान्त बेग्लै छ । म आफू ज्यादै चकित भएको कुरा चाहिँ के हो भने, क. पियुषलाई यी जम्मै कुरा ज्यादै राम्ररी थाहा छ, उहाँलाई मात्र होइन, एकता केन्द्रका धेरै साथीलाई यो यथार्थ थाहा छ, तथापि यी सबै तथ्य जानकारीमा रहेर पनि कसरी क. पियुषले यी कपोलकल्पित आरोपहरू लगाउनु भयो ? क. पियुषमा यस्तो आफ्नो कुरा जसरी पनि माथि पार्न र बेठीक कुरा ठीक साबित गर्न जस्तोसुकै असत्य कुरा पनि गर्ने, मनगढन्त कुराहरू समेत सृजना गर्ने प्रवृत्ति हामीसँगै रहँदा देखिएको थिएन । यस्तो प्रतीत हुन्छ- यो आलोचनात्मक प्रतिक्रिया क. पियुषले या त अरू कसैको नाजायज दवाबमा लेख्नु भएको छ या उहाँमा यस बीचमा ठूलो असहिष्णु र संकीर्ण प्रवृत्ति हावी भएको छ । अन्यथा, यस्ता झूठ-मूठ मनगढन्त कुराहरू उहाँबाट आउन सक्ने कुरै होइनन् ।

"जीवनको पछिल्लो समयमा क. लामामा "चरम निराशा" छाएको थियो, निराशालाई झेल्ने उहाँको एउटै साधन अत्यधिक रक्सी-सेवन बनको थियो र उहाँ रक्सीको एडीक्ट नै बन्नुभएको थियो । "उहाँले आफ्नै नेतृत्व क्षमताप्रति आत्मविश्वास गुमाउनु भएको थियो । अनि अरू कसैप्रति पनि विश्वास गर्ने मानसिक हालत उहाँको थिएन ।" भनेर मैले लेखेको कुरालाई पनि क. पियुषले जथाभावी तोडमरोड गुर्नभएको पाइयो ।

क. पियुषको लेखाइ यस्तो छ- "जहाँसम्म क. लामाको "अत्यन्त निराशा"को कुरा छः यदि रक्सी पिएको विषयलाई आधारित गर्ने हो भने त्यो जीवनकै पछिल्लो कालको उपज थिएन । के चौमकालमा उहाँ रक्सी पिउनु हुन्नथ्यो र ? चौमको केन्द्रिय कार्यालयमा घटेका घटनाको श्यामजी आफैं भुक्तभोगी हुनुहुन्छ । हो, जीवनको पछिल्लो कालमा उहाँ रक्सीको एडीक्ट नै बन्नुभएको थियो तर श्यामजीले भन्नुभए जस्तो "अरू कसैप्रति पनि विश्वास गर्ने मानसिक हालत उहाँको थिएन" भन्ने कुरा गलत थियो ।" (हेर्नुहोस् मूल्यांकन अंक- ८०, पृष्ठ- ४४, दोश्रो कोलम)

क. पियुषको खण्डन यो छ कि, रक्सी सेवन क. लामाको "जीवनको पछिल्लो कालको उपज थिएन ।" क. पियुषलाई मेरो प्रश्न यो छ कि,

> *एकता महाधिवेशनमा त्यति आधारभूत वैचारिक राजनीतिक-सांस्कृतिक मतभेद हुँदाहुँदै पनि पार्टी केन्द्रमा निश्चित सीट संख्या पाएपछि साथीहरू बस्नुभयो । परन्तु तीन वर्षपछि पार्टी नेतृत्वले माओवादी जनयुद्धको लाइन लागू गर्न लाग्यो भनेर त्यही पार्टी फेरि छोड्नुभयो ।*

मैले कहिले कहाँ भनें कि रक्सी-सेवन उहाँको जीवनको पछिल्लो कालको उपज थियो भनेर ? मैले त जीवनको पछिल्लो समयमा "अत्यधिक रक्सी-सेवन" उहाँको आफ्नो चरम निराशा भेल्ने एउटै साधन बनेको थियो भनेर मात्र भनेको छु । के यो कुरा सत्य होइन र ? चौमकालमा उहाँ रक्सी पिउनु हुन्थ्यो, जीवनको पछिल्लो समयमा मात्र आएर उहाँले रक्सी पिउनुभयो भनेर मैले कतै भनेकै छैन । अनि मैले नभनेको कुराको खण्डन किन ?

क. पियुषको लेखाइले यस्तो 'आभाष दिन खोजेको देखिन्छ, मानौं



## क. पियुषको खण्डन यो छ कि, रक्सी सेवन क. लामाको "जीवनको पछिल्लो कालको उपज थिएन ।" क. पियुषलाई मेरो प्रश्न यो छ कि...

क. लामामा जीवनको पछिल्लो समयमा "चरम निराशा" नै थिएन । उहाँले पहिलेदेखि रक्सी खानु हुन्थ्यो भन्ने कुरालाई प्रमाणका रूपमा तेर्स्याएर उहाँले यस्तो गर्न खोज्नु भएको छ । हो, क. लामाले रक्सी त खुलेआम पहिलेदेखि खानु हुन्नथ्यो । 'तामाङको जातैले पाएको" भन्ने उहाँको ठट्टा सहितको स्पष्ट भनाइ रहन्थ्यो । परन्तु, जीवनको पछिल्लो दश वर्षमा जस्तो "चरम निराशा" उहाँमा पहिले थिएन । र, उहाँ त्यतिखेर रक्सीको एडीक्ट नै हुनुहुन्थ्यो । सामान्यतया रक्सी खानु र रक्सीबिना केही पनि गर्न नसक्ने गरी रक्सीको एडीक्ट नै बन्नुमा गुणात्मक रूपमा भेद हुन्छ ।

क. पियुषले जीवनको पछिल्लो समयमा क. लामा रक्सीको एडीक्ट बन्नु भएको तथ्य स्वीकार्नु भएको छ । तर उहाँमा चरम निराशा आएको कुरा भने अप्रत्यक्ष रूपमा अस्वीकार गर्नुभएको छ । मेरो क. पियुषलाई प्रश्न के छ भने- क. लामा कुनै साधारण व्यक्ति त हुनुहुन्थेन, उहाँ चालीसौं वर्ष कम्युनिष्ट आन्दोलनमा बिताएर थुप्रै वर्ष यसको शीर्षस्थ नेतृत्वमा समेत रहिसक्नु भएको महत्वपूर्ण व्यक्ति हुनुहुन्थ्यो, उहाँमा चरम निराशा थिएन भने उहाँ जस्तो शिखर व्यक्ति आफ्नो क्रान्तिकारी जीवनको उत्कर्षमा पुग्दा रक्सीको एडीक्ट बन्नुको जरो कारण चाहिँ के हो ?

क. पियुषले आफ्नो आलोचनात्मक प्रतिक्रियामा क. लामाको एकता केन्द्रको वर्तमान नेतृत्वप्रति र पार्टीप्रति खुबै विश्वास थियो भनेर साबित गर्न थुप्रै शब्दहरू खर्च गर्नु भएको देखिएको छ । यो साबित गर्न उहाँले क. लामाकै लेखाइ पनि प्रस्तुत गर्नुभएको छ । यो लेखाइ नै भूठो हो म भन्दिनं । उहाँले यस्तो अवश्य लेख्नु भएको होला । तर लेखाइमा जे लेखे पनि क. लामाले जीवनको अन्तिम समयमा व्यवहारमा गरेको कुरा सारा पार्टी काम छोडेर म्हैपीको निवासस्थानमा खरायो पालेर बसेको कुरा हो । त्यहाँ बिहानदेखि नै अत्यधिक रक्सी खाएर बसेको कुरा हो । खोइ कसरी क. पियुषले यो क्रियाकलापको जरो कारणको मनोविश्लेषण गर्नुभयो कुन्नि, म जान्दिनं, परन्तु, पार्टीप्रति, आफ्नो क्षमताप्रति र अरूको नेतृत्वप्रति त्यत्रो विश्वास छ भने एउटा कम्युनिष्ट आन्दोलनको त्यति पाको अनुभव संपन्न शीर्षस्थ व्यक्तित्व नयाँ पुस्तालाई कामको तालीम दिएर र आफूले सकेको पार्टी काम गरेर बस्छ कि पार्टी काम छोडेर घरमा खरायो पालेर, रक्सीले मातेर बस्छ ?

अझ, क. लामाले र अन्य मित्रहरूले म स्वयम्लाई बताएअनुसार पछिल्लो समयमा जब उहाँ केन्द्रीय समितिको सदस्य नै हुनुहुन्थ्यो, उहाँ त पार्टीको केन्द्रको बैठक छ भनेर डाक्न आउँदा समेत 'मैले रक्सी खाइसकें बैठकमा आउँदिन' भनेर जवाफ दिएर पठाउनु हुन्थ्यो रे । यो व्यवहार र क्रियाकलापको अर्थ के हुन्छ ? पार्टी र पार्टी नेतृत्वप्रति अपार विश्वास कि अविश्वास ?

त्यसैले, उहाँले के के लेखेर दिनुभयो भन्ने कुराबाट निष्कर्ष निकाल्नुभन्दा उहाँले के के व्यवहार र क्रियाकलाप गर्नुभयो र त्यसको वास्तविक अर्थ के हुन्छ भन्ने कुराबाट निष्कर्ष निकाल्नु बढी बस्तुसम्मत र आधारपूर्ण कुरो हुनेछ ।

यसो भनेर एकता केन्द्रको वर्तमान नेतृत्वप्रति क. लामा लगायत कसैको भरोसा छैन भनेर मैले देखाउन खोजिरहेको होइन । मैले सिर्फ यति मात्र भन्न खोजेको हुँ क. लामा बम्बैमा क्यान्सरको उपचार गर्न जानु अधिसम्म ज्यादै निराश हुनुहन्थ्यो । उहाँले रूपचन्द्र विष्टले जस्तै आफूले आफैंलाई मार्दै लानु भइरहेको थियो । उहाँको आफूप्रति त विश्वास थिएन - थिएन, अरूले उहाँलाई निकै श्रद्धा र विश्वास गर्छन् भन्ने कुरामै पनि उहाँमा विश्वास थिएन । जसको आफैप्रति विश्वास पूरै गुम हुन्छ, उसको दुनियाँप्रति पनि विश्वास गुम हुन्छ । उहाँको क्यान्सरको उपचारको दौरानमा पार्टी र सिंगो नेपालले उहाँप्रति देखाएको चासो र श्रद्धापछि मात्रै उहाँको यो चरम निराशा भाव हटेको थियो । "मैले मलाई चिन्नै सकिन छु" बम्बैबाट फर्केपछि उहाँले व्यक्त गर्नु भएको उद्गार यही थियो ।

## क. लामाको भिन्न विचार र नयाँ विकल्पबारे

क. लामा बम्बैबाट क्यान्सरको उपचार गरेर फर्केपछि २०५६ असोज ९ गते व्यक्त गर्नुभएको विचारलाई लिएर मैले आवरण कथामा गरेको टिप्पणीमा पनि क. पियुषले सत्य तथ्यको निकै ठूलो तोडमरोड गर्न खोज्नुभएको देखियो । यतिसम्म कि, जे मैले भनेकै छैन, त्यो मैले भनेको भनेर आभाष दिने कुरा समेत उहाँले लेख्नुभएको भेटियो ।

मैले आफ्नो आवरण कथामा क. लामा बम्बैबाट फर्केपछि दिएको वक्तव्यमा निहित सिर्फ एउटा सवालको प्रशंसा गरेको छु, त्यो हो - अब सिंगो नेपालको र नेपाली समाजको अपरेशन गर्नु पऱ्यो भने विचारको । नेपालको कम्युनिष्ट आन्दोलनमा विचार अस्पष्टताको गंभीर समस्या विद्यमान छ, र आफ्नो देश समग्रतामा चिन्ने समस्या विद्यमान छ, त्यो समस्या समाधान गर्नुपर्छ र 'नयाँ विकल्पको' खोजी गर्नुपर्छ' भन्ने चेत क. लामामा पल्हाउनुलाई मैले निकै सकारात्मक प्रगतिका रूपमा लिएको हुँ र त्यो चेतको प्रशंसा मैले गरेको छु । *(हेर्नुहोस् मूल्यांकन- अंक- ७७, पृष्ठ- ३६, कोलम २)*

परन्तु क. पियुषले मेरो यो प्रशंसाको सारको तोडमरोड गर्दै र खिल्ली उडाउँदै - के लेख्न पुगुभएको छ भने- क. लामाको निष्कर्ष र मेरो निष्कर्ष एकै हो भन्ने प्रतीत हुने गरी मैले आवरण कथामा लेखें अरे । यो 'वैचारिक भ्रम दिने' 'नयाँ तरीका' हो अरे । यो 'वितण्डतावाद' हो अरे ।

क. पियुषको आलोचनाको यो शैली र संस्कृति देखेर म विस्मित भएको छु । जे मैले कहीं कहिल्यै भनेकै छुइन, त्यो मैले भने भनेर ठाउँ ठाउँमा पटक पटक लेख्ने क. पियुषमा किन यति ज्यादा चाख जागेको होला ?

मैले आफ्नो आवरण कथामा त यस्तो मात्र लेखेको छु: "ने.क.पा. चौ.म रहँदा पछिल्लो चरणमा तल मूलतः विचारधारात्मक सांस्कृतिक कामलाई प्राथमिक महत्व दिने र कम्युनिष्ट आन्दोलनलाई अंशमा हैन, समग्रतामा बुझ्ने एवं पार्टीमा जनवादको ग्यारेण्टी गर्ने विषयमा उठेका मागहरूको महत्वलाई समयमै बुझ्न उहाँले सक्नु भएन । तर जीवनको अन्त्यमा आइपुग्दा 'कम्युनिष्ट आन्दोलनमा नयाँ विकल्प'को खोजीसम्म उहाँको ध्यान तानिनु निकै सकारात्मक कुरा हो ।" -हरफमुनिको तेर्सो धर्को मेरो- लेखक)

*(हेर्नुहोस्- मूल्यांकन अंक- ७७, पृष्ठ ४४, कोलम २)*

माथिको उद्धरण नियालेर हेर्ने हो भने मैले आफ्नो लेखमा आफूले ने.क.पा. चौममा रहँदा उठाएका मुख्य सवालहरू बुँदागत रूपमा उल्लेख गरेको छु । ती सवालहरूको महत्वलाई क. लामाले समयमै बुझ्न नसकेको कुरा पनि मैले प्रष्ट रूपमा राखेको छु । र, ती सवालहरूमध्ये केवल "नयाँ विकल्पको खोजीसम्म" उहाँको ध्यान तानिनुलाई मैले "निकै सकारात्मक" भनेर प्रशंसा गरेको छु । नेपाली समाजबारे र क्रान्तिको बाटोबारे अहिलेसम्म जे बुझीआइएको छ, त्यो नै ठीक छ भनीआएको नेताले 'अब त्यसरी भएन, पुरानो राग अलापेर काम चलेन, 'सिंगो नेपाली समाजको अपरेशन' गर्नुपऱ्यो, नेपाली सन्दर्भमा आजको नयाँ विकल्प खोज्नु पऱ्यो' भन्न थाल्नुसम्मलाई मैले सकारात्मक प्रगति ठानेको हुं । त्यही विचारको मात्र मैले प्रशंसा गरेको छु ।

क्रान्ति, पार्टी र समाजबारे मेरा थुप्रै निश्कर्षहरू छन्, जो सार्वजनिक रूपमा मैले राख्दै आएको छु, जसको

क. लामाको विचारसित समानता छैन । त्यो स्थितिमा म कसरी लेख्न सक्छु कि मेरा ती सबै निष्कर्षहरू र क. लामाका निष्कर्षहरू एकै छन् ? तसर्थ मैले आफ्नो लेखमा कहीं पनि यो र यस्तो सार आउने कुरा भनेको छुइन कि क्रान्ति, पार्टी र नेपाली समाजसम्बन्धी मेरा निष्कर्षहरू र क. लामाका जीवनको अन्तिम समयका निष्कर्षहरू एकै हुन पुगेका छन् । नेपालमा क्रान्ति गर्न खोज्नेहरूले आजको नेपाल बुझ्नुपर्‍यो र नेपाली समाजबारे वस्तुनिष्ठ खोजी गर्नुपर्‍यो र विचारस्पष्टता हासिल गर्नुपर्‍यो भन्ने मेरा थुप्रै विचारहरूमध्येको एउटा निष्कर्ष र क. लामाको माथि उल्लेखित "सिंगो नेपाली समाजको अपरेशन" गरेर "नयाँ विकल्प खोज्नुपर्‍यो" भन्ने निष्कर्ष एउटा चाहिँ केही हदसम्म अवश्य मिल्न गएको हो । यही हुनाले त मैले उहाँको जीवनको पछिल्लो घडीको त्यो एउटा निष्कर्षको सराहना गरेको हुँ ।

मेरो लेखाइ यति स्पष्ट र मूर्त हुँदाहुँदै क. पियुषले केका आधारमा यस्तो सरासर असत्य कुरो लेख्न सक्नुभयो कि "श्यामजीले क. लामाको 'निष्कर्ष'लाई यस्तो ढंगले पेश गर्नुभएको छ- मानौं श्यामजीको निष्कर्ष र लामाजीको निष्कर्ष एकै हो भन्ने प्रतीत होस् । कम्युनिष्ट आन्दोलनमा वैचारिक भ्रम दिने यो पनि एउटा नयाँ तरीका हो ।" यो "वितण्डतावाद" हो । *(हेर्नुहोस् मूल्यांकन, अंक-- ८०, पृष्ठ- ४५, कोलम- १)*

जे मैले लेखेको छु, त्यसमा विमति जनाउनु, आलोचना गर्नु वा आरोप लाउनु जायज र उचित कुरो हुन्छ । परन्तु जे मैले लेखेकै छैन, त्यो आफैले मनगढन्त ढंगले सृजना गरेर त्यसमाथि आधारित भएर ममाथि निराधार आलोचना गर्नु वा असत्य अरोप लाउनु कुन नैतिकता र संस्कृतिको द्योतक हो ? यो सर्वहारा नैतिकता र संस्कृति त पक्कै होइन भन्ने मलाई लाग्छ । यसरी नभनेको कुरा भन्यो भनेर वैचारिक भ्रम त क. पियुष स्वयम्ले मात्र दिनखोज्नु भएको छ, मैले होइन ।

यस परिप्रेक्षमा, ममा उठेको प्रश्न के हो भने आफ्नो आलोचनाको शुरूमा क. पियुषले 'तथ्यलाई जस्ताको तस्तै राखिनु पर्दछ' भन्ने नैतिक मापदण्डमा निकै जोड दिनुभएको थियो, र यो सही पनि थियो । तर मेरो प्रश्न छ, के क. पियुष स्वयम्ले चाहिँ यो नैतिक मापदण्डको पालना ठीकसित गर्नुभयो त ? ❑



# भुटानी शरणार्थी समस्या
# समाधानको प्रक्रिया निकै सुस्त

भुटानी शरणार्थी समस्या समाधान गर्ने प्रक्रिया निकै सुस्त गतिले अघि बढ्दैछ । यस क्रममा नेपाल र भुटानको संयुक्त टोलीले माघ १३ र १४ गते दुई दिन झापा र मोरङका सातवटै शिविरमा प्रथम चरणको निरीक्षण भ्रमण सम्पन्न गरेको छ ।

नेपालको तर्फबाट गृह मन्त्रालयका सहसचिव उषा नेपाल र भुटानका तर्फबाट भुटानका इमिग्रेसन डाइरेक्टर डा. सोनाम तेन्जिङले नेतृत्व गरेको टोलीले आफ्नो काम शुरू गरेको हो ।

गत पुस १० देखि १२ गतेसम्म काठमाण्डौंमा भएको दशौं चरणको मन्त्रीस्तरीय वार्तामा शरणार्थी प्रमाणीकरणको प्रक्रिया थाल्ने र त्यसको निम्ति संयुक्त टोली गठन गर्ने निर्णय भएअनुसार यस टोलीले काम शुरू गरेको हो । टोलीले माघ १३ गते गोलधाप, खुदुनबारी र टिमाईको शरणार्थी शिविर निरीक्षण गरेको थियो भने अन्य ४ वटा शिविरको माघ १२ गते नै निरीक्षण गरेको थियो । निरीक्षणको बेला भुटानी पक्षका प्रमुख डा. सोनाम तेन्जिङसमक्ष शिविरका शरणार्थीहरूले आँशु खसाल्दै 'भुटानबाट आफूहरू खेदिँदाको कारूणिक कथा सुनाएका थिए ।

त्यसअघि माघ ११ गते शरणार्थी प्रमाणीकरण प्रक्रियाका सम्बन्धमा नेपाल तथा भुटानका टोलीबीच प्रमाण जुटाउने विषयमा छलफल भएको थियो । प्रमाणीकरण प्रक्रियाका लागि भुटानी पक्षले तयार पारेको आधारभूत प्रारूपमाथि त्यस दिन चन्द्रगढीस्थित शरणार्थी समन्वय इकाईको कार्यालयमा दुई पक्षबीच व्यापक छलफल भएको थियो । त्यसअघि माघ ११ गते पनि यस विषयमा ५ घण्टासम्म छलफल भएको थियो, तर ठोस निष्कर्ष भने निस्कन सकेको थिएन ।

माघ ११ गते ५ घण्टा लामो छलफलको क्रममा भुटानी टोलीले सबैभन्दा कम शरणार्थी रहेको शिविर गोलधापबाट प्रमाणीकरणको प्रक्रिया थाल्ने अडान लिएको थियो । तर नेपालले चाहिं सबभन्दा बढी शरणार्थी रहेको झापाको बेलडाँगीबाट त्यो काम

> **भूटान र भूटानी शरणार्थी समस्याको स्थायी समाधान भूटानमा प्रजातन्त्रको जितसँग प्रत्यक्ष रूपले गाँसिएको छ**



*झापाको बेलडाँगीमा रहेका शरणार्थी बालबालिकाहरु फोटो : जयदेव गौतम*

शुरू गर्नु ठीक हुने कुरामा जोड दिएको थियो । यतिन्जेल झापा र मोरङका ७ वटा शरणार्थी शिविरमा रहेका शरणार्थीहरूको प्रमाणीकरण गर्ने काम थाल्न चाहिने पूर्वाधार निर्माण गर्ने सम्बन्धमा भुटानी पक्षले कुनै निर्णय लिन सकेको छैन । यसबेला दुई पक्षको संयुक्त टोली सम्वाद र सहमतिको शाब्दिक कर्ममा नै बढी लागिपरेको देखिँदैछ ।

नेपाली पक्षको टोलीले पायक पर्ने ठाउँमा आफ्नो कार्यालय खोलिसकेको छ भने डा. सोनाम तेन्जिङले नेतृत्व गरेको भुटानी टोलीलाई बेलडाँगी शिविर १,२ र ३ तथा गोलधाप खुदुनबारी, टिमाई र मोरङको शनिश्चरेमा अवस्थित १ लाख शरणार्थीको प्रमाणीकरण कामको लागि पायक पर्ने ठाउँमा कार्यालय खोल्नसमेत गाह्रो भएको छ ।

पायक पर्ने ठाउँमा संयुक्त टोलीको पनि छुट्टै कार्यालय खोल्ने सहमति भएको छ । तर अझै त्यस्ता प्रारम्भिक कामहरू पनि भैसकेका छैनन् । कार्यालयहरू खोलेर व्यवस्थित भैसकेपछि पनि शरणार्थी प्रमाणीकरणको प्रक्रिया शुरू भैहाल्ने लक्षण देखिँदैन । प्रमाणीकरणको निम्ति प्रमाण जुटाउने विषयमा भएको र पछि पनि हुने छलफलहरूमा नै विवाद उत्पन्न हुने बलियो संभावना छ । त्यसमाथि छलफलको निचोड भुटानी राजा जिग्मेसमक्ष जाहेर गरेपछि मात्र भुटानले आफ्नो काम अघि बढाउने कुरा बुझिएको छ ।

एक दशकअघिदेखि मूलतः नेपालले बेहोरिरहेको भुटानी शरणार्थीसम्बन्धी समस्या सजिलै समाधान हुने संभावना एकदम न्यून देखिन्छ । प्रमाणीकरणपछि शरणार्थी वर्गीकरणको बखेडा शुरू हुने उत्तिकै संभावना छ । शरणार्थी प्रमाणीकरण र वर्गीकरण दुवै कामका लागि दुवै पक्षलाई मान्य हुने मापदण्डबारे पनि अस्पष्टताहरू बाँकी छन् । अर्कोतिर भुटानमा प्रजातन्त्र र मानव अधिकारको माग गरेर संघर्षरत बिद्रोही भुटानीहरू भन्दैछन् : "प्रमाणीकरण र वर्गीकरणले मात्र समस्या समाधान हुँदैन ।" ती विद्रोहीहरू भुटानमा प्रजातन्त्रको स्थापना नहुञ्जेल भुटानी नागरिकहरूले बिस्थापनको पीडा झेलिरहनु पर्ने चिन्ता व्यक्त गर्दैछन् ।

निराशा, आक्रोश र विद्रोहको एक हदमा पुगेका त्यस्ता विद्रोही भूटानीहरू र भूटानका केही राजनीतिक पार्टीहरू, नेपालको माओवादी पार्टी, भारतको बोडो र उल्फा विद्रोहीहरूको सम्पर्कमा समेत पुगेको आशंका गरिंदैछ । त्यसैले, भूटान र भूटानी शरणार्थी समस्याको स्थायी समाधान भूटानमा प्रजातन्त्रको जितसँग प्रत्यक्ष रूपले गाँसिएको छ । छिमेकी राष्ट्र भारतको सुरक्षा छातासम्बन्धी अवधारणामार्फत् साना राष्ट्रलाई कज्याउने नीति नहटेसम्म र भूटानमा प्रजातान्त्रिक शासन व्यवस्था बहाली नभएसम्म भूटानीहरूको समस्या यथावत् रहनेछ । ❑

- समीर थापा

◄ घटना र प्रवृत्ति

# डाभोसमा भएको भू-मण्डलीकरणको विरोध

- हरि रोका




डाभोसमा एउटा अनौपचारिक विश्व बैठकको समापन भएको छ । डाभोसको इस्कि अल्पाइन रिसोर्टमा २५-३० जनवरी २००१ मा सम्पन्न उक्त बैठकमा भाग लिन व्यापारिक, राजनीतिक र धार्मिक नेताहरू लगभग तीनहजार जनाको उपस्थिति थियो । र, तीस राष्ट्रका राष्ट्रप्रमुखहरू उपस्थित थिए । उक्त बैठकको आयोजना विश्व आर्थिक मंच (World Economic Forum) ले गरेको थियो ।

धनी मुलुकहरूमा रहेका बहुराष्ट्रिय निगमहरू, पूँजीलाई प्रविधि र वित्तीय व्यापारमार्फत् गरिब मुलुकहरूमा रहेको स्रोत-साधन परिचालन गर्न, सस्तो श्रम सेवा उपलब्ध गर्न र वातावरणीय हिसाबले उत्तरमा बर्जित उद्योग व्यवसाय संचालन गर्न बजारीकरणको आवश्यकता हुन्छ, बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने सहयोगीको आवश्यकता हुन्छ । तर श्रोत र साधनले सम्पन्न, अव्यवस्थित बजारका धनी राष्ट्रहरूसम्म तिनलाई पुऱ्याउन सहयोगीको भूमिका निर्वाह गर्ने संस्थाको रूपमा खोलिएको संस्थाको नाम हो- विश्व आर्थिक मंच । यो मंचले बर्षको एकपटक स्वीट्जरल्याण्डको डाभोसमा विश्वका अत्यन्त बलशाली, धनीमानी, बहुराष्ट्रिय कम्पनीहरू, कर्पोरेट शासकहरू र तिनका पक्षपोषण गर्ने र तिनका लागि बजार खोजी गरिदिने अन्वेषकहरूका साथै हाम्राजस्ता तन्नम देशका धनी शासकहरूलाई मेला गराउँछ । व्यापारी र उपभोक्ताहरूलाई जस्तै एक अर्काको आवश्यकता र पहिचानको काम गराउँछ । त्यतिमात्र होइन, हाम्राजस्ता मुलुकका हुतिहारा शासकहरू र तिनका चम्चाहरूलाई पूँजीवादी भू-मण्डलीकरणभित्र देशलाई कसरी समावेश गराउन सकिन्छ भनेर सिकाउँछ । त्यसो त यो मेलालाई अनौपचारिक मेला भनिन्छ र त्यो संस्थालाई गैर-सरकारी संस्थाजस्तै मानिन्छ ।

## के निर्णय भयो यसपटक ?

भू-मण्डलीकरणले उत्तरका धनाढ्य राष्ट्रहरू (उत्तर पश्चिम युरोपियन राष्ट्रहरू र उत्तर अमेरिकी राष्ट्रहरू)लाई ठूलो फाइदा भएको छ । गएको एक दशकमा उनीहरू विश्वका कुना-कुनाका आफ्नो कार्य जालो निर्बाध रूपमा पुऱ्याउन र विशाल मन्दीबाट आफ्नो-आफ्नो मुलुकलाई जोगाउन सफल भएका छन् । ठीक उल्टो, दक्षिणका, खासगरी तेस्रो विश्वका, मुलुकहरू गरिब हुँदैगएका छन् । गरीबीका कारण तेस्रो विश्वका मुलुकहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक विकास अवरूद्ध हुनपुग्यो र अस्थिरताका अनेकन घटनाहरू घटिरहेका छन् । त्यसो हुनाले दक्षिणका सर्वसाधारण जनता उत्तरका विरूद्धमा छन् भन्ने पनि देखिएको छ । त्यसरी उत्तर विरूद्धको विरोधलाई साम्य पार्न यी धनाढ्य राष्ट्रहरू यस्ता मंचहरूमार्फत् भू-मण्डलीकरणले सम्पूर्ण देशलाई फाइदा भएको छ, समग्र विकास दरमा बृद्धि भएको छ भनाउन चाहन्छन् । यसपटक डाभोसमा पनि उनीहरू विकासको अवधारणा सफल भएको धारणा व्यक्त गर्न चाहन्थे र उपस्थित बहुमतले त्यसै भने पनि ।

राष्ट्रहरूको अर्थतन्त्रलाई बाहिरको सबैका लागि खुला गर्न विकासमा भन्दा आर्थिक बृद्धिदर बढाउनुमा जोड दिनु, पूँजी र प्रविधिको बेराकटोक आयात र उपभोगका लागि मार्ग प्रशस्त गर्नु र व्यवस्थापकीय क्षेत्रमा पर्याप्त घरेलु-प्रतिस्पर्धालाई अन्तर्राष्ट्रियकरण गर्नु भू-मण्डलीकरणवादीहरूको मूल-मन्त्र हो । यो मूल-मन्त्रलाई डाभोसमा यसपल्ट दक्षिणका प्रतिनिधिहरूले अनकनाउदै केही शंका जाहेर गर्दै स्वागत गरे । यी शंका गर्नेहरूलाई आयोजकहरूको चेतावनी थियो- "यदि राज्यहरूको भूमिका रहने पुरानो मोडलको अर्थतन्त्रलाई कायमै राख्ने हो भने त्यस्ता राष्ट्रहरूको विकासको बृद्धिदर घट्ने छ, पूँजीको पलायन हुनेछ, विकास र निर्माणका कार्यक्रमहरू अवरूद्ध हुनेछन् र त्यस्ता राष्ट्रहरू अन्य राष्ट्रको तुलनामा पिछडिने छन् । त्यसैले भू-मण्डलीकरणको डोरी समाएर पछिलाग्नु श्रेयष्कर हुनेछ र यसो गर्दा भविष्यको निर्णयमा सजिलो हुनेछ । यसो गर्न पिछडिएका राष्ट्रहरूले सिक्नुपर्छ ।"

यो भनाइभित्र सल्लाह र सुझाव कम, धम्की ज्यादा थियो । उदारीकरण र भू-मण्डलीकरणका पक्षपाती गरिब राष्ट्रका मालिकहरू (?) ले त्यो भनाइलाई मुण्टो हल्लाएर यसपटक पनि अनुमोदन गरे । दक्षिणका राज्यहरूको तर्फबाट यसपटक भू-मण्डलीकरणका विरूद्धमा अलि खरो भाषामा आलोचना गर्नेहरूमा तान्जानियाका राष्ट्रपति, ब्राजिलका कृषिमन्त्री र थाइलैण्डका उप-प्रधानमन्त्री थिए । तान्जानियाका राष्ट्रपतिले त स्पष्ट रूपमा भने कि- भू-मण्डलीकरणबाट अरू कसैलाई फाइदा भएको छैन, सिर्फ उत्तरका धनाढ्य राष्ट्रहरूलाई बाहेक ।

## विरोधका स्वरहरू :

गरिब, असहाय र दुवर्वलहरूको बाहुल्यता भएको यो संसारका मानिसलाई अझ धेरै शोषण गर्ने पूँजीवादी भू-मण्डलीकरणको विरोधमा आजकल धेरै मुलुकका सचेत नागरिकहरूले विरोध गर्न थालेका छन् । फिलिपिन्समा (दुई वर्षअघि) सम्पन्न भएको विश्वव्यापार संगठनको तयारी बैठकको बेला थुप्रै गैर-सरकारी संस्थाका प्रतिनिधिहरू, विद्यार्थीहरू, मजदूर संगठनका सदस्यहरूले विरोध गरेर यो क्रम शुरू गरेका थिए । त्यो क्रममा सियाटलमा सम्पन्न गरिने भनिएको विश्वव्यापार संगठनको बैठकमा झन् विशाल प्रदर्शन भयो । र, चर्को विरोधकै कारणले कुनै ठोस निर्णय लिनै सकेन र त्यो असफल साबित भयो । भू-मण्डलीकरणलाई सहयोग पुऱ्याउने विश्वबैंक र अन्तर्राष्ट्रिय्य मुद्रा कोषको वासिङ्टन बैठकको पनि ठूलो जन-विरोध भयो । चेक गणराज्यको राजधानी प्राग र अष्ट्रेलियाको मेलबर्नमा भएको बैठकले पनि जन-समुदायको ठूलो विरोधको सामना गर्नुपऱ्यो । पोहोर साल यत्तिनै बेला डाभोसमै भएको यो मंचको पनि डटेर विरोध भएको थियो । र, यसपटक पनि कडा पहरा र सुरक्षा गर्दागर्दै पनि हजारौंहजार मानिसहरू पूँजीवादी भू-मण्डलीकरणको विरोधमा नारा लगाउन डाभोस पुगे । र, कडा सुरक्षा व्यवस्थाका बावजूद पनि प्रदर्शन गरिछाडे । प्रहरीले पानीको फोहोरा र रबरको गोलीले धपाएपछि पनि स्वीट्जरलैण्डका विभिन्न ठाउँहरूमा प्रदर्शनहरू गरिए । कतिपय ठाउँका प्रदर्शनहरू हिंसात्मक पनि हुन पुगे ।

## किन हुन्छ विरोध ?

गएको वर्ष कोपनहेगनको सामाजिक सम्मेलनमा जियान वर्टाण्ड एरेष्टाइडले एउटा तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो । - "प्रत्येक बर्ष धनी र गरिब मानिसहरूबीचको आर्थिक असमानताको खाडल बढ्दो छ । विश्वका २० प्रतिशत धनी मानिसहरूले विश्व आयको ८५ प्रतिशत हजम गर्छन् । र, गरिब २० प्रतिशले कूल विश्व आयको जम्मा १.४ प्रतिशत आम्दानी मात्र उपभोग गर्न पाउँछन् । यो असमानता पूँजीवादी भू-मण्डलीकरणको कारण भएको छ । यो भु-मण्डलीकरणले गर्दा अन्तर्राष्ट्रिय रूपमा धनी देशहरू र गरिब देशहरूबीच मात्र भिन्नता ल्याएको छैन । राष्ट्रभित्रै पनि मानिसहरूबीच, सत्तासीन र शासितहरूबीच, हुनेखानेहरू र नहुनेहरूका बीच, शक्तिशाली र पहुँच भएकाहरू र निर्धन निर्वलहरूबीच ठूलो खाडल देखापर्दै गैरहेको छ । त्यसैले अहिले सचेत नागरिकहरू त्यसका विरूद्ध आवाज उठाइरहेका छन् । यो क्रम फैलदो छ । राष्ट्र-राष्ट्रमा, अन्तर्राष्ट्रिय क्षेत्रमा, पूँजीवादी

➲

*हजारौंहजार मानिसहरू पूँजीवादी भू-मण्डलीकरणको विरोधमा नारा लगाउन डाभोस पुगे । प्रहरीले पानीको फोहोरा र रबरको गोलीले धपाएपछि पनि स्वीट्जरलैण्डका विभिन्न ठाउँहरूमा प्रदर्शनहरू गरिए ।*

# नेपाल आउने पर्यटकहरु घट्नथाले

हवाइ मार्गबाट नेपाल घुम्न आउने पर्यटकहरु पोहोर सालको तुलनामा सन् २००० मा १०.६ प्रतिशतले घटेको कुरा नेपाल पर्यटन बोर्डले जनाएको छ । सन् १९९९ मा ४ लाख २१ हजार १८८ पर्यटकहरु नेपाल भ्रमणका लागि आएकोमा सन् २००० मा केवल ३ लाख ७६ हजार ५०३ पर्यटकहरु मात्र नेपाल भित्रिएको बोर्डले जनाएको छ ।

नेपालको अर्थतन्त्रको लागि यो निकै खराब खबर हो, किनकि विदेशी मुद्रा आर्जनका स्रोतहरुमध्ये सिंगो स्रोतको हिसाबले पर्यटन सबैभन्दा ठूलो स्रोत मानिन्छ । सन् १९९९ मा यही एउटा स्रोतबाट मात्र सरकारले १६ करोड ८१ लाख अमेरिकी डलर (ने.रु.मा ११ अरब ७६ करोड रुपैयाँ) आर्जन गरेको थियो । कुल विदेशी मुद्राको आर्जनमध्ये यही एकल स्रोतबाट १६ प्रतिशत विदेशी मुद्रा आम्दानी भएको २०५५/५६ को सरकारी आँकडाबाट देखिएको छ । नेपालको कुल राष्ट्रिय उत्पादनमा पर्यटन एक्लैको योगदान करिब ४ प्रतिशत रहेको देखिन्छ ।

यसरी पर्यटक घट्नुको मुख्य कारण पोहोर सन् १९९९ को वर्षान्तमा भएको भारतीय विमानको अपहरण-काण्ड भएको बताइएको छ । स्मरणीय छ, त्यो काण्डपछि झण्डै ५ महिनासम्म भारतीय विमान सेवा इण्डियन एयरलाइन्सको भारत-काठमाण्डौ यातायात सेवा स्थगित गरिएको थियो । जुनको १ तारीखदेखि मात्र उक्त सेवा पुनः प्रारम्भ भएको थियो । भारतीय संचार-माध्यमहरुले यो विमानकाण्डपछि नेपालबारे भारतीय जनतामा भ्रमपूर्ण अफवाहहरु फैलाएका थिए । त्यही अफवाहको कारणले पैदा भएको त्रास र ह्याङ ओभरले गर्दा विमान सेवा शुरु भएर पनि भारतीय पर्यटकहरु नेपालमा त्यति आएनन् । त्यसमाथि थप, अक्टोबर-२००० देखि भारतीय पर्यटकहरु हवाइ मार्ग भएर नेपाल आउँदा वैध परिचय-पत्र देखाउनै नपर्ने नियम लागु गरियो । नियम राम्रो भएर पनि यसले भारतीय पर्यटक संख्या केही घटाउने कार्य गऱ्यो । भारतीय पर्यटकहरु फलतः सन् २००० मा सबैभन्दा ज्यादा, ३१ प्रतिशतले घटे । सन् २००० मा केवल ९६ हजार भारतीय पर्यटकहरुमात्र नेपाल आए, जबकि गत वर्ष यो संख्या १ लाख ४० हजार ६६१ थियो ।

## नेपालमा पर्यटक आगमन कहाँबाट कति ?

| वर्ष | भारतबाट | वार्षिक वृद्धि दर प्रतिशत | कुल पर्यटनमा भारतको प्रतिशत | भारतबाहेक अन्यत्रबाट | वार्षिक वृद्धिदर | कुल पर्यटनमा अन्यत्रको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १९९५ | १,१७,२६० | १४.३६ | ३२.३ | २,४६,१३५ | ९.८९ | ६७.७ |
| १९९६ | १,२२,५१२ | ४.४८ | ३१.१ | २,७१,१०१ | १०.१४ | ६८.९ |
| १९९७ | १,३३,४३८ | ८.९२ | ३१.६ | २,८८,४१९ | ६.३९ | ६८.४ |
| १९९८ | १,४३,२२९ | ७.३४ | ३०.९ | ३,२०,४५५ | ११.११ | ६९.१ |
| १९९९ | १,४०,६६१ | -१.७९ | २८.६ | ३,५०,८४३ | ९.४८ | ७१.४ |

◆ स्रोतः पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

भारतबाहेक अन्य तेस्रो मुलुकका पर्यटकहरु भने जम्माजम्मीमा १९९९ र २००० मा लगभग बराबर रहेको पाइएको छ । सन् १९९९ मा तेस्रो मुलुकका पर्यटकहरु २ लाख ८० हजार ५५८ भित्रिएकोमा यो वर्ष त्योभन्दा ९६ जना मात्र बढी पर्यटकहरु नेपाल आएको देखिएको छ ।

परन्तु सन् २००० मा स्विट्जरल्याण्ड, पाकिस्तान, अष्ट्रिया, स्विडेन, इटाली, स्पेन, नेदरलैण्ड, नर्वे, फ्रान्स, बंगलादेशका पर्यटकहरुसमेत पहिलेको तुलनामा घटेको देखिएको छ ।

नेपालमा बढेको माओवादी गतिविधि, होटेल-मजदूर र मालिकबीचको सर्भिस चार्जसम्बन्धी संघर्ष र समय-समयका नेपाल बन्द कार्यक्रमले पनि पर्यटकहरु केही मात्रामा घटाएको पर्यटन क्षेत्रका मानिसहरुको दावी रहेको छ ।

नेपाल सुन्दरता बेचेर पनि धनी हुने संभावना व्यापक मात्रामा भएको मुलुक हो । परन्तु सुन्दरता बेच्न सरकारले जुन ढंगले प्राकृतिक सौन्दर्य भएको आकर्षक थलोहरुमा खाने, बस्ने र आवत-जावत गर्नका लागि अत्याधुनिक सुविधाहरुको प्रबन्ध गर्नुपर्ने हो, त्यो योजनाबद्ध ढंगले गरिरहेको देखिन्न । यस मामलामा सरकारले पहाडी मुलुक स्विट्जरल्याण्डलाई मोडेल मानेर त्यहाँबाट ठूलो शिक्षा लिनु जरुरी थियो । तर लिइरहेको देखिन्न । अनकण्टार बाटो नपुग्ने पहाड-पहाडमा समेत केवल-कार पुऱ्याएर, स्याउलाबाहेक केही नउम्रिने स्विट्जरल्याण्डका दुईतिहाइ पहाडी भागमा- बस्तु पालन उद्योग बृद्धि गरेर, पर्यटकका लागि चाहिने दुग्ध पदार्थ, मासु, खानेकुरा र अन्य जरुरी बस्तुहरु ज्यादाजसो त्यहींबाट उपलब्ध गराएर र अरु उपयोगिता कम भएका तर आकर्षक पर्यटक स्थलहरुलाई सुन्दर पर्यटन थलोमा बदलेर नेपालभन्दा सानो मुलुक स्विट्जरल्याण्डले पर्यटन व्यवसायबाट मात्रै वर्षमा ५ अरब फ्रैंकभन्दा ज्यादा आम्दानी गरिरहेको देखिन्छ । किन नेपाल स्विट्जरल्याण्डको यो बहुमूल्य अनुभवबाट सिक्न खोजिरहेको छैन ?

सीमित मात्रामा विदेशी ऋण र विदेशी लगानी लिने नै हो भने यस्तो योजनाको लिनु नि, जसमा एकचोटि लगानी भएपछि सदावहार राष्ट्रिय आम्दानी बढिरहन्छ, राष्ट्र कहिल्यै डुब्दैन । साथै, लाखौं नेपालीले यसबाट रोजगारी पनि भेट्टाउँछन् । किन रारा तालमा वा जोमसोम, मुक्तिनाथसम्म केवल-कार र अत्याधुनिक बस्ने-खाने सुविधा पुऱ्याउन मन खोलेर लगानी नगर्ने ? किन हिमालको सुन्दरतम् दृष्य हेर्न सकिने आकर्षक मुख्य पहाडी थलाहरुमा यातायात र अन्य सुविधाहरु पुऱ्याउने योजनाबद्ध लगानीको महायोजना नबनाउने ? किन नदी नै नदीको धनी नेपालको विभिन्न भागमा भारतको मैसूरको बिन्द्रावन गार्डेनजस्ता ५०/१०० वटा अति आकर्षक कृत्रिम, पर्यटकीय पार्कको व्यवस्था गर्न योजनाबद्ध ढंगले कम्मर नकस्ने ?

परन्तु कांग्रेस सरकार यस्तो महत्वपूर्ण थलोमा देशी वा विदेशी लगानी आकर्षित गर्न योजनाबद्ध ढंगले केही पनि गरिरहेको छैन । नेपालमै अरबौंको तरल पूँजी लगानी गर्ने उचित आकर्षक थलो नपाएर उत्तिकै थन्किरहेछ । आवश्यक सुविधा र संरक्षण दिएर त्यो पूँजी यतातिर आकर्षित गर्न सरकारले किन लागिपरेर खोजिरहेको छैन ? नेपालमा पर्यटकहरु अपेक्षित मात्रामा नबढ्नुको एउटा मूलभूत कारण पर्यटकीय थलोको अभाव होइन, पर्यटकीय थलोको योजनाबद्ध विकासप्रतिको सरकारी अकर्मण्यता हो । ❑

### नेपालमा पर्यटकबाट हुने विदेशी मुद्राको आम्दानी

सन् १९९५ देखि सन् १९९९ सम्मको

| वर्ष | अमेरिकी डलर करोडमा |
|---|---|
| १९९५ | ११.६८ |
| १९९६ | ११.६६ |
| १९९७ | ११.५९ |
| १९९८ | १५.२५ |
| १९९९ | १६.८१ |

स्रोत : संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- दीपक वैद्य

---

एकलौटी भू-मण्डलीकरणको विरूद्ध आवाज उठिरहेको छ । शसक्त प्रतिवाद भैरहेको छ ।

### पूँजीवादी भू-मण्डलीकरणको विकल्प

अहिलेको भू-मण्डलीकरणले संसारमा पूँजीवादीहरू एक ठाउँ पुगेका छन्, शक्तिशाली देखिएका छन् । तिनले हामीजस्ता गरिब र विकासोन्मुख मुलुकका सम्पूर्ण राष्ट्र र राज्यका सम्पूर्ण सीमाहरू भत्काइदिएका छन् । विशेषत भ्रष्ट नोकरशाहहरू र अनैतिक नेताहरूमार्फत् । सिमाना खुला राखेर, आयातित सामानहरूलाई भन्सार कर घटाईदिएर, बहुराष्ट्रिय कम्पनीहरूलाई निर्बाध रूपमा उद्योगधन्दा खोल्न छुट दिएर, उनीहरूको वित्तीय पूँजीलाई निर्बाध रूपमा आउन-जान दिएर यस्तो भइरहेको छ । "ठूलो माछाले सानो माछालाई खान्छ" भन्ने उखानलाई चरितार्थ गर्दै हाम्रो आफ्नो क्षमता, सीप र कृयाशीलतालाई उनीहरूले क्रमशः खाँदै गैरहेका छन् र हामी र हाम्राजस्ता मुलुकका बासिन्दा अघोषित रूपमा दास वा सस्तो मजदूरी गर्ने परनिर्भर प्राणीका रूपमा बदलिंदैछौं । यस्तो हुन नदिन विश्वसामाजिक मंचले डाभोसमा यही २५-३० जनवरीमा भएको बैठकलाई चुनौति दिन नागरिक तहमा त्यस्तै एउटा अन्तराष्ट्रिय भेला ब्राजिलको पोर्टो अलगिएर (Porto Aligre) मा आयोजना गऱ्यो । वास्तवमा गरिब निसहाय बन्दै गएका विश्व जनसंख्याको पक्षमा, पूँजीवादी भू-मण्डलीकरणको विरूद्धमा गरिएको यो एउटा बैठक थियो, जहाँ धनी राष्ट्रका गरिब किसान मजदूरदेखि लिएर गरिब देशका थुप्रै प्रतिनिधिहरूले भाग लिएका थिए । तर यसले धेरै ठूलो प्रचार पाउन सकेन । गरिबहरूको आवाज दबाउन पूँजीवादी संचारमाध्यमहरू चाहन्छन्, त्यसैले पनि यो त्यति चर्चामा आएन । तर बुझ्नुपर्ने कुरा के हो भने बहुसंख्यक गरिब र निसहायहरूले यो याथास्थितिमा परिवर्तन गर्न सक्छन्, अधिकार खोज्न सक्छन्, संघर्ष गर्न सक्छन् र सामाजिक न्याय स्थापित गर्न सक्छन् भन्ने 'भय' पूँजीवादी भू-मण्डलीकरणका पक्षधरहरूसँग रहेकाले पनि उनीहरू विरोधलाई किनारा लगाउने प्रयत्न गर्छन्, जो अबको दुनियाँमा संभव छैन । ❑

# ◀ पाठकको कुरो

## पूर्णाङ्क –८३ पठनीय

*'मूल्यांकन'* पूर्णाङ्क–८३ समग्रमा पठनीय छ । विशेष गरेर 'हाम्रो मूल्यांकन' र 'घटना र प्रवृत्ति' उत्कृष्ट छन् । साथै, पूर्वाङ्कदेखि प्रकाशित नेकपा (एमाले) द्वारा आयोजित 'अन्तर्राष्ट्रिय समाजवादी' सम्मेलनबारेको जानकारी पनि प्रशंसनीय नै छ । 'घटना र प्रवृत्ति' स्तम्भमा नेपाली कांग्रेसको विवादको निकासबारेको लेख सान्दर्भिक भएन किनकि हाललाई यो विवादको निकास भईसकेको छ । 'मार्क्सवादी' शिक्षा आर्जनप्रति जिज्ञासु पाठकहरूको निम्ति 'मार्क्सवादी शिक्षा' स्तम्भ राखे यसको महिमा मौलाउने थियो । प्रभावी चिन्तक चैतन्य मिश्र र प्रज्ञारत्नप्रति आभार प्रकट गर्दछु ।

**चन्द्रसजल लावती,**
*लुम्फाबुङ्–२, पाँचथर ।*

## वाम एकताबारे भन्नैपर्ने कुरा

म *'मूल्यांकन'* को नियमित पाठक हुँ । अनावश्यक टिकाटिप्पणीहरू र लाञ्छनाहरू एवं विविध अप्ठ्यारा परिस्थितिहरूको सामना गर्दै आम पाठकहरूलाई बौद्धिक खुराक पस्कँदै, श्रमजीवी जनताहरूको पक्षमा उभिई, युवाहरूलाई सही बाटो देखाउँदै आएको *'मूल्यांकन'* को गत अंकका सामाग्रीहरू ज्ञानबर्द्धक र रोचक छन् । तर पनि वाम एकताबारे केही भन्नुपर्ने देखिन्छ । सिंगो पार्टी एमालेको विभाजनपछि बनेको माले र एमालेबीच किन अझै पनि खिचातानी छ ? के यी पार्टीले एक अर्कालाई मित्र शक्ति मान्दैनन् र ? एक आपसमा अनेक भिन्नताहरू भएतापनि देशका अनेक समस्याहरूबिरूद्ध आपसमा एकता गरी मिलेर संघर्ष गर्नु दुवैको कर्तव्य होइन र ?

पेरूका का. गोञ्जालोको गिरफ्तारीपछि त्यहाँका साइनिङ्ग पाथ छापामारहरूको जनयुद्ध कुन स्थितिमा अगाडि बढिरहेको छ र हाल का. गोञ्जालोलाई कहाँ राखिएको छ ? यसबारे जान्न सबै पाठकहरू इच्छुक छन् । 'माओवादी जनयुद्ध र वार्ता'बारे *'मूल्यांकन'*ले विशेष लेख प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

**– हिमाल खनाल 'आभास'**
*ढाकाबाङ्–१, अर्घाखाँची ।*

## "अन्यौलको" हैन "आन्दोलनको"

यस पत्रिकाको पौष अंकमा हामीले पठाएको प्रतिक्रियाको पहिलो प्याराको अन्तिम वाक्यको दोस्रो शब्द 'आन्दोलनको' हुनुपर्नेमा 'अन्यौलको' शब्द छापिएकोले हाम्रो ध्यान आकृष्ट भएको छ । यस्ता त्रुटीहरूलाई आगामी दिनमा *मूल्यांकन*ले सच्याउँदै जानेछ भन्ने आशा गरेका छौं ।

**– पदम गुरूङ्, लगायत आस्थाका बन्दीहरू**
*गोरखा कारागार शाखा*

## साउदी अरबबाट

पूर्णाङ्क– ८२ सबैभन्दा छिटो हात लाग्यो । एमालेले गरेको गोष्ठीको रिपोर्ट पठनीय छ । बहुदल आएपछि १० वर्षको नेपालको विकाससम्बन्धी चिरफार गरी देखाईदिएकोमा लेखकलाई मुरीमुरी धन्यवाद !

**– बीरबहादुर न्यौपाने,**
*P.O.Box No. 215, Saihat-31972; K.S.A.*

## उच्च नैतिकताको उदाहरण

पूर्णाङ्क– ८३ को 'मसाल र ए.के.को एकता प्रक्रियामा उर्जा थपियो' शीर्षकको लेखमा ने.क.पा. (ए.के.)का महासचिव क. प्रकाशले आफ्नो सम्पत्ति पार्टीलाई बुझाउनुभएको चर्चा पढ्न पाइयो । यो कदम मार्क्सवादी अवधारणाअनुरूप आफूलाई सर्वहाराकरण गर्ने दिशामा अग्रसर भएको सर्वोत्कृष्ट प्रेरणादायी, उच्च नैतिकताको ज्वलन्त उदाहरण हो, जुन अनुकरणीय र सह्राहनीय छ ।

नेपाली जनता र समाजमा आमूल परिवर्तन (क्रान्ति)को लागि समर्पित सबैमा यस्तो सद्बुद्धि आओस्, यही मेरो शुभकामना छ ।

**– महेन्द्र ठाकुर,**
*टी.आई.टी.आई., सानो ठिमी, मध्यपुर ।*

## रिमबारे लेख चाहियो

*मूल्यांकन* मासिकले विश्व कम्युनिष्ट आन्दोलनको ब्याख्या गर्ने क्रममा अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी कम्युनिष्ट संगठन (रिम) र त्यससँग भाइचारासम्बन्ध राख्ने सशस्त्र सघर्ष गरिरहेका विश्वका कम्युनिष्टहरूको बारेमा जानकारी गराउने लेख–रचना प्रकाशित गर्नु पर्‍यो ।

विश्व सर्वहारा वर्गका ज्यानी दुश्मन साम्राज्यवाद र त्यसद्वारा नेपालमा संचालित एन.जी.ओ./आइ.एन.जी.ओ.जस्ता साम्राज्यवादका अंगहरू नेपालका विविध क्षेत्रमा घुसपैठ गरिरहेको र त्यसले नेपाली नयाँ जनवादी क्रान्तिलाई अवरोध खडा गर्ने गरिरहेको सन्दर्भमा त्यस्ता जनविरोधी संस्थाहरूको सक्कली रूप छर्लङ्ग पार्ने र वर्गसंघर्षलाई उचाईमा उठाउन मद्दत मिल्ने लेख, रचना निरन्तर प्रकाशित गर्नु पर्‍यो ।

०५७ मंसिर अंकमा एमालेद्वारा आयोजित अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन भनेर जुन बर्णन प्रकाशित गरिएको थियो, त्यो समाजवादी सम्मेलन नभएर खासमा भन्दा विश्वका संसोधनवादीहरूको काठमाण्डौमा जमघट भएजस्तो लाग्यो । अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी चे ग्वेभाराको सर्वहारावादी जीवनशैलीसम्बन्धी लेख, लेनिनसम्बन्धी लेख, अमर गिरीको कविता विशेष पठनयोग्य छन् ।

**– लीलाप्रसाद पौडेल,**
*भिमस्थान–३, सिन्धुली ।*

## समाजवाद आवश्यक रहेछ

अंक ८२ समयमै हात पर्‍यो । *मूल्यांकन* नियमित खुराक बनेको छ । आँखीझ्याल स्तम्भमा समाजवाद ढलेपछि पूर्वी युरोप र पूर्व सोभियत संघको बेहाल भन्ने दीपक बैद्यको लेख अति राम्रो लाग्यो । पूँजीवादको पूर्नस्थापनाले ल्याएको महँगी, बेरोजगारी, अपराध, हत्या, लुट बढेको र शिक्षा, स्वास्थ्यमा जनजीविका खस्केको थाहा पाउँदा मलाई दुख पनि लाग्यो । अन्ततः समाजवाद फेरि पनि आवश्यक रहेछ भन्ने लाग्दछ । यसरी ताजा सत्य तथ्यमा आधारित सामग्रीहरू *मूल्यांकन*मार्फत् अध्ययन गर्न पाऊँ ।

**– श्रद्धा सुब्बा,**
*चुलाचुली–९, कमल, इलाम ।*

## पुरस्कार अरूले पनि राखून्

एमाले समर्थक रा.ज.सा. मंचले 'जनसंस्कृति पुरस्कार' स्थापना गरेको बारे गतांकमा लेख पढ्न पाइयो । अरू वाम संगठनहरूले पनि यस्ता स्थायी प्रकृतिका कामहरू गरून् भन्ने लेखकको माग जायज छ । ऋत्विक रोसन काण्डबारे भारतीय बुद्धिजीवि आनन्दस्वरूप बर्माका न्यायपूर्ण विचारहरू पढ्न पाउँदा खुशी लाग्यो ।

**– गोपाल भण्डारी** *टाँडी, चितवन ।*

## एकताबारे नयाँ शर्त किन ?

मसाल र एकताकेन्द्रको प्रस्तावित एकताको कुरा पढ्न पाउँदा खुशी लाग्यो । तर एकताकेन्द्रले माओवादीलाई हेर्ने दृष्टिकोण मिल्नुपर्ने नयाँ पूर्वशर्त राखेर एकतामा अप्ठेरो पार्न खोजेको हो कि भन्ने हामीलाई लागेको छ । अरू विवादजस्तै यो पनि सँगै बसेर हल गर्न सकिने विवाद नै हो नि ! कतै ए.के. माओवादीको दवाबमा परेको त हैन ?

गतांकको रमेश विकलको संस्मरण रोचक लाग्यो । काठमाण्डौ समाजवादी सम्मेलनमा व्यक्त विचारहरूको चिरफार एवं समीक्षा गहन र पठनीय लाग्यो ।


**राजाराम बिष्ट र केबल के.सी.,**
*आर.आर. क्याम्पस, काठमाण्डौं ।*

## माले–एमाले

नहुनु फुट भैहाल्यो । एकले अर्कोलाई के के स्वाद चखाउनु पर्ने हो, त्यो तपाईंहरूले चखाउनु पनि भयो । अब चाहिँ देशको भलाईको निम्ति माले–एमालेबीच कार्यगत एकता गर्न तपाईं दुवैथरि नेताहरूलाई *मूल्यांकन*मार्फत् हाम्रो आग्रह छ । तपाईंहरूबीच मतभेद छन्, तर दुवै पार्टी वामपन्थी पार्टी त हुन् नि ! वामपार्टीबीच कार्यगत एकता गर्न तपाईंहरूलाई के ले छेकेको हो ? यस्तो एकता नगरी आगामी चुनावमा पनि कांग्रेसलाई जिताउने हो भने तपाईंहरूले आफूलाई 'जिम्मेवार पार्टी' भनी जति नै चिच्याएपनि जनताले भने तपाईंहरूलाई 'गैर जिम्मेवार' नै ठान्नेछ ।

**– विवेक भण्डारी र साथीहरू**
*कुलेश्वर, नयाँबस्ती, काठमाण्डौं ।*

## आयुर्वेद क्षेत्रका एक प्रतिभाको अन्त



नेपालमा आयुर्वेद क्षेत्रमा औषधी निर्माण एवं स्वास्थ्य सेवामा दीर्घकालसम्म विशेष रुपले सक्रिय रहनुभएका वरिष्ठ आयुर्वेद चिकित्सक मनवज्र वज्राचार्यको गत पौष २२ गते ७० वर्षको उमेरमा निधन भएको छ । उहाँले आयुर्वेद चिकित्सा संबन्धमा दुई दर्जन पुस्तिकाहरु लेखी प्रकाशित गर्नुभएको छ र उहाँका ५२ वटा थप महत्वपूर्ण पुस्तकहरु प्रकाशित हुन बाँकी रहेका छन् ।

गोर्खा आयुर्वेद कंपनीका संस्थापक अध्यक्षसमेत रहनुभएका स्व. मनवज्र वज्राचार्य रोनाष्टमा केही वर्ष आयुर्वेद क्षेत्रको गतिविधि संयोजक रहनुभएको थियो ।

आयुर्वेद क्षेत्रका एक वरिष्ठ प्रतिभाको रुपमा स्थापित हुनुभएका स्व. वज्राचार्यको यो निधनलाई ठूलो क्षति मान्दै हामी उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

*– मूल्यांकन मासिक*

सरकार भनेको जनताका माझबाट आएका, जनताको हितमा काम गर्ने जनप्रतिनिधिहरूको संस्था हो । यसर्थ सरकारबाट रचनात्मक कामहरूमा पूर्वाग्रहरहित भएर सहयोग गर्नु र सरकारबाट कुनै त्रुटी भएमा त्यसको निराकरण गर्न सुझाव दिनु प्रत्येक सचेत नागरिकको कर्तव्य हुन आउँछ । जनताका पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न श्री ५ को सरकार सधै तत्पर र जागरूक छ ।

**श्री ५ को सरकार**

**सूचना तथा संचार मंत्रालय**

**सूचना विभाग**

---

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको**

५६ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

**नेपाल दूरसंचार संस्थान**

**परिवार**

---

**नेपाल आयल निगम**

**सफलतापूर्वक ३० औं वर्ष पूरा गरी ३१ औं वर्षमा प्रवेश गरेको छ ।**

यस सुखद् उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरुमा अझ उच्चस्तरीय सेवा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**नेपाल आयल निगम लि.**

**परिवार**

---

**अब क्यालेण्डर**

हामी नयाँ वर्ष २०५८ सालको क्यालेण्डर आकर्षक साजसज्जा एवं संग्रहणीय फोटोहरू सहित प्रकाशित गर्दैछौं । प्रतीक्षा गर्नुहोस् ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.** काठमाण्डौ । फोनः ४२२७६९

 ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

